“विपद्‌मा बाल अधिकारको सुनिश्चितता, हामी सबैको साझा प्रतिवद्धता”

# नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन

## २०७७




नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

“विपद्‌मा बाल अधिकारको सुनिश्चितता, हामी सबैको साझा प्रतिवद्धता”

# नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## राष्ट्रिय बाल अधिकार परिषद्

श्रीमहल, पुल्चोक, ललितपुर

प्रकाशक

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

**प्रति**:

**प्रकाशन मितिः**

५ मङ्सिर, २०७७ (नोभेम्वर २०, २०१९) अन्तर्राष्ट्रिय बाल अधिकार दिवस

**सर्वाधिकारः**

राष्ट्रिय बाल अधिकार परिषद्

**सल्लाहकार**ः मिलन राज धरेल

**समन्वय**ः कृष्ण प्रसाद भूसाल

**लेखन तथा सम्पादन** : ज्ञानेन्द्र कुमार श्रेष्ठ

**सहयोग**ः रामबहादुर चन्द, नमुना भुसाल, आत्माराम थापा, केशब चालिसे, सुनीता शाह, सन्तोषचन्द्र अधिकारी, लोचन रेग्मी, देवी प्रसाद डोटेल, मीना के.सी., धिरज प्रसाई ।

**फोटो साभार**ः राष्ट्रिय बाल अधिकार परिषद् ।

**मुद्रण**ः देवी प्रिण्टिङ प्रेस, शंखमूल, काठमाडौं ।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८

पत्र संख्या :
चलानी नं.:



## शुभकामना

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को पक्षधर राष्ट्रको हैसियतले उक्त महासन्धिका प्रावधान अनुसार बाल अधिकार सुनिश्चित गर्ने दिशातर्फ नेपाल अग्रसर रहेको छ । नेपालको संविधान बाल अधिकारको दृष्टिकोणबाट उत्कृष्ट रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ का साथै बालबालिकासँग सम्बन्धित अन्य ऐनहरु कार्यान्वयनमा रहेका छन् । आवधिक योजनाहरुमा बालबालिकाका विषयहरुलाई गहनरुपमा समावेश गरिँदै आएको छ । तीनै तहका सरकारले बालबालिकाको विषयमा संवेदनशीलता देखाएको छ ।

संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९८९ को नोभम्बर २० मा बाल अधिकार सम्बन्धी महासन्धि पारित भएको दिनलाई उक्त महासन्धिको पक्षधर राष्ट्रले अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको रुपमा मनाउने गरेको छ । यसै दिनको अवसरमा राष्ट्रिय बाल अधिकार परिषद्ले **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७** प्रकाशन गरेकोमा खुशी महशुस गरेको छु । यस प्रतिवेदनमा बालबालिकासँग सम्बन्धित विविध विषयहरु समेटिएकोले बालबालिकाको स्थितिको सम्बन्धमा यो प्रतिवेदन महत्वपूर्ण अभिलेखको रुपमा देखिएको छ ।

बालबालिकाको संरक्षण, विकास र अधिकार लगायतका विषयमा तीनै तहका सरकारहरु, विकास साझेदार, गैरसरकारी क्षेत्र, नागरिक समाज, निजी क्षेत्र, सञ्चार माध्यम, परिवार लगायत सबै सरोकारवालाहरुको योगदानको परिणाम स्वरुप बालबालिकाको स्थितिमा क्रमशः सुधार हुँदै आएको हामी सबैले महसुस गरेका छौं र यो तथ्य प्रतिवेदनले पनि दर्शाएको देखिन्छ । बाल अधिकारको पूर्ण सुनिश्चितताका लागि हामीले हासिल गरेका हालसम्मको उपलब्धिहरु अझ पर्याप्त भइसकेको छैन । त्यसैले, बाल अधिकारको क्षेत्रमा विगतमा भएका असल अभ्यासहरुलाई निरन्तरता दिँदै, बाल संरक्षण, विकास तथा अधिकार प्रवर्द्धनमा देखिएका समस्याहरुको उचित सम्बोधन सहित आइपरेका चुनौतिहरुको सामना र उपलब्ध अवसरहरुको सदुपयोग गर्दै बाल अधिकार सुनिश्चितताका लागि आवश्यक र नवीनतम् उपायहरुको पहिचान गरी नतिजामूलक ढङ्गबाट कार्यान्वयन गर्नु आवश्यक देखिएको छ । यो आवश्यकता परिपूर्तिका लागि नेपाल सरकार प्रतिबद्ध छ र यसै अनुरुप प्रदेश र स्थानीय तह प्रतिबद्ध रही अगाडि बढ्नेमा म विश्वस्त छु । यस दिशातर्फ थप जिम्मेवारी, प्रतिबद्धता, क्रियाशीलता र संवेदनशीलतासहित उन्मुख हुन सबै सरोकारवालाहरु समक्ष हार्दिक आह्वान गर्दछु । सरकारी तथा गैरसरकारी क्षेत्रबाट बालबालिकाको हक, हित र अधिकारका लागि आगामी दिनहरुमा हुने प्रयासबाट बालबालिकाको जीवनमा उल्लेख्य सुधार हुने अपेक्षा गर्दछु ।

अन्तमा, यो स्थिति प्रतिवेदन प्रकाशन गरेकोमा अध्यक्षको हैसियतले राष्ट्रिय बाल अधिकार परिषद् परिवारलाई धन्यवाद दिन्छु ।

धन्यवाद !

(लीलानाथ श्रेष्ठ)
मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ
नागरिक मन्त्रालय, एवम्
अध्यक्ष, राष्ट्रिय बाल अधिकार परिषद्

मिति:-२०७७ मङ्सिर ५ गते ।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

## शुभकामना



नेपालले संयुक्त राष्ट्र संघको महासभाबाट १९८९ को नोभेम्वर २० मा पारित बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको तीन दशक पूरा भएको छ । उक्त महासन्धिलाई नेपालले २०४७ साल भदौ २९ गतेका दिन अनुमोदन गरेको स्मरण गर्दै राष्ट्रिय बालदिवस मनाउने गरिएको छ । यस वर्ष “**विपद्मा बाल अधिकारको सुनिश्चितता, हामी सबैको साझा प्रतिवद्धता**” भन्ने मूल नाराका साथ राष्ट्रिय बालदिवस मनाइएको छ । प्रत्येक वर्ष नोभेम्वर २० का दिन विश्वभर अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाउने गरिन्छ । यसै अवसरमा राष्ट्रिय बाल अधिकार परिषद्ले “**नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७**” सार्वजनिक गर्न लागेकोमा खुशी व्यक्त गर्दछु । तीनै तहको सरकार, सम्बद्ध निकाय तथा सरोकारवालाका लागि बालबालिका सम्बन्धी स्थितिको जानकारीका साथै बालबालिका सम्बन्धी नीति, योजना, रणनीति तथा कार्यक्रम तर्जुमा गर्न एवम् बालबालिकाको हक, हितका लागि कार्यरत सबैलाई यो प्रतिवेदन सहयोगसिद्ध हुनेछ ।

बाल अधिकार सम्बन्धी महासन्धिका मूलभूत व्यवस्था अनुसार बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितताका लागि नेपालले संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमगत सुधार गर्दै आइरहेको छ । यस क्रममा मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद्ले सरकारी निकायहरू, विकास साझेदार संस्थाहरू, गैरसरकारी संस्थाहरू लगायत सञ्चार माध्यम एवम् नागरिक समाजसँग समन्वय र सहकार्यसमेत गरिरहेको छ । साथै, बालबालिकाको भावना तथा विचारलाई बालबालिकाको विकास प्रक्रियामा समाहित गरिरहेको छ । यी प्रयासहरूको फलस्वरुप बालबालिकासँग सम्बन्धित सूचकाङ्कहरूमा उल्लेख्य सुधार भएको स्थिति यस प्रतिवेदनमा उल्लेख भएको छ ।

बालबालिकाको विषयमा भएका हालसम्म हासिल गरिएका उपलब्धिहरूलाई दिगो र संस्थागत गर्न सम्बद्ध मन्त्रालय तथा निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने, शिक्षा तथा स्वास्थ्य सेवासुविधामा पहुँच नपुगेका बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको

संरक्षण गर्ने र यस प्रक्रियामा बालबालिकासँग सम्बन्धित नवीनतम् उपायहरू अपनाउने विषयमा मन्त्रालय संवेदनशील छ । बालबालिकाको क्षेत्रमा रहेका समस्याहरूलाई सम्बोधन गर्ने, चुनौतिहरूको सामना गर्ने र अवसरहरूको सदुपयोग गर्दै बाल अधिकारको सुनिश्चितताका लागि नतिजामूलक कार्य गर्न मन्त्रालय प्रतिवद्ध छ । साथै, यस कार्यमा राष्ट्रिय बाल अधिकार परिषद्लाई प्रभावकारी संयन्त्रको रुपमा विकास गर्ने गरी कार्यक्रम तय भएका छन् ।

बालबालिकाको विषय विविध विषयगत क्षेत्रसँग अन्तरसम्बन्धित हुने हुँदा तीनै तहका सरकार, विकास साझेदार संस्थाहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, निजी क्षेत्र लगायत समुदाय, घरपरिवार, युवा तथा बालबालिका सबैबाट आ-आफ्नो तर्फबाट अझबढी नतिजामूलक योगदान गर्न हार्दिक आव्हान गर्दछु ।

अन्तमा, यो प्रतिवेदन प्रकाशित गरेकोमा राष्ट्रिय बाल अधिकार परिषद् परिवार एवम् प्रतिवेदनका लागि सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

(यामकुमारी खतिवडा)
सचिव

मितिः-२०७७ मङ्सिर ५ गते ।

# प्राक्कथन

नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेको तीन दशक पूरा भएको छ । यो अवधिमा नेपाल बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि अत्यन्त संवेदनशील हुँदै आएको प्रष्ट छ । उक्त महासन्धि लगायत नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय र क्षेत्रीय महासन्धि, अभिसन्धि तथा राष्ट्रिय प्रतिवद्धता अनुरुप नेपालले गरेको संवैधानिक, कानूनी, नीतिगत, संस्थागत, कार्यक्रमगत प्रयास तथा नतिजाको स्थिति झल्कने विषयहरू समेटेर राष्ट्रिय बाल अधिकार परिषद्बाट विगतमा झैं **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन**, २०७७ अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नोभेम्बर २०) अवसरमा सार्वजनिक गरिएको छ । बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागितासँग सम्बन्धित सूचना तथा तथ्याङ्क संघीय तथा प्रदेशस्तरका सम्बन्धित मन्त्रालय, आयोग, विभाग, नेपाल प्रहरी, कार्यालय र अन्य निकायबाट एवम् सर्वेक्षण तथा प्रकाशित प्रतिवेदनहरूबाट सङ्कलन गरी सोको प्रशोधन, तालिकीकरण, व्याख्या, विश्लेषण एवम् तुलना गरी मूलभूत सुझावहरू प्रतिवेदनमा प्रस्तुत गरिएको छ । साथै, प्रतिवेदनलाई ७ वटा परिच्छेद, ५५ वटा तालिका, ५ वटा ग्राफ र १० वटा अनुसूचीहरूमा समायोजन गरिएको छ ।

यो प्रतिवेदन तीनै तहका बालबालिका केन्द्रित कानून तथा नीति निर्माता, निर्णयकर्ता, कार्यान्वयनकर्ता, अध्ययन/अनुसन्धानकर्ता, दातृ निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, बालक्लब लगायत सम्बद्ध सरोकारवालाका लागि उपयोगी हुन सक्दछ । यसका साथै, प्रदेश सरकार, स्थानीय तह, प्रदेश तथा स्थानीय बाल अधिकार समितिले बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन तयार पार्ने क्रममा सन्दर्भ सामग्रीको रुपमा समेत प्रयोगमा ल्याउन सकिन्छ ।

बाल अधिकार महासन्धिको अनुमोदन गरेको ३० बर्षको यस अवधिमा नेपालले बाल अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा गुणात्मक र संख्यात्मक प्रगति गर्नुका साथै नीतिगत र संरचनागत सुधारहरू गर्न सफल भएको छ । बालबालिकाको सवाललाई अझ महत्वका साथ कार्यान्वयन गर्न गराउन साविक केन्द्रीय बाल कल्याण समितिको अधिकार

र कार्यक्षमतालाई थप विस्तार र व्यवस्थित गर्ने उद्देश्यले राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी तथा प्रोवेशन अधिकारीको व्यवस्था बालबालिका सम्बन्धी ऐनमा नै गरिएको छ ।

तथ्याङ्कीय रुपमा हेर्दा आर्थिक वर्ष २०४७/०४८ देखि २०७६/०७७ सम्मको अवधिमा प्राथमिक तहको खुद भर्नादर ६४ प्रतिशतबाट बढेर ९७.१ प्रतिशत पुगेको छ । आधारभूत तथा माध्यमिक शिक्षामा छात्रमा छात्राको अनुपात क्रमशः ०.४३ बाट बढेर ०.९८ र ०.४३ बाट बढेर १.०१ पुगेको छ । समग्रमा विद्यालय शिक्षाको पहुँच, समता, गुणस्तरीयता तथा प्रभावकारितामा वृद्धि भएको देखिन्छ । यसैगरी नवजात शिशु, शिशु तथा बाल मृत्युदरमा उल्लेख्य सुधार भै क्रमशः प्रति हजारमा ५० बाट १६ मा, १०८ बाट २५ मा, १६२ बाट २८ मा झरेको छ ।

यद्यपि, सबै बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सहज पहुँच नहुनु, मनोरञ्जन, बालसहभागिता, बालमैत्री वातावरणको कमिमा विकास र संरक्षण हुन नसक्नु, अझै पनि बालश्रम, सडक बालबालिका, बाल विवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसार-पसारको अवस्था विद्यमान रहनु, असहाय, अनाथ तथा अपाङ्गता भएका बालबालिकाको संरक्षण तथा उचित व्यवस्थापन हुन नसक्नु, कानूनको विवाद र बाल बिज्याँइ जस्ता समस्याको प्रभावकारी रुपमा सम्बोधन हुन नसक्नु तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको सरल, सहज र तत्काल व्यवस्थापन गर्न नसक्नु जस्ता समस्याहरू विद्यमान नै छन् ।

यसैगरी विश्वव्यापी रुपमा बदलिँदो परिस्थितिलाई मध्यनजर गर्दै नेपालमा बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, बाल सहभागिता र बालमैत्री वातावरणको विकास गर्दै जोखिममा रहेका तथा विशेष संरक्षणका आवश्यकता भएका सबै बालबालिकाको संरक्षण गर्नु, बालविवाह, बालश्रम, हत्या, अपहरण, बालहिंसा, यौन दुर्व्यवहारजस्ता घटनाको अन्त्य गर्नु र अनाथ, असहाय, असक्त, बाबुआमाविहीन, जोखिममा रहेका, सडक बालबालिका एवम् आधारभूत अधिकारबाट बञ्चित बालबालिकाको उचित संरक्षण र व्यवस्थापन गरी उनीहरूको भविष्य सुनिश्चित गर्नु जस्ता चुनौतिहरू टड्कारो रुपमा रहेका छन् । त्यसैगरी कोभिड-१९ को महामारीबाट बालबालिकाको शिक्षा, स्वास्थ्य तथा संरक्षणमा परेका बहुआयामिक समस्याहरूको उचित सम्बोधन गर्नु पनि चुनौतिपूर्ण देखिन्छ ।

राष्ट्रिय बाल अधिकार परिषद्ले विगतका उपलब्धि तथा सिकाइहरूको आधारमा र बदलिएको राज्य संरचना तथा सामाजिक आर्थिक परिवेशमा देखिएका नयाँ सवालहरूलाई सम्बोधन गर्न पाँच बर्षीय मार्गचित्र मस्यौदा गरिसकेको छ। राष्ट्रियस्तरमा बाल संरक्षण प्रणालीको व्यवस्था, तीनै तहका सरकारबीचको समन्वय र सहकार्यको प्रवर्द्धन, राष्ट्रिय रुपमा देखिएका विषयहरू सडक बालबालिका, बाल विवाह, बालश्रम, बाल बेचबिखन, बाल सहभागिता, बालमैत्री स्थानीय शासन, बाल विवाह, अनाथ बालबालिकाको संरक्षण तथा बालबालिकाको संस्थागत स्याहारको न्यूनीकरण गर्दै वैकल्पिक स्याहारको प्रवर्द्धन गर्ने कार्यहरूलाई अगाडी बढाइरहेको छ। कोभिड-१९ को महामारीबाट बालबालिकाकामा देखा परेका स्वास्थ्य, विपद् तथा अन्य प्राकृतिक र मानव सृजित विपद्का समयमा बालबालिकाको संरक्षण र सहयोगलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई राष्ट्रिय बाल अधिकार परिषद्ले आत्मसात गरेको छ।

बाल अधिकारको सम्वर्द्धन तथा प्रवर्द्धनका क्रममा विगतका राम्रा अभ्यासलाई निरन्तरता दिँदैं समस्याहरूको सम्बोधन, चुनौतिहरूको सामना र अवसरहरूको सदुपयोग गरी सुखी नेपाली र समृद्ध नेपालको राष्ट्रिय अभीष्ट साकार पार्नु आजको प्रमुख आवश्यकता हो। विपद्मा बाल अधिकारको सुनिश्चितताः हामी सबैको साझा प्रतिवद्धता भन्ने मूल नाराका साथ राष्ट्रिय बालदिवस मनाइएको सन्दर्भलाई स्मरण गर्दै प्रतिवेदनले उजागर गरेका सुझाव तथा आगामी प्राथमिकतालाई तीनै तहका सरकार, दातृ निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम लगायत सम्बद्ध सरोकारवालाबाट यथोचित सम्बोधन गर्न र बालबालिकाको लागि समय, स्रोत र सोचको लगानी वृद्धि गर्न राष्ट्रिय बाल अधिकार परिषद् सबैमा हार्दिक अनुरोध गर्दछ।

अन्त्यमा, यस प्रतिवेदनका लागि आवश्यक सूचना उपलब्ध गराई सहयोग प्रदान गर्ने सम्बन्धित मन्त्रालय, विभाग तथा निकायहरू एवम् प्रतिवेदन तयारीमा गम्भीरतापूर्वक लाग्नु हुने राष्ट्रिय बाल अधिकार परिषद्का कर्मचारी मित्रहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद।

(मिलन राज धरेल)
कार्यकारी निर्देशक

मितिः-२०७७ मङ्सिर ५ गते।

# मुख्य स्थिति

- संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (सन् १९९० को १४ सेप्टेम्बर) अनुमोदन गरेको ३० वर्ष पूरा भएको छ ।
- बाल अधिकारको विषयलाई नेपालको संविधानमा उल्लेख्य रुपमा प्रत्याभूत गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू सुनिश्चित गरिएका छन् । अन्य केही ऐनहरूमा पनि बालबालिकाको विषयहरू समावेश भएका छन् । बालबालिकासँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकहरूमा सुधार हुँदै आएको छ ।
- २०६८ सालको जनगणना अनुसार १८, १६ र १४ वर्षमुनिका बालबालिका क्रमशः ४१.८४, ३७.३७  ३२.३५ प्रतिशत रहेको छ ।
- केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क सर्वेक्षण, २०७६ अनुसार नवजात शिशु मृत्युदर प्रति हजार १६, शिशु मृत्युदर प्रति हजार २५ र बाल मृत्युदर (पाँच वर्षमुनिका) प्रति हजार २८ हुन आएको छ ।
- पाँच वर्षमुनिको उमेर अनुसार उचाइ नपुगेका/पुड्कोपना भएका बालबालिका ३१.६ प्रतिशत, उमेर अनुसार तौल नपुगेका बालबालिका २४ प्रतिशत र ख्याउटेपना (उचाई अनुसार तौल नपुगेका) भएका बालबालिका १० प्रतिशत रहेको देखिएको छ ।
- नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/०७५ (सन् २०१७/०१८) अनुसार १७ वर्षमुनिका करिब २ लाख ८६ हजार बालबालिका आर्थिक लाभको कार्यमा संलग्न भएको देखिएको छ ।
- नेपाल सरकारले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ जारी गरी आर्थिक वर्ष २०७३/०७४ देखि काठमाण्डौं उपत्यकामा "बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन" भन्ने उद्घोषका साथ सञ्चालन गरिएको कार्यक्रमको सफलतासँगै आ.व. २०७७/७८ भित्र सडक बालबालिकामुक्त राष्ट्र बनाउने उद्धेश्य लिइएको छ । आ.व. २०७६/७७ मा मात्रै जम्मा ५७४ जना सडक बालबालिकाको (बालक ४६५ र बालिका १०९) उद्दार गरी संरक्षण तथा पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको व्यवस्थापन गरिएको छ ।
- नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरूमध्ये १५ वर्षभन्दा कम उमेरमा विवाह हुनेहरू ५.२ प्रतिशत (पुरुष १.५% र महिला ७.९%) र १८ वर्षभन्दा कम उमेरमा विवाह हुनेहरू २२.७ प्रतिशत (पुरुष ९% र महिला ३२.८%) रहेको पाइएको छ । यसैगरी, १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूमध्ये १२.८ प्रतिशत (पुरुष ५.३% र महिला १९.३%) विवाहित पाइएको छ ।

- आर्थिक वर्ष २०७६/०७७ मा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) बाट  २,७२९ जना हराएका बालबालिकामध्ये २,२१९ जना बालबालिका (८१.३%) फेला परेको र बाँकीको खोजतलास जारी रहेको जानकारीमा आएको छ ।
- राष्ट्रिय बाल अधिकार परिषद्ले गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरिरहेको १२ वटा बाल हेल्पलाइनहरूबाट आर्थिक वर्ष २०७६/०७७ मा १,४२० जना बालबालिकाको आपत्कालीन उद्धार गरी आवश्यक सेवा प्रदान गरिएको र जम्मा ८,७४४ जना जोखिम अवस्थामा रहेकालाई विभिन्न सेवा, सहयोग उपलब्ध गराइएको छ ।
- प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार  आ.व.२०७६/७७ मा मानव बेचबिखन तथा ओसारपसार अपराधमा कूल ७५ जना बालबालिका (बालिका, ७१ र बालक, ४ जना) पीडित भएको देखिएको छ ।
- गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७६/७७ मा नेपालमा आश्रित भुटानी शरणार्थी बालबालिका २,०९१ जना रहेको देखिएको छ ।
- राष्ट्रिय बाल अधिकार परिषद्मा अध्यावधिक गरिएको आधारमा आ.व. २०७६/७७ मा ४५ वटा जिल्लामा सञ्चालनमा रहेका जम्मा ४८९ वटा बालगृहहरू मा ११,३५० जना बालबालिका (बालक ५,१९४ र बालिका ६,१५६) संरक्षणमा रहेको देखिन्छ । बालगृहहरूमा रहेका उक्त बालबालिकाबाहेक कोभिड-१९ को संक्रमणको अवधिमा २,०५७ जना बालबालिकालाई (बालक १,११५ र बालिका ९४२) घर पठाइएको र बालगृहहरूबाट ३४३ जना बालबालिकालाई (बालक १७३ र बालिका १७०) परिवारमा पुनर्एकीकरण गरिएको जानकारी रहेको छ ।
- राष्ट्रिय बाल अधिकार परिषद्बाट आ.व. २०७६/७७ मा काठमाडौ, ललितपुर, नुवाकोट, बाँके, सुर्खेत कैलाली, कञ्चनपुर, चितवन, मकवानपुर, सर्लाही, मोरङ र सुनसरी गरी जम्मा २१६ वटा बालगृहमा अनुगमन गरेको छ । यसमध्ये मापदण्ड नपुऱ्याई सञ्चालनमा रहेका १४ वटा बालगृहमध्ये ८ वटा बालगृहलाई मापदण्ड बमोजिम सञ्चालन गर्न सचेत गराइएको छ भने बाँकी ६ वटा बालगृहबाट ५५ जना बालबालिका उद्धार गरी ५२ जनालाई परिवारमा पुनर्एकीकरण गरिएको र ३ जनालाई अस्थायी संरक्षणमा राख्ने व्यवस्था गरेको छ ।
- देशभरका सचालनमा रहेका ८ वटा बाल सुधार गृहहरूमा आ.व. २०७६/७७ मा ३५ किसिमका बिज्याँइका कारण जम्मा १,०५३ जना बालबालिका रहेका थिए, सोमध्ये कोभिड-१९ को कारण ३५२ जनालाई बाँकी कसूर मिनाहा गरी घर पठाइएको छ र बाँकी ७०१ बाल सुधार गृहहरूमा रहेका छन् ।
- आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न कारणले ३२ जिल्लाका कारागारहरूमा रहेका अभिभावकसँग ८१ जना बालबालिका आश्रित रहेको पाइएको छ । त्यसबाहेक २८६ जना बालबालिकालाई विभिन्न संस्थाहरूले संरक्षणमा राखेको जानकारी रहेको छ ।

- केन्द्रीय तथ्याङ्क विभागको बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ बाट पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ७७.२ प्रतिशत पुगेको छ ।
- शैक्षिक सत्र २०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रको संख्या ३६,४५० र बालबालिकाको संख्या ११,०५,५६१ जना (२०७५ सालमा ९,७३,००० जना) पुगेको छ ।
- शैक्षिक सत्र २०७५ सालमा प्राथमिक तहमा ३७,३०,६०२ जना बालबालिका भर्ना भएकोमा २०७६ सालमा ३५,४३,८६२ जना (बालक १७,८१,३२१ र बालिका १७,६२५४१) भर्ना भएको देखिएको छ । कक्षा १-१२ सम्म भर्ना भएका विद्यार्थीको संख्या अघिल्लो शैक्षिक सत्रमा ७२,१४,५२५ जना थिए भने २०७६ सालमा ७०,२१,६२२ जना हुन आएको छ । यसबाट एक वर्षमा कक्षा १-१२ सम्म भर्ना भएका बालबालिकाको संख्या १,९२,९०३ जनाले कमी हुन आएको छ । शिक्षा प्रतिको जनचासो बढ्दाबढ्दै पनि विद्यालयमा भर्ना भएका विद्यार्थीको संख्यामा कमी आउनाका कारण जन्मदर घट्दै गएकोले हुन सक्ने अनुमान छ । तर कक्षा ९-१२ मा भने भर्नादर केही बढेको देखिएको छ ।
- शैक्षिक सत्र २०७६ मा विद्यालय तह अनुसारको भर्ना दरमा प्राथमिक तहमा ९७.१, आधारभूत तहमा ९३.४, कक्षा ९-१० मा ६९.० र कक्षा ११-१२ मा ४७.६ प्रतिशत देखिएको छ ।
- राष्ट्रिय परीक्षा बोर्डको सूचना तथा जानकारी अनुसार २०७५ सालमा कक्षा ११ को परीक्षा दिने नियमित विद्यार्थी जम्मा ३,४९,६०३ जना र कक्षा १२ को नियमित परीक्षा दिने विद्यार्थी जम्मा २,९२,१५३ जना रहेको थियो । २०७६ सालमा कक्षा ११ र १२ को परीक्षा कोभिड-१९ को कारण स्थगित भयो । तर यस वर्ष कक्षा ११ र १२ मा गरी जम्मा ६,६१,६४२ जना विद्यार्थी रहेको जानकारी रहेको छ ।
- आर्थिक वर्ष २०७४/०७५ मा देशभर विद्यालय र समुदायमा आधारित गरी जम्मा २३,६०६ बालक्लव सञ्चालनमा रहेको जानकारी भएको थियो । तर सोभन्दा पछि संघीय व्यवस्था लागू भएपछि बालक्लव दर्ता कहाँ र कसरी गर्ने भन्नेबारे व्यवहारिक अन्यौलता रहेकोले पालिका, जिल्ला, प्रदेश र देशभर जम्मा कति बालक्लवको संख्या छ भन्ने एकीन गर्न सकिएको छैन ।
- आ.व. २०७६/७७ सम्ममा देशभरका ५ वटा स्थानीय तहका (प्रदेश-२ को एकवटा, बागमती प्रदेशको दुइवटा, गण्डकी प्रदेशको एकवटा र प्रदेश-५ को एकवटा) सबै वडाहरू र २८ वटा स्थानीय तहका ४७ वटा वडाहरू बालमैत्री घोषणा भएका छन् ।
- शैक्षिक सत्र २०७६ सालको प्राथमिक तहको भर्नादर देशभर ९७.१ प्रतिशत रहेकोमा सातै प्रदेशमा करिब समान देखिएको छ (सुदूरपश्चिम प्रदेशमा ९७.५ र प्रदेश-२ मा ९६.६ प्रतिशत) । तर कक्षा ९-१२ सम्मको भर्ना दरमा भने देशभर ४७.६ प्रतिशत रहेकोमा बागमती प्रदेशमा ५१.९ र प्रदेश-२ मा ४१.९ प्रतिशत रहेको पाइएको छ ।

- आर्थिक वर्ष २०७५/७६ मा पूर्ण खोप पाएका बालबालिका देशभर ७० प्रतिशतमध्ये कर्णाली प्रदेशमा ८८ प्रतिशत र बागमती प्रदेशमा ५७ प्रतिशत रहेको देखिएको छ ।
- केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार पाँच वर्षमुनिका तौल नपुगेका बालबालिकाको प्रतिशत देशभर २४.३ रहेकोमा कर्णाली प्रदेशमा ३७.४ प्रतिशत र बागमती प्रदेशमा ११.१ प्रतिशत रहेको पाइएको छ । यसैगरी, पाँच वर्षमुनिका उचाई नपुगेका (पुड्को) बालबालिकाको प्रतिशत देशभर ३१.५ रहेकोमा कर्णाली प्रदेशमा ४७.८ प्रतिशत र बागमती प्रदेशमा २२.९ प्रतिशत रहेको पाइएको छ ।
- केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार नवजात शिशु मृत्युदर देशभर प्रतिहजार १६ रहेकोमा सुदूरपश्चिम प्रदेशमा २५ र बागमती प्रदेशमा ९ पाइएको छ । यसैगरी, बाल मृत्युदर देशभर प्रतिहजार २८ रहेकोमा प्रदेश-२ र बागमती प्रदेशमा १९/१९ र लुम्बिनी प्रदेश मा ४० पाइएको छ ।
- उक्त सर्वेक्षण अनुसार १५-१९ वर्ष उमेर समूहका व्यक्तिहरूमा विवाहित देशभर १२.८ प्रतिशत (महिला १९.३ र पुरुष ५.३) देखिएकोमा प्रदेशगत रुपमा सबभन्दा बढी कर्णाली प्रदेशमा २०.५ प्रतिशत र सबभन्दा कम बागमती प्रदेशमा ९.६ प्रतिशत रहेको पाइएको छ ।

♦

# विषयसूची

सारसङ्क्षेप

मुख्य स्थिति

**परिच्छेदः १ परिचय**

१.१ पृष्ठभूमि ............ १

१.२. नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था ............ १

१.३ बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य सम्बन्धित केही मुख्य ऐनहरू ............ १

१.४ बालबालिका सम्बन्धी योजना, कार्ययोजना, राष्ट्रिय नीति तथा कार्यक्रम ............ २

*१.४.१ योजना तथा कार्ययोजना* ............ २

*१.४.२ राष्ट्रिय नीति* ............ ४

*१.४.३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवासुविधाहरू* ............ ४

१.५ संरचनागत व्यवस्था ............ ५

१.६ दिगो विकास लक्ष्यहरू र बालबालिका ............ ६

१.७ राष्ट्रिय जनगणना र बालबालिका ............ ६

१.८ नेपाल सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका ............ ८

१.९ बालबालिकाको विषयमा २०४८ सालदेखि हालसम्म देखिएका समग्र स्थिति ............ ९

*१.९.१ बालबालिकाको विषयमा २०४८ सालदेखि हालसम्म देखिएका समष्टिगत गुणात्मक सुधार* ............ ९

*१.९.२ बालबालिकाको विषयमा २०४८ सालदेखि हालसम्म देखिएका समष्टिगत परिमाणात्मक सुधार* ............ १०

*१.९.३ बाल अधिकार सम्बन्धी महासन्धि र इच्छाधीन आलेखहरूको समग्र कार्यान्वयन स्थिति* ............ ११

१.१० राष्ट्रिय बालदिवस र मूल सन्देश ............ १२

१.११ निष्कर्ष ............ १६

**परिच्छेदः २ बाल बचावट**

२.१ परिचय ............ १७

२.२ गर्भ र जन्मको अवस्था ............ १७

२.३ खोप, शिशु तथा बाल स्वास्थ्य ............ १८

२.४ पोषण ............ २१

२.५ स्वास्थ्य संस्थाहरू ............ २२

२.६ निष्कर्ष ............ २२

**परिच्छेदः ३ बाल संरक्षण**

३.१ परिचय ............ २५

३.२ बालश्रम ............ २५

३.३ सडक बालबालिका ............ २७

३.४ बालविवाह ............ २९

३.५ जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना तथा पुनःएकीकरण ............ ३१

*३.५.१ हराएका/फेला परेका बालबालिकाको उद्धार तथा पुनःस्थापना (निःशुल्क टेलिफोन नं. १०४)* ............ ३२

*३.५.२ जोखिममा रहेका बालबालिकाको उद्धार, सहयोग तथा पारिवारिक पुनःस्थापना (निःशुल्क टेलिफोन नं. १०९८)* ............ ३४

३.६ द्वन्द्व प्रभावित बालबालिका ............ ३८

३.७ बालबालिकाको बेचबिखन, यौनशोषण र दुर्व्यवहार ............ ४०

३.८ जन्मदर्ता ............ ४३

३.९ धर्मसन्तान ............ ४४

३.१० शरणार्थी बालबालिका ............ ४६

३.११ अपाङ्गता भएका बालबालिका ............ ४६

३.१२ बालबालिकाको स्याहार व्यवस्था ............ ४९

*३.१२.१ बालगृह* ............ ४९

*३.१२.२ अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनःस्थापना केन्द्रहरू* ............ ५१

*३.१२.३ बाल सुधार गृह* ............ ५२

*३.१२.४ अभिभावकसँगै कारागारमा आश्रित बालबालिकाको स्याहार* ............ ५३

*३.१२.५ बाबुआमाविहीन बालबालिकाको संरक्षण* ............ ५३

३.१३ सामाजिक सुरक्षा र बालबालिका ............ ५५

३.१४ बालबालिकाको गोपनीयता ............ ५७

३.१५ शारीरिक सजाय र हेपाई/बुलिङ ............ ५८

३.१६ सूचना प्रविधि र बालबालिका ............ ६०

३.१७ बालमैत्री न्याय ............ ६२

३.१८ विविध ............ ६३

*३.१८.१ कोभिड-१९ र बालबालिका* ............ ६३

*३.१८.२ बालबालिका र आत्महत्या एवम् हत्या* ............ ६४

*३.१८.३ बालबालिका र दुर्घटना* ............ ६५

*३.१८.४ विपद् र बालबालिका* ............ ६६

*३.१८.५ यौनिक अल्पसंख्यक बालबालिका* ............ ६८

*३.१८.६ आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसा सम्बन्धी घटना* ............ ६८

३.१९ निष्कर्ष ............ ६९

**परिच्छेदः ४ बालविकास**

४.१ परिचय ............ ७१

४.२ प्रारम्भिक बालविकास ............ ७२

४.३ विद्यालय स्तरको शिक्षा ७४
४.४ विद्यालयको संख्या ८०
४.५ निष्कर्ष ८०

**परिच्छेदः ५ बाल सहभागिता**

५.१. परिचय ८१
५.२ बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रता तथा सूचना, प्रविधि, सञ्चार र मनोरञ्जनमा बालबालिकाको सहभागिता ८१
५.३ बालक्लब र बालबालिका ८३
५.४ खेलकुद र बालबालिका ८३
५.५ स्काउट र बालबालिका ८४
५.६ बालमैत्री स्थानीय तह तथा वडाहरू ८४
५.७ निष्कर्ष ८६

**परिच्छेदः ६ प्रदेश र बालबालिका**

६.१ परिचय ८७
६.२ प्रदेश र बालबालिकाको स्थिति ८७
*६.२.१ प्रदेशगत कूल जनसंख्या र बालबालिका* ८७
*६.२.२ प्रदेश र बालबालिकाको शिक्षा स्थिति* ८८
*६.२.३ प्रदेश र बाल स्वास्थ्य स्थिति* ९४
*६.२.४ प्रदेश र बाल संरक्षण सम्बन्धी स्थिति* ९७
६.३ प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व. २०७७/७८ १०४
६.४ निष्कर्ष १०५

**परिच्छेदः ७ निष्कर्ष**

## सन्दर्भ सामग्रीहरू

### ग्राफ

१. तीनवटा जनगणना अनुसार बालबालिकाको जनसंख्याको प्रतिशत
२. जनसंख्या पिरामिडको झलक
३. काठमाडौ उपत्यकामा भएका सडक दुर्घटनाको संख्या, २०७२/७३ - २०७६/७७
४. प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या
५. कक्षा १ - १२ सम्म भर्ना भएका कूल विद्यार्थी संख्या, २०७२ - २०७६

### तालिका

१. राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ अनुसार १८ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत
२. बालबालिकासँग सम्बन्धित स्थितिको तुलनात्मक सिंहावलोकन
३. विभिन्न खोप पाउने बालबालिकाको विवरण
४. बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति, २०४८/४९-२०७६/७७
५. बालबालिकाको पोषण सम्बन्धी सूचक र स्थिति (आ.व. २०४८/४९-२०७६/७७)
६. आर्थिक वर्ष २०७२/७३ देखि २०७६/७७ सम्मको स्वास्थ्य संस्थाको संख्या
७. बालबालिका हराएको, फेला परेको र खोजतलास जारी रहेको स्थिति, २०७६/०७७
८. उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या, २०७६/०७७
९. बेवारिस अवस्थामा फेला परेका र परिवारमा पुनःस्थापना गरिएका बालबालिकाको संख्या, २०७६/०७७
१०. उमेर समूहको आधारमा बेवारिस अवस्थामा फेला परेका बालबालिकाको संख्या, २०७६/०७७
११. बाल हेल्पलाइन नं १०९८ मार्फत उद्धार गरिएका बालबालिका, २०७६/०७७
१२. बाल हेल्पलाइन नं १०९८ मार्फत उद्धार गरिएका बालबालिकाको विषयगत विवरण, २०७६/०७७
१३. बाल हेल्पलाइन नं. १०९८ मार्फत सहयोग गरिएको बालबालिकाको संख्या, २०७६/०७७
१४. सहिद प्रतिष्ठान र सोमा रहेका बालबालिकाको विवरण, २०७५/७६
१५. नेपालबाट धर्मपुत्र/पुत्रीको रुपमा पठाइएका देश र बालबालिकाको संख्या, सन् १९९९-२०१९
१६. भूटानी शरणार्थी बालबालिकाको संख्या, २०७६/७७
१७. अपाङ्गता भएका जनसंख्या
१८. बालगृहबाट उद्धार गरिएका बालबालिकाको संख्या, २०७६/७७
१९. पुनःस्थापना केन्द्र र बालबालिकाको संख्या, २०७६/७७
२०. बाल सुधार गृह र बालबालिकाको संख्या, २०७६/७७
२१. संस्थाहरूमा संरक्षणमा रहेका बालबालिकाको संख्या, आ.व. २०७४/७५ - २०७६/७७
२२. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही, वार्षिक रकम र बालबालिका (आ.व. २०७२/७३-२०७६/७७)
२३. काठमाण्डौं उपत्यकाभित्र सवारी दुर्घटनामा मृत्यु भएका व्यक्तिहरूको संख्या, २०७६/७७

२४. आमसञ्चार माध्यममा प्रकाशमा आएका घटना र बालबालिकाको संख्या, २०७६/७७
२५. प्रारम्भिक बालविकास केन्द्रको संख्या, २०७२-२०७६
२६. प्रारम्भिक बालविकास केन्द्रमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७३-२०७६
२७. विद्यालय तहमा विद्यार्थी भर्ना विवरण, २०७२ - २०७६
२८. विद्यालय तह अनुसार विद्यार्थीको खुद भर्नादर सम्बन्धी विवरण, २०७६
२९. उत्तीर्ण, दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर
३०. शैक्षिक तह अनुसार कूल विद्यार्थीमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७४ - २०७६
३१. विद्यालय प्रकार अनुसारका विद्यालयको संख्या, २०७६
३२. प्रदेशगत जनसंख्या र बालबालिकाको संख्या
३३. प्रदेशगत प्रारम्भिक बालविकास केन्द्रको संख्या, २०७६
३४. प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका प्रदेशगत बालबालिका संख्या, २०७६
३५. प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका प्रदेशगत दलित तथा जनजाति बालबालिका, २०७६
३६. अपाङ्गताका प्रकार अनुसार प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको संख्या, २०७६
३७. प्रदेश अनुसार विभिन्न तहका विद्यालयको संख्या, २०७६
३८. प्रदेशगत धार्मिक विद्यालयको संख्या, २०७६
३९. प्रदेशगत विद्यालय तहमा विद्यार्थी संख्या, २०७६
४०. प्रदेशगत रुपमा विद्यालय तहको खुद भर्नादर, २०७६
४१. प्रदेशगत विद्यालय र विद्यार्थीको अनुपात, २०७६
४२. प्रदेशगत विद्यालयमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या, २०७६
४३. प्रदेशगत सुरक्षित मातृत्वको अवस्था, २०७५/०७६
४४. विभिन्न खोप पाएका बालबालिकाको प्रदेशगत प्रतिशत, २०७५/७६
४५. प्रदेशगत बाल पोषणको अवस्था, २०७६/७७
४६. बालबालिकाको मृत्युदर, २०७६/७७
४७. कोभिड - १९ बाट संक्रमित प्रदेशगत बालबालिकाको संख्या, २०७७ असोज १५ सम्म
४८. प्रदेश अनुसार बेचबिखन तथा ओसारपसारबाट पीडित बालबालिकाको उमेर र संख्या, २०७६/७७
४९. जबरजस्ती करणीबाट पीडित बालिकाको संख्या, २०७६/७७
५०. जबरजस्ती करणीबाट पीडित बालिकाको प्रदेशगत संख्या, २०७६/७७
५१. बालविवाहबाट पीडित बालिकाको उमेर तथा प्रदेशगत संख्या, २०७६/७७
५२. प्रदेशगत बालविवाहको स्थिति, २०७६/७७
५३. घरेलु हिंसा अपराधमा पीडित बालबालिकाको उमेर तथा प्रदेशगत संख्या, २०७६/७७
५४. आत्महत्याबाट मृत्यु हुने बालबालिकाको उमेर तथा प्रदेशगत संख्या, २०७६/७७
५५. प्रदेशगत जिल्लामा सञ्चालित बालगृह र सोमा संरक्षित बालबालिकाको संख्या, २०७६/७७

**अनुसूची**

१ बालबालिका सम्बन्धी ऐन, २०७५ का केही दफाहरू

२ संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व. २०७७/७८

३ संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा अनुसार कार्यान्वयनको स्थिति

४ बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन स्थिति सम्बन्धी नेपालको प्रतिवेदनमा संरासं बाल अधिकार समितिको समापन टिप्पणी सारांश

५ राष्ट्रिय बालदिवस, २०७७ को उपलक्ष्यमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवि भण्डारीज्यू, सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू र माननीय मन्त्री श्री पार्वत गुरुङज्यूको शुभकामना सन्देश

६ बालबिज्याइँ सम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र लैङ्गिक विवरण

७ हालसम्म बालमैत्री घोषणा गरिएका स्थानीय तह तथा वडाहरू, आ.व. २०७६/७७

८ प्रदेशगत विद्यालयको विभिन्न तहमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या, २०७६

९ प्रदेश अन्तर्गत जिल्लाहरूमा सञ्चालनमा रहेका बालगृहहरू, आ.व. २०७६/७७

१० प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व. २०७७/७८

# परिच्छेद: १

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० को १४ सेप्टेम्बरमा (भदौ २९, २०४७) अनुमोदन गरेको तीन दशक पूरा भएको छ। यस अवधिमा उक्त महासन्धिमा उल्लिखित बालबालिकाका अधिकारहरू संविधान, कानून, नीति तथा योजनामा समावेश गरिएका छन् । यस अनुसार संस्थागत व्यवस्था, कार्यक्रम, लगानी, सहकार्य जस्ता विषयमा भएका प्रयासहरू सराहनीय देखिएका छन् । परिणामस्वरुप, बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, पोषण लगायत संरक्षण र सहभागिता सम्बन्धी विभिन्न सूचकहरूमा उल्लेख्य प्रगति भएको छ । यस प्रक्रिया, प्रयास र प्रगतिमा विकासका साझेदार संस्थाहरूको योगदान पनि सराहनीय रहेको छ । यी प्रयासहरू हुँदाहुँदै र नतिजाहरू हासिल गर्दागर्दै पनि विविध हिंसा र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण गर्दै समग्रमा बाल अधिकार पूर्णरुपमा सुनिश्चित गर्न अझ पनि थप प्रयास गर्नु जरुरी देखिएको छ।

## १.२. नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था

नेपालको संविधानमा बालबालिकाको विषयलाई प्राथमिकता दिइएको छ । संविधानको धारा ३९ मा बालबालिकाको हक शीर्षक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकहरूको व्यवस्था भएको छ। यी उपधाराहरू लगायत धारा १८, २०, २९, ३१, ३५, ४०, ४२, ४३, ५१ मा उल्लिखित हकहरू बालबालिकाको लागि पनि आकर्षित हुन्छन् (प्रतिवेदनको अन्तिम बाहिरी पेजमा) । यस बाहेक धारा १० मा नागरिकता पाउने हक, धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा २७ मा सूचनाको हक, धारा २८ मा गोपनीयताको हक, धारा ३२ मा भाषा तथा संस्कृतिको हक, धारा ११(४) मा भएको हकको व्यवस्था पनि बालबालिकाप्रति आकर्षित हुन्छन्। यस पृष्ठभूमिमा नेपालको संविधान बाल अधिकारको दृष्टिकोणबाट उत्कृष्ट देखिएको छ।

## १.३ बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य सम्बन्धित केही ऐनहरू

नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन, २०४८ लाई परिमार्जन गरी बालबालिका सम्बन्धी ऐन, २०७५ जारी गरेको छ र यो ऐन कार्यान्वनमा रहेको छ। यो ऐनमा बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकूल बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू (दफा ३ देखि १५ सम्म) सुनिश्चित गरिएका छन् । ऐनको परिच्छेद १ को दफा २(ञ) मा अठार वर्ष उमेर पूरा नभएका

व्यक्तिलाई “बालबालिका”को रुपमा परिभाषित गरिएको छ । दफा १६ मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक संघसंस्था तथा निकायले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायत दफा १७ मा परिवार वा संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व र दफा १९ मा सञ्चार क्षेत्रको बालबालिका प्रतिको दायित्व सम्बन्धी व्यवस्था गरिएको छ। यसैगरी, परिच्छेद ४ मा बालन्याय सम्बन्धी व्यवस्था, परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुनःस्थापना सम्बन्धी व्यवस्था, दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह, दफा ४९ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था, दफा ५० मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था लगायत परिच्छेद १० अन्तर्गत दफा ७७ मा बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने समेत समावेश भएको छ (अनुसूची १) । यी यावत प्रावधानहरूलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको देखिएको छ । तथापि, यस ऐनलाई बालमैत्री कानूनको रुपमा विकास गर्न अझै संशोधन गर्न आवश्यक देखिन्छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्थाबाहेक मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, श्रम ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४ लगायतका ऐनहरूमा बालबालिकासँग सम्बन्धित विषयहरू समावेश गरिएका छन् ।

नेपाल सरकारले संयुक्त राष्ट्र संघको महासन्धिहरू र अभिसन्धिहरूको व्यवस्था बमोजिम बाल अधिकार समितिमा पेश गरेका प्रतिवेदनहरूमाथि उक्त समितिको समापन टिप्पणी र सुझावहरूलाई ध्यान दिई संवैधानिक र कानूनी व्यवस्थाहरू सुधार गर्दै आएको स्थितिमा बाल अधिकार सुनिश्चितताका लागि यी ऐनहरूको पूर्ण कार्यान्वयन हुन जरुरी देखिएको छ ।

## १.४ बालबालिका सम्बन्धी योजना, कार्ययोजना, राष्ट्रिय नीति तथा कार्यक्रम

### *१.४.१ योजना तथा कार्ययोजना*

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि नेपाल सरकारले आवधिक योजनाहरूमा बालबालिकाको विषयलाई प्राथमिकताका साथ समावेश गर्दै आएको सबैमा विदितै छ। बालबालिकाको विषयलाई नवौं योजना (२०५३-२०५८) देखि अधिकारमुखी दृष्टिकोणबाट समावेश गरिएको देखिएको छ। पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा समुन्नत, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने राष्ट्रको रुपमा नेपाललाई स्थापित गराउने दीर्घकालीन सोच सहितको संकल्प २१०० समावेश

भएको छ । उक्त संकल्पले समृद्धिका ४ वटा र सुखीका ६ वटा गरी जम्मा १० वटा सूचकहरू सहितको राष्ट्रिय लक्ष्य लिई **समृद्ध नेपाल र सुखी नेपाली**को राष्ट्रिय नारालाई समेत अघि सारेको छ । समृद्धिका ४ वटा सूचकहरूमध्ये मानव पुँजीको निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्दै समृद्धि हासिल गर्ने भन्ने राष्ट्रिय लक्ष्य तय हुनुले बालबालिकाको सर्वाङ्गीण विकासमा प्राथमिकता दिइएको एवम् सुखीका ६ वटा सूचकहरूमध्ये सुरक्षित सभ्य र न्यायपूर्ण समाज, परिष्कृत तथा मर्यादित जीवनसहितका सूचकहरू तय हुनुले बालबालिकाविरुद्ध हुने कुनै पनि हिंसा, दुर्व्यवहार, शोषण, हानि तथा जोखिमबाट संरक्षित समाजको परिकल्पना गरेको देखिएको छ ।

पन्ध्रौं योजनाको परिच्छेद ७ को उप-शीर्षक ७ मा बालबालिका तथा किशोरकिशोरीको विषय समावेश भएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य लिएको छ । उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।
- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु ।
- बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

यस योजनाको अन्त्यसम्ममा पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता १०० प्रतिशत पुऱ्याउने, कम तौल भएका बालबालिकाको प्रतिशत १५ सम्ममा झार्ने र मातृभाषामा पठनपाठन हुने विद्यालयको संख्या ३२४ (योजनाको शुरु वर्षमा २७०) पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको छ । यसैगरी, सरकारका तीनै तहमा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएको हुने, बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने, बालबालिकाविरुद्ध हुने सबै प्रकारका शारीरिक र मानसिक शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रुपमा न्यूनीकरण भएको हुने, सरकारी निकाय, संस्था, बाबुआमा तथा संरक्षकको बालबालिका प्रतिको दायित्व अभिवृद्धि भएको हुने र बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ प्रभावकारी रुपमा सञ्चालन भएको हुने जस्ता उपलब्धिहरू अपेक्षा गरेको छ ।

बालबालिका सम्बन्धी सन् १९९० को दशकका लागि प्रथम राष्ट्रिय कार्ययोजना र सन् २००४-२०१४ सम्मका लागि दोस्रो दशवर्षे कार्ययोजना लागू भइसकेको छ । तेस्रो कार्ययोजना तयारी क्रममा रहेको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ बालश्रम सम्बन्धी गुरु योजना, २०७५ लगायत शिक्षा, स्वास्थ्य, पोषण, किशोरकिशोरी, मानव बेचबिखन तथा ओसार-पसारसँग सम्बन्धित राष्ट्रिय कार्ययोजनाहरू कार्यान्वयनमा रहेका छन् ।

### १.४.२ राष्ट्रिय नीति

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ कार्यान्वयनमा रहेको छ। यस नीतिले सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बाल अधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न पाउन सक्ने वातावरणको सिर्जना गर्ने दीर्घकालीन लक्ष्य लिएको छ। यस नीतिका निम्नानुसारका मुख्य उद्देश्यहरू रहेका छन्ः

१. सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने। यो उद्देश्य पूरा गर्नका लागि ३२ वटा नीतिहरू र १९ वटा रणनीतिहरू लिइएका छन्।
२. बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने। यो उद्देश्य पूरा गर्नका लागि ५ वटा नीतिहरू र ११ वटा रणनीतिहरू लिइएका छन्।
३. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने। यो उद्देश्य पूरा गर्नका लागि ८ वटा नीतिहरू र ६ वटा रणनीतिहरू लिइएका छन्।
४. बालबालिका प्रतिको विभेद अन्त्य गर्ने। यो उद्देश्य पूरा गर्नका लागि ३ वटा नीतिहरू र २ वटा रणनीतिहरू लिइएका छन्।
५. बालन्याय प्रणालीलाई सुदृढ गर्ने। यो उद्देश्य पूरा गर्नका लागि ९ वटा नीतिहरू र ५ वटा रणनीतिहरू लिइएका छन्।

यो नीतिमा संयुक्त राष्ट्रको बाल अधिकार सम्बन्धी महासन्धिका अधिकांश प्रावधानहरूलाई सम्बोधन गरिएका छन्। मुलुकमा संघीय संरचना लागू भइसकेको र प्रदेश र स्थानीय सरकारले सक्रियताका साथ कार्य गर्न लागि सकेको सन्दर्भमा यस नीतिलाई पुनरावलोकन गरी नयाँ नीति तर्जुमा गर्नु आवश्यक देखिएको छ।

### १.४.३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवासुविधाहरू

नेपाल सरकारबाट बालबालिकाकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्ने दिशातर्फ उन्मुख हुँदै निःशुल्क विद्यालय शिक्षा, निःशुल्क पाठ्यपुस्तक लगायत गरीब, दलित, सीमान्तकृत, अपाङ्गता, मुक्त कमलरी, द्वन्द्व प्रभावित जस्ता बालबालिकाका लागि आवासीय र गैरआवासीय गरी दुई थरिका छात्रवृत्तिका साथै बालिका छात्रवृत्तिको व्यवस्था भएको छ। यसबाहेक विभिन्न पटके र विशेष छात्रवृत्तिको समेत व्यवस्था रहेको छ। तोकिएका केही जिल्लाका विद्यालयहरूमा दिवा खाजा कार्यक्रम पनि सञ्चालनमा रहेका छन्। यस अतिरिक्त तोकिएका विद्यार्थीहरूका लागि विभिन्न जिन्सी सुविधाहरू समेत उपलब्ध गराउने गरिएको छ। यस्ता कार्यहरूमा विकास साझेदार संस्थाहरूको योगदान पनि सराहनीय रहेको दखिन्छ। यी कार्यक्रमहरूबाट बालबालिका उल्लेख्य रुपमा लाभान्वित भएका छन्।

बालबालिकाको स्वास्थ्य र पोषण सेवा सुविधा पाउने अधिकार प्रवर्द्धन गर्ने क्रममा विभिन्न खोप, भिटामिन, पोषणयुक्त खानेकुरा लगायत तोकिएको स्वास्थ्य सेवा र तोकिएको औषधि तथा उपचार सेवा निःशुल्क उपलब्ध हुने गरेको छ । कार्यक्रमको सन्दर्भमा एकीकृत बालस्वास्थ्य एवम् पोषण कार्यक्रम, राष्ट्रिय खोप कार्यक्रम, समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम, सुनौला हजार दिन जस्ता कार्यक्रम सञ्चालनमा रहेका छन् । यसैगरी, कणाली क्षेत्रका सबै र अन्य जिल्लाहरूका दलित बालबालिकाका लागि मासिक चारसय रुपैयाँ पोषण अनुदान वितरण भइरहेको छ । अति दुर्गम हिमाली तथा पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार गरी अस्पतालसम्म पुऱ्याउने कार्यक्रमबाट आमा र शिशु दुवैलाई सेवा प्रदान गरिएको छ । अति जोखिम र विपद्मा परेका, गम्भीर रोगका बिरामी लगायत बालबालिकाका लागि पटके सहयोग प्रदान गर्ने कार्यहरू भइरहेका छन् । सडकमा जीवनयापन गरिरहेका बालबालिकाका लागि पुनःस्थापना, संरक्षण सहयोग प्रदान गर्ने जस्ता कार्यहरू भइरहेका छन् ।

राष्ट्रिय बाल अधिकार परिषद्ले आर्थिक वर्ष २०७६/०७७ मा बाल अधिकारको स्थिति र बाल संरक्षणका जल्दाबल्दा विषयमा प्रदेश-१, प्रदेश-२ र कर्णाली प्रदेशमा प्रदेशस्तरीय छलफल कार्यक्रम सम्पन्न गरेको छ । यस कार्यक्रममा जनप्रतिनिधि, सरकारी र गैरसरकारी निकाय, बालबालिका, नागरिका समाज, सञ्चार माध्यम लगायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । परिषद्बाट अति जोखिममा परेका ६४ जना बालबालिकालाई (बालक ४० र बालिका २४) स्वास्थ्य तथा संरक्षण सहयोग प्रदान गरेको छ । बालहिंसा, बलात्कार, दुर्व्यवहार, अति जोखिमा परका बालबालिकाका घटनाहरू सम्बोधन गर्ने कार्य गरिरहेको छ । यसैगरी, बालविवाह, बाल यौनशोषण, श्रमशोषण विरुद्धका सचेतना कार्यक्रम समेत सञ्चालनमा रहेका छन् । विभिन्न विकासका साझेदार संस्थाहरू एवम् गैरसरकारी संस्थाहरू लगायतबाट समेत बालबालिका प्रत्यक्ष र अप्रत्यक्ष रुपबाट लाभान्वित हुने शिक्षा, स्वास्थ्य लगायत बाल संरक्षण तथा हिंसा एवम् चेतना जागरण र क्षमता अभिवृद्धिका विभिन्न कार्यहरू भइरहेका छन् ।

आर्थिक वर्ष (२०७७/७८) मा बालबालिकाको संरक्षण तथा विकासका लागि केही नवीनतम कार्यहरू गरिने भएको छ । उदाहरणका लागि, बाबुआमाविहीन बालबालिकाको लागि संरक्षण सहयोग प्रदान गर्ने कार्यको थालनी हुने, बालमन्दिरको संस्थागत सुधार तथा पुनसंरचना हुने, बालबालिकालाई विज्ञान तथा प्रविधिका विषयमा जानकारी दिने उद्देश्यले संग्रहालय निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने, बालबालिका सम्बन्धी १० वर्षे रणनीतिक कार्ययोजना तयार गरिने, सिर्जनशिल बालबालिकालाई प्रोत्साहन गर्ने कार्य थालनी गरिने, सडक बालबालिकामुक्त राष्ट्र बनाउने, सातै प्रदेशमा बाल उद्यान/पुस्तकालय निर्माण कार्य शुरु गरिने जस्ता कार्यहरू हुनेछन् ।

### १.५ संस्थागत व्यवस्था

संघीय स्तरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकाको विषयमा नेतृत्वदायी एवम् अन्य मन्त्रालय तथा आयोगहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्दछ । बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार राष्ट्रिय बाल अधिकार परिषद् र बागमती प्रदेशमा प्रदेश बाल अधिकार समिति गठन भएको

छ । यसै ऐन बमोजिम प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति यथाशक्य चाँडो गठन हुने अपेक्षा गरिएको छ । विषयगत रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पूर्व बालविकासदेखि कक्षा १२ सम्म बालबालिकाका लागि शिक्षा, विज्ञान र प्रविधिसँग सम्बन्धित कार्यहरू गर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बालस्वास्थ्य र पोषण सम्बन्धी विषय सम्बोधन गर्दछ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बालश्रमको विषयमा कार्य गर्दछ । गृह मन्त्रालयले विपद्मा बालबालिका समेतको विषय सम्बोधन गर्दछ । प्रदेशमा सामाजिक विकास मन्त्रालयले बालबालिकाको विषय हेर्ने व्यवस्था रहेको छ । यसैगरी सबै पालिकाहरूबाट बालबालिका सम्बन्धी कार्यहरू हुने गरेका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको निर्देशन र संरक्षकत्वमा राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन एवम् सहयोगमा र नेपाल प्रहरीको संयुक्त योगदानमा काठमाण्डौंको भृकुटीमण्डपमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) सञ्चालनमा रहेको छ । यसैगरी नेपाल प्रहरी अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा सबै जिल्लाहरूमा गरी २४० वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र रहेका छन् । निर्देशनालय र सेवा केन्द्रहरूबाट बालहिंसा र संरक्षण सम्बन्धी विषयहरू सम्बोधन हुने गर्दछ । राष्ट्रिय बाल अधिकार परिषद् को संयोजन, समन्वय र आंसिक सहयोगमा विभिन्न १२ वटा जिल्लाहरूमा गैरसरकारी संस्थाहरूबाट बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालन भइरहेको छ ।

बालन्याय सम्बन्धी विषयका कार्यलाई व्यवस्थित गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बालन्याय समिति र जिल्लाहरूमा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिहरू कार्यरत रहेका छन् । सबै जिल्ला अदालतमा बाल इजलासको व्यवस्था भएको छ । विविध किसिमका बालबिज्याँइमा परी कानूनी सजाय भोग्नु परेका बालबालिकाका लागि भक्तपुर, कास्की, मोरङ, बाँके, मकवानपुर, रुपन्देही, डोटी र पर्सा जिल्लामा बाल सुधार गृह सञ्चालन भइरहेका छन् ।

## १.६ दिगो विकास लक्ष्यहरू र बालबालिका

विश्वभरका लागि तयार भएको दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू रहेका छन् । कूल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ८ वटा लक्ष्यहरू, ३५ वटा परिलक्ष्यहरू र ७६ वटा सूचकहरू रहेका छन् । यसमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालहिंसा, सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचबिखनपीडित र जन्मदर्ताजस्ता विषयहरू रहेका छन् । जम्मा २३७ सूचकमा नेपालको सन्दर्भमा २५७ वटा थप गरी जम्मा ४९४ वटा सूचकहरू पुऱ्याइएको छ ।

## १.७ राष्ट्रिय जनगणना र बालबालिका

राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ मा जनसंख्या वृद्धिदर क्रमशः २.०८, २.२५ र १.३५ रहेको छ । २०४८ सालको जनगणनाको तुलनामा पछिल्ला जनगणनाहरूमा कूल जनसंख्यामध्ये १८ वर्षमुनिका बालबालिकाको प्रतिशत क्रमशः घट्दै आएको छ । बालबालिकाको संख्या र प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १: राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ अनुसार १८ वर्षमुनिका बालबालिकाको संख्या र प्रतिशत


| **जनगणना वर्ष** | **कूल जनसंख्या** | **बालबालिकाको जनसंख्या** | **१८ वर्षमुनिका बालबालिकाको %** | **५ वर्षमुनिका बालबालिकाको %** |
|---|---|---|---|---|
| २०४८ | १८४९१०९७ | ८,९२३,६२१ | ४८.२६ | १४.६४ |
| २०५८ | २३,१५१,४२३ | १०,५८५,७९१ | ४५.७२ | १२.११ |
| २०६८ | २६४९४५०४ | ११,०८४,३११ | ४१.८४ | ९.६९ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०४८, २०५८ र २०६८ ।*

माथिको तालिकाबाट २०४८ सालको जनगणनाभन्दा २०५८ सालको जनगणनामा कूल जनसंख्यामध्ये बालबालिकाको जनसंख्या २.५४ प्रतिशत विन्दुले र २०५८ सालको जनगणनाभन्दा २०६८ सालको जनगणनामा ३.८८ प्रतिशत विन्दुले घटेको देखिन्छ। जन्मदर घ्‌टने क्रमसँगै कूल जनसंख्यामा बालबालिकाको प्रतिशत घटेको छ । तथापी, बालबालिकाको संख्यामा भने केही बढेको नै देखिएको छ ।




तीनवटा जनगणना अनुसार बालबालिकाको प्रतिशत ग्राफ १ मा प्रस्तुत गरिएको छ ।

ग्राफ १ : तीनवटा जनगणना अनुसार बालबालिकाको जनसंख्याको प्रतिशत




माथिको ग्राफबाट प्रत्येक जनगणनामा बालबालिकाको प्रतिशत उल्लेख्य रुपमा घटेको देखिएको छ। कूल जनसंख्यामध्ये बालबालिकाको जनसंख्याको प्रतिशत कम हुँदै जाँदा नेपालको जनसंख्या पिरामिडमा समेत परिवर्तन हुँदै आएको देखिएको छ। यसको झलक ग्राफ २ मा देखाइएको छ।

ग्राफ २ : जनसंख्या पिरामिडको झलक

| सन् २००० सम्मको स्थिति झलक | सन् २०१५ को स्थिति झलक | सन् २०२० को अनुमानित झलक |
| --- | --- | --- |
|  |  |  |

*स्रोतः वेवसाइट - वर्ल्ड लाइफ एक्स्पेक्टेन्सी डट कम/नेपाल-पपुलेसन-पिरामिड ।*

२०५८ सालको जनगणनामा जनसंख्या वृद्धिदर २.२५ प्रतिशत रहेकोमा २०६८ सालको जनगणनामा सो दर १.३५ प्रतिशतमा झरेको छ । जन्मदरमा आएको परिवर्तन स्वरुप २०५७ साल (सन् २०००) भन्दा २०७२ साल (सन् २०१५) मा जनसंख्या पिरामिडमा बालबालिकाको जनसंख्याको आकारमा कमी आएको देखिएको छ। यी दुई समयावधिमा जनसंख्याको आकारमा उल्लेख्य परिवर्तन भएको देखिएको छ।

## १.८ नेपाल सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका

नेपाल सरकारले संघीय स्तरको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिकाका विषयहरू सम्बोधन गर्दछ । आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिकाको स्वास्थ्य अन्तर्गत सबै बालबालिकालाई खोप सेवा पुऱ्याउने, बालबालिकाको मुटुरोगको निःशुल्क उपचार गर्ने, कान्ति बाल अस्पतालको क्षमता अभिवृद्धि गर्ने तथा शिक्षा अन्तर्गत विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा हुने सुनिश्चित गर्ने, सार्वजनिक विद्यालयहरूलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइने, विद्यालयको भौतिक सुधार गर्ने, शिक्षकको क्षमता अभिवृद्धि गर्ने, विज्ञान तथा प्राविधिक शिक्षामा जोड दिने, विद्यालय तहको पाठ्यक्रम सुधार गर्ने, छात्रवृत्ति कार्यक्रमलाई एकीकृत गर्ने, बालविकास केन्द्रहरूको सुदृढीकरण गर्ने लगायतका विषयहरू सम्बोधन भएका छन् । यसैगरी, बाल संरक्षण अन्तर्गत बालश्रमको अन्त्य गर्ने, सडक बालबालिका मुक्त देश बनाइने, आफ्नो हेरचाह आफैं गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति, बालबालिकाको पहिचान गरी समाजिक संरक्षणको व्यवस्था गरिने तथा दलित तथा कर्णाली क्षेत्र र तराई/मधेश लगायतका गरिबीको रेखामुनि परेका परिवारका बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो तुल्याइने, आर्थिकरूपले विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका, लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिकालाई राज्यबाट विशेष सुरक्षा र संरक्षण प्रदान गर्ने, बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिने लगायतका विषयहरू सम्बोधन भएका छन् । नीति तथा कार्यक्रमसँग बजेट वक्तव्यमा उल्लिखित बुँदाहरूमा भने केही तादाम्यता मिलेको देखिँदैन । नीति तथा कार्यक्रम र बजेट वक्तव्यको बालबालिकासँग सम्बन्धित बुँदाहरू अनुसूची २ मा दिइएको छ ।

## १.९ बालबालिकाको विषयमा २०४८ सालदेखि हालसम्म देखिएका समग्र स्थिति

नेपाल सरकारले बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको हक, अधिकारको सुनिश्चितता गर्नेतर्फ उन्मुख हुँदै कानूनी, नीतिगत, संस्थागत र योजनागत सुधार गर्दै विभिन्न कार्यक्रमहरूमा लगानी बढाइरहेको छ । यसको परिणामस्वरुप बालबालिकासँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकाङ्कहरूमा उल्लेख्य सुधार भएका छन् । यी सुधारहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### *१.९.१ बालबालिकाको विषयमा २०४८ सालदेखि हालसम्म देखिएका समष्टिगत गुणात्मक सुधार*

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको विकास तथा अधिकार संरक्षणको लागि उल्लेख्य रुपमा प्रयासरत रहेको छ । संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गर्नुअगाडि र सोपछि बालबालिका सम्बन्धी विषयको अवस्थाको तुलनात्मक सिंहावलोकन निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका २ः बालबालिकासँग सम्बन्धित स्थितिको तुलनात्मक सिंहावलोकन

| आ.व. २०४७/०४८ को स्थिति | आ.व. २०७६/०७७ को स्थिति |
|---|---|
| संविधानमा बालबालिका सम्बन्धी केही प्रावधानहरू भएको । | नेपालको संविधान बाल अधिकारको दृष्टिकोणबाट विस्तृत र प्रगतिशील व्यवस्थाहरू भएको । |
| बालबालिका सम्बन्धी छुट्टै विशेष कानून  नभएको । | विशेष ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन भएको, साथै स्थानीय सरकार सञ्चालन ऐन, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, जनस्वास्थ्य सेवा ऐन, सामाजिक सुरक्षा ऐन, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन जस्ता कानूनहरू प्रचलनमा रहेको । |
| बालबालिका केन्द्रित छुट्टै संस्थागत व्यवस्था नभएको । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् लगायत संघ र प्रदेशमा भएका मन्त्रालय, विभाग र स्थानीय तहमा बालबालिका सम्बन्धी महाशाखा/शाखा, नेपाल प्रहरीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, सेवा केन्द्र लगायत विभिन्न संस्थागत व्यवस्था रहेको । |
| आवधिक योजनामा बालबालिका सम्बन्धी थोरै विषय समावेश भएको । | आवधिक योजनामा बालबालिकाको विषयलाई प्राथमिकता दिइएको । |
| बालबालिकाको विषयमा राष्ट्रिय कार्ययोजना नरहेको । | बालबालिकाको राष्ट्रिय कार्ययोजना, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना लगायत शिक्षा, पोषण जस्ता विषयमा पनि राष्ट्रिय कार्ययोजना लागू रहेको । |
| कानून, नीति, योजना तथा कार्यक्रमहरू कल्याणकारी सोचमा रहेको । | कानून , नीति, योजना तथा कार्यक्रमहरू अधिकारमुखी सोचमा कार्यान्वयनमा रहेको । |

| | |
|---|---|
| बालबालिका सम्बन्धी राष्ट्रिय नीति नरहेको । | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, बालविवाह न्यूनीकरण सम्बन्धी राष्ट्रिय रणनीति, बालमैत्री स्थानीय शासन सञ्चालन लगायतका नीतिहरू कार्यान्वयनमा रहेको । |
| बाल संरक्षण सम्बन्धी विषयहरूमा खासै कार्यविधि तथा निर्देशिकाहरू नभएको । | आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, सडक बालबालिका व्यवस्थापन लगायतका विषयमा कार्यविधि तथा निर्देशिकाहरू रहेको । |
| बालबालिका लक्षित ज्यादै सीमित सामाजिक सुरक्षा कार्यक्रम रहेको । | बालबालिका लक्षित उल्लेख्य सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा रहेको । |
| बालबालिका सम्बन्धी सीमित सूचना उपलब्ध हुने गरेको | बालबालिका सम्बन्धी विविध विषयगत सूचना व्यवस्थापन हुन थालेको । |
| जोखिममा परेका बालबालिकाका लागि थोरै कार्यक्रम रहेको । | जोखिम, आपत र विपद्मा परेका बालबालिकाका लागि उल्लेख्य कार्यहरू हुने गरेको । |
| बालबालिका सम्बन्धी सीमित संवेदनशीलता र चासो रहेको । | सरकारी र गैरसरकारी क्षेत्रमा बालबालिका सम्बन्धी संवेदनशीलता र चासो उल्लेख्य रुपमा बढ्दै आएको । |
| विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सहयोग तथा हेरचाह गर्ने निकाय र संस्थाहरू सीमित रहेको । | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लक्षित उल्लेख्य संख्यामा सरकारी तथा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय/स्थानीय गैरसरकारी संस्थाहरू क्रियाशील रहेको । |
| बाल सुधार गृहको अवधारणा नरहेको । | बाल सुधार गृहको अवधारणा अनुरुप कार्य भइरहेको । |
| बालन्याय सम्पादन सम्बन्धी व्यवस्था सीमित रहेको । | बालन्याय सम्पादन सम्बन्धी कानूनी, नीतिगत र संस्थागत व्यवस्थाहरू गरिएको । |
| बालबालिकाको विषयमा जनचेतनाका कार्यहरू खासै नभएको । | बाल अधिकारका विषयहरूमा समुदाय, परिवार र बालबालिकासम्म नै सचेतनामा वृद्धि भएको । |

### *१.९.२ बालबालिकाको विषयमा २०४८ सालदेखि हालसम्म देखिएका समष्टिगत परिमाणात्मक सुधार*

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि बालबालिका सम्बन्धी भएगरेका विभिन्न प्रयासको परिणाम स्वरुप बालबालिकाको समग्र स्थितिमा सुधार आएको तथ्यलाई समष्टिगत सूचकहरूबाट प्रष्ट हुन्छ । उदाहरणका लागि प्राथमिक तहमा खुद भर्नादर २०४८-२०४९ सालतिर ६४ रहेकोमा आ.व. २०७६/७७ मा ९७.१ पुगेको छ । प्राथमिक शिक्षामा बालिकाको अनुपात ०.५६ बाट बढेर ०.९८ पुगेको छ भने कक्षा १-१२ सम्मको बालिकाको अनुपात १.०१ पुगेको छ । केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क सर्वेक्षण, २०७६ अनुसार नवजात शिशु मृत्युदर प्रति हजार ५० बाट घटेर १६, शिशु मृत्युदर प्रति हजार १०८ बाट घटेर २५ र बाल मृत्युदर प्रति हजार १६२ बाट घटेर २८ हुन आएको छ । मातृ मृत्युदर प्रति लाखमा ८५० बाट २३९ मा झरेको छ भने दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति दर ७ बाट बढेर ७९.३ पुगेको छ । पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर २०४८-२०४९ सालतिर एकीन हुन सकेको देखिँदैन भने आ.व. २०७६/७७ मा ७७.२ प्रतिशत पुगेको छ । बालबालिकासँग सम्बन्धित यस्ता समष्टिगत सूचकहरूबाट नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार

सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि आर्थिक वर्ष २०४७/०४८ देखि हालसम्मको बालबालिकाको समग्र स्थितिमा उत्साहवर्धक रुपमा सुधार भएको देखिएको छ । बालबालिकासँग सम्बन्धित परिमाणात्मक सूचकहरू पछिल्लो सम्बन्धित परिच्छेदहरूमा समावेश गरिएका छन् ।

### *१.९.३ बालअधिकार सम्बन्धी महासन्धि र इच्छाधीन आलेखहरूको समग्र कार्यान्वयन स्थिति*

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का प्रावधानहरू सम्बोधन गर्ने क्रममा संविधान, कानून, नीति, योजना, संस्थागतजस्ता व्यवस्थाहरू क्रमशः सुधार हुँदै आएका छन् । बालबालिकासँग सम्बन्धित विशेषगरी शिक्षा, स्वास्थ्य, पोषणजस्ता विषयगत कार्यक्रमहरू एवम् बाल संरक्षणका विविध विषयहरूसँग सम्बन्धित कार्यहरू र लगानी उत्साहजनक रुपमा बढीरहेको छ । बालबालिकाको विकास, संरक्षण, सहभागिता र अधिकारका विषयहरूमा विकास साझेदार संस्था, नागरिक समाज, सञ्चार माध्यमबाट भएको योगदान पनि सराहनीय रहेको छ । यी प्रयासहरूको परिणामस्वरुप बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, पोषण लगायत संरक्षण र सहभागिता सम्बन्धी विभिन्न सूचकहरूमा उल्लेख्य प्रगति भएको छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का जम्मा ५४ वटा धाराहरूमध्ये ४२ वटा धाराहरू बालबालिकाका विविध विषयहरूसँग सम्बन्धित रहेका छन् । यी धाराहरूमध्ये करिब १६ वटा धाराहरूको पूर्ण कार्यान्वयन भएको देखिएको छ । करिब २६ वटा प्रावधानहरू कार्यान्वयनमा रहेका छन् । पूर्ण कार्यान्वयन भएका धाराहरूको विषयलाई दिगो बनाई राख्न र कार्यान्वयनमा रहेका धाराहरूको विषयमा पूर्णता ल्याउन थप प्रयास हुन जरुरी देखिएको छ (अनुसूची ३) । यस महासन्धिका प्रायः सबै धाराहरू अनुसार बालबालिकाको स्थिति पछिल्लो सम्बन्धित परिच्छेदहरूमा प्रस्तुत गरिएको छ ।

संयुक्त राष्ट्र संघको महासन्धि अनुमोदन गरेपछि सो अनुसार पक्षधर राष्ट्रले प्रारम्भिक र आवधिक प्रतिवेदन संयुक्त राष्ट्र संघमा पेश गर्नु पर्दछ । यस व्यवस्था अनुसार बाल अधिकार महासन्धि अनुसारको प्रारम्भिक प्रतिवेदन नेपालले सन् १९९५ मा, दोस्रो आवधिक प्रतिवेदन सन् २००४ मा र तेश्रो, चौथो र पाँचौंको आवधिक प्रतिवेदन संयुक्त रुपमा सन् २०१२ मा पेश गरेको थियो । यो संयुक्त प्रतिवेदनको प्रस्तुती र छलफल संयुक्त राष्ट्र संघमा सन् २०१६ को जुन ३ तारिखमा सम्पन्न भयो । संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले पाँचौं आवधिक प्रतिवेदनमाथि गरेको समापन टिप्पणीले समग्र रुपमा बालमैत्री कानूनी प्रावधानहरूको व्यवस्थालाई स्वागत गरेको छ । राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न बालबालिकाको सर्वोत्तम हित, सबै किसिमका हिंसाहरू र विशेष संरक्षणको उचित सम्बोधन, पारिवारिक वातावरण र वैकल्पिक स्याहार, अपाङ्गता भएका बालबालिकाको आधारभूत आवश्यकता, शिक्षा पाउने अधिकार, पहिचानका लागि जन्मदर्ता र नागरिकताको व्यवस्था, बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरूमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार गर्ने परिपाटीको समूल अन्त्य गर्ने जस्ता विषयहरू समेट्नेगरी विद्यमान ऐनहरूमा सुधार गर्नुपर्ने लगायतका थुप्रै सिफारिसहरू रहेका छन् । यसैगरी, योजना र अनुगमन, खण्डीकृत सूचना व्यवस्थापन, बालबालिकाका लागि लगानीमा वृद्धि, संस्थागत सुदृढीकरण जस्ता विषयहरूमा ध्यान दिन समेत सरकारलाई सुझावहरू दिएको छ । नेपालको प्रतिवेदनमा संरासंको बाल अधिकार समितिको समापन टिप्पणी सारांश अनुसूची ४ मा दिइएको छ ।

उल्लिखित सुधारहरू बाबजूद पनि विविध किसिमका बालहिंसा, शोषण र दुर्व्यवहार अन्त्य गर्ने कार्यहरू चुनौतीकै रुपमा रहेका छन् । यस दिशातर्फ संघ, प्रदेश र स्थानीय सरकार एवम् विकास साझेदार संस्थाहरू लगायत सम्बद्ध सबै सरोकारवालाहरूको ध्यान गम्भीर रुपमा आकर्षित भई नतिजामूलक कार्यहरू अझ प्रभावकारी रुपमा कार्यान्वयन हुन जरुरी छ ।

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अन्तर्गत तीनवटा इच्छाधीन आलेखहरूमध्ये सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २००० लाई सन् २००७ को सेप्टेम्वर १९ तारिखमा र बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २००० लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ ।

**सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २०००** मा जम्मा १३ वटा धाराहरू छन्, जसमध्ये धारा १ देखि ७ सम्मका व्यवस्थाहरू बालबालिकासँग प्रत्यक्ष सम्बन्धित छन् । यस आलेख बमोजिमको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २०१२ मा संयुक्त राष्ट्र संघमा पेश गऱ्यो । यस प्रतिवेदनमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले ३ जुन २०१६ मा समापन टिप्पणी पारित गरेको छ । यस टिप्पणीमा संवैधानिक, कानूनी सुधार लगायत सत्य निरुपण आयोग, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, विद्यालय शान्ति क्षेत्र सम्बन्धी राष्ट्रिय खाका, द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन जस्ता प्रयासहरूको प्रशंसा गरेको छ । साथै प्रभावित बालबालिकाको संरक्षणका लागि थप प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, समन्वय र सहकार्य हुनुपर्ने सुझाव दिएको छ । यस आलेखको मूल मर्म अनुसार कानूनी व्यवस्था एवम् सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि शैक्षिक सहयोग, आवासीय शिक्षा र पुनःस्थापनाका व्यवस्था भएका छन् । यस विषयको विस्तृत स्थिति परिच्छेद ३ (६) मा उल्लेख गरिएको छ ।

**बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २०००** मा जम्मा १७ वटा धाराहरू छन्, जसमध्ये धारा १ देखि १० सम्मका व्यवस्थाहरू बालबालिकासँग प्रत्यक्ष सम्बन्धित छन् । यस आलेख बमोजिमको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २००९ मा संयुक्त राष्ट्र संघमा पेश गरेको छ । यस प्रतिवेदनमाथि बाल अधिकार समितिको समापन टिप्पणी अनुसार हालका कानूनहरूमा बाल दुर्व्यवहार विरुद्धका प्रावधानहरू व्यवस्था भइसकेका छन् । नेपालले अनुमोदन गरेको इच्छाधीन आलेखका प्रावधानहरूको परिपालना गर्नु र संयुक्त राष्ट्र संघको बाल अधिकार समितिको समापन टिप्पणीमा दिइएका सुझावहरू कार्यान्वयन गर्नु राज्यका सबै अङ्गहरूको दायित्व हुन्छ । यसै दायित्व अनुसार थप कार्यहरू गर्नु आवश्यक देखिएको छ । यस विषयको विस्तृत स्थिति परिच्छेद ३ (७) मा समावेश गरिएको छ ।

## १.१० राष्ट्रि बालदिवस र मूल सन्देश

नेपालमा २०२२ सालदेखि भदौ ४ गतेका दिन राष्ट्रिय बालदिवस मनाउने प्रचलन शुरु गरिएको देखिन्छ । नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई २०४७ साल भदौ २९ गते अनुमोदन गरेको अवसरको सम्झनामा २०६३ सालदेखि भदौ २९ गते राष्ट्रिय बालदिवस मनाउन थालिएको हो । सोपश्चात बालबालिका सम्बन्धी विभिन्न नाराका साथ राष्ट्रिय बालदिवस मनाउँदै आइरहेको छ ।

| नेपालमा २०६३ सालपछि बालदिवसमा तयार पारिएका नाराहरू | |
|---|---|
| **वर्ष** | **नारा** |
| २०६४/६५ | सुनिश्चित बाल अधिकारः नयाँ नेपालको पूर्वाधार |
| २०६६/६७ | हामी सबैको सरोकारः नयाँ संविधानमा सुनिश्चित बाल अधिकार |
| २०६८/६९ | हामी सबैको सरोकार : शान्ति, संविधान र सुनिश्चित बाल अधिकार |
| २०७०/७१ | बालबालिकाका कुरा सुनौं : बाल दुर्व्यवहार अन्त्य गरौं |
| २०७२ | पुनर्निर्माण र संविधानः बाल अधिकारको संरक्षण हाम्रो अभियान |
| २०७३ | सम्बर्द्धन बाल अधिकारको : कार्यान्वयन संविधानको |
| २०७४ | बालमैत्री शासन : बाल अधिकारको सम्मान |
| २०७५ | सुखी नेपाली, समृद्ध नेपाल : बाल अधिकार सबैको सरोकार |
| २०७६ | सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार |
| २०७७ | विपद्मा बाल अधिकारको सुनिश्चितता, हामी सबैको साझा प्रतिवद्धता |

राष्ट्रिय बालदिवसका उपर्युक्त नाराहरूमध्ये २०६४ सालदेखि २०७२ साल सम्मका नाराहरूको मर्मलाई संविधानमा सम्बोधन गरिएको देखिएको छ भने २०७३ सालदेखि २०७४ साल सम्मका नाराहरूको भावनालाई बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिकासँग सम्बन्धित अन्य ऐनहरूमा समेटिएको देखिएको छ। यसैगरी, पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को दीर्घकालीन सोच सहितको संकल्प-२१०० मा लिइएका समृद्धिका ४ वटा र सुखीका ६ वटा गरी जम्मा १० वटा सूचकहरू सहितको राष्ट्रिय लक्ष्य लिई समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय नारालाई समेत अघि सारेको छ। उक्त सूचकहरू बालबालिकासँग पनि सम्बन्धित रहेका छन्। २०७७ सालको राष्ट्रिय बालदिवस "विपद्मा बाल अधिकारको सुनिश्चितता, हामी सबैको साझा प्रतिवद्धता" भन्ने मूलनाराका साथ भर्चुअल (विद्युतीय माध्यम) तरिकाले सम्पन्न भएको छ। नेपाल टेलिकमसँगको सहकार्यमा एसएमएसमार्फत २१ लाख प्रयोगकर्तालाई यो नारा प्रेषण गरिएको छ। यस बालदिवसको उपलक्ष्यमा भर्चुअल प्रक्रियाबाट "कोभिड-१९ ले बालबालिकाको शिक्षा र स्वास्थ्यमा पारेको प्रभाव र न्यूनीकरणका उपायहरू" शीर्षकमा सातै प्रदेशबाट प्रतिस्पर्धा गरी राष्ट्रिय स्तरको वक्तृत्वकला प्रतियोगिताको आयोजना गरी उत्कृष्ट वक्ताहरूलाई (सबै बालिका) पुरस्कृत गरिएको छ। यसैगरी, बालदिवसको दिन भर्जुअल विधिबाट बालदिवसको उपलक्ष्यमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ। यस कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री पार्वत गुरुङको अध्यक्षता र सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा करिब २०० जनाको प्रत्यक्ष भर्चुअल उपस्थितिमा सम्पन्न भयो। यस कार्यक्रममा सातै प्रदेशका सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीहरू, राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति, प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिका सभापति, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्षहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव तथा विभिन्न मन्त्रालयहरूका सह-सचिवहरू, युनिसेफ नेपालका आवासीय प्रतिनिधि लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सञ्जालका प्रतिनिधिहरू, सातै प्रदेशका बालबालिकाका प्रतिनिधिहरू, विभिन्न सञ्चार माध्यमहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

बालदिवसको उपलक्ष्यमा **सम्माननीय राष्ट्रपति श्री विद्यादेवि भण्डारीज्यू**बाट राष्ट्रिय बालदिवस, २०७७ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त बालबालिका तथा अभिभावकहरूमा शुभकामना सन्देश दिनुभएको छ। उक्त सन्देशमा नेपालको संविधानिक, कानूनी, नेपाल पक्षधर रहेका बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय घोषणाहरूका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको दायित्व हुने धारणा व्यक्त गर्नुभएको छ। यसैगरी, बालहिंसाविरुद्ध सरकारले शून्य सहनशीलताको नीति र बाल संरक्षण प्रणाली सुदृढीकरण गर्दै अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षकत्व राज्यले ग्रहण गर्ने नीति समेत सरकारले लिएको सन्देश दिनु भएको छ। यसका साथै कोभिड- १९ लगायत विभिन्न विपद्को स्थितिमा बालबालिकाको संरक्षण गर्न तीनै तहका सरकारी निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, बाल अधिकारकर्मीहरू, सामाजिक संस्थाहरू, नागरिक समाज र अभिभावकहरू संवेदनशील हुन ध्यानाकर्षण समेत गर्नुभएको छ।

**सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू**ले "विपद्मा बाल अधिकारको सुनिश्चितताः हामी सबैको साझा प्रतिवद्धता" भन्ने नाराका साथ देशव्यापी रुपमा मनाइँदै गरेको राष्ट्रिय बालदिवस, २०७७ को अवसरमा बालबालिकासँग सम्बद्ध सबैमा शुभकामना दिँदै नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रुपमा स्थापित गरेको छ र अन्तर्राष्ट्रिय स्तरमा सरकारले दर्शाएको प्रतिवद्धताका कारणले मात्र होइन, बालबालिका देशको सबल भविष्यका आधार हुन् भन्ने मान्यताप्रतिको निष्ठाका कारण बाल अधिकार संरक्षणमा सरकार समर्पित रहेको धारणा व्यक्ति गर्नु भएको छ। अभिभावक गुमाएर अनाथ भएका र सडकमा बेवारिसे जीवन बिताइरहेका बालबालिकाको राज्यले संरक्षकत्व ग्रहण गर्ने काम थालनी भएको र यस आर्थिक वर्षभित्र नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने नीति लिइएको सन्देश दिनुभएको छ। यसैगरी बालबालिकामाथि हुने सबै किसिमका हिंसा र दुर्व्यवहारको अन्त्य गर्दै बाल अधिकार सुनिश्चितताप्रति सरकार प्रतिवद्ध छ। "सर्वे भवन्तु सुखीन"को गन्तव्यमा पुग्न एवम् समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षा पूरा गर्न सरकार अग्रसर भएको छ। देशको सफलता बालबालिकाको सफलतासँग गाँसिएकोले आउँदो पिंढीको सुन्दर भविष्य निर्माणमा बालबालिकाको सचेत सहभागिता रहन जरुरी हुन्छ। विभिन्न विपद् तथा कोभिड-१९ को असरबाट बालबालिकाको भविष्य सुरक्षित गर्न सरकार प्रतिवद्ध रहेको जानकारी दिनुभएको छ। बालबालिकाको अधिकार र सुरक्षामा सक्रिय हुन सरकारी तथा गैरसरकारी क्षेत्रका सबै सरोकारवालाहरूलाई आह्वान गर्दै ऐक्यवद्धताका लागि सबैमा आग्रह गर्नु भएको छ।

**माननीय मन्त्री श्री पार्वत गुरुङज्यू**ले यस वर्षको बालदिवसको अवसरमा बालबालिका एवम् सबै सरोकारवालाहरूलाई शुभकामना व्यक्त गरी बाल अधिकार हनन् हुन नदिने प्रतिवद्धतासहित कोभिड-१९ को विषम् परिस्थितिमा पनि विशेष सावधानी अपनाउँदै बाल अधिकारको क्षेत्रमा कार्यरत सम्बद्ध सबैलाई धन्यबाद दिनु भएको छ। सरकारले बाल अधिकार संरक्षणका विषयहरूलाई उच्च प्राथमिकतामा राखेको, बालबालिकामाथि हुने सबै किसिमका हिंसा र दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति रहेको, "सडक बालबालिकामुक्त राष्ट्र" निर्माण गर्ने अभियानलाई तीब्रता दिइएको, "समृद्ध नेपालः सुखी नेपाली"को राष्ट्रिय संकल्पलाई पूरा गर्न बालबालिकाको विषय पर्याप्त लगानी गर्दै आएको जानकारी दिनु भएको छ।

बालबालिकाको विषय सरकारको मात्र नभई सबै सरोकारवालाहरूको विषय भएकाले बालबालिकाको हक, अधिकार सुनिश्चित हुनेगरी थप जिम्मेवारी, प्रतिवद्धता र क्रियाशीलताका साथ काम गर्न सम्बद्ध सबै पक्षहरूलाई आह्वान गर्नुभएको छ । उपर्युक्त तीनैवटा शुभकामना सन्देशको पूर्ण पाठ अनुसूची ५ मा दिइएको छ ।

२०७७ सालको राष्ट्रिय बालदिवसको कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री यामकुमारी खतिवडाज्यूले राष्ट्रिय बाल दिवसको अवसरमा सबै बालबालिका तथा अभिभावकहरू लगायत सम्पूर्ण सबैमा शुभकामना व्यक्त गर्नु भयो । कोभिड-१९ को यस महामारीको अवस्थामा बाल अधिकारको संरक्षण, बालबालिकाको हक-हितको सुरक्षा तथा बालबालिकालाई उनिहरूको अधिकारको प्रत्याभूति दिलाउनु पर्ने विषय अत्याधिक चुनौतिपूर्ण रहेको छ भने बालबालिका थप जोखिममा पर्ने सम्भावना पनि उत्तिकै रहेको धारणा व्यक्त गर्नु भयो । तीनै तहका सरकारका विभिन्न निकायहरू, बालबालिकाको क्षेत्रमा योगदान दिने संघ-संस्थाहरू लगायत सबै सरोकारवालाहरूलाई आ-आफ्नो ठाँउमा सुरक्षित रहँदै बालबालिकाको हक-हित सुरक्षित गर्न र बाल अधिकारको संरक्षण र प्रवर्धन गर्नलाई थप उर्जा मिलोस भन्ने शुभेच्छा व्यक्त गर्नु भयो ।

यसैगरी, राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक, श्री मिलन राज धरेलज्यूले राष्ट्रिय बाल दिवसको अवसरमा सबैलाई शुभकामना व्यक्त गर्नुभयो । नेपाल सरकारले विभिन्न ऐन, कानूनहरू, नीति तथा कार्यक्रमहरू, आवधिक योजनाहरू मार्फत बालबालिकाको संरक्षण, सुरक्षा, शिक्षा, स्वास्थ्य र सहभागिता लगायतका विषयमा उल्लेख्य व्यवस्थाहरू गरेको छ र आउँदा दिनहरूमा बाल संरक्षण र विकासका विषयमा नवीनतम प्रयास हुन जरुरी भएको धारणा व्यक्ति गर्नु भयो । यसैगरी, मुलुक संघीय प्रणालीमा गइसकेको सन्दर्भमा संघीय सरकारको मात्र एकल प्रयत्नले सबै कानूनी तथा नीतिगत व्यवस्थाहरूको कार्यान्वयन गर्न सम्भव छैन । यस अवस्थामा स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारका बाल अधिकारसँग सम्बन्धित सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य हुनु जरूरी छ । बालबालिका सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियामा बालबालिकाको आवाजहरूको सुनुवाई हुनु तथा उनिहरूको सहभागिता हुनु उत्तिकै आवश्यक छ । यस प्रक्रियामा विकासका साझेदारहरू, नागरिक संघ-संगठनहरूको समन्वय र सहकार्य पनि त्यतिकै जरूरी रहेको छ ।

बाढी, पहिरो, कोभिड-१९ लगायतका विपद्को परिस्थितिमा स्वास्थ्य संकट तथा संरक्षणको अभाव लगायतबाट बालबालिका प्रभावित भएको अवस्थामा बालबालिकाको शारीरिक, मानसिक सुरक्षाका साथै उनिहरूको सहभागिता र मनोरञ्जनको अधिकारलाई सुनिश्चित गर्न हामी सबै अभिभावकहरू, समुदायका नेतृत्वकर्ताहरू, राज्यका निकायमा रहेका नीति निर्माताहरू र निर्णयकर्ताहरूले साझा रूपमा सामूहिक प्रयत्नलाई अगाढी बढाऔं भन्ने अनुरोध व्यक्त गर्नु भयो । यदि बालबालिका सुरक्षित र बलियो भए भने मात्र परिवार बलियो हुन्छ, समाज बलियो हुन्छ, राज्यको जग बलियो हुन्छ र बलियो बालबालिकाबाट मात्र हामी बलियो राज्यको अपेक्षा गर्न सक्छौं भन्दै राष्ट्रिय बाल दिवस, २०७७ को अवसरमा सबै नेपाली बालबालिकासँग सहकार्य गर्ने, उहाँहरूको आवाजलाई सुन्ने प्रतिवद्धता सहित शुभकामना व्यक्त गर्नु भयो ।

## १.११ निष्कर्ष

नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि महासन्धिका प्रावधानहरू अनुकूल हुनेगरी संवैधानिक, कानूनी, नीतिगत, योजनागत र संस्थागत व्यवस्थामा सुधार गर्दै बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा लगानी वृद्धि गर्दै आएको छ । बालबालिकाको विषयमा प्राथमिकता सहित विषयगत क्षेत्रहरूमा नीति, कार्ययोजना र कार्यक्रमहरू कार्यान्वयन गरिएको परिणामस्वरुप बालबालिकासँग सम्बन्धित सूचकाङ्कहरूमा गुणात्मक र परिमाणात्मक उपलब्धि भएको छ । प्रत्येक प्रदेश र पालिकाबाट बालबालिकाको विषयमा थप ध्यान दिई नीति, योजना तर्जुमा गर्दै विभिन्न कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् । यसको परिणामस्वरुप २०४८-२०४९ सालतिरको तुलनामा यस आर्थिक वर्षसम्ममा बालबालिकाको जीवनमा प्रभाव पार्ने गुणात्मक र परिमाणात्मक सूचकहरूमा उल्लेखनीय सुधार भएका छन् ।

उल्लिखित प्रयासहरू र उपलब्धीहरू हुँदाहुँदै पनि आधारभूत आवश्यकताको उचित उपभोग गर्नबाट बञ्चित रहेका, विभिन्न हिंसा, दुर्व्यवहारबाट पिडीत तथा प्रभावित भएका, विशेष संरक्षणको आवश्यक भएका बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनका लागि अझबढी नतिजामूलक कार्यहरू गर्न संघ, प्रदेश र स्थानीय तहबाट उल्लेख्य कार्यहरू गर्नुपर्ने देखिएको छ भने विभिन्न विकास साझेदार संस्थाहरूबाट पनि बाल अधिकार प्रवर्द्धनको दिशातर्फ उन्मुख हुन थप प्रयास एवम् सरकारी निकायहरूसँग अझबढी सहकार्य गर्नु आवश्यक देखिएको छ ।

♦

# परिच्छेद : २

# बाल बचावट

## २.१ परिचय

यस परिच्छेदमा विशेषगरी बाल अधिकार सम्बन्धी महासन्धिको बालबालिकाको दीर्घ जीवन र विकास (धारा ६) एवम् स्वास्थ्य सम्बन्धी अधिकार (धारा २४) बमोजिमका प्रावधानहरू अन्तर्गत मूलतः गर्भ र जन्मको अवस्था, खोप, शिशु तथा बाल मृत्युदर, बाल पोषण, एचआइभी/एड्स संक्रमित तथा प्रभावित बालबालिका एवम् बालस्वास्थ्यजस्ता विषयहरू समावेश गरिएका छन् ।

नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३ मा प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपान, विभिन्न रोग विरुद्धका खोपहरू र स्वास्थ्य उपचार पाउने र प्रत्येक बालबालिकालाई निःशुल्क औषधि उपचार पाउने अधिकारको व्यवस्था रहेको छ ।

## २.२ सुरक्षित गर्भ र जन्मको अवस्था

नेपाल सरकार गर्भवतीको स्वास्थ्यप्रति संवेदनशील छ । गर्भ र जन्मको अवस्था बाल बचावटको आधार हो । मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा यदि गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको रायसहित गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भपतन गराउन सकिने व्यवस्था छ । साथै, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ तथा रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआईभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराउन सकिने प्रावधान छ । तर कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन र गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई गैरकानूनी कार्य मानिएको छ । साथै, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा अवाञ्छित वा गर्भवतीको स्वास्थ्यमा खतरा उत्पन्न हुन सक्ने अवस्थामा गर्भपतन गराउन सकिने, तर बलपूर्वक गर्भपतन गराउन र लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने व्यवस्था रहेको छ । जन स्वास्थ्य सेवा ऐन, २०७५ मा गर्भवती, नवजात शिशु सेवा पाउने हकको व्यवस्था छ । यी कानूनी व्यवस्थाहरूबाट नेपालमा व्याप्त रहेको छोरा प्रतिको मोह अथवा छोरी प्रतिको पूर्वाग्रह तथा भेदभावका कारण हुने स्त्री जातिको भ्रुणको हत्याको परिपाटीलाई निरुत्साह गर्ने प्रयास भएको छ । कसैले भ्रुणहत्या गरेमा वा गराएमा गर्भधारणको अवधि हेरी १ वर्ष देखि ५ वर्षसम्म कैद र दश हजारदेखि

पचास हजारसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ[1] । यी कानूनी व्यवस्था हुँदाहुँदै पनि समाजमा छोराप्रतिको मोह अझै व्याप्त रहेको छ ।

स्वास्थ्य सेवा विभागको प्रतिवेदन अनुसार आ.व. २०७३/०७४ मा प्रसूतिपूर्व कम्तीमा चारपटक गर्भजाँच गराउने ५३ प्रतिशत र आ.व. २०७४/०७५ मा ५० प्रतिशत रहेकोमा आ.व २०७५/७६ मा ५६ प्रतिशत पुगेको छ । गर्भवती र बच्चाको स्वास्थ्यको लागि आइरन, क्याल्सियम, भिटामिन लगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ । विभिन्न किसिमका खोपहरू समुदाय एवम् स्वास्थ्य संस्थाहरूमा प्रदान गरिन्छ । सरकारी अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलालाई निःशुल्क सेवा उपलब्ध गराई यातायात खर्चसमेत प्रदान गर्ने गरिएको छ । पूर्व प्रसूति र प्रसूतिपश्चात प्रदान गरिनु पर्ने स्वास्थ्य सेवा पनि सञ्चालनमा रहेको छ । केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ बाट दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति गरेको प्रतिशत ७९.३ पुगेको र स्वास्थ्य संस्थामा प्रसुति गराउने प्रतिशत ७७.५ पुगेको पाइएको छ ।

यी सेवासुविधामा सबै लक्षित समूहका महिला तथा शिशुहरूको पहुँच सुनिश्चित हुन बाँकी रहेको देखिएको छ । छोराको चाहनामा छोरी गर्भमा हुँदा एवम् अनिच्छित गर्भ हुँदा विवाहित महिलाहरूबाट र अविवाहित किशोरीहरूबाट गर्भपतन गराउने घटनाहरू प्रकाशमा आइनै रहेको छ । आ.व. २०७६/७७ मा विभिन्न सञ्चार माध्यमबाट गर्भपतनका १९ वटा घटनाहरू सार्वजनिक भएका छन् । जसमा अधिकांश १४ वर्षदेखि १८ वर्षसम्मका बालिकाले गर्भपतन गराएका घटना विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक भएको छ ।

गर्भ, गर्भवती र नवजात शिशुको स्थितिमा सुधार ल्याउनु, सिफारिस प्रणाली प्रभावकारी बनाउनु, प्रसूति केन्द्रको सेवा नियमित गर्नु, २४सै घण्टा प्रसूति केन्द्र तथा अस्पतालमा आवश्यक सेवा उपलब्ध हुनु, प्रसूतिपूर्व कम्तीमा चारपटक गर्भजाँच गराउने संख्या वा प्रतिशत बढाउनु लगायत सुरक्षित यौन जीवनसँग सम्बन्धित सचेतनाका कार्यहरू सबै समुदायसम्म पर्याप्त सचेतनाका कार्यहरू पुऱ्याउनु र आम स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा सबैले महसुस गरी सुधार ल्याउनु नितान्त आवश्यक देखिएको छ । यस कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारी संयन्त्रका साथै विकास साझेदार संस्था र निजी क्षेत्र सबैको प्रयास तथा योगदान बढाउनु जरुरी छ ।

## २.३ खोप र शिशु तथा बाल स्वास्थ्य

बाल स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयनमा रहेको छ । नवजात शिशु र बालरोगको समुदायमा आधारित एकीकृत व्यवस्थापन कार्यक्रम सबै जिल्लाहरूमा सञ्चालनमा छ । यस एकीकृत प्याकेजले नवजात शिशुको विभिन्न स्वास्थ्य समस्याहरूको सम्बोधन गर्दछ । सुत्केरी, नवजात शिशु र बाल स्वास्थ्यमा खतरायुक्त सङ्केत देखिएमा तत्काल समस्याहरू तत्काल सम्बोधन गर्नका लागि स्वास्थ्य जाँच नगरिकनै प्रयोग गर्न सकिने किसिमका सामान्य औषधिहरू महिला स्वास्थ्य स्वयम् सेवकबाट समेत वितरण गर्ने कार्यहरू गरिन्छ । बाल स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको नतिजास्वरुप शिशु र बाल

१ नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६ , पेज २७

स्वास्थ्यमा सुधार आएको छ। पन्ध्रौं योजनामा बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने रणनीति लिइएको छ।

बालबालिकाका लागि दिइने खोपहरू प्रभावकारी रुपमा सञ्चालन गर्ने देशहरूमा नेपाल पनि पर्दछ। राष्ट्रिय खोप ऐन २०७२ लागू छ। दक्षिण एसियाली मुलुकहरूमा राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो मुलुक हो र राष्ट्रिय खोप कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ। यस कार्यक्रमलाई प्रभावकारी बनाउन विस्तृत बहु-वर्षीय योजना (सन् २०१७-२०२१) कार्यान्वयनमा रहेको छ। २०६९ सालदेखि "पूर्ण खोप कार्यक्रम" कार्यान्वयन गरेको छ। आ.व. २०७५/७६ भित्र करिब ८० प्रतिशत पालिकाहरूले पूर्ण खोप पालिका घोषणा गरेका छन भने ५८ जिल्लाले "पूर्ण खोप जिल्ला" घोषणा गरिसकेका छन्। गण्डकी प्रदेशले "पूर्ण खोप प्रदेश" घोषणा गरिसकेको छ। नेपालले रुबेला र हेपाटाइटिस "बि" नियन्त्रणको लक्ष्य पूरा गरिसकेको छ। विगत तीन आर्थिक वर्षमा विभिन्न किसिमका खोप पाउने बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३: विभिन्न खोप पाउने बालबालिकाको विवरण

| क्रसं | खोप | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|
| | बिसिजी (१ वर्षमुनिका) | ९१.३४ | ९२ | ९१ |
| | डिपिटी-हेपB-हिप ३ (१ वर्षमुनिका) | ८६.४९ | ८१.८ | ८६ |
| | दादुरा/रुबेला (१ वर्षमुनिका) | ८४ | ८१.३ | ७३ |
| | पूर्ण खोप पाएका बालबालिका (%) | ७३ | ७० | ७० |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७३/७४ - २०७५/७६*

माथिको तालिकाबाट विभिन्न खोप पाएका बालबालिकाको प्रतिशतमा केही उतरचढाव देखिएको छ। तर पूर्ण खोप पाएका बालबालिकाको प्रतिशत भने आ.व. २०७३/७४ मा भन्दा पछिल्लो दुइवर्षमा केही घट्न गई ७० प्रतिशत मात्र रहेको देखिएको छ।

केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण २०७६ अनुसार बिसिजी (२ वर्षमुनिका) खोप पाएका बालबालिका आ.व. २०७६/७७ मा ९५.७ प्रतिशत पुगेको देखिएको छ भने दादुरा/रुबेला (२ वर्षमुनिका) खोप पाएका बालबालिका ८७.१ प्रतिशत र पूर्ण खोप पाएका बालबालिका ७०.२ प्रतिशत देखिएको छ। विभिन्न किसिमका खोप पाएका बालबालिकाको प्रतिशतमा विगत वर्षहरूदेखिनै क्रमशः सुधार हुँदै आएको छ। विभिन्न रोगहरूबाट सुरक्षित राख्न वा बचाउन दिइने अति आवश्यक खोप पाउनबाट बञ्चित बालबालिका अझै पनि उल्लेख्य रहेको देखिएको छ। यसप्रति सबै तहका सरकार, विकास साझेदार संस्थाहरू, गैरसरकारी संस्थाहरू, परिवार, समुदाय लगायत सञ्चार माध्यमको ध्यानाकर्षण हुन र आउँदा दिनहरूमा आवश्यक सबै किसिमका खोपहरूमा सबै लक्षित बालबालिकाको पहुँच पुऱ्याउन अति जरुरी देखिएको छ। यसैगरी, आवश्यक खोप पाउने बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि पर्याप्त जनशक्ति, सूचना व्यवस्थापन, खोपको उचित भण्डारण तथा व्यवस्थापन, रणनीतिक खोप

योजना जस्ता विषयहरूमा थप ध्यान दिई बालबालिकाको समयमै उचित स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गरिनु आवश्यक देखिन्छ।

नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेको बेलादेखि हालसम्म आउँदा बाल स्वास्थ्यको क्षेत्रमा प्राथमिकताका साथ लगानी वृद्धि गर्दै आएको परिणामस्वरुप नवजात शिशु, शिशु र बाल मृत्युदरमा उल्लेख्य सुधार आएको छ। यी सूचकहरूमा आर्थिक वर्ष २०४८/४९ देखि २०७६/७७ सम्ममा भएको सुधार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४: बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति, २०४८/४९-२०७६/७७

| सूचक | २०४८/०४९ | २०५८/०५९ | २०६८/०६९ | २०७३/०७४ | २०७६/०७७ |
|---|---|---|---|---|---|
| नवजात शिशु मृत्युदर (प्रति हजारमा) | ५०¥ | ३९¥ | ३३¥ | २१¥ | १६M |
| शिशु मृत्युदर (प्रति हजारमा) | १०८© | ६४© | ४६¥ | ३२¥ | २५ M |
| बाल मृत्युदर (प्रति हजारमा) | १६२© | ९१© | ५४© | ३९¥ | २८ M |

नोटः तोकिएको वर्षको तथ्याङ्क उपलब्ध नभएको अवस्थामा सबभन्दा नजिकको वर्षको तथ्याङ्क राखिएको छ।

© *नेपाल सहस्राव्दी विकास लक्ष्यः स्थिति प्रतिवेदन सन् २०१५, २०२० । राष्ट्रिय योजना आयोग*

¥ *नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् १९९६ - २०१६*

M केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६

उपर्युक्त तालिकाबाट करिब तीन दशकको अवधिमा नवजात शिशु, शिशु र बाल मृत्युदरमा आमुल सुधार आएको देखिएको छ। यो सुधारको क्रमलाई दिगो बनाउन बाल स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिँदै नवीनतम उपायहरूको अवलम्बन हुन जरुरी छ।

एचआइभीको संक्रमणबाट निर्दोष बालबालिका समेत संक्रमित तथा प्रभावित भएका छन्। आमाबाट नवजात शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम अर्थात प्रिभेन्सन अफ मदर टु चाइल्ड ट्रान्समिसन कार्यक्रम लगायत एचआइभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद सहयोगको कार्य सञ्चालनमा छ। आ.व. २०७६/७७ मा ७०३ जना बालक र ५९९ बालिका गरी जम्मा १,३०२ जना बालबालिकालाई नगद सहयोग गरिएको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट सम्पादन गरिएको "राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण, २०७६" अनुसार १६ वर्ष उमेर समूहका ५.२ प्रतिशत बालबालिकामा (५.३% बालिका र ५% बालक) मानसिक समस्या रहेको देखिएको छ। प्रदेशत रुपमा सबैभन्दा बढी प्रदेश-१ मा ११.४ प्रतिशत बालबालिकामा यस्तो समस्या रहेको देखिएको छ। यस्ता समस्या हुँदा कतिपयले अरु मानिसले पागल भन्लाकि भन्ने डरले, आफ्नो समस्या कहाँ गएर समाधान गर्ने भन्ने जानकारी नहुनाले साथै यस्तो समस्या आफै निको हुन्छ होला भन्ने सोचाइले चिकित्सकको परामर्शका लागि नजाने गरेको निष्कर्ष समेत सर्वेक्षणको रहेको देखिएको छ।

## २.४ पोषण

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ र जनस्वास्थ्य सेवा ऐन, २०७५ मा बालबालिकाको पोषण सम्बन्धी व्यवस्था सुनिश्चित भएको छ। संयुक्त राष्ट्र संघको विशेष सभाले सन् २०१६-२०२५ को दशकलाई पोषण कार्यको दशकको रुपमा घोषणा गरेको छ। नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण रणनीति, २००४ कार्यान्वयनमा रहेको छ। यसैगरी बहु-क्षेत्रीय पोषण योजना कार्यान्वयनमा रहेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मातृशिशु तथा बालबालिकाको पोषण स्थिति सुधारका लागि रणनीतिक योजना कार्यान्वयनमा रहेको छ।

गम्भीर कुपोषणबाट बालबालिकाको मृत्यु हुने अवस्थाको न्यूनीकरण गर्न काठमाण्डौं उपत्यकाका तीन जिल्लासमेत जम्मा १९ जिल्लाहरूमा पोषण पुनःस्थापना गृह सञ्चालनमा रहेका छन्[२]। Iron deficiency anaemia नियन्त्रण गर्नको लागि गर्भवती तथा सुत्केरीलाई पुरक आइरन फोलिक एसिड सबै जिल्लाहरूमा वितरण गरिन्छ। पुरक पोषिलो खानेकुरा वितरण गर्ने कार्यक्रम समेत सञ्चालनमा छ। आयोडिनको कमीबाट हुने समस्या नियन्त्रण गर्न आयोडिनयुक्त नुनको वितरण व्यापक भएको छ। भिटामिन "ए"को कमीबाट हुने समस्या निराकरण गर्नको लागि राष्ट्रिय भिटामिन "ए" कार्यक्रम सञ्चालनमा रहेको छ। यसका साथै बालबालिकामा जुका नियन्त्रणका लागि १२-५९ महिनाका बालबालिकालाई जुकाको औषधि वितरण गर्ने गरिएको छ। विद्यालय शिक्षा र बालस्वास्थ्य तथा पोषणबीच अन्तरसम्बन्ध विकास गरी बालबालिकाको स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउनका लागि विद्यालय स्वास्थ्य र पोषण रणनीति तथा कार्यक्रम कार्यान्वयन भइरहेको छ। आइरनको उच्च भार कम तथा नियन्त्रण गर्न १०-१९ वर्षका किशोरीहरूलाई पनि आइरन फोलिक एसिड चक्की वितरण गर्ने कार्य चलिरहेको छ। बालबालिकाको वृद्धि अनुगमन र परामर्श कार्य निरन्तर छ[३]। विगत तीन दशकको अवधिमा बालबालिकाको पोषण सम्बन्धी सूचकहरूमा भएको सुधार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५: बालबालिकाको पोषण सम्बन्धी सूचक र स्थिति (आ.व. २०४८/४९-२०७६/७७)

| क्रसं | सूचक | २०४८/०४९ | २०६८/०६९ | २०७६/०७७ |
|---|---|---|---|---|
| | कुपोषण - उचाई अनुसार तौल नपुगेका (६-५९ महिनाका) बालबालिका (%) | ५७[©] | २९[¥] | २४.३[S] |
| | कुपोषण - उमेर अनुसार उचाई नपुगेका (६-५९ महिनाका) बालबालिका (%) | ६०[©] | ४१[¥] | ३१.६[S] |
| | ख्याउटे बालबालिका (%) | – | १३[¥] | १०[S] |
| | पाँच वर्षमुनिका एनिमिया भएका बालबालिका (%) | – | ४६[¥] | ५२.७[S] |

नोटः तोकिएको वर्षको तथ्याङ्क उपलब्ध नभएको अवस्थामा सबभन्दा नजिकको वर्षको तथ्याङ्क राखिएको छ।

© *नेपाल सहस्राब्दी विकास लक्ष्यः स्थिति प्रतिवेदन सन् २०१५, राष्ट्रिय योजना आयोग*

¥ *नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् १९९६ - २०१६, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

S *दीगो विकास लक्ष्यको प्रगति प्रतिवेदन, २०७७, राष्ट्रिय योजना आयोग*

---

२ *काठमाण्डौं, झापा, मोरङ, सप्तरी, धनुषा, पर्सा, कास्की, बाग्लुङ, चितवन, रुपन्देही, बाँके, दाङ, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा।*

३ *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६ , पेज ३२*

उपर्युक्त तालिकाबाट तीन दशकको अवधिमा बालबालिकाको कुपोषण सम्बन्धी सूचकहरूमा उल्लेख्य सुधार भएको देखिएको छ । तर ख्याउटे बालबालिका र एनिमिया भएका बालबालिकाको स्थितिमा भने सन्तोषजनक सुधार भएको देखिँदैन । बालबालिकाको पोषण स्थिति सुधार गर्ने उद्धेश्यले विविध कार्यक्रमहरू सञ्चालन हुँदाहुँदै पनि बालबालिकामा कुपोषण समस्या अझै विद्यमान रहेको छ । यस स्थितिमा बालबालिकाका लागि उचित खाना र खाना खुवाउने बानी एवम् सरसफाईमा व्यापक जनचेतना फैलाउने, पुरक खाना पर्याप्त वितरण गर्ने, स्वास्थ्य र पोषण कार्यक्रम विस्तार गर्ने जस्ता कार्यहरूमा थप ध्यान दिनु जरुरी छ । यस कार्यहरूमा परिवार, समुदाय, तीनै तहका सरकार, विकास साझेदार लगायत अन्य सबै सरोकारवालाहरूको थप योगदान आवश्यक छ ।

## २.५ स्वास्थ्य संस्थाहरू

बालबालिकालाई समेत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि देहाय बमोजिमका स्वास्थ्य संस्थाहरू कार्यरत रहेका छन् ।

तालिका ६: आर्थिक वर्ष २०७२/७३ देखि २०७६/७७ सम्मको स्वास्थ्य संस्थाको संख्या

| स्वास्थ्य संस्था | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७६/७७ES |
|---|---|---|---|---|
| अस्पताल | १११ | १२३ | १२५ | १२५ |
| प्राथमिक स्वास्थ्य केन्द्र | २०२ | २०० | १९८ | २०३ |
| स्वास्थ्य चौकी | ३८०३ | ३८०५ | ३८०५ | ३८०५ |
| उपस्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र | | | १२०० ES | २६२६ |
| आयुर्वेद संस्था | ३८४ | ३८४ | ३८४ | ३९५ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७२/०७३ - २०७५/०७६*

ES *अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, २०७६/७७*

उपर्युक्त स्वास्थ्य संस्थाहरूबाहेक निजी स्वास्थ्य संस्थाहरूबाट बालबालिका लगायत आम जनसमुदायलाई विभिन्न किसिमका स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

## २.६ निष्कर्ष

सुरक्षित गर्भ र जन्मको अवस्था, खोप, शिशु तथा बाल स्वास्थ्य लगायत पोषणको स्थितिमा सुधार गरी बाल अधिकार प्रवर्द्धन गर्न सरकार प्रतिवद्ध भए अनुसार नीति तथा योजना अनुसार कार्यक्रमहरूमा लगानी वृद्धि हुँदै आएको छ । यसको परिणामस्वरुप बालस्वास्थ्यका विभिन्न सूचकहरूमा उल्लेख्य सुधार आएको तथ्य सूचना तथा तथ्याङ्कले पुष्टी गरेको छ । यस कार्यमा दातृ निकाय, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र लगायत सञ्चार माध्यमको समेत योगदान रहेको छ ।

बालस्वास्थ्यका क्षेत्रमा उल्लेखनीय सुधार भएको सन्दर्भमा पनि बालबालिकाको स्वास्थ्यको अधिकार, स्वास्थ्य संस्थाहरूमा बालमैत्री व्यवस्था, संक्रामक रोगहरूको सम्बोधनका क्रममा बालमैत्री व्यवस्था र व्यवहार तथा दुर्घटना तथा चोटपटकबाट बालबालिकाको संरक्षणका क्षेत्रमा पनि थप प्रभावकारी कार्यहरू गर्न जरुरी देखिएको छ । जनस्वास्थ्य अनुसन्धानका कार्यहरूमा बालबालिका केन्द्रित अनुसन्धान तथा बालबालिकाको निःशुल्क स्वास्थ्य सेवाको हकलाई सबलीकरण गर्न थप प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ । यसका लागि तीनै तहका सरकारहरू, विद्यमान स्थानीय स्वास्थ्य सेवा संयन्त्रहरूको परिचालन र अन्य सम्बद्ध क्षेत्रबाट कार्यान्वयनका कार्यक्रमहरू थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

♦



# परिच्छेद: ३

# बाल संरक्षण

## ३.१ परिचय

यस परिच्छेदमा बाल अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरूमध्ये आमाबाबुबाट गरिने स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४), अपहरण र बेचबिखन (धारा ३५), बालन्याय (धारा ४०) एवम् बाल संरक्षणका विभिन्न विषयहरूमा सम्बन्धित हुने संविधान तथा विभिन्न कानूनका प्रावधानहरू लगायतका उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ ।

## ३.२ बालश्रम

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । ऐनको दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । बालबालिकालाई हानि हुने, शिक्षामा बाधा अड्चन हुने, स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने कुरा सुनिश्चित गरेको छ । उपदफा (९) ले १४ बर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ । श्रम ऐन, २०७४ को दफा ५ बमोजिम कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउनु हुँदैन भन्ने व्यवस्था भएको छ । बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ४८ अनुसार जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्नु पर्ने कानूनी व्यवस्था छ ।

अन्तर्राष्ट्रिय श्रम सँगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं. १३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर 'आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको

दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने' व्यवस्था छ। निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं. १८२) लाई क्रमशः सन् २००३ र २००४ मा नेपाल सरकारले अनुमोदन गरेको छ। यस महासन्धिको प्रावधान अुनसार बालबालिकालाई जोखिमयुक्त बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने, जोखिमयुक्त बालश्रमबाट बालबालिकाको उद्धार गरी उनीहरूलाई समाजमा पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक तथा उपयुक्त प्रत्यक्ष सहयोग प्रदान गर्ने, जोखिमयुक्त बालश्रमबाट मुक्त गरिएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन र सम्भव भएसम्म उपयुक्त व्यवसायिक तालिम दिन पहल गर्ने लगायतका व्यवस्था गरेको छ। बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धि २००१ (नं. १२९), अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धि २००१ (नं. १४४) मा पनि नेपालले हस्ताक्षर गरेको छ।

पन्धौं योजना (२०७६/०७७ - २०८०/०८१) मा राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने रणनीति अवलम्बन गरिएको छ। दिगो विकास लक्ष्य अन्तर्गत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरू अपनाउने उल्लेख गरिएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको दोस्रो १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) लागू भएको छ। यस गुरुयोजनाको उद्देश्य नेपालबाट सबै प्रकारको बालश्रम पूर्ण रुपमा निवारण गरी राष्ट्रलाई बालश्रमरहित बनाउने रहेको छ। गुरुयोजनाको लक्ष्यहरूमा २०७९ साल सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र २०८२ साल सम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने रहेको छ।

संविधान र कानूनले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन बन्देज लगाए पनि, नीति र योजनामा बालश्रम न्यूनीकरणका प्रावधानहरू तर्जुमा गरिए पनि, बालश्रम लक्षित विविध कार्यक्रमहरू सरकार र विकासका साझेदार संस्थाहरूले कार्यान्वयनमा सहयोग गरे पनि बालश्रमको समस्या भने अझै उल्लेख्य रुपमा  रहेको देखिएको छ।

नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार १,०४,७१४ जना बालबालिका (बालकः ५६,२६७ र बालिका ४८,४४७) कामकाजमा संलग्न रहेको पाइएको छ। केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ। ५ देखि ११ वर्ष उमेर समूहका कम्तिमा १ घण्टा कामकाजमा संलग्न बालबालिका २७.९ प्रतिशत (बालक २९.९ र बालिका २६.५) रहेको पाइएको छ। १२ देखि १४ वर्ष उमेर समूहका कामकाजमा संलग्न १४ घण्टाभन्दा कम ४४.२ प्रतिशत (बालक ४३.४ र बालिका ४४.८), १४ घण्टाभन्दा बढी १५.२ प्रतिशत (बालक १२.३ र बालिका १७.६) बालबालिका रहेको देखिएको छ। केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको नेपाल श्रमशक्ति सर्वेक्षणमा, २०७६ बाट १७ वर्षमुनिका करिब २ लाख ८६ हजार बालबालिका आर्थिक लाभको कार्यमा संलग्न भएको पाइएको छ, तर उनीहरू सबै बाल श्रमिक नभएको उल्लेख गरिएको छ।

दशकौंदेखि नेपालमा बालश्रमविरुद्ध चेतना जागरण र सहयोगका कार्यक्रमहरू सरकारी र विकासका साझेदार संस्थाहरूबाट चलिनै रहेको छ। यसैको फलस्वरुप केही महानगर र नगरमा बालश्रम न्यूनीकरणका लागि उल्लेख्य प्रयास भएका छन् । होटल, रेस्टुरेन्ट, बजार, वडा तथा नगरलाई बालश्रम मुक्त बनाउने क्रमको थालनी समेत भएको पाइन्छ।

बालश्रम विरुद्धको कानूनी व्यवस्था हुँदाहुँदै पनि सामान्यतयाः रोजगारको अनौपचारिक क्षेत्र (रेष्टुरेन्ट, यातायात, निर्माण, कृषि, साना तथा घरेलु उद्योग, गलैंचा कारखाना, जरी कारखाना, इँटाभट्टा, आदि) लगायत घरेलु श्रममा पनि बालबालिकालाई संलग्न गराइएको देखिएको छ। उमेर ढाँटेर बालबालिकालाई जोखिमपूर्ण काममा समेत संलग्न गराइएका घटनाहरू पनि प्रकाशमा आएका छन् ।

आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न राष्ट्रिय दैनिक पत्रिका र विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित घटनाहरूमध्ये बालबालिकालाई विभिन्न काममा लगाएका २३ वटा घटनाहरूबाट ७९ जना बालबालिका (बालक ५७ र बालिका २२) प्रभावित भएको जानकारी सञ्चार माध्यमबाट प्रकाशमा आएका छन् । अधिकांश बालबालिका (६७ जना) पढाई खर्च जुटाउन विभिन्न काममा संलग्न भएको र ९ जना घरेलु तथा होटलमा एवम् ३ जना सार्वजनिक यातायातमा संलग्न भएको घटना सार्वजनिक भएको पाइएको छ। १० वर्ष वा सोभन्दा मुनिको १० जना बालबालिका समेत काममा संलग्न रहेको जानकारी रहेको छ।

वयस्कको तुलनामा बालबालिकालाई थोरै तलब र बढी समयसम्म काममा लगाउन सहज हुने लगायतका कारण बालश्रमको प्रयोग भइरहेको देखिन्छ । बालश्रमप्रति अझै पनि समाजमा चेतना नपुगेको तथा बालश्रमलाई सामाजिक रुपमा स्वीकार गरिएको एवम् कठिन अवस्थाका बालबालिकाका लागि सहयोगको कार्यक्रमको अभाव लगायतका कारण समेतले कतिपय क्षेत्रमा बालश्रम व्याप्त रहेको देखिन्छ। वैदेशिक रोजगारीका कारण श्रमशक्तिको अभाव भएका बेला नाइके वा ठेकेदारहरूले विभिन्न आर्थिक प्रलोभन देखाई बालबालिकालाई विकल्पको रूपमा समेत प्रयोग गर्ने गरेको जानकारी रहेको छ।

## ३.३ सडक बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था छ। नेपालको विभिन्न कानूनी एवम् नीतिगत व्यवस्थाहरूले सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारिक सहयोग र पुनर्एकीकरण, मनोसामाजिक मनोविमर्श लगायतका कार्यक्रम सञ्चालन गर्न राज्यलाई जिम्मेवार बनाएको छ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा सडक बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाउने, सडकमा आएका बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण केन्द्र (Transit Center) राख्ने एवम् परिवारमा पुनर्एकीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने, पारिवारिक सहयोग तथा मनोसामाजिक परामर्श गर्नेजस्ता कार्यहरू समावेश छ । नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले “सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२” जारी गरी तत्कालीन

केन्द्रीय बाल कल्याण समितिको संयोजनमा २०७३ साल बैशाखदेखि काठमाण्डौं उपत्यकाका सडकहरूमा जीवनयापन गरिरहेका बालबालिकाको उद्धार, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्एकीकरण, संस्थागत पुनःस्थापना लगायत आवश्यक तालिम प्रदान गर्नेजस्ता कार्यहरू सञ्चालन गरेकोमा उक्त कार्यहरू हाल राष्ट्रिय बाल अधिकार परिषद्ले सक्रियताका साथ निरन्तरता दिइरहेको छ ।

राष्ट्रिय बालदिवस, २०७७ को अवसरमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले आर्थिक वर्ष २०७७/७८ भित्र नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने नीति लिइएको सन्देश दिनु भएको छ । यसैगरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री पार्वत गुरुङज्यूले "सडक बालबालिकामुक्त राष्ट्र" निर्माण गर्ने अभियानलाई तीब्रता दिइएको जानकारी दिनु भएको छ ।

बालबालिकालाई सडकमा नआउने वातावरण सिर्जना गर्न पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बाल अधिकार सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू संघीय सरकारको तर्फबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्व र राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन र प्राविधिक सहयोगमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) एवम् प्रदेश सरकार, स्थानीय तह, संघसंस्थाको[1] सहकार्यमा काठमाण्डौं उपत्यका लगायत प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा सडक बालबालिकाको उद्धार र व्यवस्थापन कार्य प्रभावकारी रुपमा सञ्चालन भइरहेको छ । सो कार्यमा राष्ट्रिय बाल अधिकार परिषद्सँगको सहकार्यमा अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र र लागू औषध पुनःस्थापना केन्द्रहरूले समन्वयात्मक रुपमा कार्य गरिरहेको छ ।

यो कार्यक्रम शुरु भएदेखि २०७७ साल असार मसान्त सम्ममा १,२३५ बालक (८६%) र १९८ जना बालिका (१४%) गरी जम्मा १,४३३ जना बालबालिकाको उद्धार र व्यवस्थापन गरिएको छ । यी बालबालिकामध्ये जातिगत आधारमा सबभन्दा बढी आदिवासी/जनजातिका ६७३ जना (४७%), ब्राम्हण/क्षेत्री ४०७ जना (२८%), दलित २७१ जना (१९%), मधेशी ७२ जना (५%) र अन्य १० जना (१%) रहेको छ । उद्धार गरिएका बालबालिकामध्ये २५०२ जना (८७%) साक्षर अर्थात विद्यालय गएको पाइएको छ । यसैगरी ९७५ जना बालबालिकाको (६८%) दुवै बाबुआमा जीवित रहेको र १७२ जनाको (१२%) दुवै बाबुआमाको मृत्यु भइसकेको पाइएको छ । ती बालबालिका अधिकांश काठमाण्डौं उपत्यका र वरिपरी वा नजिकका

---

1 १. बाल आवाज, लुभु, ललितपुर (अस्थायी संरक्षण सेवा केन्द र सामाजिकीकरण केन्द्र)
२. सिपिसियस, गोदावरी, ललितपुर (अस्थायी संरक्षण सेवा केन्द र सामाजिकीकरण केन्द्र)
३. यूसेप नेपाल, सानोठिमी, भक्तपुर (सामाजिकीकरण केन्द्र)
४. एपिसी नेपाल, कालिमाटी, काठमाडौं (अस्थायी संरक्षण सेवा केन्द्र)
५. रक्षा नेपाल, सतुङ्गल, काठमाण्डौं
६. सोबर रिकवरी ट्रिटमेण्ट एण्ड रिह्याविलिटी सेन्टर बौद्ध जोरपाटी, काठमाडौं (लागु औषध पुनर्स्थापना केन्द्र)
७. भैरब युवा सशक्तीकरण केन्द्र, सुर्खेत (अस्थायी संरक्षण सेवा केन्द्र)
८. श्रमिक बालबालिकाको सामाजिक एकीकरण मञ्च, पोखरा (अस्थायी संरक्षण सेवा केन्द्र)
९. बाल आवाज, ईटहरी, सुनसरी (अस्थायी संरक्षण सेवा केन्द्र)

जिल्लाहरूका बढी रहेका छन् । यसबाहेक भारतबाट आएका बालबालिका ३० जना (२%) रहेका छन् । उद्धार गरिएका कूल बालबालिकामध्ये हाल सम्पर्क गृहहरूमा रहेका २५५ जना, सामाजिकीकरण केन्द्रहरूमा रहेका ९९ जना, विभिन्न बालगृहमा संरक्षणमा रहेका ५० जना, पारिवारिक पुनर्एकीकरण भएका ८१० जना, विभिन्न तालिममा पठाइएका १८४ जना र तालिम पूरा गरी काममा संलग्न रहेका ५९ जना रहेका छन् ।

आर्थिक वर्ष २०७६/७७ मा जम्मा ५७४ जना बालबालिका (बालक ४६५ र बालिका १०९) उद्धार गरी व्यवस्थापन गरिएको छ । यसमध्ये प्रदेश १ का १८ जना सुनसरीमा, गण्डकी प्रदेशका २७ जना पोखरामा र कर्णाली प्रदेशका १८ जना सुर्खेतमा व्यवस्थापन गरिएको छ । यसरी व्यवस्थापन गरिएकामध्ये हाल अस्थायी संरक्षण सेवा गृह र सामाजिकीकरण केन्द्रमा रहेका जम्मा ३५४ जना, परिवारमा पुनर्एकीकरण गरिएका जम्मा १२६ जना र ड्रपआउट भएका जम्मा ९४ जना रहेका छन् ।

## ३.४ बालविवाह

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ । मुलुकी देवानी संहिता ऐन २०७४ र मुलुकी अपराध (संहिता) ऐन २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः बदर हुने व्यवस्था छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघसंस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । दिगो विकासका लक्ष्यहरू (२०१६-३०) मा बालविवाह न्यूनीकरणको विषय समावेश भएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ अनुसार बालविवाह जस्ता कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बाल कल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्नु पर्ने कानूनी व्यवस्था छ ।

बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ । यस रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीय स्तर सम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालयबाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ । यसअनुरुप बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने कार्यको थालनी पनि भएको देखिन्छ ।

सार्कसँग आबद्ध रहेको “बालबालिकामाथि हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल”(SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र बालविवाह विरुद्धको प्रयास पनि हो । यसले सार्क मुलुकहरूमा “बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५–२०१८)” तयार गरी राष्ट्रिय संयन्त्रमार्फत बालविवाह विरुद्धमा आफ्ना प्रयासहरू केन्द्रित गरेको छ । उक्त रणनीति अनुकूल नेपाल सरकारले २०७१ साल कार्तिकमा “बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि” विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी “दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाण्डौं आह्वान” पारित गरिएको थियो ।

केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिएको थियो । नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरूमध्ये १५ वर्षमुनिका ५.२ प्रतिशत (पुरुष १.५% र महिला ७.९%) र १८ वर्षमुनिका २२.७ प्रतिशत (पुरुष ९% र महिला ३२.८%) को विवाह भएको पाइएको छ । यसैगरी, १५ देखि १९ वर्ष उमेर समूह व्यक्तिहरूमध्ये १२.८ प्रतिशत (पुरुष ५.३% र महिला १९.३%) विवाहित पाइएको छ । यसबाट बालविवाहको प्रतिशत घट्दै आएको देखिन्छ । विगत केही दशकदेखि नै बालविवाहविरुद्ध कानूनी, योजना र कार्यक्रमका उपायहरू अपनाउँदै आएको, विकासका साझेदार संस्था तथा नागरिक समाजबाट पनि बालविवाह विरुद्धका प्रयास भएको र समुदायमा चेतना अभिवृद्धि भएकोले बालविवाहका घटनाहरू कमी हुँदै आएको देखिएको छ । पछिल्लो समयमा कानूनले तोकेको उमेर नपुग्दै युवायुवतीहरूले मोवाइल फोन तथा सामाजिक सञ्जालको माध्यमबाट समेत स्वेच्छाले विवाह गरेका घटनाहरू प्रकाशमा आएका छन् ।

प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय अनुसार आ.व.२०७६/०७७ मा बालविवाहबाट ४१ जना बालिका पीडित भएको जानकारी प्राप्त भएको छ । उक्त बालिकाहरूमध्ये ११-१६ वर्ष उमेर समूहका २४ जना र १७-१८ वर्षका १७ जना रहेका छन् । प्रहरी कार्यालयमा दर्ता भएका बाहेकका घटनाहरूको जानकारी अध्यावधिक गर्न कठिनाई भएको छ ।

केही प्रदेशहरूबाट बालविवाह अन्त्य तथा न्यूनीकरणका लागि प्रतिवद्धता जनाएको पाइएको छ । प्रदेश १ ले २०८२ सालसम्ममा बालविवाहमुक्त प्रदेश घोषणा गर्ने, प्रदेश ३ ले २०७८ सम्ममा बालविवाहमुक्त गर्ने, प्रदेश २ ले “बेटी बचाऊ, बेटी पढाऊ” अभियानमार्फत बालविवाहलाई न्यूनीकरण गर्ने, सुदूरपश्चिम प्रदेशले “सानै छु म, बढ्न देऊ, बालविवाह हैन, पढ्न देऊ” अभियान सञ्चालन गरेको छ । स्थानीय तहबाट बालविवाह निराकरणका लागि बिमा गर्ने नीति समेत लिएका घटना प्रकाशमा आएको छ । बालविवाहविरुद्ध जनचेतना जागरण लगायत बालविवाह नियन्त्रण गर्ने कार्य समेत गैह्रसरकारी संस्था एवम् बालक्लवहरूबाट हुने गरेका घटनाहरू प्रकाशमा आइरहेका छन् ।

यस आ.व.मा विभिन्न २९ जिल्लाहरूमा १४० वटा बालविवाहका घटनामा २०८ जना बालबालिका (बालक ६८ र बालिका १४०) प्रभावित भएको जानकारी विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएको छ । यसमध्ये ६८ विवाह उमेर नपुगेका व्यक्तिहरूबीच, ४ विवाहमा बालिकाको अनमेल उमेरका पुरुषसँग

र ६८ विवाहमा बालिकाको वयस्क पुरुषसँग भएको पाइएको छ । बालविवाहका घटनाहरू अभिभावक मार्फतभन्दा बालबालिकाको आफु खुशीले गर्ने प्रवृत्ति बढीरहेको जानकारी रहेको छ । बालविवाह गरेका केही जोडीहरूलाई नेपाल प्रहरीले सम्झाइ बुझाइ गरी उनीहरूको शैक्षिक निरन्तरताको लागि अभिभावकलाई सल्लाह तथा सुझाव दिएका, २२ वटा घटनाहरू नेपाल प्रहरीबाट र १० वटा बालक्लबबाट गरी जम्मा ३२ वटा बालविवाह रद्द गरिएको जानकारी समेत सञ्चार माध्यमबाट प्रकाशित भएको छ ।

परापूर्वकालदेखि नै समाजमा बालविवाहको प्रचलन जकडिएर रहेकोले कानून र नीतिले बालविवाहलाई बन्देज लगाएता पनि अझै पनि बालविवाहको प्रचलन रहेको छ । विभिन्न समुदाय एवम् भौगोलिक क्षेत्रहरूमा हुने गरेका बालविवाहविरुद्ध उजुरी नहुनु वा ज्यादै कम उजुरी हुनु, बालबालिकाले नै आफु खुशी भागी विवाह गर्नु  लगायत बालविवाह विरुद्धको जनचेतनाबाट व्यक्ति, परिवार र समुदायको व्यवहार अपेक्षित रुपमा सुधार नहुनु बालविवाह न्यूनीकरणका लागि ठूलो समस्याको रुपमा रहेको छ ।

## ३.५ जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना तथा पुनर्एकीकरण

बाल अधिकार महासन्धि, १९८९ अनुसार कुनै पनि बालबालिकालाई आमाबाबुबाट अलग राख्न नहुने अथवा बालबालिकाको सर्वोत्तम हितको विपरितबाहेक बाबुआमासँगै बस्ने अधिकार हुन्छ (धारा ९) । बालबालिका विरुद्ध हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार, हेला वा उपेक्षा वा यौनदुराचार लगायतका शोषणहरूबाट बालबालिकालाई जोगाउन तथा पीडितको उपचारका लागि राज्यले उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनु पर्नेछ (धारा १९) । आफ्नो परिवारबाट बञ्चित कुनै पनि बालबालिकालाई राज्यले विशेष संरक्षण गर्नु पर्दछ र त्यस्ता बालबालिकालाई वैकल्पिक पारिवारिक स्याहार तथा संस्थागत स्याहारको व्यवस्था गर्नु पर्दछ (धारा २०) । प्रत्येक बाबुआमाबाट प्रत्येक बालबालिकालाई आफ्नो शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको व्यवस्था हुनु पर्दछ र आवश्यकता परेका परिवारलाई राज्यबाट सहायता समेत गर्नु पर्दछ (धारा २७) ।

यी व्यवस्थाहरू बमोजिम मूलतः परिवारबाट बाहिर जीवनयापन गर्न बाध्य भएका, हराएका र फेला परी परिवारविहीन भएका लगायत विभिन्न किसिमका जोखिम अवस्थामा परी अन्य कुनै व्यक्ति वा संस्था वा सरकारी संयन्त्रबाट सहयोगको आवश्यकता भएका बालबालिकाको उद्धार, सहयोग, संस्थागत पुनःस्थापना, पारिवारिक पुनर्एकीकरण गर्ने जस्ता कार्यहरू सरकारी र गैरसरकारी संस्थाहरूबाट भइरहेका छन् । यी विषयहरूसँग सम्बन्धित कार्यहरूलाई सम्बोधन गर्नका लागि बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) र बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) बाट विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस अन्तर्गत विशेषगरी हराएका/फेला परेका बालबालिकाको उद्धार तथा पुनःस्थापना एवम् जोखिममा रहेका बालबालिकाको उद्धार, सहयोग तथा पारिवारिक पुनर्स्थापनाका कार्यहरू भइरहेका छन् ।

### *३.५.१ हराएका/फेला परेका बालबालिकाको उद्धार तथा पुनःस्थापना*

हराएका बालबालिकाको खोजतलास गर्ने तथा फेला परेका, बेवारिस फेला परेका, बेचविखत तथा ओसारपसारमा परेका, अपहरणमा परेका बालबालिकाको उद्धार, सहयोग, संरक्षण र पुनःस्थापना लगायतका कार्यहरू गर्नुका साथै त्यस्ता घटना हुन नदिन र रोकथाम समेतको उपाय अपनाउन २०६३ साल मङ्सिर २२ गतेदेखि बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) काठमाण्डौंको भृकुटीमण्डपमा सञ्चालनमा रहेको छ। यस कार्यालयमा नेपाल प्रहरीको नेतृत्वमा प्रहरीहरू तथा राष्ट्रिय बाल अधिकार परिषद्को तर्फबाट अन्य कर्मचारीहरू कार्यरत रहने व्यवस्था छ। निःशुल्क टेलिफोन नं. १०४ का लीगि नेपाल दुरसञ्चार प्राधिकरणको सहयोग रहेको छ। काठमाण्डौं उपत्यकाबाहेक अन्य ७४ जिल्लाका जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र समेतमा विस्तार गरी सेवा नियमित सञ्चालन गरिएको छ। उपर्युक्त कार्यहरूमा थप प्रभावकारिता ल्याउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६ स्वीकृत गरेको छ।

आर्थिक वर्ष २०७५/०७६ मा हराएका बालबालिकाको संख्या ३,४२२ जना (बालक १,०५१ र बालिका २,३७१) रहेकोमध्ये २,५४० जना (बालक, ८२५ र बालिका, १,७१५) फेला परेको थियो। आर्थिक वर्ष २०७६/०७७ मा हराएर जानकारीमा आएकाको संख्या २,७२९ जना रहेको छ। सोमध्ये २,२१९ जना बालबालिका फेला परेको र बाँकीको खोजतलास जारी रहेको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७: बालबालिका हराएको, फेला परेको र खोजतलास जारी रहेको स्थिति, २०७६/०७७

| प्रदेश | | हराएका बालबालिका | | | हराएकामध्ये फेला परेका | | | खोजतलास जारी | | | फेला परेको % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | |
| प्रदेश नं.१ | | ९१ | ३०५ | ३९६ | ७७ | २४५ | ३२२ | १४ | ६० | ७४ | ८१.३१ |
| प्रदेश नं.२ | | १३३ | ५१४ | ६४७ | १०९ | ३४९ | ४५८ | २४ | १६५ | १८९ | ७०.७९ |
| प्रदेश नं.३ | उपत्यका | ८८ | ४० | १२८ | ६३ | २७ | ९० | २५ | १३ | ३८ | ७०.३१ |
| | उपत्यका बाहेक | ११२ | २६७ | ३७९ | ९५ | २४८ | ३४३ | १७ | १९ | ३६ | ९०.५० |
| गण्डकी प्रदेश | | ८९ | २८१ | ३७० | ६७ | २२८ | २९५ | २२ | ५३ | ७५ | ७९.७३ |
| लुम्बिनी प्रदेश | | १०७ | २४० | ३४७ | १०० | २१० | ३१० | ७ | ३० | ३७ | ८९.३४ |
| कर्णाली प्रदेश | | ८७ | १०२ | १८९ | ७२ | ९१ | १६३ | १५ | ११ | २६ | ८६.२४ |
| सुदूर पश्चिम प्रदेश | | १२४ | १४९ | २७३ | १०७ | १३१ | २३८ | १७ | १८ | ३५ | ८७.१८ |
| जम्मा | | ८३१ | १८९८ | २७२९ | ६९० | १५२९ | २२१९ | १४१ | ३६९ | ५१० | ८१.३१ |

*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

माथिको तालिकाबाट प्रायः सबै प्रदेशहरूबाट उल्लेख्य संख्यामा बालबालिका हराउने गरेको देखिएको छ। यसमध्ये सबैभन्दा बढी प्रदेश नं. २ बाट मात्र ६४७ जना बालबालिका हराएको देखिन्छ। उक्त प्रदेशबाट हराएका बालबालिका मध्ये ७०.७९ प्रतिशत बालबालिका फेला परेको देखिएको छ। सबभन्दा

कम कर्णाली प्रदेशबाट १८९ जना बालबालिका हराएकोमा १६३ जना अर्थात ८६.२४ प्रतिशत फेला परेको, हराएकोमध्ये सबभन्दा कम प्रदेश-२ मा ७०.७९ प्रतिशत मात्र फेला परेको देखिएको छ । गत आर्थिक वर्षमा कूल हराएकामध्ये ७२.२३ प्रतिशत बालबालिका मात्र फेला परेकोमा यस आर्थिक वर्ष २०७६/०७७ मा उल्लेख्य सुधार भई ८१.३१ प्रतिशत बालबालिका फेला परेको देखिएको छ । तथापी, कतिपय घटनामा हराएको सूचना दिने तर परिवार वा समुदायमा नै फेला परेमा सोको सूचना बालबालिका खोजतलास समन्वय केन्द्र, १०४ मा नदिने गरिएका कारण फेला परेको संख्या कम रहेको पनि अनुमान गरिएको छ । उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

तालिका ८ः उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या, २०७६/०७७

| क्रसं | उमेर समूह (वर्ष) | हराएका बालबालिका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| | ० – ५ | २६ | २१ | ४७ |
| | ६ – १० | ७६ | ३७ | ११३ |
| | ११ – १४ | ३७९ | ४०६ | ७८५ |
| | १५ – १८ | ३५० | १,४३४ | १,७८४ |
| | **जम्मा** | ८३१ | १,८९८ | २,७२९ |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

उमेर समूहको आधारमा सबैभन्दा बढी १,७८४ जना बालबालिका (हराएका बालबालिकाको ६५.३७ प्रतिशत) १५ देखि १८ वर्ष उमेर समूहका रहेको देखिन्छ । गत आर्थिक वर्ष (२०७५/०७६) यो उमेर समूहको हराएका बालबालिकाको संख्या २,०८७ (हराएका बालबालिकामध्ये ६०.९८ प्रतिशत) जना रहेको थियो । यसरी प्रत्येक वर्ष १५ देखि १८ वर्ष समेर समूहका बालबालिका बढी हराउने गरेको देखिएको छ र यसमा पनि बालिकाको प्रतिशत ८०.३८ रहनुले यस उमेर समूहमा बालिका किन बढी हराई रहेका छन् भन्ने विषयमा अध्ययन हुनु जरुरी देखिन्छ ।

कतिपय बालबालिका बेवारिस अवस्थामा फेला परेका हुन्छन् । यस्ता बालबालिका र हराएर फेला परेका बालबालिकालाई उनीहरूको परिवारको पहिचान गरी परिवारमा पुनर्मिलन गरिन्छ । बेवारिस फेला परेका, परिवारमा पुनर्मिलन गरिएका, हाल संरक्षण गृहमा रहेका र संरक्षण गृहबाट भागेका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

तालिका ९ः बेवारिस अवस्थामा फेला परेका र परिवारमा पुनःस्थापना गरिएका बालबालिकाको संख्या, २०७६/०७७

| जम्मा बेवारिस अवस्थामा फेला परेका | | | जम्मा परिवारमा पुनर्मिलन गरिएका | | | हाल बाँकी संरक्षण गृहमा रहेका | | | संरक्षण गृहबाट भागेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | **जम्मा** | बालक | बालिका | **जम्मा** | बालक | बालिका | **जम्मा** | बालक | बालिका | **जम्मा** |
| २४२ | ९५ | ३३७ | ११२ | ६५ | १७७ | १२६ | २९ | १५५ | ४ | १ | ५ |

*स्रोतः बालबालिका खोजतलास समन्वय केन्द्र, २०७७*

गत आर्थिक वर्षमा बेवारिस अवस्थामा फेला परेकामध्ये ६६.५४ प्रतिशत बालक रहेको पाइएको थियो भने यो आर्थिक वर्षमा सो प्रतिशत ७२ रहेको देखिएको छ । यसैगरी बेवारिस फेला परेकाहरूमध्ये गत आर्थिक वर्षमा ६०.४७ प्रतिशत बालबालिका परिवारमा पुनःस्थापना भएको थियो भने यो आर्थिक वर्ष २०७६/०७७ मा ५२.५२ प्रतिशत बालबालिकालाई परिवारमा पुनःस्थापना गरिएको छ । परिवारमा पुनःस्थापना हुन नसकेका बालबालिकालाई संरक्षण गृहमा राखिने गरिएको छ। यस आर्थिक वर्षमा संरक्षण गृहबाट ४ जना बालक र १ जना बालिका भागेर गएको जानकारी रहेको छ । बेवारिसे फेला परेका बालबालिकाको उमेर समूह अनुसारको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका १०: उमेर समूहको आधारमा बेवारिस अवस्थामा फेला परेका बालबालिकाको संख्या, २०७६/०७७

| क्रसं | उमेर समूह (वर्ष) | बेवारिस अवस्थामा फेला परेका बालबालिका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १. | ० – ५ | १६ | ८ | २४ |
| २. | ६ – १० | ९० | २१ | १११ |
| ३. | ११ – १४ | १११ | ३१ | १४२ |
| ४. | १५ – १८ | २५ | ३५ | ६० |
| | जम्मा | २४२ | ९५ | ३३७ |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, २०७७*

आर्थिक वर्ष २०७६/०७७ मा बेवारिसे अवस्थामा फेला परेका ३३७ जना बालबालिकामध्ये सबैभन्दा बढी ४२.१३ प्रतिशत बालबालिका ११-१४ वर्षसम्मको उमेर समूहका रहेको देखिएको छ भने सबैभन्दा कम ७.१२ प्रतिशत बालबालिका ०-५ वर्ष उमेर समूहका रहेको तथ्याङ्कले देखाएको छ । बेवारिस अवस्थामा फेला परेका बालबालिकालाई बालबालिका खोजतलास समन्वय केन्द्र नं १०४ ले परिवार भएका बालबालिकालाई परिवारमा पुमर्निलन गर्ने र नभएकालाई अन्य बैकल्पिक स्याहारको प्रवन्ध गर्ने कार्य गर्दै आएको छ ।

बालबालिका खोजतलास केन्द्रले जोखिममा परेका बालबालिका सम्बन्धी सूचना तथा जानकारी नेपाल प्रहरीको हटलाइन १००, बालबालिका सम्बन्धी हटलाइन १०४, बाल हेल्पलाइन १०९८, राष्ट्रिय महिला आयोगको हटलाइन ११४५ लगायत देशभरका प्रहरी कार्यालयको जानकारी, प्रहरी रेडियो सेट, इमेल, इन्टरनेट, सामाजिक सञ्जाल, पत्रपत्रिका, संघसंस्था, व्यक्ति, आदिबाट प्राप्त गर्दछ । यस माध्यमको जानकारीबाट बालबालिका खोजतलास, उद्धार र व्यवस्थापनका कार्यहरू गर्दछ ।

### *३.५.२ जोखिममा रहेका बालबालिकाको उद्धार, सहयोग तथा पारिवारिक पुनर्स्थापना*

बालबालिका सम्बन्धी ऐन, २०७५ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण गर्ने प्रावधान रहेको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइनजस्ता सेवाको प्रवर्द्धन गर्ने व्यवस्था छ ।

कानूनी तथा नीतिगत व्यवस्था भए बमोजिम विशेष संरक्षणको आवश्यकता भएका, विभिन्न किसिमका हिंसा, दुर्व्यवहारबाट पीडित तथा प्रभावित भएका बालबालिकाका लागि छिटो-छरितो र बालमैत्री ढङ्गले

संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरण र सहयोगमा विगतदेखि नै गैर सरकारी संस्थाहरूको सहकार्यमा बाल हेल्पलाइन नेपाल (१० ९८) सञ्चालनमा रहेको छ । हाल राष्ट्रिय बाल अधिकार परिषद्को संयोजनमा विभिन्न सातवटा संघ संस्थाहरूको सहकार्यमा १२ जिल्लाहरूमा (काठमाण्डौं, मोरङ, मकवानपुर, बाँके, कास्की, कैलाली, चितवन, उदयपुर, सुनसरी, दैलेख, सुर्खेत र बाजुरा) बाल हेल्पलाइन नेपाल (निःशुल्क टेलिफोन नम्बर दश नौ आठ) सञ्चालन गरी सेवा प्रवाह गरिरहेको छ । आर्थिक वर्ष २०७७/०७८ भित्र थप जिल्लाहरूमा बाल हेल्पलाइन नं १०९८ विस्तार गरिने भएको छ । बाल हेल्पलाइन नेपाल (१०९८) सञ्चालनमा रहेका केन्द्रहरूबाट प्रवाह गरिने मुख्य सेवाहरूमा जोखिममा परेका बालबालिकाको आकस्मिक उद्धार, राहत, मनोविमर्श, अल्पकालीन आश्रय, स्वास्थ्य उपचार, पारिवारिक सहयोग, कानूनी परामर्श र सहयोग, पारिवारिक पुनर्मिलन, पुनःस्थापना लगायतका नियमित अनुगमन, सहजीकरण, पृष्ठपोषण, समन्वय र सहकार्यजस्ता कार्यहरू पर्दछन् ।

बाल हेल्पलाइन नेपाल (१०९८) सञ्चालन तथा यसको कार्यक्षेत्र तथा कार्यविधि थप स्पष्ट रुपमा निर्धारण गरी हेल्पलाइनबाट प्रवाह गरिने सेवाहरूको प्रभावकारिता अभिवृद्धिका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ जारी गरी कार्यान्वयनमा रहेको छ । गत आर्थिक वर्ष (२०७५/०७६) मा १२ जिल्लामा सञ्चालित बाल हेल्पलाइनहरूबाट जोखिमपूर्ण अवस्थामा रहेका ३,५०१ जना बालबालिका (बालक १६६४ र बालिका १८३७) को उद्धार, राहत, मनोसामाजिक परामर्श, पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापना गरिएको थियो भने यस आर्थिक वर्ष २०७६/०७७ मा १,४२० जना बालबालिकाको आपत्कालीन उद्धार गरी बाल हेल्पलाइनको सेवा प्रदान गरिएको छ । जिल्लागत उद्धार सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका ११: बाल हेल्पलाइन नं १०९८ मार्फत उद्धार गरिएका बालबालिका, २०७६/०७७

| क्र.स. | जिल्ला | संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | काठमाण्डौं | ४९ | ११३ | १६२ |
| २ | चितवन | ३१ | २२ | ५३ |
| ३ | सुर्खेत | ६२ | १२४ | १८६ |
| ४ | बाँके | १११ | २६ | १३७ |
| ५ | मोरङ | २३ | ३१ | ५४ |
| ६ | कैलाली | २१ | ५० | ७१ |
| ७ | मकवानपुर | १०१ | १२८ | २२९ |
| ८ | कास्की | ६७ | ५२ | ११९ |
| ९ | सुनसरी | १२० | १२ | १३२ |
| १० | उदयपुर | ५५ | ६१ | ११६ |
| ११ | दैलेख | ५८ | ६७ | १२५ |
| १२ | बाजुरा | २१ | १५ | ३६ |
| | **जम्मा** | ७१९ | ७०१ | १,४२० |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७ ।*

बाल हेल्पलाइन नं. १०९८ नेपालबाट आर्थिक वर्ष २०७६/०७७ मा उद्धार तथा अस्थायी संरक्षण सेवा प्रदान गरिएका १,४२० जना बालबालिकामध्ये बाल हेल्पलाइन नं १०९८ मार्फत उद्धार गरिएका १,१३१ जना र अन्य सरोकारवाला संस्थाहरूबाट उद्धार गरी बाल हेल्पलाइनमा सिफारिस गरिएका २८९ जना बालबालिका रहेका छन् । आर्थिक वर्ष २०७६/०७७ मा उद्धार गरिएका कूल १,४२० जना बालबालिकामध्ये २०७७ असार मसान्त सम्ममा कूल १,०८९ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको, २४९ जना बालबालिकालाई संस्थागत पुनःस्थापना गरिएको थियो भने ५१ जना बालबालिका अल्पकालीन संरक्षणमा रहेका र ३१ जना बालबालिका अल्पकालीन संरक्षण गृह छाडी भागेका थिए । उद्धार गरिएका बालबालिकाको विषयगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १२: बाल हेल्पलाइन नं १०९८ मार्फत उद्धार गरिएका बालबालिकाको विषयगत विवरण, २०७६/०७७

| क्र.स. | उद्धार गरिएको क्षेत्र | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | सडक बालबालिका | ९६ | १६ | ११२ |
| २ | शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य हिंसा वा दुर्व्यवहारमा परेका बालबालिका | १८७ | २४७ | |
| ३ | हराएका तथा बेवारिसे बालबालिका | १४० | ९६ | २३६ |
| ४ | बेचबिखन र ओसारपसारमा परेका वा पर्न सक्ने बालबालिका, | २४ | ९ | ३३ |
| ५ | श्रमबाट पीडित बालबालिका | ३६ | ११ | ४७ |
| ६ | गम्भीर विरामी, दुर्घटना तथा प्रकोपमा परेका बालबालिका | २१ | ३३ | ५४ |
| ७ | द्वन्द्व प्रभावित वा कारागार वा हिरासतमा परेका अभिभावकका बालबालिका वा बालविजाइँमा संलग्न बालबालिका | २५ | ११ | ३६ |
| ८ | हेपाइमा परेका बालबालिका | ५ | ९ | १४ |
| ९ | बालविवाहमा परेका वा पर्न लागेका बालबालिका | २३ | ११५ | १३८ |
| १० | लागू औषध सेवन, अनलाइन दुव्यवहार र अन्यबाट | १८ | ९ | २७ |
| | **जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका कूल बालबालिका** | ५७५ | ५५६ | १,१३१ |
| ११ | अन्य संघसंस्थाबाट रेफर भई आएका बालबालिका | १४४ | १४५ | २८९ |
| | **कूल घटना सम्बोधन गरिएका बालबालिका संख्या** | ७१९ | ७०१ | १,४२० |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

आर्थिक वर्ष २०७६/०७७ मा जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका कूल १,४२० जना बालबालिका र टेलिफोन लगायत विभिन्न माध्यमबाट बाल हेल्पलाइनमा सहयोगका लागि सिफारिस भई आएका ७,३२४ जना बालबालिका गरी कूल ८,७४४ जना (बालक ४०४७, बालिका ४,६९७) बालबालिकालाई आवश्यक सेवा प्रवाह गरिएको छ। गत आर्थिक वर्ष २०७५/०७६ मा यसरी सहयोग गरिएको बालबालिकाको संख्या ७,८०६ जना रहेको थियो । बाल हेल्पलाइनहरूबाट यस आर्थिक वर्षमा प्रदान गरिएको सेवाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३ः बाल हेल्पलाइन नं. १०९८ मार्फत सहयोग गरिएको बालबालिकाको संख्या, २०७६/०७७

| क्रसं | विवरण | सहयोग गरिएका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | स्वास्थ्य उपचार सहयोग | १६० | २०५ | ३६५ |
| २ | मनोसामाजिक मनोविमर्श | ९४२ | १,०२७ | १,९६९ |
| ३ | पारिवारिक परामर्श | ७९२ | १,०२९ | १,८२१ |
| ४ | कानूनी परामर्श | १३३ | २९५ | ४२८ |
| ५ | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | १,२६३ | १,०७५ | २,३३८ |
| ६ | शैक्षिक सहयोग | ३०६ | ४५७ | ७६३ |
| ७ | बालविवाह रोकथाम | ५९ | १९३ | २५२ |
| ८ | आयआर्जन सहयोग | ५ | ३० | ३५ |
| ९ | अन्य सहयोग (परिवार खोजी, समन्वय) | ३८७ | ३८६ | ७७३ |
| | **जम्मा** | ४,०४७ | ४,६९७ | ८,७४४ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

आर्थिक वर्ष २०७६/०७७ मा बाल हेल्पलाइन नं. १०९८ मार्फत प्रवाह गरिएको सेवामध्ये सबैभन्दा बढी २,३३८ जना बालबालिकालाई स्याहार, सुरक्षा तथा संरक्षण सहयोग प्रदान गरिएको छ भने १,९६९ बालबालिकालाई मनोसामाजिक विमर्श सेवा प्रदान गरिएको छ । विगतका वर्षहरूमा भन्दा यस वर्ष कोभिड-१९ (कोरोना भाइरस) को कारणले स्याहार तथा संरक्षण सहयोग बढी देखिएको हो ।

बालबालिका विरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकाको हकहितको संरक्षणको निम्ति सञ्चालित बाल हेल्पलाइनलाई प्रहरी प्रशासन, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, कानूनी सहयोग गर्ने संस्थाहरू, बालबालिका तथा मानव अधिकारसँग सम्बन्धित संघ-संस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ ।

यसलाई अझ बढी प्रभावकारी बनाउँदै प्रदेश सरकार तथा स्थानीय तहबाट समेत थप स्रोत विनियोजन गर्न आवश्यक छ । स्थानीय सरकारबाट आगामी दिनहरूमा बाल अधिकार प्रवर्द्धन गर्न तथा बाल संरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ । यो सेवा आपत्मा परेका बालबालिकाका निम्ति छिटोछरितो, बाल अधिकारसम्मत, बालमैत्री संरक्षण प्रणालीका रुपमा रहेको छ । यस कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित प्रदेश, स्थानीय तह, गैर-सरकारी, नागरिक समाज लगायत सञ्चार माध्यम, विद्यालय, बालक्लब र बालबालिकाको समूह समेतको सक्रिय योगदान हुन जरुरी छ ।

## ३.६ द्वन्द्व प्रभावित बालबालिका

संविधानको धारा ३९ (६) मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने एवम् (९) मा ... द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने व्यवस्था छ । यसैगरी, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइनेछैन र कसैले पनि सशस्त्र द्वन्द वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था रहेको छ । यसैगरी, दफा ४८ अनुसार विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बालकल्याण अधिकारीले आवश्यक सेवा प्रदान गर्नु पर्ने कानूनी व्यवस्था छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३८ अनुसार राज्यले १५ वर्ष नपुगेका कुनै पनि बालबालिकालाई लडाई वा द्वन्द्वमा प्रत्यक्ष भाग लिन नपाउने व्यवस्था गर्नु पर्दछ र सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरू चाल्नु राज्यको दायित्व हुन्छ भन्ने व्यवस्था छ । नेपाल सरकारले यस महासन्धि, १९८९ अन्तर्गतको "सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधीन आलेख, २०००" लाई सन् २००७ को सेप्टेम्वर १९ तारिखमा अनुमोदन गरेको छ । यस आलेखमा जम्मा १३ वटा धाराहरू छन्, जसमध्ये धारा १ देखि ७ सम्म प्रत्यक्ष कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । धारा १ अनुसार १८ वर्षमुनिका कुनै पनि बालबालिकालाई सशस्त्र समूहमा समावेश गर्न नहुने, धारा २ मा राज्यबाट पनि १८ वर्षमुनिका कुनै पनि बालबालिकालाई सेनामा भर्ना गर्न नहुने, धारा ३ देखि ७ सम्ममा राज्यले उक्त बालबालिकालाई स्वयम्सेवकको रुपमा सेनामा भर्ना गर्नु पर्दा बाल संरक्षणका उपयुक्त उपायहरू अपनाउनु पर्ने व्यवस्था छ । यस आलेख बमोजिमको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २०१२ मा संयुक्त राष्ट्र संघमा पेश गरेकोमा सन् २०१६ को जुन महिनामा छलफल भई दिएको समापन टिप्पणी तथा सुझावहरू अनुसार कानूनी र कार्यक्रमका उपायहरू अपनाएको देखिन्छ ।

एकदशक लामो (२०५२–२०६२) सशस्त्र द्वन्द्व भएको पनि धेरै समय बितिसकेको छ । सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूमध्ये पनि विशेषतः बालबालिकाको विषयमा युनिसेफको सहयोगबाट काफाग (Children Associated with Armed Forces and Armed Groups) कार्यक्रम सञ्चालन भएको थियो र यसबाट सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि सहयोग भएको थियो । शान्ति कोष सचिवालयबाट विभिन्न कार्यहरू सम्पादन भएका थिए । सशस्त्र द्वन्द्वको शान्तिपूर्ण व्यवस्थापन भइसकेको छ । तथापी, यस अवधिमा भएको धेरै धनजनको क्षतिका कारण बालबालिकामाथि परेको प्रभावको असर अझै पनि रहेको

छ । नेपाल सरकारले सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापना एवम् पुनर्एकीकरणका लागि राष्ट्रिय कार्ययोजना, २०६७ तयार गरी सोको कार्यान्वयन भएको छ । तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आर्थिक सहयोगमा स्थानीय शान्ति समितिमार्फत द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि विशेष छात्रवृत्ति तथा आर्थिक सहयोग प्रदान गर्ने गरिएको थियो । उक्त कार्ययोजना बमोजिम इयुको आर्थिक सहयोगबाट तत्कालीन केन्द्रीय बाल कल्याण समितिबाट २० जिल्लामा द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि सहयोग कार्यक्रम/परियोजना २०७२ साल पुसदेखि २०७४ साल असार मसान्तसम्म सञ्चालन गरिएको थियो । उक्त परियोजनाबाट २० जिल्लामा १८,६६५ जना द्वन्द्वबाट प्रभावित बालबालिकाका पहिचान गरिएको थियो, जसमध्ये १०,४९९ जना बालबालिका तथा निजका परिवारहरूलाई सहयोग प्रदान गरिएको थियो ।

नेपाल सरकारले द्वन्द्वपीडित परिवारका बालबालिकाको शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गर्नुका साथै द्वन्द्व प्रभावित बालबालिकाको उचित स्याहारको लागि समेत सहिद प्रतिष्ठानलाई अनुदान उपलब्ध गराउने गरेको छ । यस अन्तर्गत तत्कालीन पाँचै विकास क्षेत्रलाई समेट्ने गरी सुनसरी, दोलखा, कास्की, दाङमा र डोटीमा गरी पाँचवटा आवासीय विद्यालयहरू सञ्चालित छन् । सहिद प्रतिष्ठान अन्तर्गतका आवासीय विद्यालयमा आ.व. २०७५/७६ सम्म रहेका बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४: सहिद प्रतिष्ठान र सोमा रहेका बालबालिकाको विवरण, २०७५/७६

| क्रसं | जिल्ला | नाम | ठेगाना | संरक्षित बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा |
| १ | सुनसरी | सहिद प्रतिष्ठान नेपाल | इटहरी उ.म.पा.२५ | १७५ | १४१ | ३१६ |
| २ | दोलखा | सहिद प्रतिष्ठान नेपाल | जिरी गा.पा. ६ | १४२ | ८९ | २३१ |
| ३ | कास्की | सहिद प्रतिष्ठान नेपाल | पोखरा म.पा. १४ | १०७ | ६५ | १७२ |
| ४ | दाङ | सहिद प्रतिष्ठान नेपाल | तुलसीपुर उ.म.पा. १७ | २४५ | १६३ | ४०८ |
| ५ | डोटी | सहिद प्रतिष्ठान नेपाल | दि.सि.गा.पा. ७ | १८४ | ८० | २६४ |
| **जम्मा** | | | | ८५३ | ५३८ | १,३९१ |
| **११ र १२ कक्षामा** | | | | | | |
| | सुनसरी | सहिद प्रतिष्ठान नेपाल | इटहरी उ.म.गा.पा. २५ | १३ | १६ | २९ |
| | कास्की | सहिद प्रतिष्ठान नेपाल | पोखरा म.पा. १४ | ४२ | २९ | ७१ |
| | दाङ | सहिद प्रतिष्ठान नेपाल | तुलसीपुर उ.म.पा. १७ | १८ | १४ | ३२ |
| **जम्मा** | | | | ७३ | ५९ | १३२ |
| **कूल जम्मा** | | | | ९२६ | ५९७ | १,५२३ |

*स्रोतः सहिद प्रतिष्ठान नेपाल, २०७६*

सहिद प्रतिष्ठानमा आवासीय रुपमा रहेका बालबालिका आर्थिक वर्ष २०७४/७५ मा जम्मा १,४७८ (बालक ९०६ र बालिका ५७२) जना रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा ७६ जना थप भई जम्मा

१,५२३ (बालक ६०.८% र बालिका ३९.२%) जना पुगेको थियो । कक्षा ११ र १२ मा अध्ययन गर्ने बालबालिका सुनसरी, कास्की र दाङमा रहेका थिए । सहिद प्रतिष्ठानका अनुसार २०७६ साल चैत्र महिनादेखि कोरोना संक्रमण (कोभिड-१९) का कारण पाँचैवटा प्रतिष्ठानहरूबाट बालबालिका आ-आफ्ना परिवार वा नजिकको परिवारमा गएका र २०७७ सालको शैक्षिक सत्रमा भर्ना नै शुरु नभएकोले आ.व. २०७६/७७ मा नयाँ तथ्याङ्क अध्यावधिक हुन नसकेको जानकारी प्राप्त भएको छ ।

## ३.७ बालबालिकाको बेचबिखन, यौनशोषण र दुर्व्यवहार

नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसैगरी, दफा ६६ मा बालबालिका विरुद्धको यौनहिंसा एवम् व्यवहारहरूमा कुनै पनि अश्लील श्रव्यदृश्य, बाल अश्लीलता प्रदर्शन, यौनजन्य क्रियाकलापका लागि फकाउने, दबाब दिने वा धम्काउने, संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने जस्ता क्रियाकलापहरू पर्दछन् र यस्ता बाल यौन दुर्व्यवहारहरू बालबालिका विरुद्धको कसूर मानिनेछ (अनुसूची १) । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार कसैले पनि मानव बेचबिखन र ओसारपसार सम्बन्धी कार्यहरू गर्नु गराउनु हुँदैन । कसैले यस्ता कार्यहरू गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ । यी व्यवस्थाहरूबाट बालबालिका विरुद्धको बेचबिखन, ओसारपसार, यौनहिंसा र जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षण गर्ने कार्यमा थप बल पुग्ने देखिन्छ । पन्ध्रौ योजनामा बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने रणनीति अवलम्बन गरिएको छ ।

बाल अधिकार सम्बन्धी महासन्धिको धारा ३४ मा राज्यले बालबालिकामाथि हुने सबै प्रकारको यौन शोषण तथा दुर्व्यवहार, वेश्यावृत्ति लगायत अश्लिल चित्रणको नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले यस महासन्धि अन्तर्गतको "बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख, २०००" लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन गरेको छ । यस आलेखमा जम्मा १७ वटा धाराहरू छन्, जसमध्ये प्रत्यक्ष कार्यान्वयनमा ल्याउनु पर्ने १० वटा धाराहरू छन् । धारा १ मा राज्यले बालबालिकाको बेचबिखन, बेश्यावृत्ति र अश्लील चित्रणमा निषेध गर्नुपर्ने, धारा २ मा उक्त शब्दहरूको अर्थ, धारा ३ मा यी विषयहरू सम्बन्धित कुनै पनि कार्यहरू कानूनबाट बन्देज गर्नुपर्ने, धारा ४ देखि धारा १० सम्ममा बाल संरक्षण, बालन्याय, बालबालिकाको उच्चत्तम हित, बालमैत्री उपायहरू लगायतका व्यवस्थाहरू छन् । यस आलेख बमोजिमको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारले सन् २००९ मा संयुक्त राष्ट्र संघमा पेश गरेको छ । यस प्रतिवेदनमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिमा सन् २०११ को मे महिनामा छलफल भई उक्त समितिको समापन टिप्पणी अनुसार हालका कानूनहरूमा बाल

दुर्व्यवहार विरुद्धका प्रावधानहरू व्यवस्था भइसकेका छन् भने बालबालिकाविरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरू सम्बोधन गर्ने कार्यहरूमा नेपाल सरकार गम्भीरतापूर्वक लागिपरेको छ। नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि र सो अन्तर्गतका इच्छाधीन आलेखहरूका प्रावधानहरूको परिपालना गर्नु एवम् महासन्धि र इच्छाधीन आलेखहरूमाथि संयुक्त राष्ट्र संघको बाल अधिकार समितिको समापन टिप्पणीमा दिइएका सुझावहरू कार्यान्वयन गर्नु राज्यका सबै अङ्गहरूको दायित्व हुन्छ। यसै दायित्व अनुसार थप कार्यहरू गर्नु आवश्यक देखिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आफ्नो स्थापना कालदेखि महिला तथा बालबालिकाको बेचबबिखन तथा ओसारपसार नियन्त्रणका लागि मुख्य सम्पर्क निकायको रूपमा काम गरिरहेको छ र यस कार्यमा कार्यमा संयुक्त राष्ट्र संघीय निकायहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत सहयोग गरिरहेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ पारित भएपछि राष्ट्रिय र जिल्ला स्तरमा मानव बेचबिखन नियन्त्रण समिति गठन भई कार्यरत रहेको थियो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, जीउ मास्ने बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठनको बलपूर्वक श्रम उन्मूलन सम्बन्धी महासन्धि लगायत सार्कस्तरीय घोषणाहरूका प्रावधानहरू लागू गर्न नेपाल सरकार प्रतिवद्ध रहेको छ। नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार विरूद्ध लड्न क्षेत्रीय स्तरमा सार्कसँगको सहयोग र बालबालिकाविरूद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एशियाली राष्ट्रहरूको अभियान (SAIEVAC) अन्तर्गत बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने साझा उद्देश्यबारे सहकार्य गरिरहेको छ।

मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ कार्यान्वयनमा रहेको छ। यस कार्ययोजनामा मूलतः मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारका घटनाहरू अन्त्य गर्नका लागि निरोधात्मक, संरक्षणात्मक, कानूनी कारवाही, क्षमता विकास र समन्वय, सहयोग र सहकार्यका आयामहरूमा उद्देश्य तय गरिएका छन् र ती उद्देश्यहरू पूरा गर्नका लागि आवश्यक कार्यहरू समावेश गरिएका छन्। नियोजित कार्यहरूको प्रभावकारी कार्यान्वयन, आवधिक अनुगमन र प्रतिवेदन सम्बन्धी कार्यहरूमा थप ध्यान पुर्‍याउन जरुरी देखिएको छ। राष्ट्रिय बाल अधिकार परिषद्बाट बालबालिका विरुद्धको यौनशोषण र दुर्व्यवहारबारे श्रव्य-दृष्य माध्यमबाट चेतनामूलक कार्यहरू गरेको छ भने यस्ता शोषण, दुर्व्यवहार तथा हिंसामा परेका बालबालिकाको घटना व्यवस्थापन गर्ने र सहजीकरण गर्ने कार्य गरिरहेको छ। यस विषयमा विभिन्न गैरसरकारी संस्थाहरू पनि विगतका दशकदेखि लागिपरेका छन्। हालै साथी नामक एक संस्थाले गरेको अध्ययनबाट बालयौन दुराचारीहरूमध्ये विदेशीबाट बालिकाभन्दा बालक र स्वदेशीबाट बालकभन्दा बालिका बढी यौनशोषण र दुर्व्यवहारमा परेको र यौनशोषण र दुर्व्यवहार गर्ने स्थानमा सामान्य होटल नै बढीभन्दाबढी प्रयोग भएको देखिएको छ। यसैगरी, यौन दुराचारीमध्ये विदेशीहरू ३६ देखि ७५ वर्ष र नेपालीहरू १५ देखि ८५ वर्षसम्मका पाइएको छ। ती दुराचारीहरूले बालबालिकालाई खाना, पैसादेखि आवश्यक अन्य सामानको सहयोग वा प्रलोभनमा पारी यौन दुर्व्यवहार गर्ने गरेको जानकारी रहेको छ।

बालबालिकाको बेचबिखन तथा ओसारपसार, यौनशोषण र दुर्व्यवहारविरुद्ध चेतना जागरण लगायत नियन्त्रण र उद्धारसँग सम्बन्धित कार्यहरू विगतका दशकहरूदेखि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन भइरहेका छन् । विशेषगरी बालबालिका विरुद्धको यौनशोषण र दुर्व्यवहार सामाजिक क्षेत्रभित्र पनि मानवीय सोच र व्यवहारसँग सम्बन्धित भएको हुनाले कुनै पनि देश (धनी वा गरीब, विकसित वा अविकसित) मा यस्ता घटनाहरू हुने गरेको सुनिन्छ । यो अति संवेदनशील र जकडिएको सवाल हो । विभिन्न गैरसरकारी संस्थाहरू तथा सञ्चार माध्यमले बालबालिका विरुद्धका यौनशोषण र दुर्व्यवहारका घटनाहरू प्रकाशमा ल्याउन एवम् कानूनी प्रक्रियामा सहजीकरण गरिरहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार बिश्वमा नै समस्याको रुपमा रहेको छ । नेपालमा पनि विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन र यौनशोषण तथा दुर्व्यवहार एक गम्भीर समस्याको रुपमा रहेको छ भने यसको निराकरण गर्नु ठूलो चुनौतिको रूपमा रहेको अवस्था छ । यौनशोषण र दुर्व्यवहार प्रायः सबै समुदायमा कुनै-न-कुनै रुपमा रहेको अनुमान छ । विशेषगरी चुनौतिहरूमा जोखिमपूर्ण स्थितिमा रहेका बालबालिका, महिला र समुदायमा पर्याप्त चेतनाको कमी, गरिबी, पारिवारिक विखण्डन र दयनीय अवस्था, समुदायमा बाल संरक्षण संयन्त्र सशक्त नहुनु, सीमावर्ती क्षेत्रहरूमा नियमित छलफल र समस्याको उचित सम्बोधनमा कमीजस्ता समस्याहरू विद्यमान रहेका छन् । महिला तथा बालबालिकाको बेचबिखनबारे राष्ट्रिय अध्ययन हुन बाँकी नै रहेको देखिएको छ । नेपाली चेलीबेटीहरूको बेचबिखन र ओसारपसार आन्तरिक शहर बजारदेखि विभिन्न बैदेशिक मुलुकहरूमा हुँदै आएको जानकारी रहेको छ । महिला तथा बालबालिकाको बेचबिखन, उद्धार, पुनःस्थापना लगायत सीप अभिवृद्धि र आयमूलक कार्यहरूमा माइति नेपालले दशकौं देखि कार्यक्रम सञ्चालन गरिरहका छन् भने यस कार्यमा शक्ति समूह, रक्षा नेपाल लगायत अन्य गैरसरकारी संस्थाहरूबाट कार्यक्रम सञ्चालन भइरहेका छन् ।

बालबालिका विरुद्धका हिंसा, दुर्व्यवहार, अपहरण तथा बेचबिखन जस्ता घटनाहरू गैरकानूनी हुँदाहुँदै पनि देशमा बालबालिकाको हत्या, हिंसा, अपहरण तथा बेचबिखन जस्ता कुकृत्यबाट बालबालिका पीडित भएका घटनाहरू जानकारीमा आउने गरेका छन् । बालबालिकालाई विभिन्न प्रलोभनमा पारी बेचबिखन तथा ओसार पसारको शिकार बनाइने घटना देखिन्छ । यस आ.व.मा विभिन्न सञ्चार माध्यमबाट २२ जना बालबालिका (बालक १४ र बालिका ८) बेचबिखन तथा ओसार पसारमा परेको घटना सार्वजनिक भएको छ । उक्त घटनाहरूबाट पीडित तथा प्रभावित बालबालिका मध्ये १० जना नेपालगञ्जमा सिमानाकामा अवैध तथा कर छली गरी सामान ओसार्ने काममा प्रयोग भएका, ७ जना दलित बालकलाई डोल्पाबाट गुम्बामा पढाउन भनी बिना अनुमति भारतमा लगिरहेको अवस्थामा प्रहरीले उद्धार गरेको छ भने ५ जना बालिकालाई झापामा यौन व्यवसायमा संलग्न गराई भारतमा पठाउने तयारी भइरहेको अवस्थामा उद्धार गरिएको छ । चिनजानको व्यक्तिबाट भारतको कोठीबाट २ बालिकाको उद्धार गरिएको छ । यसैगरी, यस अवधिमा १४ जना बालबालिकाको (बालक ७, बालिका ६ र शिशु १) अपहरण गरिएको घटनाहरू प्रकाशमा आएका छन् । अपहरण गरिएका ६ बालबालिकामध्ये १ जना शिशु सहित ३ जना बालबालिकाको अपहरणपछि हत्या गरिएको छ भने ११ जना अपहरणबाट मुक्त गरिएको छ । अपहरण गर्नुका कारणहरूमा ८ जना फिरौती र ६ जना पारिवारिक रिसिवीको कारणले अपहरणमा परेको देखिन्छ ।

यस आर्थिक वर्षभित्र विभिन्न सञ्चार माध्यमबाट ३२३ जना बालबालिका (३१८ जना बालिका र ५ जना बालक) यौन दुर्व्यवहारबाट पीडित भएको घटना प्रकाशमा आएको छ । यसमध्ये ५ जना बालक विदेशी नागरिकबाट यौन दुर्व्यवहारमा परेका छन् भने ३१८ जना बालिका स्वदेशीहरूबाटै यौन दुर्व्यवहार तथा बलात्कारबाट पीडित भएका छन् । बालिका बलात्कार भएका घटनामध्ये २५ जना बालिका सामूहिक बलात्कारमा परेका छन् । यस्ता घटनामा सबैभन्दा बढी चिनजानको व्यक्तिहरू, छिमेकीहरू, निर्वाचित जनप्रतिनिधि, शिक्षक, सरकारी कर्मचारी, घरमालिक, प्रेमी, नातेदारका साथै आफ्नै दाजु र बाबुसमेत संलग्न रहेको जानकारी प्रकाशित भएको छ । यस्ता कुकृत्यबाट ५ वर्ष वा सोभन्दा मुनिका बालिका १६ जना पीडित भएको देखिएको छ । महोत्तरीमा ८ महिने बालिकालाई अपहरण पश्चात बलात्कार गरी हत्या गरिएको घटनासमेत प्रकाशमा आएको छ ।

प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७६/७७ मा मानव बेचबिखन तथा ओसारपसार अपराधमा कूल ७५ जना बालबालिका (बालिका ७१ र बालक ४ जना) पीडित भएको देखिएको छ । यस्ता घटनाहरूबाट बालिका अति नै बढी प्रभावित हुने देखिएको छ । उमेर समूह अनुसार ११ बर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिका अन्य उमेर समूह भन्दा बढी जोखिममा रहेको देखिएको छ । यसैगरी, जबरजस्ती करणी अपराधबाट आ.व. २०७६/०७७ मा कूल १,३९३ जना बालिका पीडित भई प्रहरी कार्यालयमा उजुरी भएको छ । यस्ता घटनाहरूमध्ये १० वर्षमुनिका २७२ जना, ११-१६ वर्षसम्मका ८०१ जना र १७-१८ वर्षका ३१९ जना बालिका जबरजस्ती करणी अपराधको शिकार भएको पाइएको छ । साथै, यस आर्थिक वर्षमा जबरजस्ती करणी उद्योगबाट ३२४ जना बालिका पीडित भएको देखिएको छ । यी पीडित बालिकामध्ये १० वर्षमुनिका ५८ जना, ११-१६ वर्ष उमेर समूहका १९९ जना र १७-१८ वर्षका ६७ जना रहेका छन् । बेचबिखन, ओसारपसार, जबरजस्ती करणी अपराध र जबरजस्ती करणी उद्योगबाट पीडित बालबालिकाको प्रदेशगत संख्या परिच्छेद ६ मा दिइएको छ ।

बालबालिका विरुद्धका यस्ता घटनाहरू आफैमा जघन्य अपराध हो । बालबालिकामाथि हुने यस्ता जघन्य अपराध मानव माथिकै कलङ्कको रुपमा रहेको छ । तसर्थ, बालबालिकाविरुद्ध हुने यौनजन्य अपराध न्यूनीकरण तीनै तहको सरकार तथा सम्बन्धित निकाय र सरोकारवालाहरूको साझा प्राथमिकता र कार्यान्वयनमा प्रतिबद्धता हुनुपर्ने आवश्यकता छ ।

## ३.८ जन्मदर्ता

नेपालको संविधानको धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित जन्म दर्ताको हक हुने, बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्ने, जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा

आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्ने, बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने, आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न नहुने जस्ता बालबालिकाको पहिचान सम्बन्धी कानूनी व्यवस्था भएको छ। नेपाल सरकारले २०८० सालसम्म सत् प्रतिशत बालबालिकाको जन्मदर्ता गर्ने प्रतिवद्धता जनाएको छ।

बाल अधिकार महासन्धि, सन् १९८९ को धारा ७ मा जन्मनासाथ बालबालिकाको जन्मदर्ता गरी औपचारिक नाम पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकारको व्यवस्था गरिएको छ।

देशका सबै गाउँ एवम् नगरपालिकाका वडा कार्यालयहरूबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कामहरू हुँदैं आएको छ। कर्णाली भेगका सबै जिल्लाहरूका परिवार र देशभरीका दलित परिवारमा शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा प्रोत्साहन स्वरुप रु. एक हजार प्रदान गर्ने गरिएको छ। जन्मदर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाले पाउने भत्ता लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा जन्मदर्ताको महत्व बढ्दै गएको छ। केन्द्रीय तथ्याङ्क विभागको बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ बाट पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर ५८.१ प्रतिशत (बालक ५९.२% र बालिका ५७.०%) पुगेको देखिएको थियो भने २०७६ सालको उक्त सर्वेक्षणबाट सो दर ७७.२ प्रतिशत पुगेको छ।

नेपालमा खासगरी परिवारबाट परित्यक्त भएका, अलपत्र परेका, पारिवारिक विखण्डन भएका, सडकमा रहेका लगायतका बालबालिकाको जन्मदर्तामा अझै पनि समस्या हुने गरेको छ। यस विषयलाई सम्बोधन गरी बालबालिकाको पहिचानको अधिकार सुनिश्चित हुन जरुरी देखिएको छ।

## ३.९ धर्मसन्तान

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २१ मा धर्मपुत्र/धर्मपुत्री लिन दिन पाउने कुरालाई मान्यता दिएको छ। साथै धर्मपुत्र/धर्मपुत्री सम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्नका लागि अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्री सम्बन्धी बालबालिकाको संरक्षण र सहयोग सम्बन्धी महासन्धि, २९ मे १९९३ समेत रहेको छ। यी महासन्धि अनुकूल हुनेगरी मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद-८ मा धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी र परिच्छेद-९ मा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था विस्तृत रुपमा उल्लेख गरिएको छ। नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नदिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५ र अन्तरदेशीय धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ मा बालबालिकाका धर्मपुत्र/पुत्री सम्बन्धी विभिन्न व्यवस्था गरिएका छन्[२]।

हेगस्थित धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाका अनुसार सन् १९९९ देखि २०१९ सम्म हेगको उपर्युक्त महासन्धिका पक्षधर मुलुकमा नेपालबाट पठाइएका बालबालिकाको संख्या जम्मा १,९०१ रहेको

२ *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६, पेज ३२*

पाइएको छ । उक्त १,९०१ जनामध्ये बालक र बालिका छुट्टिएका बालबालिका ८८२ जना (बालक, ३६८ र बालिका, ५१४) रहेको र बालक/बालिका नछुट्टिएका १,०१९ जना बालबालिका रहेको पाइएको छ । उक्त समयावधिमा धर्मपुत्र/पुत्रीको रुपमा पठाइएका संख्या र मुलुक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १५ः नेपालबाट धर्मपुत्र/पुत्रीको रुपमा पठाइएका देश र बालबालिकाको संख्या, सन् १९९९-२०१९

| क्रस | देश | सन् १९९९-२०१२ सम्म | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इटाली | ४८९ | ० | ० | ० | ० | ० | ० | ० | ४८९ |
| २ | अमेरिका | ३७६ | ० | १ | २ | ० | १ | ० | १ | ३८१ |
| ३ | अस्ट्रिया | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ४ | बेल्जियम | १८ | ० | ० | ० | ० | ० | ० | ० | १८ |
| ५ | क्यानाडा | ४० | ० | २ | ० | २ | ० | ० | १ | ४५ |
| ६ | जर्मनी | २९ | ० | ० | ० | ० | ० | ० | ० | २९ |
| ७ | फ्रान्स | १११ | ० | ० | ० | ० | ० | ० | ० | १११ |
| ८ | डेनमार्क | २२ | ० | ० | ० | ० | ० | ० | ० | २२ |
| ९ | स्वीडेन | ९ | ० | ० | ० | ० | ० | ० | ० | ९ |
| १० | स्वीट्जरल्याण्ड | १९ | ० | ० | ० | ० | ० | ० | ० | १९ |
| ११ | नर्वे | १० | ० | ० | ० | ० | ० | ० | ० | १० |
| १२ | स्पेन | ७४४ | ० | ० | ० | ० | ० | ० | ० | ७४४ |
| १३ | लक्जेम्वर्ग | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| १४ | नेदरल्याण्डस् | १६ | ० | ० | ० | ० | ० | ० | ० | १६ |
| १५ | स्लोभेनिया | ० | ० | १ | ० | २ | ० | १ | ० | ४ |
| | **जम्मा** | १,८८७ | ० | ४ | २ | ४ | १ | १ | २ | १,९०१ |

*स्रोतः HCCH.net*

विदेशी नागरिकहरूले विगतमा धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी प्रक्रिया सहज भएको कारण यो संख्या सन् १९९९ देखि २०१२ सम्मको १४ वर्षको अवधिमा १,८८७ जना बालबालिका धर्मपुत्र/पुत्रीको रुपमा विदेश पठाइएको थियो भने सोपश्चात कानूनी र संरचनागत व्यवस्थाका कारण सन् २०१३ देखि २०१९ सम्मको सात वर्षको समयावधिमा यो संख्या १४ जनामा सीमित भएको छ ।

आन्तरिक धर्मपुत्र/पुत्री ग्रहण गर्ने सम्बन्धमा धर्मसन्तानको लिखत आधिकारिक रुपमा सुरक्षित हुनुपर्ने भएकाले यो मालपोत कार्यालयमा दर्ता पास गरी राखिने गरिएकोमा नेपाल राजपत्रको भाग २ मिति २०७२ असोज १४ गतेको अतिरिक्ताङ्कको १५(घ) मा प्रकाशित नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन २०७२ र मुलुकी देवानी संहिता, २०७४ अनुसार हाल सो कार्य जिल्ला अदालतबाट गरिने प्रावधान रहेको छ । सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार आ.व. २०७३/७४ देखि २०७५/७६ सम्म जम्मा १०७ जना बालबालिका आन्तरिक धर्मसन्तानको रुपमा ग्रहण भएको देखिन्छ ।

## ३.१० शरणार्थी बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २२ मा शरणार्थी भएका वा शरणार्थी हुने अवस्थामा रहेका बालबालिकालाई पक्ष राष्ट्रले विशेष संरक्षण दिनुपर्ने र शरणार्थी बालबालिकाको पनि अरु बालबालिका सरहकै अधिकार उपभोगमा सुनिश्चितता गर्नुपर्ने व्यवस्था रहेको छ। शरणार्थीहरूमध्ये पनि बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ । संयुक्त राष्ट्र संघको शरणार्थी सम्बन्धी महासन्धि, १९५१ र यसको इच्छाधीन आलेख, १९६७ र राज्यविहीन व्यक्ति सम्बन्धी महासन्धि, १९५४ मा नेपाल पक्षधर राष्ट्र भइसकेको छैन। तर, मानव अधिकार, बाल अधिकार तथा अन्य कतिपय विषयका महासन्धि तथा अभिसन्धिहरूको पक्षधर राष्ट्रको रुपमा नेपालले करिब ६ दशक पहिलेदेखि शरणार्थीको विषय सम्बोधन गर्दै आएको छ र विगतका करिब तीन दशकदेखि भुटानी शरणार्थीको विषय सम्बोधन गर्दै आएको छ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को बुँदा नं. ८.१२ मा शरणार्थी तथा कुनै पनि कारणले आन्तरिक रुपमा बिस्थापित भएका बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ। यस्ता बालबालिकाका लागि आधारभूत सेवासुविधामा पहुँचको सुनिश्चितताको व्यवस्था गरिनेछ भन्ने उल्लेख भएको छ।

गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७४/०७५ मा कूल भुटानी शरणार्थी बालबालिकाको संख्या २,२६२ र आर्थिक वर्ष २०७५/७६ मा २,०८५ (१,००९ बालिका र १,०७६ बालक) जना रहेको थियो। उक्त संख्या आर्थिक वर्ष २०७६/७७ मा २,०९१ रहेको देखिएको छ।

तालिका १६: भूटानी शरणार्थी बालबालिकाको संख्या, २०७६/७७

| उमेर समूह (वर्ष) | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| ०-४ | १९६ | २०४ | ४०० |
| ५-९ | २७६ | २८१ | ५५७ |
| १०-१४ | २९० | ३५३ | ६४३ |
| १५-१८ | २४१ | २५० | ४९१ |
| **जम्मा** | १,००३ | १,०८८ | २,०९१ |

*स्रोतः गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, २०७७*

गत आर्थिक वर्षमा भन्दा यस आर्थिक वर्षमा भुटानी शरणार्थी बालबालिकाको संख्या ६ जना बढेको देखिएको छ। यी बालबालिको स्थितिबारे अन्य जानकारी प्राप्त हुन सकेको छैन।

## ३.११ अपाङ्गता भएका बालबालिका

संयुक्त राष्ट्र संघको मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८ देखि विभिन्न समयमा भएका अन्य घोषणाहरू सहित अपाङ्गता भएका व्यक्तिको अधिकारलाई कुनै-न-कुनै रूपमा स्वीकार गर्न थालिएको

हो । यसै सन्दर्भमा सन १९७१ मा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी सं.रा.संघको महासन्धि, २००६ ले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चत गरेको छ । साथै इन्चोन घोषणा, २०१५ ले विशेष आवश्यकता भएका बालबालिकाको शिक्षा प्रवर्द्धन गर्नका लागि नीतिगत सुधार गर्न सरकारलाई प्ररित गरेको छ ।

नेपाल सरकार अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै आएको छ । नेपालको संविधानको धारा ३९ मा अपाङ्गता भएका एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था भएको छ । यसैगरी धारा ३१ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, ब्रेललिपि तथा साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने प्रावधानहरू रहेका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको व्यवस्था छ (अनुसूची १) । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४ मा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गरिएको छ । यस अन्तर्गत दफा ८ मा भेदभाव विरुद्धको अधिकार, दफा ९ मा सामुदायिक जीवनको अधिकार, दफा १० मा संरक्षणको अधिकार, दफा १४ मा सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, दफा १५ मा सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, दफा १६ मा सामाजिक सुरक्षाको अधिकार, दफा १७ मा सूचना तथा जानकारीको अधिकार, दफा १८ मा आवतजावतको अधिकार उल्लेख भएको छ । दफा २० मा अपाङ्गता भएका बालबालिकाको थप अधिकार सुनिश्चित गरिएको छ । यस अन्तर्गत मुख्यतः शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनःस्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार लगायतका व्यवस्था भएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ मा पनि अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षणको व्यवस्था रहेको छ ।

नेपालले "अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९" कार्यान्वयनमा ल्याएको थियो । २०६३ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको पहलमा अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्‍यो । यस कार्ययोजनाको पुनरावलोकन गरी अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, २०७३-२०८२ तर्जुमा गरी कार्यान्वयनमा रहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी गरेको छ । यस नीतिको तीनवटा उद्देश्यहरूमध्ये अपाङ्गता भएका बालबालिकाका लागि गुणस्तरीय शिक्षाका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने रहेको छ ।

यी कानूनी प्रावधानहरू, नीति र कार्ययोजनाको कार्यान्वयनबाट अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको संरक्षण तथा प्रवर्द्धन भई उनिहरूको फरक क्षमता अनुसार व्यक्तित्व विकासमा सहयोग पुग्नेमा विश्वस्त रहन सक्ने देखिएको छ । नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ ।

राष्ट्रिय जनगणना २०६८ बाट कुनै-न-कुनै प्रकारको अपाङ्गता भएको जनसंख्या ५,१३,३२१ अर्थात कूल जनसंख्याको १.९४ प्रतिशत (पुरुष २.१८ र महिला १.७१ प्रतिशत) देखिएको छ। यसमध्ये शहरी क्षेत्रमा १.२१ र ग्रामीण क्षेत्रमा २.०९ प्रतिशत देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागले २०१४ मा प्रकाशन गरेको पपुलेशन मोनोग्राफ भोलुम २ मा अपाङ्गता भएको व्यक्तिको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १७: अपाङ्गता भएका जनसंख्या

| | शारीरिक | न्यून दृष्टीयुक्त | सुस्त श्रवण | श्रवण दृष्टी विहीन | स्वरबोलाई सम्बन्धी अपाङ्गता | सुस्त मनस्थिति | बौद्धिक अपाङ्गता | बहु-अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १०८२७९ | ४७०४१ | ४१२०४ | ४८०३ | ३३१९० | १६७८७ | ८२८० | २०५०२ | २८००८६ |
| महिला | ७८१७८ | ४७७२४ | ३८१०३ | ४६३३ | २५६६५ | १४२१० | ६६०८ | १८११४ | २३३२३५ |
| **जम्मा** | १८६४५७ | ९४७६५ | ७९३०७ | ९४३६ | ५८८५५ | ३०९९७ | १४८८८ | ३८६१६ | ५१३३२१ |
| प्रतिशत* | ०.७० | ०.३६ | ०.३० | ०.०४ | ०.२२ | ०.१२ | ०.०६ | ०.१५ | १.९४ |
| प्रतिशत# | ३६.३२ | १८.४६ | १५.४५ | १.८४ | ११.४७ | ६.०४ | २.९० | ७.५२ | १०० |

*स्रोतः स्टाटिस्टिकल पकेट बुक अफ नेपाल, २०१४, केन्द्रीय तथ्याङ्क विभाग।*

* कूल जनसंख्या २,६४,९४,५०४ को प्रतिशत

\# कूल अपाङ्गता भएका जनसंख्याको प्रतिशत

माथिको तालिकाबाट २०६८ सालको जनगणना अनुसारको कूल जनसंख्याको १.९४ प्रतिशत व्यक्तिहरूमा कुनै-न-कुनै प्रकारको अपाङ्गता भएको देखिएको छ। यसमध्ये सबभन्दा बढी शारीरिक अपाङ्गता ०.७० प्रतिशत र सबभन्दा कम श्रवण र दृष्टी दुवै विहीन भएका व्यक्तिहरू ०.०४ प्रतिशत रहेको पाइएको छ।

केन्द्रीय तथ्याङ्क विभागको पपुलेशन मोनोग्राफ भोलुम २ अनुसार नेपालमा कूल जनसंख्याको ०.९९ प्रतिशत (९२,०१२ जना) ० देखि १४ वर्ष सम्मका बालबालिकामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ र ९२,०१२ जनामध्ये शारीरिक अपाङ्गता ३६.१ प्रतिशत, दृष्टिविहीन १८.५ प्रतिशत, स्वरबोलाई सम्बन्धी अपाङ्गता १५.५ प्रतिशत, पूर्ण सुन्न नसक्ने १०.४ प्रतिशत, बहु अपाङ्गतामा ९.५ प्रतिशत, सुस्त मनस्थिति ४.५३ प्रतिशत, बौद्धिक अपाङ्गता ४.३ प्रतिशत र श्रवण-दृष्टिविहीन १.६ प्रतिशत रहेको छ। केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २-१७ वर्ष उमेर समूहका बालबालिकामध्ये १०.६ प्रतिशतमा सुनाइ, हेराइ, बोलाइ, सिकाइ, हिडाइ र भावना सम्बन्धी कुनै-न-कुनै प्रकारको कठिनाई भएको देखिएको छ।

अपाङ्गता भएका बालबालिकालाई कानून बमोजिम शिक्षा र स्वास्थ्यको सेवा, सुविधा प्रदान गर्ने गरिएको छ भने अशक्त अपाङ्गता भएका बालबालिकालाई प्रति महिना रु. ३०००। र आंसिक अपाङ्गता भएका बालबालिकालाई प्रतिमहिना रु. १६००। प्रदान गर्ने गरिएको छ। अपाङ्गता भएका बालबालिकालाई परिचय पत्रको व्यवस्था गरिएको छ। स्वास्थ्य सुविधा लगायत अपाङ्गताको प्रकृतिको आधारमा आवासीय तथा गैह्रआवासीय छात्रवृत्तिको व्यवस्था निरन्तर रुपमा रहेको छ। अपाङ्गता भएका बालबालिकाको संरक्षण, विकासका निम्ति विकासका साझेदार संस्थाहरूबाट समेत विभिन्न सेवा सुविधाहरू प्रदान हुँदै आएको छ।

यस्ता प्रयास हुँदाहुँदै पनि अपाङ्गता भएका सबै बालबालिकाको आधारभूत आवश्यकताको सुनिश्चितता गर्न सकिएको छैन । खासगरी बौद्धिक अपाङ्गता र बहुअपाङ्गता भएका बालबालिकाका निम्ति सेवाहरू न्यून रहेको देखिएको छ । अझ बेवारिस अवस्थामा फेला परेका बौद्धिक तथा बहुअपाङ्गता भएका बालबालिकाको संरक्षण चुनौतीपूर्ण रहँदै आएको छ ।

## ३.१२ बालबालिकाको स्याहार व्यवस्था

संविधानको धारा ३९ अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने व्यवस्था रहेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको स्याहार र संरक्षण सम्बन्धी व्यवस्था भएको छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा आफ्ना बालबालिकाको लालनपालन र स्याहार गर्नु बाबुआमाको जिम्मेवारी हुने र बाबुआमा तथा अभिभावकले बालबालिकाको उचित स्याहार गर्न असमर्थ भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नुपर्ने, धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने लगायतका प्रावधानहरू रहेका छन् ।

बालबालिकाको स्याहार अन्तर्गत बालगृह, पुनःस्थापना केन्द्र, बाल सुधार गृह लगायतका संस्थाहरूमा संरक्षण तथा स्याहारमा रहेका बालबालिकाको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ ।

### *३.१२.१ बालगृह*

नेपालमा अनाथ बालबालिकाको संरक्षणको निमित्त २००८ सालमा परोपकार अनाथालय, २०२१ सालमा बाल मन्दिर एवम् एस.ओ.एस. बालग्राम २०२९ सालमा स्थापना भएको देखिन्छ । संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने उल्लेख भएको छ । आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ मा आमाबाबु दुवै नभएका वा भएर पनि हेरचाह गर्ने शारीरिक वा मानसिक अवस्थामा नभएका परिवारका बालबालिकाको हेरचाह सकेसम्म उसको नातेदारहरू बीच गरिनु पर्दछ र राज्यले त्यसमा सघाउनु पर्दछ भन्ने व्यवस्था गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बैकल्पिक स्याहारका लागि अन्तिम विकल्पको रुपमा मात्र बालगृहमा बालबालिकालाई आवासीय रुपमा राख्ने व्यवस्था छ ।

बालबालिकालाई आवासीय रुपमा संरक्षणमा राख्ने क्रम बढेसँगै गत आर्थिक वर्षसम्ममा बालगृहहरूको संख्या ४६ वटा जिल्लाहरूमा जम्मा ५३३ वटा रहेको थियो । प्राप्त जानकारी अनुसार आ.व. २०७६/७७ मा ४५ वटा जिल्लामा मात्र बालगृह सञ्चालनमा रहेको पाइएको छ । ती जिल्लाहरूमा जम्मा ४८९ वटा बालगृहहरूमा ११,३५० जना बालबालिका (बालक ५,१९४ र बालिका ६,१५६) संरक्षणमा रहेको देखिन्छ । औसतमा एउटा बालगृहमा २३ जना बालबालिका आवासीय रुपमा रहेको देखिएको छ । बालगृहहरूले कोभिड-१९ को संक्रमणको अवधिमा २,०५७ जना बालबालिकालाई (बालक १,११५ र बालिका ९४२) घर पठाएको र आ.व. २०७६/७७ मा ३४३ जना बालबालिकालाई (बालक १७३ र बालिका १७०) परिवारमा पुनर्एकीकरण गरिएको जानकारी प्राप्त भएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा सञ्चालनमा रहेका ५३३ वटा बालगृहहरूमध्ये १४ वटा बालगृहहरूमा ३५६ जना अपाङ्गता भएका बालबालिकालाई (बालक १६१ र बालिका १९५) आवासीय संरक्षण प्रदान गरिएको थियो । यस आर्थिक वर्षमा जम्मा ४८९ वटा बालगृह सञ्चालनमा रहेकामध्ये अपाङ्गता भएका बालबालिकालाई आवासीय संरक्षण दिने बालगृह जम्मा १८ वटा (संखुवासभामा १, झापामा १, मकवानपुरमा १, काठमाण्डौंमा १४ र ललितपुरमा १) सञ्चालनमा रहेको जानकारीमा आएको छ । ती बालगृहहरूमा हाल जम्मा ३४६ जना बालबालिका (बालक १९५ र बालिका १५१) आवासीय रुपमा रहेका छन् । ती बालबालिकामध्ये केही अपाङ्गता नभएका समेत रहेको बुझिएको छ । ती बालगृहबाट कोभिड-१९ को संक्रमण अवधिमा जम्मा १९३ जना बालबालिका (बालक ११४ र बालिका ७९) आफ्नो घर पठाइएको र बालगृहबाटै ८ जना बालक र १ जना बालिकालाई पारिवारिक पुनर्एकीकरण गरिसकेको जानकारी रहेको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्बाट काठमाडौ, ललितपुर, नुवाकोट, बाँके, सुर्खेत कैलाली, कञ्चनपुर, चितवन, मकवानपुर, सर्लाही, मोरङ र सुनसरी गरी जम्मा २१६ वटा बालगृहमा स्थलगत अनुगमन भएको थियो । यसमध्ये १०२ वटा बालगृहको अवस्था राम्रो, १०० वटा बालगृहको अवस्था सन्तोषजनक र १४ वटा बालगृहको अवस्था कमजोर रहेको पाइएको छ । मापदण्ड नपुऱ्याई कमजोर अवस्थामा सञ्चालनमा रहेका १४ वटा बालगृहमध्ये ८ वटा बालगृहलाई आवश्यक सुधार गरी मापदण्ड बमोजिम सञ्चालन गर्न सचेत गराइएको छ भने बाँकी देहायका ६ वटा बालगृहबाट ५५ जना बालबालिका (बालिका ३६ र बालक १९) उद्धार गरी ५२ जनालाई परिवारमा पुनर्एकीकरण गरिएको छ । यसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १८ः बालगृहबाट उद्धार गरिएका बालबालिकाको संख्या, २०७६/७७

| क्रसं | बालगृहको नाम र ठेगाना | उद्धार गरिएका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | नमुना प्रगतिशील महिला समाज, बाफल, काठमाडौ | ४ | ५ | ९ |
| २ | सेफ होस्टेल, नख्खु, ललितपुर | ० | १८ | १८ |
| ३ | मानवीय तथा सामाजिक सरोकार केन्द्र, गोठाटार, काठमाडौ | ९ | २ | ११ |
| ४ | पुनर्उत्थान प्रतिष्ठान नेपाल, भैसेपाटी, ललितपुर | ३ | ४ | ७ |
| ५ | न्यु नेपाल कम्युनिटी सर्भिस, चन्द्रागिरी, काठमाडौ | ० | ७ | ७ |
| ६ | सहारा इन्टरनेसनल नेपाल, बुढानीलकण्ठ, काठमाडौं | ३ | ० | ३ |
| **जम्मा** | | **१९** | **३६** | **५५** |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

उद्धार गरिएका ५५ जनामध्ये ५२ जना बालबालिकालाई निजहरूको परिवारमा पुनर्एकीकरण गरिएको छ भने परिवारमा पठाउन नसकिएका सहारा इन्टरनेसनल नेपाल, बुढानीलकण्ठ, काठमाडौंका ३ जना बालबालिकालाई अस्थायी संरक्षणमा राखिएको छ ।

जम्मा ४८९ वटा बालगृहहरूमध्ये ६ वटा बालगृहहरूमा (काठमाण्डौंमा ४ र ललितपुरमा २) एचआइभी/एड्स संक्रमित बालबालिका ८८ जना (बालक ५३ र बालिका ३५) आवासीय रुपमा संरक्षणमा रहेको जानकारी रहेको छ ।

### ३.१२.२ *अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनःस्थापना केन्द्रहरू*

सडक बालबालिका उद्धार गरी अस्थायी संरक्षण दिने, विभिन्न कारणले जोखिम र बेवारिस अवस्थामा परेका बालबालिकालाई अल्पकालीन आश्रय दिने, सामाजिकीकरण गर्ने तथा मनोसामाजिक विमर्श, अनौपचारिक शिक्षा, अतिरिक्त क्रियाकलाप र तालिम लगायतका सेवा प्रदान गर्न गैरसरकारी क्षेत्रबाट अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनःस्थापना केन्द्रहरू सञ्चालनमा रहेका छन् । गत आर्थिक वर्षमा १७ वटा पुनःस्थापना केन्द्रहरूमा जम्मा २३७ जना बालबालिका (बालक १५७ र बालिका ८०) रहेकोमा यस आर्थिक वर्ष (२०७६/७७ मा उक्त संस्थाको संख्या १८ वटा रहेको छ र ती संस्थाहरूमा २०७७ भदौ मसान्तसम्ममा जम्मा २३१ जना बालबालिका (बालक १५४ र बालिका ७७) रहेको जानकारी रहेको छ । यस आ.व. मा सञ्चालनमा रहेका संस्थाहरू र सोमा रहेका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १९: पुनःस्थापना केन्द्र र बालबालिकाको संख्या, २०७६/७७

| क्रसं | जिल्ला | बालगृहको नाम | ठेगाना | हाल संरक्षित बालबालिका | | |
|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा |
| १ | झापा | बालबालिका पुनःस्थापना केन्द्र | दमक न.पा. ९ | ० | ० | ० |
| २ | काठमाडौं | एपिसी नेपाल | रामघाट | १२ | ० | १२ |
| ३ | काठमाडौं | एक्शेश ट्रान्जिट होम | धापासी | ० | २ | २ |
| ४ | काठमाडौं | एबिसी नेपाल | नरेफाँट | ० | १५ | १५ |
| ५ | काठमाडौं | बेथानी भिजन | गौरीघाट | १ | ७ | ८ |
| ६ | काठमाडौं | कोकन | पेप्सीकोला | ० | ० | ० |
| ७ | काठमाडौं | बाल वातावरण केन्द्र नेपाल | नयाँपाटी | ० | ४ | ४ |
| ८ | काठमाडौं | हिमाली नवीन समाज | पासीकोट | १२ | ६ | १८ |
| ९ | काठमाडौं | चेतना अभिवृद्धि नेपाल | बुढानीलकण्ठ | ० | ४ | ४ |
| १० | काठमाडौं | शक्ति समूह | धुम्बाराही | ० | १५ | १५ |
| ११ | काठमाडौं | कुमुदिनी | बाँसवारी | ० | ४ | ४ |
| १२ | ललितपुर | सिपिसिएस | गोदावरी | १२ | २ | १४ |
| १३ | ललितपुर | बाल आवाज | लुभु | ६० | ० | ६० |
| १४ | ललितपुर | छोराछोरी नेपाल | गोदावरी | ४ | ४ | ८ |
| १५ | भक्तपुर | यूसेप नेपाल | नयाँठिमी | १३ | ० | १३ |
| १६ | चितवन | के. आई. नेपाल | भरतपुर | ० | १४ | १४ |
| १७ | कास्की | श्रमिक बालबालिकाको सामाजिक एकीकरण मञ्च | अन्नपूर्ण गा.पा. | २७ | ० | २७ |
| १८ | सुर्खेत | भैरब युवा सशक्तीकरण केन्द्र | पतेनीचोक, बीरेन्द्रनगर | १३ | ० | १३ |
| | | **जम्मा** | | १५४ | ७७ | २३१ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

माथिको तालिका अनुसार १८ वटा अस्थायी पुनःस्थापना केन्द्रहरूमध्ये बालबालिका पुनःस्थापना केन्द्र, झापा र साझा सवालका लागि साझा मञ्च (कोकन), पेप्सीकोलामा २०७७ असोज मसान्ततिर कुनै पनि बालबालिका आवासीय रुपमा रहेको देखिएको छैन । उक्त संस्थाहरूमा उद्धार गरिएका तथा अति जोखिम अवस्थामा रहेका बालबालिकालाई अल्पकालीन रुपमा राखिने भएकोले तालिकामा दिइएको संख्या चलायमान संख्या हो ।

### ३.१२.३ *बाल सुधार गृह*

बाल बिज्याँइका विभिन्न घटनाहरूमा अदालतबाट दोषी ठहरिएका बालबालिकालाई तोकिएको समयावधिका लागि कारागारमा नराखी सुधार गृहमा राख्ने गरिएको छ । देशभरका सचालनमा रहेका ८ वटा बाल सुधार गृहहरूमा गत आ.व. मा जम्मा ८२१ जना बालबालिका रहेकोमा आ.व. २०७६/७७ मा ३६ किसिमका बिज्याँइका कारण जम्मा १,०५३ जना बालबालिका बाल सुधार गृहमा रहेका थिए, सोमध्ये कोभिड-१९ को जोखिम बढ्दै गएपछि बाल सुधार गृहमा धेरै बालबालिका रहँदा जोखिम बढी हुनसक्ने विषयलाई मध्यनजर गरी महान्याधीवक्ताको कार्यालय, कारागार व्यवस्थापन विभाग र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा बिज्याँइको प्रकृतिका आधारमा ३५२ जना (९ जना बालिका सानोठिमी, भक्तपुरमा) बालबालिकालाई बिज्याँइको कसूर मिनाहा गरी परिवारमा पठाइएको छ । हाल बाल सुधार गृहमा रहेका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २०: बाल सुधार गृह र बालबालिकाको संख्या, २०७६/७७

| क्रसं | बाल सुधार गृह | कोभिड-१९ को कारण परिवारमा पठाइएका | हाल बाल सुधार गृहमा रहेका |
|---|---|---|---|
| १ | भक्तपुर | १२६ (९ बालिका) | १६६ (२७ बालिका) |
| २ | मोरङ | २८ | १५५ |
| ३ | कास्की | १६ | ७५ |
| ४ | मकवानपुर | ८ | ३५ |
| ५ | पर्सा | ८१ | ४५ |
| ६ | रुपन्देही | १८ | ७५ |
| ७ | बाँके | ५२ | १०४ |
| ८ | डोटी | २३ | ४६ |
| **जम्मा** | | ३५२ | ७०१ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

माथिको तालिकाबाट सबैभन्दा बढी सानोठिमी, भक्तपुरमा, १६६ जना बालबालिका (२७ जना बालिकासहित) रहेका छन् भने विराटनगर, मोरङमा १५५ जना रहेको र सबभन्दा कममा हेटौंडा, मकवानपुरमा ३५ जना रहेका छन् । केन्द्रीय बालन्याय समितिका अनुसार उपर्युक्त बालबालिकाबाट ३६ किसिमका बिज्याँइ भएको जानकारी रहेको छ । बाल सुधार गृहमा पर्याप्त भौतिक सुविधा नभएको जानकारी रहेको छ । बाल बिज्याँइका प्रकृति र संख्या न्यूनीकरण गर्ने तथा बाल सुधार गृहमा भौतिक सुविधा सुधार गर्ने कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ ।

### ३.१२.४ अभिभावकसँगै कारागारमा आश्रित बालबालिकाको स्याहार

कुनै पनि बिज्याँइ नगरेका, तर बाबुआमा तथा अभिभावक कैदीबन्दीको रुपमा रहँदा घरपरिवारमा साना बालबालिकालाई लालनपालन गर्ने कोही नभएको अवस्थामा त्यस्ता बालबालिकासमेत बाबुआमा तथा अभिभावकसँगै कारागारमा बस्न बाध्य भएका छन् । आ.व. २०७५/०७६ मा विभिन्न कारागारमा ८२ जना बालबालिका आश्रित रहेका थिए भने २०७६ साल श्रावण देखि २०७७ असारसम्म विभिन्न ३२ वटा जिल्लामा कूल ८१ जना बालबालिका बाबु वा आमा वा अभिभावकसँग कारागारमा आश्रित रहेको पाइएको छ । बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ४८ अनुसार थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । त्यस्तो अवस्थामा रहेका बालबालिकालाई बाल कल्याण अधिकारीले वैकल्पिक स्याहार लगायत अन्य सेवा प्रदान गर्नु पर्ने कानूनी व्यवस्था छ ।

कारागारमा आमा वा बाबु वा अभिभावकसँग आश्रित बालबालिकालाई बन्दी सहायता नेपाल, प्रारम्भिक बालविकास केन्द्र, पीडित सेवा संघ, बन्दी सहायता नियोगजस्ता संस्थाहरूले कारागारबाट स्थानान्तरण गरी संस्थागत संरक्षण तथा पुनःस्थापना गरेका छन् । ती संस्थाहरूमा आर्थिक वर्ष २०७४/७५ देखि २०७६/०७ सम्मसंरक्षणमा रहेका बालबालिकाको संख्या तलको तालिकामा दिइएको छ ।

तालिका २१ः संस्थाहरूमा संरक्षणमा रहेका बालबालिकाको संख्या, आ.व. २०७४/७५ - २०७६/७७

| क्रसं | संस्था | २०७४/०७५ | | | २०७५/०७६ | | | २०७६/७७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | बन्दी सहायता नेपाल | ९८ | ९६ | १९४ | ७५ | ७५ | १५० | ९० | १०० | १९० |
| २ | प्रारम्भिक बालविकास केन्द्र | २० | ३० | ५० | १३ | ३० | ४३ | ९ | २४ | ३३ |
| ३ | पीडित सेवा संघ | १४ | ९ | २३ | १५ | ० | १५ | ३४ | ० | ३४ |
| ४ | बन्दी सहायता नियोग | १८ | १४ | ३२ | १६ | १२ | २८ | १६ | १३ | २९ |
| | जम्मा | १५० | १४९ | २९९ | ११९ | ११७ | २३६ | १४९ | १३७ | २८६ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

माथिको तालिका अनुसार कारागारमा आमा वा बाबुसँग आश्रित बालबालिकालाई संस्थागत संरक्षणमा राखिएका बालबालिकाको संख्यामा उतारचढाब देखिएको छ । कारागारमा आश्रित यस्ता बालबालिकालाई संस्थागत संरक्षणमा राख्ने कार्यमा सरकारबाट नवीनतम् उपाय अपनाउन जरुरी देखिएको छ ।

### ३.१२.५ बाबुआमाविहीन बालबालिकाको संरक्षण

नेपालको संविधानको धारा ३९ को उपधारा (९) मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामा १३ अवस्थाका बालबालिकालाई समावेश गरिएको छ, जसमा - (क) अनाथ

बालबालिका, (ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, (ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह गरिएका बालबालिका समेत रहेका छन् ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ । संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार पनि आमाबाबु दुवैविहीन एवम् आमाबाबु दुवै वा कुनै एक जीवित हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको लालनपालन गर्न असमर्थ भएका परिवारका बालबालिकालाई राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी रहने स्पष्ट देखिन्छ।

अनाथ बालबालिकाको निमित्त काम गर्न वि.सं. २००८ सालमा परोपकार अनाथालयको स्थापना भएको देखिन्छ । त्यसपछि राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत बाल मन्दिर तथा नेपाल बाल संगठनको स्थापना २०२१ सालमा भयो । बाल मन्दिर विद्यालयको देशव्यापी विस्तारसँगै अनाथ बालबालिकाको शिक्षा र हेरचाहको व्यवस्था गर्ने कार्य भयो । योजनागत रुपमा सातौं योजनादेखि पन्ध्रौं योजना सम्ममा बाबुआमाविहीन लगायत अन्य जोखिम अवस्थामा परेका बालबालिकाको संरक्षणका विषयहरू समावेश भएका छन् । पन्ध्रौ योजनामा अनाथ, असहाय, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिकालाई राज्यबाट संरक्षण गर्ने रणनीति अवलम्बन गरिएको छ र मुख्य कार्यक्रमको रुपमा अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षकको रुपमा राज्य रहने महत्वपूर्ण कार्यक्रम समावेश गरिएको छ ।

राष्ट्रिय बालदिवस, २०७७ को उपलक्ष्यमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवि भण्डारीज्यूबाट अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षकत्व राज्यले ग्रहण गर्ने नीति रहेको सन्देश दिनु भएको छ भने सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले अभिभावक गुमाएर अनाथ भएका बालबालिकाको राज्यले संरक्षकत्व ग्रहण गर्ने काम थालनी भएको जानकारी गराउनु भएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७१ बाट ०-१७ वर्ष उमेरका कूल बालबालिकामध्ये (१,१५,६६,०७६ जना प्रक्षेपित) आफ्ना बाबुआमासँग नरहेका बालबालिका ४.८ प्रतिशत, बाबुआमा दुवैको मृत्यु भइसकेकाको बालबालिकाको संख्या २३,१३२ (०.२%) देखिएको र आमाबाबुमध्ये कुनै एकको मृत्यु भएका ४,७४,२०९ जना (४.३%) देखिएको थियो । यसैगरी २०७६ सालमा सम्पन्न सोही सर्वेक्षण अनुसार आफ्ना बाबुआमासँग नरहेका बालबालिका ५.३ प्रतिशत, आमाबाबुमध्ये कुनै एकको मृत्यु भएका बालबालिका ४.२ प्रतिशत देखिएको छ भने दुवै बाबुआमाको मृत्यु भएका बालबालिकाको प्रतिशत एकीन भएको देखिँदैन । विगत पाँच वर्षको अवधिमा गरिएका यी दुई अध्ययनको नतिजा सूचकहरूमा उल्लेख्य परिवर्तन भएको देखिँदैन । यसबाट बाबुआमा दुवैको मृत्यु भइसकेका बालबालिकाको संख्यामा सामान्य वृद्धि मात्र भएको अनुमान गर्न सकिन्छ ।

संघीय सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा बालबालिकालाई राज्यले संरक्षण गर्नुपर्छ भन्ने सरकारको धारणा अनुरूप दलित तथा कर्णाली क्षेत्र र तराई/मधेश लगायतका उक्त बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो तुल्याएको छ (अनुसूची ३) । बाबुआमा दुवैविहीन बालबालिकाको आधारभूत सेवा, सुविधा तथा संरक्षणप्रति संघीय, प्रदेश र स्थानीय तीनै तहको ध्यानाकर्षण भई कार्यक्रम अगाडि बढ्नुले यस्ता बालबालिकाको संरक्षण तथा विकासमा उत्साहजनक योगदान पुग्न गई कठिन अवस्थामा परेका बालबालिकाको अधिकार सुनिश्चित हुने विश्वास गर्न सकिन्छ ।

## ३.१३ सामाजिक सुरक्षा र बालबालिका

अन्तर्राष्ट्रिय स्तरमाः औपचारिक रुपमा सामाजिक सुरक्षा कार्यक्रम सबभन्दा पहिला जर्मनीले सन् १८८० को दशकदेखि बिरामी कामदारको स्वास्थ्य बीमाबाट, फ्रान्सले सन् १९०५ देखि बेरोजगारी भत्ता व्यवस्थाबाट, बेलायतले सन् १९११ देखि स्वास्थ्य बीमा, बेरोजगारी भत्ता र जेष्ठ नागरिकको बीमा वा भत्ता कार्यक्रमबाट र तत्कालिन सोभियत संघले सन् १९२२ देखि बृहत सामाजिक सुरक्षाको व्यवस्था शुरु गरेको पाइन्छ । यसैगरी अमेरिकाले सन् १९३५ मा बेरोजगार, बृद्धबृद्धा र सेवा निवृत्त कर्मचारीका लागि भत्ता वा बीमाको व्यवस्था गरेको देखिएको छ । नेपालमा सामाजिक सुरक्षासम्बन्धी कार्यको थालनी वि.सं. १९९१ (सन् १९३५) तिर प्रथम विश्वयुद्धबाट फर्केका घाइते नेपाली सैनिकहरूलाई वार्षिक एकमुष्ठ रकम उपलब्ध गराउने प्रयाससँगै शुरु भएको देखिएको छ । हालसम्म आइपुग्दा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विधवा, लोपोन्मुख तथा सीमान्तकृत जातजाति लगायत राज्यबाट संरक्षण सहयोग गर्नुपर्ने नागरिकहरूका लागि राज्यबाट सामाजिक सुरक्षा कार्यक्रमलाई निकै सुधार र विस्तार गर्दै आएको देखिन्छ ।

सामाजिक सुरक्षाको विषयलाई संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रिय स्तरका विभिन्न घोषणाहरूले सम्बोधन गरिरहेका छन् । खासगरी संयुक्त राष्ट्र संघको सन् १९४८ को मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा लगायत हालसम्मका विभिन्न घोषणाहरूबाट विभिन्न अवस्थाका र उमेर समूहका व्यक्ति एवम् समूहका लागि सामाजिक सुरक्षाका विषयहरू समावेश गरेको पाइन्छ । बाल अधिकार महासन्धि, १९८९ को धारा २६ अनुसार प्रत्येक बालबालिकालाई सामाजिक सुरक्षा लगायत बिमा सुविधाबाट लाभान्वित हुन पाउने अधिकार हुन्छ ।

नेपालको संविधान (२०७२) को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई विशेष संरक्षण पाउने अधिकार हुने व्यवस्था छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ मा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको व्यवस्था छ । लक्षित व्यक्ति, परिवार तथा समुदायको योगदानमा आधारित नहुने सामाजिक

सुरक्षा कार्यक्रमसँग सम्बन्धित मुख्य ऐनको रूपमा सामाजिक सुरक्षा ऐन, २०७५ रहेको छ। अन्य विभिन्न ऐनहरूमा पनि सामाजिक सुरक्षासम्बन्धी प्रावधानहरू रहेका छन् । राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय एकीकृत सामाजिक संरक्षण संरचना तयार भएको छ। आ.व. २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. ७१ र ७४ मा सामाजिक सुरक्षा सम्बन्धी विषयहरू समावेश भएका छन् (अनुसूची २) । प्रदेश र स्थानीय तहबाट सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालनमा ल्याएको देखिन्छ ।

सामान्यतयाः परिवारको संख्या, घरमुलीको शिक्षा, जातजाति, आवास, परनिर्भरता, आफ्नो जग्गा र अन्य आम्दानीजस्ता पक्षहरूले बाल गरिबीको गहनता निर्धारण गर्दछ । निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्या १८.७ प्रतिशत र बहु-आयामिक गरिबी २८.६ प्रतिशत रहेको देखिएको छ। निरपेक्ष र बहु-आयामिक दुवै गरिबीले बालबालिकाको आवास, खानपिन, शिक्षा, स्वास्थ्य, सरसफाई, खानेपानी, खेलकुद र मनोरञ्जन लगायत बालबालिकाको समग्र विकासमा गहन र दीर्घकालीन प्रभाव पारिरहेको हुन्छ । गरिबीको दीर्घकालीन प्रभाव बयस्कमा भन्दा बालबालिकामा बढी पर्दछ र बालबालिकाको जोखिमता बयस्कहरूको भन्दा धेरै र बहुआयामिक प्रकृतिका हुन्छन् । त्यसैले सामाजिक सुरक्षा सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्दा गरिबीभित्र बाल जोखिमतालाई सुक्ष्म रुपमा ध्यान दिनुपर्ने हुन्छ ।

अध्ययनहरूबाट सामाजिक सुरक्षामा खासगरी कर्मचारीहरूले पाउने पेन्सन र उपदान, ज्येष्ठ नागरिक, एकल तथा विधवा, अपाङ्गता भएका, लोपोन्मुख जातजाति र बाल पोषण जस्ता गैर योगदानमूलक नगद हस्तान्तरण सहयोग भत्ता र छात्रवृत्ति गरी तीन समूहमा हुने गरेको खर्चमा सामान्यतः ६८ प्रतिशत वा सोभन्दा बढी पेन्सन र उपदानमा, २९ प्रतिशत सहयोग भत्तामा र ३ प्रतिशत छात्रवृत्तिमा खर्च हुने जानकारी पाइएको छ। सहयोग भत्ता पाउनेमध्ये लाभग्राहीहरूको संख्या र सरदर वार्षिक भत्ताको रकमको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

तालिका २२ः सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही, वार्षिक रकम र बालबालिका (आ.व. २०७४/७५-२०७६/७७)

| आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७५/०७६ | | २०७६/०७७ | |
|---|---|---|---|---|---|---|---|
| **समूह** | | | | **रु.मासिक** | **वार्षिक (रु.हजारमा)** | **वार्षिक (रु.हजारमा)** | **प्रतिशत** |
| ज्येष्ठ नागरिक | १,२३१,५८६ | १,२७६,१३७ | १,३२९,०८७ | २,००० | ३०,६२७,२८८ | ३१,८९८,०८८ | ४३.८२ |
| एकल महिला | १०५,४८० | ११६,३४४ | ९७,२१८ | २,००० | २,७९२,२५६ | २,३३३,२३२ | ३.२१ |
| विधवा | ५६९,००५ | ६००,५८९ | ६४३,९४२ | २,००० | १४,४१४,१३६ | १५,४५४,६०८ | २१.२३ |
| अशक्त अपाङ्गता | ३९,५०८ | ४३,२२६ | ४६,८०३ | ३,००० | १,५५६,१३६ | १,६८४,९०८ | २.३१ |
| आंसिक अपाङ्गता | ६५,२९२ | ७३,८६९ | ८०,९४१ | १,६०० | १,४१८,२८५ | १,५५४,०६७ | २.१३ |
| लोपोन्मुख जातजाति | २४,७६१ | २४,२०४ | २४,३४५ | ३,००० | ८७१,३४४ | ८७६,४२० | १.२० |
| बालपोषण | ५२१,५०७ | ६७९,७१५ | ७३७,५७९ | ४०० | ३,२६२,६३२ | ३,५४०,३७९ | ४.८६ |
| | २,५५७,१३९ | २,८१४,०८४ | २,९५९,९१५ | | ५४,९४२,०७७ | ५७,३४१,७०२ | |
| ७० वर्ष माथिका ज्येष्ठ नागरिक स्वास्थ्य भत्ता | १११,८४६ | १,१९२,३५६ | १,२८८,०१७ | १,००० | १४,३०८,२७२ | १५,४५६,२०४ | २१.२३ |
| **जम्मा** | | | | | ६९,२५०,३४९ | ७२,७९७,९०६ | १०० |

*स्रोतः आर्थिक सर्वेक्षण २०७६/७७*

उपर्युक्त बजेट/खर्च विवरणमा विभिन्न किसिमका छात्रवृत्तिमा आ.व. २०७६/७७ मा रु. ३ अर्व १९ करोड विनियोजन गरिएको रकम समावेश गरिएको छैन। आ.व. २०७७/७८ मा रु. २ अर्व ७० करोड विनियोजन गरिएको रकम समावेश छैन। यसैगरी, सहिद परिवार, सहिदका छोराछोरी, द्वन्द्व प्रभावित बालबालिकाका लागि प्रदान गर्ने भत्ता समेत समावेश छैन। सहयोग भत्ता प्राप्त गर्ने कूल बालबालिकाको संख्यामा यस किसिमका सहयोग भत्ता प्राप्त गर्ने बालबालिकाको संख्या निकै कम हुने अनुमान रहेको छ।

ज्येष्ठ नागरिकलाई स्वास्थ्य भत्ता सहित ६५ वा सोभन्दा बढी, एकल र विधवा भत्ता करिब २४.५ प्रतिशत, अपाङ्गता भत्ता करिब ४.५ प्रतिशत, लोपोन्मुख जातजाति भत्ता १.२ प्रतिशत र बाल पोषण भत्ता करिब ४.८ प्रतिशत खर्च हुने देखिन्छ। अपाङ्गता र लोपोन्मुख जातजाति भत्तामा बालबालिका नछुट्टिने हुँदा कूल जनसंख्यामा बालबालिकाको प्रतिशत (४१.८४%) को आधारमा छुट्याउँदा करिब २.४ हुन आउँछ। यसबाट सहयोग भत्ताको समूहबाट बालबालिकाको अंशभार ७.२ प्रतिशतसम्म हुन आउँछ। यस अतिरिक्त छात्रवृत्ति वापतको रकम समावेश गर्दा सरदर १० प्रतिशत वा सोभन्दा केही बढी हुन आउने देखिन्छ।

हाल प्रदान गरिँदै आएका विभिन्न किसिमका नगद हस्तान्तरण (मासिक भत्ता) को अवस्था हेर्दा आर्थिक रुपले निष्कृय व्यक्तिहरूका लागि गरिने खर्च वास्तवमा खर्च नै हुन्छ भने बालबालिकाका लागि गरिने यस्ता खर्चहरू भविष्यका लागि मानव पुँजी विकासमा लगानीको रुपमा रहन्छ। कानूनी, नीतिगत र कार्यक्रमगत व्यवस्था यसरी बाल संवेदनशील हुँदाहुँदै पनि, बालपोषण र छात्रवृत्तिबाट लाखौं बालबालिका समेटिएता पनि, सडक बालबालिका लगायत बालश्रमिक, अति जोखिममा परेका बालबालिका लक्षित सहयोगका कार्यहरू हुँदाहुँदै पनि कानूनमा समावेश गरिएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार प्रत्याभूतिका लागि बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण र विकासका लागि सामाजिक सुरक्षा अन्तर्गत सहयोग भत्ता वापतको कूल रकममा बालबालिकाको आवश्यकता र संरक्षणको आधारमा बालबालिकालक्षित सामाजिक सुरक्षाको अंशभार बढाउनु आजको आवश्यकता भई सकेको छ। यस कार्यमा संघ, प्रदेश र स्थानीय तीनै तहको योगदानलाई मूलप्रवाहीकरण गर्नु पर्दछ।

उपर्युक्त व्यवस्थाबाट सामाजिक सुरक्षा कार्यक्रम सशक्त हुँदै जाने विश्वास गर्न सकिन्छ। आर्थिक रुपले सक्रिय नहुने जनसंख्या वा व्यक्तिहरूका लागि प्रदान गरिने विविध किसिमका सहयोग भत्ताहरू वास्तविक खर्च हो भने बालबालिकाका लागि गरिने सहयोग भत्ताहरू देशका लागि आवश्यक हुने भावी जनशक्तिका लागि लगानी हो। त्यसैले बालबालिकाको आधारभूत आवश्यकता परिपुर्ति गर्न राज्यको सहयोग आवश्यक हुने विभिन्न समूहका बालबालिकाका लागि (आर्थिक अवस्था कमजोर भएका परिवारका, अनाथ/असहाय, अपाङ्गता भएका, एचआइभि/एड्स प्रभावित, आदि) सामाजिक सुरक्षा अन्तर्गत नयाँ कार्यक्रमहरू थप हुन र हाल प्रचलनमा रहेका मासिक भत्ताको रकममा वृद्धि हुन जरुरी छ।

## ३.१४ बालबालिकाको गोपनीयता

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिको धारा १६ मा बालबालिकाको गोपनीयताको संरक्षण गर्नुपर्ने तथा कुनै पनि बालबालिकाको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी

हस्तक्षेप गरी उनीहरूको प्रतिष्ठामा असर पार्न नहुने व्यवस्था रहको छ । नेपालको संविधानमा मौलिक हक अन्तर्गत धारा २८ मा गोपनीयताको हकको प्रत्याभूति गरिएको छ । यो हक बालबालिकाको सन्दर्भमा पनि लागू हुन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (१-३) सम्म बालबालिकाको गोपनीयताको अधिकारका प्रावधानहरू रहेका छन् । तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिने व्यवस्था छ ।

सर्वोच्च अदालतबाट २०६४/०९/१० मा विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका जारी भएको छ । यसैगरी सञ्चार माध्यमलाई बालसंवेदनशील बनाउनका लागि प्रेस काउन्सिल नेपालबाट 'बालमैत्री सञ्चार निर्देशिका, २०७३' समेत जारी भएको छ (अनुसूची २) । यसरी बालबालिका सम्बन्धी मुद्दा र घटनाबाट बालबालिकाको गोपनीयताको हक संरक्षण गर्ने क्रम बढ्दो छ ।

सञ्चारको श्रव्य-दृष्य एवम् छापा माध्यममा हिंसा, शोषण वा दुर्व्यवहारमा परेका बालबालिका सम्बन्धी सूचना वा समाचारमा वास्तविक नाम नदिने र तस्बीर नचिनिने गरी दिने अभ्यास पनि बढ्दो क्रममा रहेको छ । बालबालिकाविरुद्ध भएका खासगरी यौनशोषण, दुर्व्यवहार लगायत बालबिज्याइँका घटनाहरूमा अदालती कारवाहीका क्रममा लिखतहरूमा बालबालिकाको वास्तविक नाम उल्लेख नगरी साङ्केतिक नाम उल्लेख गर्ने व्यवस्था सबैतिर कार्यान्वयनमा रहेको छ ।

बालमैत्री सञ्चार निर्देशिका, २०७३ मा पनि बालबालिकाको गोपनीयताको सम्मान गर्नुपर्ने विषय समावेश भएको छ । सार्वजनिक हितका लागि आवश्यक रहेको र बालबालिकालाई हानि नगर्ने कुरा सुनिश्चित भएको अवस्थामा बाहेक बालबालिकाको परिचय सार्वजनिक गर्नु नहुने तर बालबालिकाका निम्ति जोखिमपूर्ण नहुने वा उनीहरूमा तत्काल र दीर्घकालमा समेत नकारात्मक असर नपर्ने अवस्थामा उनीहरूको परिचय खुलाउन सकिने उल्लेख छ । यौन हिंसा वा दुर्व्यवहारको शिकार भएका बालबालिकाको परिचय पूर्णतः गोप्य राखिनु पर्ने, बालबालिका नातेदार सम्बन्धका व्यक्तिबाट त्यस्तो हिंसा वा दुर्व्यवहारको शिकार भएको अवस्थामा ती बालबालिकाको गोपनीयताको संरक्षण गर्न अभियुक्तको परिचयसमेत खुलाउनु नहुने गरी न्यायका याचक वा याचिकाबीच आत्मविश्वास र सुरक्षाको भावना विकसित गर्न उनीहरूको व्यक्तिगत परिचय वा अन्य सूचना सम्बन्धी गोपनीयताको प्रत्याभूति गरिनु पर्ने लगायत बालबालिका दुष्कर्मको शिकार भएको घटना सम्बन्धी समाचार वा समाचारमूलक सामग्री नाम परिवर्तन गरेर होइन सङ्केत मात्र उल्लेख गरेर तयार गरिनु पर्ने व्यवस्था भएको छ । यी व्यवस्थाहरू बमोजिम बालबालिकाको विषयको गाम्भीर्यता अनुसार गोपनीयता कायम गर्ने कार्यहरू भइरहेका छन् ।

## ३.१५ शारीरिक सजाय र हेपाई/बुलिङ

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिको धारा १९ मा राज्यले बालबालिकालाई बाबुआमा, अभिभावक तथा अन्य जिम्मेवार व्यक्तिहरूबाट हुने वा हुन सक्ने सबै प्रकारका दुर्व्यवहार, बेवास्ताजस्ता

कार्यबाट संरक्षण गर्नुपर्ने व्यवस्था छ । यसैगरी धारा ३७ मा कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रुरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजायँ दिनु तथा गैरकानूनी वा अनूचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिनु हुदैन भन्ने व्यवस्था छ ।

बालबालिकालाई कुनै पनि किसिमको सजाय, यातना दिनु नहुने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने उल्लेख भएबाट बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, यातना र हेलाजस्ता व्यवहारविरुद्ध बालबालिकाले संरक्षण हुन पाउने अधिकार प्रत्याभूत गरेको छ । दफा ६६ मा घर, विद्यालय वा जुनसुकै स्थानमा बालबालिकालाई शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिकाविरुद्ध हुने हिंसाको रूपमा परिभाषित गरिएको छ र दफा ७२ मा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पचास हजार रुपैंया सम्म जरिवाना र एक वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ ।

बालबालिकामाथि हुने शारीरिक तथा मानसिक दण्ड सजायविरुद्ध सचेतना कार्यहरू विगत वर्षहरूदेखि भइरहेको छ । तथापि, विभिन्न घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बाल सुधार गृह, उपचार केन्द्र, कार्यस्थल तथा अन्य स्थानमा बालबालिकामाथि शारीरिक तथा मानसिक सजाय वा यातना दिने गरेका घटनाहरू प्रकाशमा आइनै रहेका छन् । बालबालिका परिवार, समुदाय, विद्यालय लगायतका स्थानहरूमा ठूला उमेरका व्यक्तिहरू, शिक्षक एवम् साथीहरूबाट विविध किसिमका हेपाइहरूबाट प्रभावित भइरहेका घटनाहरू सार्वजनिक भइरहेका छन् । विद्यालयहरूमा बालबालिकालाई उनीहरूको शैक्षिक एवम् नैतिक पक्ष सुधार्नका लागि अनुशासन कायम गर्नु पर्दछ भन्ने सोचले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ[३] ।

विद्यालयमा बालमैत्री शिक्षण पद्दतिबाट अध्ययन/अध्यापन गराइने उद्देश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आवश्यक नीति तथा निर्देशिकाहरू जारी भएका छन् । तथापी, विद्यालयहरूमा कतिपय शिक्षकहरूबाट हुने गरेका शारीरिक तथा मानसिक सजाँयबाट बालबालिका प्रभावित भएका घटनाहरू प्रकाशमा आउने गरेका छन् । यस्ता घटनाहरूबाट बालबालिकाको व्यक्तित्व विकासमा समेत असर पुग्दछ । परिवार, विद्यालय लगायत अन्य सरोकारवालाहरूले बालबालिकालाई दिने शारीरिक तथा मानसिक सजाँय र हेपाई पनि बालहिंसा र दुर्व्यवहार अन्तर्गत नै पर्न आउँछ । यसतर्फ सबै सचेत हुन र बालबालिकाप्रति बालमैत्री व्यवहार हुन जरुरी छ । केन्द्रीय तथ्याङ्क विभागबाट भएको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार १ देखि १४ वर्ष उमेर समूहका बालबालिकामध्ये ८२ प्रतिशतले शारीरिक तथा मानसिक कुनै सजाय पाएको देखिएको छ । बालबालिकाविरुद्ध हुने यस्ता सजायले बालबालिकाको मनमष्तिष्कमा दीर्घकालीन प्रभाव समेत रहने भएकोले बालबालिका संलग्न हुने कुनै पनि स्थानबाट कुनै पनि सजायको कार्यलाई निरुत्साहित गर्नुपर्ने जरुरी छ ।

---

३ *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६*

विद्यालयहरूमा बालबालिकालाई विभिन्न किसिमका शारीरिक तथा मानसिक सजाय दिने गरेको जानकारी विभिन्न सञ्चार माध्यमहरूबाट सार्वजनिक भएका छन् । आ.व. २०७६/७७ मा ५६ वटा शारीरिक सजायका घटनाहरू सार्वजनिक भएका छन् । प्रधानाध्यापक तथा शिक्षकहरूबाट ४१ जना बालक र १५ बालिका पीडित भएको देखिएको छ । शारीरिक सजाय दिनुपर्ने कारणहरूमा कपाल लामो पारेको, विद्यालय ढिलो आएको जस्ता रहेको छ । पिटाइ खानेमध्ये १५ जना बालबालिकाले गम्भीर चोट पाएका छन् । साथै शारीरिक सजाय पाउने ३६ जना बालबालिका संस्थागत विद्यालयका छन् भने २० जना बालबालिका सामुदायिक विद्यालयका रहेका छन् । काठमाडौंमा सञ्चालित एउटा विद्यालयका कक्षा ६ र ७ का ३४ जना विद्यार्थीलाई विद्यालयका शिक्षिकाले ब्लेडले हात चिर्न लगाएको घटना समेत प्रकाशित भएको थियो ।

## ३.१६ सूचना प्रविधि र बालबालिका

संविधानको धारा ३९ को उपधारा (६) मा "कुनै पनि बालबालिकालाई ..... कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन" भन्ने उल्लेख छ । साइबर अपराध रोक्न नेपालमा विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सार्वजनिक निकायमा रहेका सार्वजनिक गर्न मिल्ने सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था छ । केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ (ग१) मा अश्लील भाषा वा अश्लील भाव आउने शब्द वा चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरू सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्न निषेध गरेको छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिको धारा १७ मा बालबालिकाको विविध स्रोतको माध्यमबाट उनीहरूको सामाजिक, आध्यात्मिक र नैतिक हित हुने सूचना, जानकारी र सामग्री प्राप्त गर्ने अधिकार हुन्छ । तसर्थ, राज्यले सञ्चार माध्यमलाई यस्ता सूचना र सामग्री प्रचारप्रसार गर्न प्रोत्साहन गर्नुका साथै बालबालिकालाई आघात पुऱ्याउने खालका जानकारी तथा सूचनाबाट संरक्षणका लागि आवश्यक कदम चाल्नु पर्दछ । बालबालिकाको सूचना तथा प्रविधिमा पहुँच हुने अधिकार भएता पनि बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्धको ऐच्छिक प्रलेख, २००० ले बालबालिकालाई यस्ता दुर्व्यवहारबाट संरक्षण गर्नुपर्ने कुरा प्रष्ट पारेको छ ।

सूचना तथा सञ्चार प्रविधिको विकाससँगै अनलाइन माध्यममा बालबालिकामाथि बढ्दो दुर्व्यवहारका घटनालाई सरोकारवालाहरूको संयुक्त पहलबाट न्यूनीकरण गर्न तथा बालबालिकाको लागि इन्टरनेटको सुरक्षित प्रयोगको लागि नेपाल दूरसञ्चार प्राधिकरणले अनलाइन बालसुरक्षा निर्देशिका, २०७६ पारित गरेको छ । यस निर्देशिकामा बालबालिकालाई अनलाइन सेवा दिने सेवा प्रदायकले गर्नुपर्ने, घरपरिवार तथा समाजले गर्नुपर्ने, बालबालिकाले प्रयोग गर्ने वेबसाइट तथा एप्सको जानकारी राख्ने, विद्यालयको कम्प्युटरमा इन्टरनेटको सुरक्षित प्रयोग गर्नुपर्ने, सरोकारवाला संस्थाहरूले गर्नुपर्ने एवम् नेपाल दूरसंचार प्राधिकरणले गर्नुपर्ने कार्यहरूको विस्तृत व्यवस्था रहेको छ ।

विश्वमा भएको सूचना प्रविधिको द्रुत विकास र विस्तारले इन्टरनेट लगायत सामाजिक सञ्जालमा बालबालिकाको पहुँच उल्लेख्य रुपमा बढेको छ । यसबाट बालबालिकाले अनौपचारिक रुपबाट विभिन्न विषयहरू सिक्ने अवसर समेत पाएका छन् । यसबाट बालबालिकालाई सकारात्मक र नकारात्मक दुवै असर पर्दछ । साथै, बालबालिकामाथि अनलाइन यौन दुर्व्यवहारको सम्भावनालाई पनि बढाएको देखिन्छ । एकातर्फ प्रविधिको विकासले मानव जीवन छिटोछरितो भएको र प्रविधिमैत्री पनि बनाएको छ भने अर्कोतर्फ यसको दुरुपयोगले विकृति पनि भित्रिएको छ । यसबाट बालबालिका प्रभावित भएका छन् ।

आ.व.२०७६/७७ मा केन्द्रीय साइबर ब्युरोमा १०४ वटा साइबर बुलिङ्ग, बाल अश्लीलता, झुटो आइडी, छलकपट सम्बन्धी बालबालिका विरुद्धको उजुरी दर्ता भएका थिए । लकडाउनको समय (२०७६ चैत्र देखि २०७७ असार) मा मात्र ४८ वटा यस्ता प्रकृतिका उजुरी दर्ता भएको केन्द्रीय साइबर ब्युरोको तथ्यांकले देखाएको छ । विद्युतीय माध्यमबाट सार्वजनिक हुने तस्बिर, भिडियो, सूचना, जानकारी एकैचोटी धेरै जनामा पुग्ने तथा साइबर स्पेसमा सदाका लागि रही रहने हुँदा बालबालिकाविरुद्ध हुने अनलाइन दुर्व्यवहार अन्य दुर्व्यवहार भन्दा बढी घातक हुने देखिन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिवेदन अनुसार २०७७ असार सम्म नेपालमा इन्टरनेट प्रयोगकर्ताहरूको प्रतिशत ७४.४३ रहेको छ (यो प्रतिशत २०६७ सालमा २.६५ मा सिमित थियो), जसमध्ये ५५.३० प्रतिशत मोबाइल इन्टरनेट प्रयोगकर्ता रहेका छन् । त्यसैगरी यूनिसेफ नेपाल र चाइल्डसेफनेटले सन् २०२० मा गरेको सर्वेक्षण अनुसार नेपालमा ८५.८५ प्रतिशत बालबालिकाले मोबाइलमा इन्टरनेट प्रयोग गर्ने देखाएको छ । साथै अध्ययनले प्रत्येक ४ जना बालबालिका तथा युवामा १ जनाले प्रत्येक दिन १० घण्टा भन्दा बढी इन्टरनेट प्रयोग गर्ने गरेको देखाएको छ । साथै, ४२ प्रतिशत बालबालिका तथा युवाले अश्लील वेबसाइटहरू खोल्ने र हेर्ने गरेको समेत अध्ययनले देखाएको छ ।

नेपालमा विशेषगरी ग्रामीण भेगको तुलनामा शहरी क्षेत्रमा इन्टरनेटको पहुँच हुने भएकोले यस क्षेत्रमा बालबालिका यौन दुर्व्यवहारको उच्च जोखिममा रहेका हुन सक्छन् । अभिभावकको कार्य व्यस्तताले आफ्ना सन्तानलाई प्रशस्त समय दिन नसक्ने तर मोबाइल, ट्याव, ल्यापटप जस्ता विद्युतीय उपकरण किनिदिने गरेका छन् । ती सामग्रीको प्रयोगबारे चासो नराख्ने अभिभावकको प्रवृत्तिले गर्दा बालबालिका अनलाइनमार्फत् हुने यौन दुर्व्यवहारको उच्च जोखिममा समेत रहन्छन् ।

बालबालिकाले विशेषगरी गृहकार्य गर्ने, अनलाइन गेम खेल्न, च्याट गर्ने, फेसबुक, भाइबर आदिजस्ता सामाजिक सञ्जाल चलाउन, सँगीत सुन्नका लागि इन्टरनेटको प्रयोग गर्ने गरेको पाइएको छ । केही बालबालिकाले अश्लील सामग्री हेर्नकै लागि पनि इन्टरनेटको प्रयोग गर्ने गरेको केही सर्वेक्षणले देखाएको छ । यसैगरी अश्लील तस्बिर, अडियो, भिडियो, सन्देश आदि पठाएर बालबालिकामाथि यौनजन्य दुर्व्यवहार हुने गरेको समेत जानकारीमा आएको छ ।

विद्युतीय माध्यमबाट वा अनलाइन माध्यमबाट बालबालिकामाथि हुन सक्ने सम्भाव्य हानिबाट संरक्षणका लागि प्रशस्त प्रयासहरू भएता पनि अनलाइन बाल सुरक्षा सम्बन्धी तथ्यांक तथा पर्याप्त अध्ययन

नहुनु, पीडितलाई कानूनी, मनोसामाजिक, स्वास्थ्य तथा प्राविधिक सहयोगका लागि संस्थागत संयन्त्रको अभाव, अनलाइन हानि तथा जोखिमका बारेमा साझा बुझाइ नहुनु तथा प्राथमिकतामा नपर्नु, अनलाइन हिंसाबाट पीडित बालबालिकाको सहयोगका लागि विस्तृत लेखाजोखा आवश्यक हुनु, अनुसन्धान तथा अभियोजनलाइ बालमैत्री बनाउनु आदि यस क्षेत्रको समस्या तथा चुनौतिको रुपमा रहेका छन् । यस्ता समस्या तथा चुनौतिहरूको दीर्घकालीन समाधानका लागि इन्टरनेटको सुरक्षित तथा प्रभावकारी प्रयोगको विस्तारका लागि तीनै तहको सरकार तथा सरोकारवालाको ध्यान जान जरुरी देखिन्छ ।

## ३.१७ बालमैत्री न्याय

नेपालको संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ । यो संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि कानूनी विवादमा परेका बालबालिकाको न्याय सम्पादनसंग सम्बन्धित विभिन्न निकायहरूबीच समन्वय गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४६ बमोजिम केन्द्रमा केन्द्रीय बालन्याय समिति र दफा ४७ बमोजिम हरेक जिल्लामा जिल्ला बाल न्याय समितिको प्रावधान रहेकोमा बाल न्याय सम्पादन कार्यविधि नियमावली २०७६ को नियम ३० बमोजिम केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय बालन्याय समिति गठन भएको छ भने नियम ३४ बमोजिम जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिहरू गठन भएका छन् । बालबिज्याइँमा संलग्न बालबालिकाका निम्ति अपनाइने बाल न्याय प्रणालीका अतिरिक्त बालबालिकासँग सम्बन्धित विषयहरूमा अदालत संवेदनशील हुँदै आएको छ । कानूनले दण्डनीय ठानेको कार्य गरेका तर कम उमेर तथा शारीरिक तथा मानसिक अपरिपक्वताको कारण वयस्क सरह कानूनी कारवाही नगरिएका बालबालिकाको आचरण सच्याउन उपयुक्त उपचारका लागि राज्यले बाल सुधार गृह, निगरानी कक्ष, बाल अदालत, दिशान्तरण जस्ता अवधारणाका माध्यमबाट बालमैत्री पद्धति अवलम्बन गरेको छ ।

बालबालिकाको संरक्षणको लागि विभिन्न कानूनी व्यवस्थाहरू भएका छन् । बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६७ मा सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम वर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो निजी संघ, संस्थामा नियुक्त, मनोनित वा निर्वाचित हुन दश वर्षसम्म योग्य नमानिने व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले बालबालिकालाई हानि गर्न सक्ने व्यक्तिहरूबाट बालबालिकाको संरक्षण गर्न सहयोग हुने अपेक्षा गरिएको छ । बालबालिका विरुद्धको हिंसाको बारेमा बालबालिका आफैंले उजूरी गर्न नसक्ने हुनाले सोही ऐनको दफा ६८ मा बाबु, आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरून्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्ने व्यवस्था गरिएको छ ।

केन्द्रीय बालन्याय समितिको सचिवालय अनुसार आ.व. २०७६/०७७ मा ५६ वटा जिल्ला अदालतहरूमा जम्मा १,३६२ जना प्रतिवादी बालबालिका (बालक १,३०९ र बालिका ५३ जना) विभिन्न ३६ प्रकारका १,०२२ वटा मुद्दाहरूमा संलग्न भएको जानकारी रहेको छ । कूल १,०२२ वटा मुद्दाहरूमध्ये जम्मा ४१६ वटा (४०.७१ प्रतिशत) मुद्दाहरू फैसला भइसकेका छन भने बाँकी ६०६ अर्थात् ५९.२९ प्रतिशत मुद्दाहरू चालु अवस्थामा रहेका छन् । उक्त मुद्दाहरूमध्ये सबभन्दा बढी जबरजस्ती करणी (हाडनाता/ ज.क.चोरी/ज.क.अ.मै/मानव बेचबिखन तथा ज.क/बालबिबाह गरी ज.क/अपहरण तथा ज्या.मा. उ. समेत) मा जम्मा २८८ जना प्रतिबादी बालबालिका रहेको छ भने लागूऔषध, गाँजा, नाइट्रोभेट,कोडिन, ब्रुफिन समेतको मुद्दामा १७९ जना प्रतिबादी बालबालिका रहेको देखिएको छ । यसैगरी सबभन्दा कम हुण्डी कारोबार र मानव बेचबिखन तथा ओसारपसार मुद्दामा १/१ जना बालबालिका प्रतिबादी रहेको देखिएको छ । विभिन्न मुद्दाहरू र सोमा संलग्न प्रतिबादी बालबालिकाको संख्या अनुसूची ६ मा दिइएको छ ।

बालबालिका संलग्न भएका बिज्याइँका प्रकृति तथा संख्याको सामान्य विश्लेषणबाट पनि बाल अधिकारको संरक्षण तथा सम्वर्धनमा गम्भीर चुनौति थपेको देखिन्छ । विद्यालय जाने र जीवनोपयोगी सीप तथा ज्ञान हासिल गर्नु पर्ने उमेर समूहका बालबालिका बिज्याइँसंग सम्बन्धित गतिविधिहरूमा संलग्न हुनुले सुखी नेपाली तथा समृद्ध नेपालको राष्ट्रिय आकांक्षा पूरा गर्नमा समेत नकारात्मक असर पर्ने देखिन्छ । तसर्थ, यो समस्याको दीगो समाधानका लागि तीनै तहको सरकार तथा सम्बद्ध निकायहरूले गम्भीरतापूर्वक छलफल गरी उपयुक्त उपायहरू अपनाउन जरुरी देखिन्छ ।

## ३.१८ विविध

बाल संरक्षणसँग सम्बन्धित विभिन्न घटनाहरूमध्ये विशेषगरी कोभिड-१९ र दुर्घटनाबाट प्रभावित बालबालिका, आत्महत्या एवम् हत्या लगायत आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसा सम्बन्धी घटनालाई यस खण्डमा प्रस्तुत गरिएको छ ।

### *३.१८.१ कोभिड-१९ र बालबालिका*

विश्वभर फैलिरहेको कोभिड-१९ भाइरसको महामारीले नेपाललाई पनि आक्रान्त बनाएको छ । नेपालमा यस भाइरसको पहिलो संक्रमण चीनको वुहानबाट नेपाल आएका ३१ वर्षीय विद्यार्थीलाई २०७६ साल माघ ९ गते विहीबारको दिन पहिचान भएको पाइएको छ । संक्रमणको महामारीलाई ध्यानमा राखी २०७६ साल चैत ९ गतेदेखि लकडाउन शुरुभएको हो । यस महामारीको समस्या सम्बोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले "कोरोना महामारी रोकथाम तथा निन्त्रणका लागि समुदायमा स्वयम्सेवक परिचालन सम्बन्धी मार्गदर्शन, २०७६" जारी गरेको छ ।

यस महामारीबाट बालबालिकालाई संरक्षण गर्नका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कोभिड-१९ को महामारीलाई उचित रुपमा सम्बोधन गर्नका लागि कोभिड-१९ को महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ तयार गरेको छ । यस मापदण्डका तीनवटा उद्देश्यहरूमध्ये (ख) मा हिंसापिडीत, गर्भवती तथा सुत्केरी र बालबालिकालाई महामारी तथा बन्दाबन्दीको अवधिमा आश्रयस्थलमा भर्ना लिई सुरक्षित रुपमा सेवा प्रवाह गर्ने उद्देश्य रहेको छ । यसमा आश्रयस्थल

वा क्वारेन्टाइन कक्ष बालबालिकामैत्री हुनुपर्ने र आवश्यकता अनुसार मनोसामाजिक विमर्श दिने व्यवस्था हुनुपर्ने उल्लेख छ । यसैगरी, प्रभावित व्यक्तिको साथमा आश्रित बालबालिका भएमा उनीहरूको पनि परीक्षण गराई आइसोलेसनमा राखेर उपचार गर्नुपर्ने, प्रभावितसँगै रहेका बालबालिका अलग्गै बस्नुपर्ने भएकोले आश्रयस्थलले यस विषयमा स्थानीय तह वा बाल हेल्पलाइन सेवामा सम्पर्क गरी बालबालिकाको हेरचाहको लागि आवश्यक व्यवस्थापन गर्नुपर्ने, बालमैत्री व्यवहार तथा व्यवस्था हुनुपर्ने लगायतका व्यवस्था गर्नुपर्ने विषयहरू समावेश भएका छन् । यसैगरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले काभिड-१९को संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूमा परेको र पर्न सक्ने असरहरूको बारेमा सुधार तथा सम्बोधन गर्न र सामाजिक संघ-संस्था परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७ तयार गरी कार्यान्वयन गरेको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्बाट कोरोना संक्रमणको समयावधिमा बेवारिस अवस्थामा सडकमा रहेका बालबालिकाको उद्धार रसंरक्षणका लागि अस्थायी संरक्षण सेवा तथा पुनःस्थापनाको प्रबन्ध गरेको छ । नेपाल बाल सङ्गठन, बालगृह र सडकमा आश्रित बालबालिकालाई कोरोना संक्रमण भएमा उनीहरूलाई सुरक्षित र बालमैत्री ढङ्गबाट राख्नका लागि नेपाल बाल सङ्गठनको हातामा १० शैयाको बालमैत्री क्वारेन्टिन स्थलमा खाने, बस्ने, पढ्ने, सिर्जनात्मक कार्यकलाप गर्ने र मनोरञ्जन गर्ने सहितको व्यवस्था गरिएको छ । यसको सञ्चालन नेपाल बाल सङ्गठनले गर्दछ ।

कोरोना महामारीको कारण विद्यालय तथा उच्चशिक्षाका विभिन्न तहका परीक्षाहरू र नयाँ सत्रमा भर्ना स्थगित भएका छन् । शैक्षिक संस्थाहरूमा पठनपाठन बन्द भएको छ । लकडाउनको केही समयपछि निजी विद्यालयहरूले अनलाइन कक्षा सञ्चालन गर्ने कार्य शुरु गरेको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ (२०७७ जेठ १८ गते) स्वीकृत गरी अनलाइन कक्षा सञ्चालनको कार्यलाई व्यवस्थित गरिएकोमा उक्त निर्देशिकालाई खारेज गरी २०७७ भदौ १९ गते विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ कार्यान्वयनमा ल्याएको छ । विभिन्न सञ्चार माध्यमबाट समेत कोरोनाको संक्रमणको समयमा बालबालिकालाई बालमैत्री सिकाइ तथा व्यवहार गर्न अभिभावकलाई र सिकाइ तथा मनोरञ्जनमा सहभागी गराउन बालबालिकालाई लक्षित गरी विभिन्न जानकारीमूलक कार्यक्रमहरू प्रसार भइरहेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जानकारी अनुसार उक्त समयदेखि २०७७ साल भदौ मसान्तसम्ममा १४ वर्षसम्मका ३,४४७ जना बालबालिका संक्रमित भएको पाइएको छ भने असोज १५ सम्ममा १० वर्षसम्मका बालबालिका २,६२२ जना र ११ देखि २० वर्षसम्म व्यक्ति ७,०७३ जना संक्रमित भएको पाइएको छ । संक्रमणबाट देशभरका बालबालिका प्रभावित हुन पुगेको छ ।

### *३.१८.२ बालबालिका र आत्महत्या एवम् हत्या*

आर्थिक वर्ष २०७६/७७ मा विभिन्न कारणले बालबालिकाको हत्या गरिएका ५७ वटा घटना सार्वजनिक भएका छन् । हत्या भएकामध्ये बुबाआमाले आफ्ना १७ बालबालिकाको हत्या गरी आत्महत्या गरेका छन् भने अवैध सम्बन्धका कारण १२ जना, अपहरण पछि ३ जना, बलात्कार पछि ३ जना, पारिवारिक रिसिबीले ९ जना र सौतेनी आमा वा बुबाले १४ जना रहेको जानकारी सार्वजनिक भएको पाइएको

छ। हत्या भएका बालबालिकामध्ये बालक २० जना, बालिका २९ र शिशु ८ जना रहेको छ। विभिन्न सञ्चार माध्यमका अनुसार १८० जना बालबालिकाले (१०६ जना बालिका र ७४ जना बालक) आत्महत्या गरेका घटना प्रकाशमा आएको छ। बालबालिकाले आत्महत्या गरेका घटना बढदै जानु साह्रै संवेदनशील सवाल हो। लकडाउन सुरु भएदेखि (चैत्र ११, २०७६) २०७७ जेठ १७ गतेसम्म १३८ बालबालिकाले आत्महत्या गरेको घटना प्रकाशमा आएको छ।


प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय अनुसार आ.व.२०७६/७७ मा घरेलु हिंसा अपराधमा कूल १८५ जना बालबालिका (बालक, ७ र बालिका, १७५) पीडित भएको देखिएको छ। यसैगरी, ६६२ जना बालबालिकाको (बालक, २५२ र बालिका, ४१०) आत्महत्याबाट मृत्यु भएको देखिएको छ।

### *३.१८.३ दुर्घटना र बालबालिकाको अवस्था*

सडकमा हुने सवारी दुर्घटनाहरूबाट प्रत्येक वर्ष धेरैको ज्यान जाने र गम्भीर घाइते हुने गरेको छ। देशभरमा भएका सवारी दुर्घटनाहरूको विवरण र मानवीय क्षतिको विवरण अध्यावधिक रुपमा उपलब्ध हुन कठिन भएको छ। काठमाण्डौं उपत्यकाभित्र भएका यस्ता घटनाहरूको विवरण उपलब्ध हुने गरेको छ। आ.व. २०७५/०७६ मा ८,५११ वटा सवारी दुर्घटना भएकोमा आ.व. २०७६/७७ मा १०,०३८ वटा सवारी दुर्घटना हुन पुगेको पाइएको छ। यी १०,०३८ वटा दुर्घटनाहरूमध्ये १३९ वटा सवारी साधनहरूको दुर्घटनाबाट १५३ जनाको मृत्यु भएको (पुरुष १२२ र महिला ३१) छ। यी सवारी साधनहरूमध्ये सबभन्दा बढी मोटरसाइकल र स्कुटर (५४) रहेको छ भने बस (२२), ट्रक (१८), टिपर (१७), जिप (१७), पिकअप (६), ट्याङ्कर (३), डम्पर/ JCB/ ग्रेडर (२), साइकल (२), कन्टेनर (१), माइक्रो (१) र सवारी साधन नखुलेको ३ वटा रहेको पाइएको छ। महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथका अनुसार विगत पाँच आर्थिक वर्षहरूमा उपत्यकाभित्र भएका सवारी दुर्घटनाबाट मृत्यु हुनेमा महिलाभन्दा पुरुष बढी रहेको देखिएको छ।

विगत पाँच आर्थिक वर्षहरूमा काठमाडौ उपत्यकामा भएका सडक दुर्घटनाको संख्या तलको ग्राफमा प्रस्तुत गरिएको छ।

ग्राफ ३: काठमाडौ उपत्यकामा भएका सडक दुर्घटनाको संख्या, २०७२/७३ - २०७६/७७




*स्रोतः महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ, २०७६/७७*

काठमाण्डौं उपत्यकामा सवारी दुर्घटनाका घटना विगत तीन आर्थिक वर्षमा निकै बढ्दो क्रममा रहेको देखिएको छ । ट्राफिक प्रहरी कार्यालयको तर्फबाट सवारी दुर्घटना सम्बन्धी चेतनामूलक कार्यहरू लगायत दुर्घटना न्युनीकरणका विभिन्न उपायहरू अपनाउँदा समेत सवारी दुर्घटना बढ्दै जानु चिन्ताजनक स्थिति हो ।

विगत पाँच आर्थिक वर्षहरूमा भएका सवारी दुर्घटनाबाट मृत्यु भएका व्यक्तिहरूको उमेर समूह अनुसारको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २३ः काठमाण्डौं उपत्यकाभित्र सवारी दुर्घटनामा मृत्यु भएका व्यक्तिहरूको संख्या, २०७२/७३ - २०७६/७७

| उमेर समूह | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|---|
| १६ वर्षमुनि | १२ | १६ | १८ | १५ | ७ |
| १७ देखि ३५ वर्ष | ९२ | ८६ | १०३ | १४७ | ९८ |
| ३६ भन्दा माथि | ६२ | ८० | ७३ | ९२ | ४८ |
| **जम्मा** | १६६ | १८२ | १९४ | २५४ | १५३ |

*स्रोतः महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ, २०७७*

उपर्युक्त तालिकाबाट प्रत्येक वर्ष सवारी दुर्घटनाबाट मृत्यु हुने व्यक्तिहरूको संख्या गत आ.व. सम्म बढेको देखिएता पनि यस आ.व. मा घटेको छ । सवारी दुर्घटनाबाट मृत्यु हुनेहरूमध्ये १६ वर्षभन्दा मुनिका बालबालिकाको संख्या (एवम् प्रतिशत) गत आर्थिक वर्षदेखि घटेको देखिएको छ ।

सवारी दुर्घटना रोकथाम तथा नियन्त्रण गर्न महानगरीय ट्राफिक प्रहरी महाशाखाले सवारी तथा यातायात व्यवस्था ऐन/नियमको कडाइका साथ कार्यान्वयन गर्ने गरेको छ । दुर्घटनाबाट घाइते भएका, ट्राफिक नियम उल्लङ्घन गरेका लगायत स्कूल, कलेज एवम् विभिन्न संघसस्थाहरूमा ट्राफिक सचेतना सम्बन्धी कक्षा सञ्चालन गर्ने गरिएको छ । ट्राफिक नियमबारे सञ्चारका विभिन्न माध्यमबाट जनचेतनामूलक कार्यहरू गरिरहेको छ । तथापी, चालकको लापरवाही, सवारी साधनको तीब्रगति, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने प्रवृत्ति, यान्त्रिक गडबडी, गलत तरिकाबाट ओभरटेक गर्ने, पैदलयात्रुको लापरवाही, सडकको अवस्था (चौडाइ, मोडाइ, बिग्रेको) लगायत प्रतिकूल मौसम र सडकमा चौपाया छोड्ने जस्ता कारणहरूबाट सवारी दुर्घटना हुने गरेको जानकारी रहेको छ । तसर्थ, सवारी दुर्घटना न्यूनीकरणका लागि सम्बद्ध सरोकारवालाहरू लगायत आम बटुवाहरूमा सतर्कता अभिवृद्धि हुन जरुरी देखिएको छ ।

आर्थिक वर्ष २०७६/७७ भित्र सडक दुर्घटना बाहेकका विभिन्न दुर्घटनाका कारण (नदी र पोखरीमा डुवेर तथा बगेर, पहिरो तथा खाल्डोमा परेर, सडक दुर्घटनामा परेर, करेन्ट लागेर, सर्पले टोकेर, आदि) १७८ जना बालबालिकाको (बालक ८६, बालिका ८१ र शिशु ११ जना) मृत्यु भएको जानकारी विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक भएको छ ।

### ३.१८.४ विपद् र बालबालिका

नेपाल प्राकृतिक विपद्को जोखिममा रहेको देशहरूमध्ये एक हो । प्रत्येक वर्ष नेपालमा कुनै-न-कुनै किसिमका प्रकोप तथा विपद्का घटनाहरू भइनै रहेका छन् । भू-कम्प, बाढी, पहिरो, महामारीजस्ता प्राकृतिक विपद्को

अलावा मानव सिर्जित विपद्बाट बयस्कका साथै बालबालिका प्रभावित हुने गर्दछ । यस्ता विपद्हरूबाट बालबालिकाको शिक्षा, स्वास्थ्य, मनोबैज्ञानिक लगायतका पक्षहरूमा पर्ने प्रभाव बयस्कको भन्दा अझबढी संवेदनशील हुने गर्दछ । प्रत्येक पटकका ठूला विपद्हरूमा बालबालिका लक्षित समस्या सम्बोधनका उपायहरू अपनाएको देखिन्छ र यस्ता कार्यहरूमा विकास साझेदार, गैरसरकारी संस्थाहरू, नागरिक समाज लगायतको योगदान उल्लेख्य रहने गरेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ । विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा "विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्" रहेको छ । यस परिषद्ले विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति तथा योजना स्वीकृत गर्नेदेखि विपद् व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्दछ । विपद्बाट सिर्जित समस्या सम्बोधनका लागि गृह मन्त्रालयमा विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा रहेको छ । प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका साथै जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था रहेको छ । प्राकृतिक तथा मानव सिर्जित विपद्को अवस्थामा यी समितिहरूबाट समस्या सम्बोधनका लागि आवश्यक कार्य गर्ने गर्दछ ।

पन्ध्रौं योजनामा सबै प्रकारका प्राकृतिक प्रकोप एवम् गैरप्राकृतिक विपद्का घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने लक्ष्य लिइएको छ । साथै, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य सुदृढ गर्ने, तीनै तहमा बहुप्रकोप जोखिम नक्साङ्कन र सूचना व्यवस्थापन सुधार गर्ने, विपद् जोखिम न्यूनीकरण व्यवस्थाका लागि समुदायदेखिनै क्षमता अभिवृद्धि गर्ने, सचेतना अभिवृद्धि गर्ने जस्ता उद्देश्यहरू लिई रणनीति र कार्यनीतिहरू तय गरिएका छन् ।

नेपाल सरकार विपद् व्यवस्थापनको विषयमा संवेदनशील रहेको छ । प्रत्येक पटकका साना-ठूला विपद्हरूमा सरकारी क्षेत्रबाट समस्या सम्बोधन गर्ने कार्य भएका छन् । विपद्को समयावधिमा विकास साझेदार, गैरसरकारी तथा निजी क्षेत्रबाट पनि उल्लेख्य योगदान हुने गरेको छ । यसमध्ये नेपाल रेडक्रस सोसाइटीबाट विपद्को स्थितिमा प्राथमिक स्वास्थ्य उपचार लगायत आपतकालीन मानवीय सेवा प्रवाह गर्ने गरेको छ भने समुदाय तथा विद्यालय तहमा जुनियर रेडक्रस सोसाइटी स्वयम्सेवाको भावना प्रवर्द्धन गर्ने क्रममा क्रियाशील रहेका छन् । तर सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट बालबालिकालक्षित के, कति र कस्ता सेवा, सुविधाहरू वितरण भए र यस्ता सेवा, सुविधाबाट के, कति बालबालिकालाई समेटिएको छ भन्ने खण्डीकृत सूचना उपलब्ध हुन कठिन छ । यसप्रति सम्बद्ध सरोकारवालाहरूको ध्यानाकर्षण भई आउँदा दिनहरूमा बालबालिकालक्षित सूचना व्यवस्थापन हुन आवश्यक देखिन्छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सूचना अनुसार २०७७ सालको मनसुन शुरुभएदेखि श्रावण १५ गतेसम्मको अवधिमा भएको बाढी-पहिरोबाट ४५ जना, चट्याङबाट ३ जना र सर्पदंशबाट ९ जना गरी जम्मा ५७ जना बालबालिकाको मृत्यु भएको जानकारी रहेको छ । यसैगरी, गण्डकी प्रदेश प्रहरी कार्यालयको सूचना अनुसार २०७७ साल जेठ २७ गतेदेखि असोज ९ गतेसम्म ४२

जना बालबालिकाको (बालिका २३ र बालक १९) मृत्यु भएको देखिएको छ। यस अतिरिक्त ९ जना बालबालिका बेपत्ता र १७ जना बालबालिका घाइते भएको जानकारी रहेको छ।

### ३.१८.५ यौनिक अल्पसंख्यक बालबालिका

नेपालको संविधानको धारा १२ बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था छ। धारा १८ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिनेछैन। राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अनय कुनै आधारमा भेदभाव गर्नेछैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला ... यौनिक अल्पसंख्यक ... लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ।

ब्लु डायमण्ड सोसाइटी लगायत मितिनी नेपाल, परिचय समाजजस्ता संस्थाहरूले यौनिक अल्पसंख्यक समूहका व्यक्तिहरूको अधिकारका बारेमा कार्य गरिरहेका छन्। यी संस्थाहरूले गर्ने विविध कार्यहरूमध्ये गाइजात्राको महोत्सवमा गर्ने कार्यक्रमबाट पनि यौनिक अल्पसंख्यक व्यक्तिहरूको पहिचानमा अभिवृद्धि भइरहेको देखिन्छ। तथापि, यौनिक अल्पसंख्यक बालबालिकाको सम्बन्धमा पर्याप्त जानकारी उपलब्ध हुन अझै कठिन भएको छ। यस विषयमा अध्ययन हुन जरुरी देखिएको छ।

### ३.१८.६ आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसा सम्बन्धी घटना

राष्ट्रिय बाल अधिकार परिषद्ले राष्ट्रिय दैनिक छापा तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित हुने बालबालिका विरुद्धका हिंसा, दुर्व्यवहार सम्बन्धी घटनाको प्रतिवेदन मासिक र वार्षिक रुपमा सार्वजनिक गर्ने गरेको छ। आर्थिक वर्ष २०७६/०७७ मा प्रकाशित बालबालिकासँग सम्बन्धित मूलतः यौन दुर्व्यवहार, बालश्रम, बालविवाह, हत्या, बेचबिखन तथा ओसारपसार, अपहरण, आत्महत्या, शारीरिक तथा मानसिक सजाय, गर्भपतन, अपहरणजस्ता घटनाहरूबाट १,३०२ जना बालबालिका (बालक ४५२, बालिका ८३० र शिशु २० जना) प्रभावित भएको देखिएको छ। घटनाको प्रकृति र प्रभावित बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २४: आमसञ्चार माध्यममा प्रकाशमा आएका घटना र बालबालिकाको संख्या, २०७६/७७

| घटनाहरू | जम्मा प्रभावित | | | |
|---|---|---|---|---|
| | जम्मा संख्या | बालक | बालिका | शिशु |
| बाल यौन दुर्व्यवहार तथा बलात्कार | ३२३ | ५ | ३१८ | |
| बालविवाह | २०८ | ६८ | १४० | |
| आत्महत्या | १८० | ७४ | १०६ | |
| मृत्यु | १७८ | ८६ | ८१ | ११ |

| | | | | |
|---|---|---|---|---|
| बालश्रम | ७९ | ५७ | २२ | |
| हत्या | ५७ | २० | २९ | ८ |
| शारीरिक सजाय | ५६ | ४१ | १५ | |
| ओसार पसार | २२ | १४ | ८ | |
| गर्भपतन | १९ | | १९ | |
| अपहरण | १४ | ७ | ६ | १ |
| **जम्मा** | ११३६ | ३७२ | ७४४ | २० |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

उपर्युक्त घटनाहरूलाई सम्बद्ध विषयगत शीर्षकमा समायोजन गरिएको छ। विभिन्न सञ्चार माध्यमहरूबाट सार्वजनिक भएका यस्ता घटनाहरूको प्रकृतिको आधारमा राष्ट्रिय बाल अधिकार परिषद्ले सम्बन्धित निकायहरूमा (पालिका, वडा, नेपाल प्रहरी र अन्य सरोकारवाला) सम्पर्क, घटनाको संक्षिप्त जानकारी, समन्वय एवम् समस्या सम्बोधन वा घटनाको उचित व्यवस्थापन गर्नका लागि सहजीकरण गरिरहेको छ।

## ३.१९ निष्कर्ष

विद्यमान बालबालिका सम्बन्धी ऐन २०७५ ले बालबालिकाको संरक्षणको सुनिश्चितता तथा जोखिम न्युनीकरणका लागि बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने सबै निकाय तथा संस्थाहरूले अनिवार्य बाल सुरक्षा मापदण्ड निर्माण गरी लागु गर्ने व्यवस्था गरेको छ। बालबालिकाको अधिकार संरक्षणमा भएका सचेतनाका प्रयासहरू, सेवा विस्तार तथा बालबालिका र अविभावकको सशक्तीकरणमा गरिएको लगानीका कारण बालबालिकाविरुद्ध भएका हिंसा, दुर्व्यवहारका घट्नाहरूको उजुरी र सार्वजनिक जानकारी बढेको पाइन्छ। साथै अविभावकहरूमा बालबालिकाविरुद्ध हिंसा गर्न नहुने संवेदनशीलतामा पनि बृद्धि भएको पाइन्छ। विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकारका लागि तीनै तहका सरकार, विकास साझेदार, गैरसरकारी क्षेत्र, सञ्चार माध्यम लगायत अन्य सरोकारवालाहरू संवेदनशील भइरहेको पाइएको छ। आ.व. २०७७/७८ भित्र मुलुकलाई सडक बालबालिकामुक्त बनाउन सरकार प्रतिवद्ध रहेको छ। बाबुआमाविहीन अनाथ बालबालिकाको अभिभावकत्व राज्यले लिने नीति अनुरुप आवश्यक सहयोग कार्यक्रम सञ्चालन हुन लागेको छ। बालश्रम, बालविवाह, बालन्यायजस्ता विषयहरू सुधारोन्मुख रहेका छन्। जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आवश्यकता सम्बोधन गर्ने कार्य भइरहेको छ। तथापी, सबै किसिमका बालहिंसा, बलात्कार, यौनहिंसा, दुर्व्यवहार, हेपाइ, अनलाइनबाट बालबालिकामा पर्ने असर लगायत बाल संवेदनशील सामाजिक सुरक्षाको व्यवस्था, नियमानुसार बालगृहको सञ्चालन व्यवस्था, अनलाइन सुरक्षाजस्ता विषयहरूमा अपेक्षित रुपमा सुधार गर्नु चुनौतिकै विषय भएको छ। यसतर्फ सरकारी र गैरसरकारी क्षेत्र लगायत सबै सरोकारवालाहरूले अझ नतिजामूलक ढङ्गबाट योगदान दिन जरुरी देखिएको छ।

♦



# परिच्छेदः ४

# बालविकास

## ४.१ परिचय

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) सँग सम्बन्धित विषयहरू तथा संविधानले सुनिश्चित गरेका बालबालिकाको शिक्षा तथा विकासलाई सम्बन्धी प्रावधानहरू एवम् ती प्रावधानहरूका कार्यान्वयनका लागि कानूनी व्यवस्थाबारेको जानकारी समेटिएका छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरू रहेका छन् (अनुसूची १) । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष उमेर पूरा भई १३ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभू तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने, प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त हुने, प्रत्येक समुदायका बालबालिकालाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त हुने व्यवस्था रहेको छ ।

पन्ध्रौं योजना (२०७५/७६-२०८०/८१) ले सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोच लिएको छ भने गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ । शिक्षा क्षेत्रका ५ वटा उद्देश्यहरूमध्ये सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अनुभवसहितको आधारभूत शिक्षा अनिवार्य र निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य लिएको छ । यस नीतिका उद्देश्यहरूमा मुलतः प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने, विद्यालय शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, रचनात्मक, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने, औपचारिक, अनौपचारिक र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गर्ने, विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्ने लगायतका विषयहरू समावेश रहेका छन् । यी उद्देश्यहरूको परिपुर्तिबाट बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चितताका लागि थप सहयोग पुग्ने देखिन्छ ।

## ४.२ प्रारम्भिक बालविकास

नेपालको संविधानले प्रारम्भिक बालविकासको विषयलाई मौलिक हकमा नै उल्लेख छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षा पाउने अधिकार समावेश छ। प्रारम्भिक बालविकास निर्देशिका, २०६३ मा बालविकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्य लगायत नीतिगत व्यवस्था रहेको छ।

प्रारम्भिक बालविकास केन्द्रहरू विस्तार हुँदै आएको देखिएको छ। २०७२ सालदेखि २०७६ सालसम्मको सामुदायिक विद्यालय र समुदायमा आधारित तथा संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २५: प्रारम्भिक बालविकास केन्द्रको संख्या, २०७२-२०७६

| **प्रारम्भिक बालविकास केन्द्र** | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय र समुदायमा आधारित | ३०,४४८ | ३०,४४८ | ३०,४४८ | ३०,०९७ | ३०,०३९ |
| संस्थागत विद्यालयमा आधारित | ५,५४३ | ५,६४५ | ६,१२० | ५,८९६ | ६,४११ |
| **जम्मा** | ३५,९९१ | ३६,०९३ | ३६,५६८ | ३५,९९३ | ३६,४५० |


*स्रोतः शिक्षा विभाग, फ्लाश I प्रतिवेदन, २०७१ - २०७४*

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

माथिको तालिकाबाट २०७२ सालदेखि प्रत्येक वर्ष प्रारम्भिक बालविकास केन्द्रको संख्यामा केही घटबढ भएको देखिन्छ। संघीयताको कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालविकास केन्द्रहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई अख्तियारी दिएको हुँदा स्थानीय आवश्यकता अनुसार सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रहरू गाभिने क्रम शुरु भएकोले पनि संख्यामा केही हेरफेर आएको हुन सक्छ।

२०७२ सालदेखि २०७६ सालसम्म प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्यामा पनि केही घट्बढ भएको स्थिति तलको ग्राफमा प्रस्तुत गरिएको छ।

ग्राफ ४: प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या, २०७२-२०७६



माथिको ग्राफबाट २०७२ सालदेखि २०७५ सालसम्म प्रत्येक वर्ष बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या घटेको देखिन्छ । तर, २०७५ सालको तुलनामा २०७६ सालमा उल्लेख्य वृद्धि भएको (१३.६%) छ । प्रति प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको औषत संख्या २०७५ सालमा २७.०३ जना रहेकोमा २०७६ सालमा ३०.३३ जना हुन पुगेको पाइएको छ । यसैगरी, २०७५ मा प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको भर्नादर ८४.७ प्रतिशत थियो भने २०७६ मा यो दर ८६.२ पुगेको छ । यसबाट परिवारबाट प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई भर्ना गर्ने व्यवहारमा निकै सुधार आएको देखिएको छ ।

प्रारम्भिक बालविकास केन्द्रको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत २०७५ सालमा ६६.९ थियो भने २०७६ मा ६८.६ पुगेको छ । प्रारम्भिक बालविकासको अनुभव भएका बालबालिकाको शारीरिक, बौद्धिक, भावनात्मक तथा ज्ञानात्मक विकास राम्रो हुने भएकोले कक्षा १ मा भर्ना हुने सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रको अनुभव हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधान र कानूनहरूमा दलित र अल्पसंख्यक बालबालिकाको संरक्षण हुने प्रावधानहरू रहेका छन् । २०६८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्यामध्ये दलित १३.६ प्रतिशत र जनजाति ३७.२ प्रतिशत रहेको छ । २०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका कूल बालबालिका ११,०५,५६१ मध्ये दलित समुदायका २,०९,१०५ र जनजाति समुदायका ४,०४,७७१ जना बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएको देखिएको छ । २०७३ देखि २०७६ सालसम्मको प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये दलित र जनजाति समूहका बालबालिकाको प्रतिशत तलको तालिकामा दिइएको छ ।

तालिका २६: प्रारम्भिक बालविकास केन्द्रमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७३-२०७६

| | **जम्मा २०७३** | **दलित %** | **जनजाति %** | **जम्मा २०७४** | **दलित %** | **जनजाति %** | **जम्मा २०७५** | **दलित %** | **जनजाति %** | **जम्मा २०७६** | **दलित %** | **जनजाति %** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालिका | ४,५९,०६९ | १७.९ | ३९.३ | ४,५२,२५९ | १८.४ | ३९.२ | ४,४९,०७५ | १६.८ | ३७.३ | ५,०८,१४५ | १९.३ | ३६.८ |
| बालक | ५,१४,३४४ | १७.१ | ३८.८ | ५,०५,८६८ | १७.७ | ३९.१ | ५,२५,८२५ | १६.० | ३६.७ | ५,९७,४१६ | १८.६ | ३६.४ |
| **जम्मा** | ९,७३,४१३ | १७.५ | ३९ | ९,५८,१२७ | १८ | ३९.१ | ९,७३,९०० | १६.४ | ३७ | ११,०५,५६१ | १८.९ | ३६.६ |

*स्रोतः शिक्षा विभाग, फ्लाश I प्रतिवेदन, २०७२ - २०७४*

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

माथिको तालिकाबाट २०७३ सालदेखि २०७६ सालसम्ममा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या र प्रतिशतमा केही उतारचढाब देखिन्छ । २०७६ सालमा भर्ना भएका बालबालिकाको संख्या अघिल्लो वर्षको तुलनामा १३२,५६१ जना बढी भएको देखिएको छ भने प्रतिशतमा सामान्य उतारचढाब देखिन्छ । कूल जनसंख्यामा दलित समुदायको जनसंख्याको प्रतिशत (१३.६) भन्दा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका उक्त समुदायका बालबालिकाको प्रतिशत (१८.९) बढीरहेको देखिएको छ । अर्कोतिर, कूल जनसंख्यामा जनजाति समुदायको जनसंख्याको प्रतिशत (३७.२) भन्दा प्रारम्भिक

बालविकास केन्द्रमा भर्ना भएका उक्त समुदायका बालबालिकाको प्रतिशत (३६.६) केही कम भएको देखिएको छ । जनजाति समुदायका बालबालिकाको प्रारम्भिक बालविकास केन्द्रमा भर्नादर भने विगतका केही वर्षहरूमा भन्दा घटदो क्रममा रहेको देखिएको छ ।

२०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाको संख्या गतवर्ष (३,२७०) भन्दा ४१७ जनाले वृद्धि भई ३,६८७ (०.३३%) पुगेको छ । प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका कूल बालबालिकाको संख्यामा यस समूहका बालबालिकाको संख्या वा प्रतिशत न्यून देखिएको छ । यसप्रति स्थानीयतह, प्रारम्भिक बालविकास केन्द्र र परिवारबाट थप प्रयास हुन जरुरी छ ।

## ४.३ विद्यालय स्तरको शिक्षा

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने उल्लेख भएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २० मा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ... दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ ।

आ.व. २०७६/७७ को आर्थिक सर्वेक्षण अनुसार आधारभूत तहमा (कक्षा १-८) बालकमा बालिकाको अनुपात ०.९८ रहेको देखिन्छ । मूलतः प्राथमिक तहमा बालिकाभन्दा बालकको संख्या बढ्न गई यो अनुपात कम हुन आएको अनुमान छ । तर कक्षा १-१२ सम्मको अनुपात १.०१ पुगेको छ । सरकारको शिक्षा क्षेत्रमा बढ्दो लगानी, विद्यालय भर्ना अभियान, शैक्षिक चेतना अभिवृद्धि लगायतका प्रयासहरूको परिणामस्वरुप विगत दशकमा  विद्यालय स्तरमा भर्ना हुने विद्यार्थीको संख्या बढ्दै आएको थियो । यसको बावजूद करिब एक दशकदेखि विद्यालय स्तरमा (कक्षा १-१० सम्म) भर्ना भएका कूल विद्यार्थी संख्या घटन गएको छ र घटेको संख्या प्राथमिक तहमा उच्च रहेको देखिएको छ । उदाहरणका लागि तत्कालीन शिक्षा मन्त्रालयदेखि हालसम्म उपलब्ध जानकारी अनुसार २०६५ सालमा विद्यालय स्तरमा कूल विद्यार्थी संख्या ७७,८२,२१९ र २०७६ सालमा कूल विद्यार्थी संख्या ७०,२१,६२२ देखिन्छ । तर, साक्षरतादर, भर्नादर लगायतका विषयमा भने सुधार हुँदै आएको छ । शैक्षिक सत्र २०७२ सालदेखि २०७६ सालसम्मको विद्यालय शिक्षाको विभिन्न तहहरूमा भर्ना संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २७: विद्यालय तहमा विद्यार्थी भर्ना विवरण, २०७२ - २०७६


| शैक्षिक सत्र | २०७२ | | | २०७३ | २०७४ | २०७५ | २०७६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **शैक्षिकतह** | **छात्रा** | **छात्र** | **जम्मा** | २०७३ | २०७४ | २०७५ | **छात्रा** | **छात्र** | **जम्मा** |
| प्राथमिक (१-५) | २१६५३८६ | २०९९५५६ | ४२६४९४२ | ४,१३५,२५३ | ३,९७०,०१६ | ३,७३०,६०२ | १,७६२,५४१ (४९.७) | १,७८१,३२१ | ३,५४३,८६२ |
| निम्नमाध्यमिक(६-८) | ९४४८१६ | ९१८०५७ | १८६२८७३ | १,८५९,३५९ | १,८६६,७१६ | १,८२४,७७७ | ८९१,१४५ (५०.२) | ८८३,९९७ | १,७७५,१४२ |
| **आधारभूत (१-८)** | ३११०२०२ | ३०१७६१३ | ६१२७८१५ | ५९९४६१२ | ५,८३६,७३२ | ५,५५५,३७९ | २,६५३,६८६ (४९.९) | २,६६५,३१८ | ५,३१९,००४ |
| कक्षा (९-१०) | ४७८१६८ | ४६०७२९ | ९३८८९७ | ९५८,५०२ | ९७०,७२० | १,०२७,५१२ | ५२३,१८५ (५०.३) | ५१७,७९१ | १,०४०,९७६ |
| कक्षा (११-१२) | २२८३५० | २२२४०३ | ४५०७५३ | ४९२,९८४ | ५८४,०७२ | ६३१,६३४ | ३५१,०९५ (५३.१) | ३१०,५४७ | ६६१,६४२ |
| **माध्यमिक (९-१२)** | ७०६५१८ | ६८३१३२ | १३८९६५० | १,४५१,४८६ | १,५५४,७९२ | १,६५९,१४६ | ८७४,२८० (५१.३) | ८२८,३३८ | १,७०२,६१८ |
| कक्षा १-१२ सम्म | ३,८१६,७२० | ३,७००,७४५ | ७५१७४६५ | ७,४४६,०९८ | ७,३९१,५२४ | ७,२१४,५२५ | ३,५२७,९६६ (५०.२) | ३,४९३,६५६ | ७,०२१,६२२ |

*स्रोतः आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०७६/७७*

माथिको तालिकाबाट २०७२ सालदेखि २०७६ सालसम्मको विद्यार्थी भर्ना संख्यामध्ये प्रत्येक वर्ष आधारभूत तहमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको देखिएको छ । प्राथमिक तहमा २०७३ सालमा अघिल्लो वर्षको तुलनामा ३ प्रतिशत, २०७५ सालमा ६ प्रतिशत र २०७६ सालमा ५ प्रतिशत विद्यार्थी संख्या घटेको देखिएको छ। यसको विपरित माध्यमिक तहमा भने विद्यार्थीको संख्या क्रमशः बढ्दो क्रममा रहेको देखिएको छ। कक्षा ९ - १० मा २०७५ सालमा अघिल्लो वर्षको तुलनामा ६ प्रतिशतले विद्यार्थीको संख्या बढेको देखिएको छ भने २०७६ सालमा १ प्रतिशतले बढेको देखिएको छ। यसैगरी, कक्षा ११ - १२ मा २०७४ सालमा सबभन्दा बढी १८ प्रतिशत र २०७६ सालमा सबभन्दा कम ५ प्रतिशतले विद्यार्थीको संख्या बढेको देखिएको छ। समग्रमा कक्षा १ - १२ सम्मको स्थितिमा सबभन्दा बढी ३ प्रतिशतले २०७६ सालमा विद्यार्थी संख्या कम भएको छ। प्राथमिक तहमा विद्यार्थी संख्या उल्लेख्य संख्यामा घट्नुको कारण जनसंख्या वृद्धिदरमा आएको कमी हुन सक्दछ भने माध्यमिक तहमा विद्यार्थी संख्या बढ्दै जानुमा शिक्षाप्रति आम चेतना बढ्दै जानु हुन सक्ने अनुमान गर्न सकिन्छ। माथिको तालिकामा २०७६ सालको विद्यार्थी भर्ना संख्यामा छात्राको स्तम्भमा कोष्ठभित्र दिइएको प्रतिशतले कूल संख्यामा छात्राको प्रतिशत देखिइएको छ। यस अनुसार अनुसार प्राथमिक तहमा २०७५ सालदेखि छात्रको तुलनामा छात्राको प्रतिशत घट्न आएको (४९.७) देखिएको छ भने अन्य कक्षाहरूमा छात्राको प्रतिशत बढी रहेको देखिएको छ। कक्षा ११ - १२ मा छात्रा ५३.१ प्रतिशत रहेको छ।

शैक्षिक सत्र २०७२ देखि २०७६ सम्म कक्षा १ - १२ सम्म भर्ना भएका कूल विद्यार्थी संख्यालाई तलको ग्राफमा प्रस्तुत गरिएको छ।

ग्राफ ५: कक्षा १ - १२ सम्म भर्ना भएका कूल विद्यार्थी संख्या, २०७२ - २०७६




उपर्युक्त ग्राफबाट २०७२ सालदेखिनै विद्यालय स्तरमा भर्ना भएका कूल विद्यार्थी संख्या क्रमशः घटीरहेको प्रवृत्ति स्पस्ट देखिएको छ। २०७२ सालभन्दा २०७६ सालमा विद्यालय तहको कूल विद्यार्थी संख्यामा ४,९५,८४३ जनाले कमी आएको छ। घट्दो क्रममा रहेको विद्यार्थी संख्याले सरकारलाई आगामी वर्षहरूमा भौतिक पूर्वाधार र शिक्षक संख्याको व्यवस्थापन गर्नका लागि केही आधार मिल्दछ।

२०७६ सालमा विद्यालय तह अनुसार विद्यार्थीको खुद भर्नादर तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २८: विद्यालय तह अनुसार विद्यार्थीको खुद भर्नादर सम्बन्धी विवरण, २०७६

| विद्यालय तह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| आधारभूत (१-५) | ९६.४ | ९७.७ | ९७.१ |
| आधारभूत (६-८) | ८८.७ | ९०.७ | ८९.७ |
| आधारभूत (१-८) | ९२.६ | ९४.२ | ९३.४ |
| माध्यमिक (९-१०) | ६९.३ | ६८.७ | ६९.० |
| माध्यमिक (११-१२) | २६.५ | २५.९ | २६.२ |
| माध्यमिक (९-१२) | ४७.९ | ४७.३ | ४७.६ |

*स्रोत: आर्थिक सर्वेक्षण, २०७६/७७*

माथिको तालिकामा प्रस्तुत गरिएको तहगत खुद भर्नादर विगतका वर्षहरूदेखि सुधार हुँदै आएको देखिन्छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७६ को प्रतिवेदन अनुसार विद्यालयमा विद्यार्थीको टिकाउ दरको सम्बन्धमा अघिल्लो शैक्षिक वर्षमा भन्दा २०७६ सालमा टिकाउ दरमा सुधार भएको छ। जसमा कक्षा ५ सम्मको टिकाउ दर ८९.६ बाट ९३ प्रतिशत (बालक ९२.२ र बालिका ९३.६), कक्षा ८ सम्मको टिकाउ दर ७७.९ बाट ७९.३ प्रतिशत (बालक ७९.१ र बालिका ७९.६), कक्षा १० सम्मको टिकाउ दर ५८.४ बाट ६०.३ प्रतिशत (बालक ५९.१ र बालिका ६१.६) र कक्षा १२ सम्मको टिकाउ दर २२.२ बाट २४.० प्रतिशत (बालक २३.४ र बालिका २४.६) रहेको देखिएको छ।

विद्यालय स्तरमा विद्यार्थीले कक्षा दोहोऱ्याउने र विभिन्न कारणले कक्षा छाड्ने गरेका छन् । शैक्षिक वर्ष २०७४ सालदेखि २०७६ सालसम्म विद्यार्थीको कक्षा उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र बीचैमा विद्यालय छोड्ने दर तलको तालिकामा दिइएको छ ।

तालिका २९: उत्तीर्ण, दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर

| कक्षा तह | कक्षा उत्तीर्ण दर | | | दोहोऱ्याउने दर | | | विद्यालय छाड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **शैक्षिक सत्र २०७४** | | | | | | | | | |
| प्राथमिक (१-५) | ८९.९ | ८९ | ८९.५ | ६.८ | ७.२ | ७.० | ३.३ | ३.८ | ३.६ |
| निमावि (६-८) | ९२.० | ९१.४ | ९१.७ | ३.८ | ४.१ | ४.० | ४.२ | ४.५ | ४.४ |
| माध्यमिक (९-१०) | ९३.४ | ९३.४ | ९३.४ | २.९ | ३.० | २.९ | ३.७ | ३.६ | ३.७ |
| **शैक्षिक सत्र २०७५** | | | | | | | | | |
| प्राथमिक (१-५) | ८९.७ | ८८.८ | ८९.३ | ६.७ | ७.२ | ७.० | ३.६ | ४.० | ३.८ |
| निमावि (६-८) | ९२.९ | ९१.७ | ९२.३ | ३.५ | ४.० | ३.८ | ३.६ | ४.३ | ३.९ |
| माध्यमिक (९-१०) | ९४.२ | ९३.६ | ९३.९ | ३.५ | ३.६ | ३.६ | २.३ | २.८ | २.६ |
| **शैक्षिक सत्र २०७६** | | | | | | | | | |
| प्राथमिक (१-५) | ९०.७ | ८९.४ | ९०.० | ६.१ | ६.६ | ६.४ | ३.३ | ४.१ | ३.६ |
| निमावि (६-८) | ९३.१ | ९१.९ | ९२.५ | ३.६ | ४.० | ३.८ | ३.३ | ४.१ | ३.८ |
| माध्यमिक (९-१०) | ९५.५ | ९५.० | ९५.३ | २.० | २.० | २.० | २.५ | ३.० | २.८ |

*स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६ ।*

माथिको तालिका अनुसार गत शैक्षिक सत्रमा भन्दा २०७६ सालमा कक्षा उत्तीर्ण दर प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तीनै तहमा बढेको देखिएको छ । कक्षा दोहोऱ्याउने दर गत वर्षको तुलनामा २०७६ सालमा प्राथमिक र माध्यमिक तहमा घटेको छ भने निम्न माध्यमिक तहमा समान रहेको छ। शैक्षिक सत्रको बिचैमा पढाई छाड्ने दरमा खासै सुधार भएको देखिएको छैन ।

### दलित र जनजाति बालबालिका:

२०६८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्यामध्ये दलित १३.६ प्रतिशत र जनजाति ३७.२ प्रतिशत रहेको छ । प्राथमिक, निम्नमाध्यमिक, आधारभूत र माध्यमिक तहमा शैक्षिक सत्र २०७४ देखि २०७६ सालमा अध्ययनरत कूल बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको प्रतिशत तलको तालिकामा दिइएको छ ।

तालिका ३०: शैक्षिक तह अनुसार कूल विद्यार्थीमा दलित र जनजाति बालबालिकाको प्रतिशत, २०७४ - २०७६

| साल | २०७४ | | २०७५ | | २०७६ | |
|---|---|---|---|---|---|---|
| शैक्षिकतह | दलित % | जनजाति % | दलित % | जनजाति % | दलित % | जनजाति % |
| प्राथमिक (१-५) | १९.९ | ३६.८ | १९.९ | ३४.२ | १९.५ | ३३.७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| निमावि (६-८) | १६ | ४०.९ | १५.६ | ३७.८ | १५.६ | ३७.६ |
| आधारभूत (१-८) | १८.७ | ३८.१ | १८.५ | ३५.४ | १८.२ | ३५.० |
| मा.वि. (९-१०) | ११.१ | ३३.८ | १२.४ | ३९.८ | १२.३ | ३७.६ |
| मा.वि. (११-१२) | ६.५ | २३.३ | ६.९ | २३.१ | ८.७ | ३८.१ |
| मा.वि. (९-१२) | ९.४ | २९.९ | १०.४ | ३३.५ | १०.९ | ३७.८ |
| **कक्षा १–१२ सम्म** | १६.७ | ३६.३५ | १६.६ | ३५.० | १६.४ | ३५.६ |

*स्रोतः शिक्षा तथा मानव विकास स्रोत केन्द्र, २०७५ र २०७६*

माथिको तालिकाबाट २०७४ देखि २०७६ साल सम्मको शैक्षिक सत्रमा भर्ना भएका कूल विद्यार्थी संख्या हरेक वर्ष समग्रमा घट्दो क्रममा रहेको देखिन्छ । तहगत रूपमा कूल विद्यार्थीको संख्यामा दलित बालबालिकाको प्रतिशत आधारभूत तहसम्म थोरैले कमी हुन आएको छ भने माध्यमिक तहमा केही सुधार भएको देखिएको छ । यसैगरी, जनजाति बालबालिकाको प्रतिशत पनि आधारभूत तहसम्म केही कमी हुन आएको छ भने माध्यमिक तहमा उल्लेख्य सुधार भएको देखिएको छ । कूल जनसंख्यामा दलित र जनजाति समुदायको प्रतिशतभन्दा विद्यालय तहमा रहेका कूल विद्यार्थीमा उक्त समूहका बालबालिकाको प्रतिशत केही कम रहेको देखिएको छ ।

### अपाङ्गता भएका बालबालिकाः

नेपाल सरकार अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै आएको छ । नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ । अपाङ्गता अन्तर्गत मूलतः शारीरिक, बौद्धिक, श्रवण, दृष्टी, स्वर बोलाइ लगायतका अवस्था भएका बालबालिका विद्यालय तहमा अध्ययनरत छन् । आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार २०७६ सालको शैक्षिक सत्रमा आधारभूत तह तथा माध्यमिक तहतर्फ आवासीय एवम् ग्रैह्नआवासीय छात्रवृत्तिमार्फत ६२,७०४ जना अपाङ्गता भएका बालबालिकालाई विद्यालय शिक्षामा समावेश गरिएका छन् ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार कुल जनसंख्यामा अपाङ्गता भएका व्यक्ति १.९४ प्रतिशत रहेको छ । विद्यालय स्तरको शिक्षामा ०.८८ प्रतिशत अपाङ्गता भएका बालबालिकाको पहुँच रहेको छ । शिक्षा तथा मानव विकास स्रोत केन्द्रको २०७६ सालको प्रतिवेदन अनुसार शैक्षिक वर्ष २०७५ सालमा कक्षा १-१२ सम्म भर्ना भएका अपाङ्गता भएका विद्यार्थीहरू जम्मा ६६,९५५ रहेको थियो भने २०७६ सालमा जम्मा ६२,०४७ जना रहेको देखिएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार कूल जनसंख्यामा अपाङ्गता भएका व्यक्ति १.९४ प्रतिशत रहेको पृष्ठभूमिमा विद्यालय स्तरको शिक्षामा ०.८८ प्रतिशत अपाङ्गता भएका बालबालिकाको पहुँच रहेको छ । अपाङ्गताको प्रकारको आधारमा सबैभन्दा धेरै क्रमशः शारीरिक अपाङ्गता भएका ३६,९९९ जना, बौद्धिक अपाङ्गता भएका ६,६८५ जना, श्रवण कमजोर भएका ६,२०५ जना, न्यून दृष्टी भएका ५,४१० जना स्वर बोलाइ कमजोर भएका ४,५२९ जना छन् भने दृष्टीविहीन २,०२२ र श्रवण र दृष्टी दुवैविहीन भएका ९१६ जना रहेका छन् । यस समूहका बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि

गर्ने ३३ विशेष विद्यालय, २३ एकीकृत विद्यालय, ३८० स्रोत कक्षाको व्यवस्था रहेको जानकारी रहेको छ भने दृष्टि सम्बन्धी अपाङ्गता भएकाका लागि निःशुल्क रुपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउने तथा साङ्केतिक भाषा एवम् अन्य सिकाइ सामग्री विकास एवम् वितरण गर्ने कार्यक्रम सञ्चालन भएका छन् । विद्यालय शिक्षामा अपाङ्गता भएका बालबालिकाको पहुँच बढाउन थप प्रयास हुन जरुरी छ ।

सामुदायिक विद्यालयहरूमा कम्प्युटर सुविधा उपलब्ध गराउने कार्य विस्तार भइरहेको छ । विद्यालयहरूले शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्ने क्रम बढ्दो छ । सूचना प्रविधिको उपयोगबाट शिक्षण सिकाइमा थप प्रभावकारिता ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि सबै माध्यमिक विद्यालयहरूमा सूचना प्रविधिको सुविधा विस्तार गर्ने लक्ष्य नेपाल सरकारले लिएको छ ।

विद्यालयमा बालबालिकाको भर्ना बढाउन, टिकाइ राख्न, शिक्षाको गुणस्तर बढाउन, गरिबी एवम् कठिन अवस्थामा परेका बालबालिकाको शिक्षामा पहुँच बढाउन नेपाल सरकारबाट विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस कार्यमा विकास साझेदार संस्थाहरूको समेत योगदान रहेको छ । यी कार्यक्रमहरूमध्ये विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गर्ने कार्य समेत रहेको छ । आ.व. २०७६/०७७ मा आधारभूत तहमा अध्ययन गर्ने सबै दलित र छात्रा, माध्यमिक तहका विपन्न लक्षित, सहिदका छोराछोरी, द्वन्द्वपीडित बालबालिका, अतिसीमान्तकृत तथा लोपोन्मुख जातजातिका सन्तती लगायत ३२,८८,९२४ विद्यार्थीका लागि करिब रु. ३ अर्ब १८ करोड छात्रवृत्ति वितरण भएको अनुमान छ । यसैगरी, कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने प्रोत्साहनका लागि छात्रवृत्तिको व्यवस्था रहेको पाइएको छ । राष्ट्रिय योजना आयोगबाट प्रकाशित दिगो विकास लक्ष्यहरूको प्रगति प्रतिवेदन, २०७७ अनुसार विभिन्न किसिमका छात्रवृत्तिबाट विद्यालय स्तरका करिब ३६ प्रतिशत बालबालिका लाभान्वित भएको पाइएको छ । यसैगरी, आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. १६५ अनुसार छात्रवृत्ति कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरी आगामी वर्ष विपन्न र अपाङ्गता भएका नागरिकका बालबालिका, सहिदका छोरा छोरी र जेहन्दार विद्यार्थी समेत मुलुकभरका करिब २६ लाख छात्रछात्रा लाभान्वित हुने गरी छात्रवृत्ति प्रदान गर्न रु. २ अर्ब ७० करोड विनियोजन गरिएको छ ।

परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरबाट प्राप्त जानकारी अनुसार एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या प्रत्येक वर्ष क्रमशः बढ्दै गई २०७५ सालको परीक्षामा ४,७५,००३ जना विद्यार्थी उपस्थित रहेको देखिएको थियो । २०७६ सालको एस.इ.इ. परीक्षा कोभिड-१९ को कारण स्थगित भई परीक्षाको लागि फारम भर्ने सबै विद्यार्थीलाई (४,८३,९८६ जना) मूल्याङ्कन गर्न कार्यविधि बनाई सम्बन्धित विद्यालयलाई नै जिम्मेवारी दिएको थियो । जसमध्ये विद्यालयहरूबाट परीक्षाका लागि योग्य जम्मा ४,७२,०७८ जना विद्यार्थीहरूको प्रमाणित प्राप्ताङ्क विवरण परीक्षा नियन्त्रण कार्यालयमा प्राप्त भई सोही अनुसार नतिजा प्रकाशन गरिएको देखिएको छ ।

यसैगरी, राष्ट्रिय परीक्षा बोर्डको सूचना तथा जानकारी अनुसार २०७५ सालमा कक्षा ११ को परीक्षा दिने नियमित विद्यार्थी जम्मा ३,४९,६०३ जना र कक्षा १२ को नियमित परीक्षा दिने विद्यार्थी जम्मा २,९२,१५३ जना रहेको थियो । २०७६ सालमा कक्षा ११ र १२ को परीक्षा कोभिड-१९ को कारण स्थगित भयो । तर यस वर्ष कक्षा ११ र १२ मा गरी जम्मा ६,६१,६४२ जना विद्यार्थी रहेको जानकारी छ ।

## ४.४ विद्यालयको संख्या

शैक्षिक सत्र २०७२ मा शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार कूल विद्यालयको संख्या ३४,८३७ वटा रहेकोमा २०७३ सालमा जम्मा ३४,७३९ वटा, २०७४ मा ३५,६०१ र २०७५ मा जम्मा विद्यालयको संख्या ३५,०५५ वटा रहन आएको थियो । २०७६ सालमा कूल विद्यालयको संख्या ३५,५२० पुगेको छ । तहगत सामुदायिक, संस्थागत र धार्मिक विद्यालयको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३१ः विद्यालय प्रकार अनुसारका विद्यालयको संख्या, २०७६

| तह र प्रकार अनुसारका विद्यालय | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|
| आधारभूत (१-५) | २७,५४० | ६,४२० | १,१०३ | ३५,०६३ |
| आधारभूत (६-८) | १२,०३९ | ४,६०१ | १३० | १६,७७० |
| आधारभूत (१-८) | २७,६९२ | ६,४४१ | १,१२९ | ३५,२६२ |
| माध्यमिक (९-१०) | ७,१०५ | ३,५०० | ३९ | १०,६४४ |
| माध्यमिक (११-१२) | ३,२६८ | ९१३ | ६ | ४,१८७ |
| माध्यमिक (९-१२) | ७,१०५ | ३,७४५ | ३९ | ४,८८९ |
| **जम्मा** | २७,७०४ | ६,६८७ | १,१२९ | ३५,५२० |

*स्रोतः आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०७६/७७*

माथिको तालिकाबाट कक्षा १ देखि १२ सम्म कूल ३५,५२० विद्यालयहरू सञ्चालनमा रहेका छन् । कूल विद्यालय संख्यामध्ये सामुदायिक विद्यालय करिब ७७.९९ प्रतिशत, संस्थागत १८.८२ प्रतिशत र धार्मिक ३.१९ प्रतिशत रहेको छ । तहगत दोहोरोपनाको कारण प्रत्येक तहगत विद्यालयको कूल संख्याको जोड नमिलेको देखिन्छ । शिक्षा तथा मानव विकास स्रोत केन्द्रको २०७६ सालको प्रतिवेदन अनुसार धार्मिक विद्यालयहरू १,१२९ वटामध्ये मदरसा ९११ वटा, गुम्बा/विहार ११४ वटा र गुरुकूल १०४ वटा सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०७५ मा धार्मिक विद्यालयको संख्या १,१२१ वटा रहेको थियो ।

## ४.५ निष्कर्ष

विद्यालय शिक्षाको स्थिति सुधार गर्न नेपालका तीनै तहका सरकारहरू प्रयासरत रहेका छन् । यस प्रयासमा विकास साझेदार, गैरसरकारी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवालाहरू समेतको सहयोग रहेको छ । विगतका वर्षहरूदेखि विद्यालय स्तरमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको छ भने अर्कोतिर भर्नादरमा भने सुधार आएको छ । प्राथमिक शिक्षामा बालिकाको अनुपात ०.९८ र कक्षा १-१२ सम्मको अनुपात १.०१ पुगेको छ । विभिन्न किसिमका छात्रवृत्ति लगायत प्रोत्साहन सुविधाबाट लक्षित बालबालिकाको शिक्षामा पहुँच बढेको छ । समग्रमा, विद्यालय शिक्षामा सुधार आएको देखिएको छ ।

गरिबी, भौगोलिक विकटता, परिवारबाट परितत्यक्त तथा अपहेलित, अपाङ्गता लगायतका कारण विद्यालयबाहिर परेका बालबालिकाको शिक्षामा पहुँच बढाउनु, विद्यालय खुल्ने सबै दिनहरूमा नियमित पठनपाठन हुनु, विद्यालयमा पढाई बीचैमा छोड्ने समस्या न्यून गर्नु, विद्यालयमा विद्यार्थीको सिकाइ स्तर सुधार गर्नु, विद्यालय - शिक्षक - विद्यार्थीको अनुपात सुधार गर्नु जस्ता विषयहरूमा सुधार हुन थप प्रयास गर्नुपर्ने देखिएको छ ।

♦

# परिच्छेद : ५

## बाल सहभागिता

### ५.१. परिचय

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ का प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), सँगठित हुने स्वतन्त्रता (धारा १५), सूचनामा पहुँच (धारा १७) आदि बाल सहभागितासँग सम्बन्धित हुन्छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८, ९ र १० मा बाल सहभागितासँग सम्बन्धित विषयहरू समावेश भएका छन् (अनुसूची १) । यी व्यवस्थाहरूबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुन पुगेको छ । यस अनुसार बालबालिकासँग सम्बन्धित बिषयहरूबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने, सहभागी हुन पाउने लगायतका विषयलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

### ५.२ बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रता तथा सूचना, प्रविधि, सञ्चार र मनोरञ्जनमा बालबालिकाको सहभागिता

नेपालको संविधानको धारा ३९(३) ले बालबालिकाको सहभागिताको हक सुनिश्चित गरेको छ । यस अतिरिक्त मौलिक हक अन्तर्गतका अन्य अधिकारहरू नागरिक सबैको हकमा लागू हुने हुँदा विचार र अभिव्यक्तिको स्वत्रन्तता तथा संघसंस्था खोल्ने स्वतन्त्रताका हकहरू बालबालिकाको लागि पनि आकर्षित हुन्छन् ।

आवधिक योजना, नीति, कार्यक्रम तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूको निर्माण प्रक्रियामा सरकारी तथा गैरसरकारी निकायहरूबाट बालबालिकाको उमेर, रुची र क्षमताको आधारमा बालबालिकाको विचार अभिव्यक्तिका लागि सहभागी गराउने गरिएको छ र बालबालिकाको भावनाको सम्मान गर्ने गरिएको देखिन्छ । कुनै नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यमा समेत बालबालिकाको सहभागितालाई प्राथमिकता दिइन्छ । यसैगरी, बालबालिकाको सङ्गठित हुने स्वतन्त्रता सुनिश्चित गर्ने क्रममा बालक्लव तथा बालबालिकाको संस्था सञ्चालन गर्ने कार्यलाई बढावा दिने गरिएको पाइएको छ ।

विभिन्न छापा, श्रव्य, दृष्यजस्ता सञ्चार माध्यममा बालबालिका सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् भने बालबालिका आफैले पनि बाल कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । यसैगरी विभिन्न छापा माध्यमबाट बालबालिकाले नै लेखेका विविध सामग्रीहरू प्रकाशित हुने गरेका छन् । यस्ता कार्यक्रमहरूबाट एकातिर बालबालिका सम्बन्धी सूचनाको जानकारी हुने गरेको छ भने अर्कोतिर बालबालिका प्रोत्साहित हुने गरेको पाइन्छ । अर्कोतिर, विभिन्न टिभी तथा रेडियो स्टेसनहरूका कार्यक्रमहरूबाट बालबालिकाले आफ्ना विचार तथा भावना अभिव्यक्त गरेका हुन्छन् भने बालबालिकासँग सम्बन्धित योजना, कार्यान्वयन, मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागितालाई प्रोत्साहन गर्ने गरिएको छ । यस्ता कार्यक्रमहरूमा बालबालिकाले आफ्ना अनुभव, विचार तथा भावना अभिव्यक्त गर्ने गरेका छन् ।

बालबालिकाका लागि शैक्षिक कार्यहरूका लागि तयार पारिएका अडियोभिडियो सामाग्रीका साथै वयस्कलक्षित मनोरन्जन सामाग्रीहरूमा पनि बालबालिकाको प्रयोग गरिएको पाइन्छ । विभिन्न गीत तथा संगीतमा प्रयोग गरिएका बालबालिकालाई के कसरी प्रयोग गरियो, त्यस प्रक्रियामा बाल संवेदनशिलता अपाइयो वा अपनाइएन भन्ने विषयमा नीतिगत व्यवस्थाहरू पनि नरहेको हुँदा नियमनकारी निकायहरू पनि मौन रहनपरेको देखिन्छ । कतिपय यस्ता प्रयोगले बालबालिकाको सृजनात्मक क्षमता बढाए पनि स्वयम् बालबालिकामाझ परम्परागत विभेद, असमानता तथा गलत मान्यताहरूलाई थप प्रसार गरेको पनि पाइन्छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अुनसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकारको व्यवस्था छ । यसैगरी, प्रत्येक विद्यालयले पठनपाठनको समय बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक पर्ने खेदकूदका सामग्रीको व्यवस्था गर्नुपर्ने प्रावधान छ । साथै, प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्थाअनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसबाट बालबालिकालाई खेलकूद, सांस्कृतिक लगायत विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी भई आफ्नो व्यक्तित्व विकास गर्न पाउने अधिकार कानूनद्वारा नै सुनिश्चित गरिएको छ । यस अनुसार विद्यालय स्तरमा उपलब्ध स्रोतसाधन र खेल मैदानको आधारमा बालबालिकाले खेलकुद तथा मनोरञ्जनमा सहभागी हुने गरेका छन् ।

विगतका दशकहरूदेखिनै सरकारको तर्फबाट शिक्षा लगायत खेलकुदसँग सम्बन्धित मन्त्रालयहरूबाट विद्यालय स्तर, अन्तर विद्यालयस्तर, जिल्ला स्तर, क्षेत्रीय स्तर र राष्ट्रिय स्तरका विभिन्न खेलकुद कार्यक्रम सञ्चालन र प्रतियोगिताहरूको आयोजना गरी बालबालिकाको खेलकुदमा सहभागिता अभिवृद्धि गर्दै आएको छ । यसैगरी विभिन्न अन्तर्राष्ट्रिय स्तरका १९ वर्षमुनिका, १६ वर्षमुनिका मूलतः फुटबल, क्रिकेट, जुडो, कराते, पौडीजस्ता खेलको प्रतियोगितामा नेपाली बालबालिका खेलाडीहरूलाई सहभागी गराएका समाचारहरू प्रकाशमा आउने गरेका छन् । तर यस्ता अन्तर्राष्ट्रिय स्तरका खेलकुदमा नेपाली बालबालिका खेलाडीको संख्या, खेलकुद तथा सहभागिता सम्बन्धी सूचना अद्यावधिक रुपमा उपलब्ध हुन सकेको छैन ।

## ५.३ बालक्लब र बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरिएको छ । साथै, बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने उल्लेख भएको छ । बालबालिकाको सङ्गठन निर्माण र सहजीकरण मार्गदर्शन (नमूना) र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ ले "समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको एक महिनाभित्र गाउँपालिका/नगरपालिका र तिनका वडा कार्यालयमा सूचिकृत गर्नु पर्नेछ र विद्यालयमा गठन भएका बाल समूहको आवद्धता स्वयम् विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आवद्धता स्थानीय गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयसँग रहनेछ" भन्ने स्पष्ट उल्लेख गरेको छ । आर्थिक वर्ष २०७४/०७५ मा देशभर विद्यालय र समुदायमा आधारित गरी जम्मा २३,६०६ बालक्लव सञ्चालनमा रहेको जानकारी भएको थियो । तर सोभन्दा पछि संघीय व्यवस्था लागू भएपछि बालक्लव दर्ता कहाँ र कसरी गर्ने भन्नेबारे व्यवहारिक अन्यौलता रहेकोले पालिका, जिल्ला, प्रदेश र देशभर जम्मा कति बालक्लवको संख्या छ भन्ने एकीन गर्न सकिएको छैन । यसर्थ, यस विषयमा यथाशक्य चाँडो स्पष्ट हुन जरुरी देखिएको छ । बालबालिका सम्बन्धी ऐनले व्यवस्था गरेका बाल सहभागिताका प्रावधानहरुको प्रभावकारी कार्यान्वयनका साथै बालक्लवको गठन तथा सञ्चालनमा एकरुपता ल्याउन परिषद्ले बाल सहभागिता सम्बन्धी कार्यविधि मस्यौदा तर्जुमामा सहजीकरण गरिरहेको छ ।

## ५.४ खेलकुद र बालबालिका

बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, बौद्धिक र संबेगात्मक विकासका लागि खेलकुदको उल्लेख्य योगदान रहन्छ । त्यसैले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अुनसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरिएको छ । प्रत्येक विद्यालयले भौतिक पूर्वाधार तथा आर्थिक स्रोत अनुसार विद्यार्थीका लागि आन्तरिक र बाह्य खेलकुदको व्यवस्था गरेको हुन्छ । घर, टोल तथा समुदायमा समेत बालबालिकाको उमेर अनुसारका खेलकुदको व्यवस्था हुन्छ । यसैगरी, क्लव, विद्यालय, विद्यालय सञ्जाल, राष्ट्रिय खेलकुद परिषद् र यस अन्तर्गतका समितिहरू लगायतबाट बालबालिकाका लागि समेत खेलकुद प्रतियोगिताको आयोजना गर्दछ ।

पन्ध्रौं योजनामा खेलकुद शीर्षक अन्तर्गत बालबालिकालाई आफ्नो अन्तरनिहीत क्षमताको विकास गर्न प्रत्येक विद्यालयमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ भन्ने कार्यनीति रहेको छ र बालबालिकाका लागि समेत खेलकुद प्रतियोगिताको आयोजना गरी सहभागी हुने अवसर सिर्जना भएको हुने अपेक्षा गरिएको छ । विद्यालय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने विविध खेलहरूमा बालबालिका सहभागी हुने गरेको जानकारी रहेको छ । तथापी, यसको खण्डीकृत सूचना व्यवस्थापन हुन जरुरी देखिएको छ ।

आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. १९४. मा बालबालिकाको खेलकुद, मनोरञ्जन तथा शारीरिक र मानसिक विकासका लागि बाल उद्यान, पुस्तकालय एवम् विज्ञान तथा प्रविधि संग्रहालयको निर्माण गरिनेछ भन्ने उल्लेख भएको छ ।

## ५.५ स्काउट र बालबालिका

नेपाल स्काउटको स्थापना २००९ सालमा भएको हो र यो नेपालको स्काउटिङ्ग र गाइडिङ्ग संस्था हो । नेपालका बालबालिका तथा युवा वर्गलाई स्काउटमा आधिकाधिक मात्रामा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित र स्वावलम्बी बनाई देश विकास प्रक्रियामा सहभागी गराउन नेपाल स्काउटको स्थापना भएको हो । नेपाल स्काउटले पहिलो राष्ट्रिय स्काउट ज्याम्बोरी २०४३ सालमा कीर्तिपुरमा गरेको थियो भने दोस्रो ज्याम्बोरी २०६९ सालमा चितवनको टिकौलीमा गरेको थियो । ज्याम्बोरी कार्यक्रममा बालबालिकाको उल्लेख्य सहभागिता रहने गरेको जानकारी रहेको छ ।

नेपाल स्काउटमा ७ देखि १० वर्षको उमेर समूहका सदस्यलाई कब/ब्राउनी, ११ देखि १५ वर्ष उमेर समूहका सदस्यलाई ब्वाय/गर्ल र १६ देखि २५ वर्ष उमेर समूहका सदस्यलाई रोवर/रेञ्जर गरी तीन समूहमा वर्गीकरण गरिएको हुन्छ । यसबाट स्काउटको अधिकांश सदस्यहरू १८ वर्षभन्दा मुनिकानै देखिन्छ । यसबाट स्काउटसँग सम्बन्धित क्रियाकलापहरूमा बालबालिकाको उल्लेख्य सहभागिता हुने देखिएको छ । यसको खण्डीकृत सूचना व्यवस्थापन हुनुपर्ने देखिएको छ ।

## ५.६ बालमैत्री स्थानीय तह तथा वडाहरू

साविकको केन्द्रीय बाल कल्याण समितिले बालमैत्री गाँउ विकास समिति घोषणा अभियान २०६४ सालबाट प्रारम्भ गरी यस विषयमा केन्द्रीय तहदेखि साविकको जिल्ला बाल कल्याण समिति र गाउँ बाल संरक्षण समितिलाई समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको थियो । बालबालिका समेतको सहभागितामा बालमैत्री गाँउ विकास समिति निर्माण गर्ने सूचाङ्कहरूको विकास गरी यो कार्य प्रारम्भ गरिएको थियो । ती सूचाङ्कहरूलाई समेत समायोजन गरी तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लागू गरी ६४ वटा साविकको जिल्ला विकास समिति र ३२ वटा नगरपालिकाहरूलाई तालिम दिई बालमैत्री स्थानीय शासन पद्धति अगाडि बढाएको थियो । नेपाल सरकारले बालमैत्री स्थानीय शासन अवलम्वन गरेकोमा संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले समेत प्रशंसा गरेको छ ।

संघीयताको कार्यान्वयन संगै आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य सम्बन्धी विषय स्थानीय तहको एकल अधिकारको सूचीमा रहनु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालमैत्री शासन सम्बन्धी अधिकार वडा समितिको काम, कर्तव्य र अधिकार भित्र राख्नुले बालमैत्री कार्यक्रम तर्जुमा कार्यान्वयन लगायतका सबै कार्य स्थानीय तहको जिम्मेवारीमा पर्ने देखिन्छ । यस कार्यको सहजीकरणका लागि बालमैत्री स्थानीय शासनलाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा प्राथमिकता दिनुपर्ने विषयको रुपमा समावेश गरिएको छ भने स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट प्रदान गरिने तालिमको पाठ्यवस्तुमा बालमैत्री स्थानीय शासनको विषय समेत समावेश गरिएको छ । सोही बमोजिम

केही स्थानीय तहले बालमैत्री शासन प्रवर्धनका लागि कानूनी, नीतिगत, कार्यक्रमगत प्रयासका साथै बजेट विनियोजन, समन्वय तथा सहकार्यलाई उच्च प्राथमिकतामा राखेको समेत पाइन्छ ।

संघीयताको कार्यान्वयन पश्चात हालसम्म प्रदेश २ को सप्तरी जिल्ला अन्तर्गत कञ्चनरुप नगरपालिका, बागमती प्रदेशको दोलखा जिल्ला अन्तर्गत भिमेश्वर नगरपालिका, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) अन्तर्गत देवचुली नगरपालिका, लुम्बिनी को नवलपरासी जिल्ला अन्तर्गत सुनवल नगरपालिका गरी जम्मा चारवटा नगरपालिका गत आर्थिक वर्षभित्र नै बालमैत्री घोषणा भएका थिए भने २१ वटा नगरपालिका/ पालिकाको कम्ती एक/एक वटा गरी ३५ वटा वडा बालमैत्री घोषणा भएका थिए । आ.व. २०७६/७७ मा बागमती प्रदेश अन्तर्गत मकवानपुर जिल्लाको मनहरी गाउँपालिका (देशकै पहिलो बालमैत्री गाउँपालिका) मात्र बालमैत्री पालिकाको रुपमा घोषणा भएको छ भने ८ वटा पालिकाको १२ वटा वडा बालमैत्री घोषणा भएका छन् । हालसम्म जम्मा ५ वटा पालिका सबै वडाहरू र २८ वटा स्थानीय तहका ४७ वटा वडाहरू बालमैत्री घोषणा भएका छन् (अनुसूची ७) ।

आर्थिक वर्ष २०७७/७८ भित्र तिलोत्तमा नगरपालिका, भद्रपुर नगरपालिका, धुलिखेल नगरपालिका, गैंडाकोट नगरपालिका, गोदावरी नगरपालिका, बिहादी गाउँपालिका, मोदी गाउँपालिका, सानोभेरी गाउँपालिका रुकुमपश्चिम, विराटनगर महानगरपालिका, कीर्तिपुर नगरपालिका, भिरकोट नगरपालिका, बगनासकाली गाउँपालिका, रम्भा गाउँपालिका, रामपुर नगरपालिका, माथागढी गाउँपालिका र टोखा नगरपालिकाले बालमैत्री स्थानीय शासन घोषणा गर्ने प्रतिबद्धता जनाएको जानकारीमा आएको छ ।

बालमैत्री स्थानीय शासन जनप्रतिनिधिको बुझाई र प्राथमिकतामा पार्नु, वार्षिक वजेट तथा कार्यक्रममा यो अभियानलाई समावेश गर्नु, बालमैत्री घोषणा पछि के गर्ने भन्ने विषयमा एकरुपता कायम गर्नु, बालमैत्री घोषणाको सघन अनुगमन गर्नु, वहस पैरवीको राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यासमा शिथिलता आउनु, सूचकमा समसामयिक परिवर्तन गर्नु, बालमैत्री स्थानीय शासनलाइ दीगो विकाससँग जोड्नु, लगानी योजना र रणनीतिक योजनालाई वार्षिक योजनामा समावेश गर्नु तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु बालमैत्री स्थानीय शासनसंग सम्बन्धित केही चुनौतिहरू हुन् ।

बालमैत्री स्थानीय शासन मौलिक हक कार्यान्वयनको विषय भएको हुँदा संघीय सरकारबाट प्रदेश सरकार तथा स्थानीय तहसंग समन्वय गरी प्रभावकारी ढंगबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै, यसको कार्यान्वयनको मुख्य जिम्मेवारी स्थानीय तहको हुने हुँदा स्थानीय तह र प्रदेश सरकारको समन्वय र सहकार्यको स्पष्ट व्यवस्था हुनु पर्ने एवम् संघ र प्रदेश सरकारबाट स्थानीय तहमा अनुदान तथा प्राविधिक सहयोग सहजीकरण गर्ने व्यवस्था हुनुका तथा विकास साझेदार तथा गैर सरकारी क्षेत्रको परिचालन गर्ने रणनीति तथा कार्यक्रम बनाउनु आवश्यक छ ।

आगामी दिनमा नीतिगत सुधार जस्तै बालमैत्री स्थानीय शासनको समग्र प्रक्रियामा प्रदेश तथा स्थानीय बाल अधिकार समिति एवम बाल कल्याण अधिकारीको संलग्नता एवम् भूमिका स्पष्ट हुनुपर्ने, सूचकहरूमा अनाथ बालबालिकाको व्यवस्थापन, सडक बालबालिकामुक्त स्थानीय तह, छोरा र छोरीमा विना भेदभाव

कम्तीमा ३ पटक स्थानीय स्तरमा उपलब्ध खानेकुरा खान पाउनु पर्ने, घर,विद्यालय, समुदाय वा सार्वजनिक स्थल कतै पनि बालबालिकाविरुद्ध हिंसा हुन नहुने विषयहरू समावेश गर्नु, स्थानीय तथा प्रदेश तहका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, समुदायमा आधारित संस्थाको सचेतना तथा क्षमता विकास, सवलीकरणयुक्त वातावरण निर्माण, स्रोतको दीगो व्यवस्थापन तथा सूचना व्यवस्थापनमा ध्यान दिन जरुरी देखिन्छ ।

## ५.७ निष्कर्ष

योजना तर्जुमा, अध्ययन, अनुसन्धान लगायतका कार्यहरूमा सरकारी तथा गैरसरकारी निकायहरूबाट बालबालिकाको उमेर, रुची र क्षमताको आधारमा बालबालिकाको विचार अभिव्यक्तिका लागि सहभागी गराउने गरिएको छ र बालबालिकाको भावनाको सम्मान गरिएको देखिन्छ । कुनै नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यमा समेत बालबालिकाको सहभागितालाई प्राथमिकता दिइन्छ । यसैगरी, बालबालिकाको सङ्गठित हुने स्वतन्त्रता सुनिश्चित गर्ने क्रममा बालक्लव तथा बालबालिकाको संस्था सञ्चालन गर्ने कार्यलाई बढावा दिने गरिएको पाइएको छ । विविध किसिमका सूचनामा बालबालिकाको पहुँच बढाउने कार्यहरू भइरहेका छन् भने रेडियो, टिभी लगायत सञ्चारको छापा माध्यमबाट बालबालिकाको अभिव्यक्तिलाई प्रोत्साहन दिने गरिएको छ। विभिन्न किसिमका खेलहरूमा बालबालिकाको सहभागिता गराई प्रतिस्पर्धा गर्ने गरिएको छ। तथापी, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा बालबालिकाको सहभागिताको सूचना अध्यावधिक भएको देखिँदैन । बालबालिकासँग सम्बन्धित सामाजिक, भौतिक लगायतका विकास कार्यहरूमा बालबालिकाको सहभागितालाई प्रोत्साहन गर्दै लानुपर्ने देखिन्छ ।

♦

# परिच्छेदः ६

# प्रदेश र बालबालिका

## ६.१ परिचय

देश संघीयतामा प्रवेश गरेको तीन वर्ष पूरा भएको छ । प्रत्येक प्रदेशबाट बालबालिकासँग सम्बन्धित कानून, नीति, योजना तथा कार्यक्रमको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । यस अनुसार प्रदेशहरूबाट बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, पोषण लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि विभिन्न कार्यहरू गरिरहेको पाइएको छ । यस परिच्छेदमा प्रदेशगत बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणको स्थिति र आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरिएका बालबालिकाको विषयहरूको जानकारी समेटिएका छन् ।

## ६.२ प्रदेश र बालबालिकाको स्थिति

### *६.२.१ प्रदेशगत कूल जनसंख्या र बालबालिका*

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कूल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ कूल जनसंख्या रहेको छ। यसमध्ये १८ वर्षमुनिका जनसंख्या अर्थात बालबालिका ४१.८४ प्रतिशत रहेको छ। यसको आधारमा प्रदेश अनुसारको कूल जनसंख्या र बालबालिकाको जनसंख्याको एक झलक तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३२ः प्रदेशगत जनसंख्या र बालबालिकाको संख्या

| प्रदेश | १ | २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| जनसंख्या | ४,५३४,९४३ | ५,४०४,१४५ | ५,५२९,४५२ | २,४१३,९०७ | ४,८९१,०३५ | १,१६८,५१५ | २,५५२,५१७ |
| प्रतिशत | १७.१ | २०.४ | २०.९ | ९.१ | १७.० | ५.९ | ९.६ |
| १८ वर्ष मुनिका अनुमानित बालबालिका (४१.८४%) | १,८९७,४२० | २,२६१,०९४ | २,३१३,५२३ | १,००९,९७९ | २,०४६,४०९ | ४८८,९०७ | १,०६७,९७३ |

माथिको तालिकाबाट जनसंख्याको हिसाबले सबभन्दा बढी बागमती प्रदेशमा (२०.९%) र दोस्रोमा प्रदेश-२ मा (२०.४%) रहेको छ भने सबभन्दा कम कर्णाली प्रदेशमा (५.९%) रहेको छ। बालबालिकाको संख्या तथा प्रतिशत पनि करिब सोही अनुरुप हुन आउँछ।

### ६.२.२ *प्रदेश र बालबालिकाको शिक्षा स्थिति*

प्रदेश र बालबालिकाको शिक्षा स्थिति समेट्नका लागि प्रारम्भिक बालविकास र जम्मा बालबालिका (जम्मा बालबालिका तथा दलित, जनजाति र अपाङ्गता भएका बालबालिकासहित), प्रदेशगत विद्यालय र विद्यार्थी संख्या तथा विद्यालय तह अनुसार खुद भर्नादर जस्ता विषयहरू समावेश गरिएका छन् ।

#### क. प्रारम्भिक बालविकास

प्रारम्भिक बालविकास केन्द्रको संख्या २०७५ सालमा ३५,९९३ वटा थियो भने उक्त केन्द्रहरूमा कूल ९७३,००० जना बालबालिका थिए । २०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रको संख्या ३६,४५० र भर्ना भएका बालबालिकाको संख्या ११,०५,५६१ पुगेको छ । अघिल्लो वर्षको तुलनामा २०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रको संख्या ४५७ वटा थपिएको र भर्ना भएका बालबालिकाको संख्या १३२,५६१ जना बढेको देखिएको छ ।  २०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रको प्रदेशगत संख्या र भर्ना भएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३३: प्रदेशगत प्रारम्भिक बालविकास केन्द्रको संख्या, २०७६

| प्रदेश | जम्मा | सामुदायिक | संस्थागत | बालबालिकाको संख्या |
|---|---|---|---|---|
| १ | ६,९२५ | ५,५३६ | १,३८९ | २०२,१८९ |
| २ | ४,९६१ | ४,३२६ | ६३५ | १६३,५३० |
| बागमती | ६,९४४ | ५,०३० | १,९१४ | २२५,४१८ |
| गण्डकी | ४,१९५ | ३,६२८ | ५६७ | १०२,६०६ |
| लुम्बिनी | ६,४६६ | ५,३५६ | १,११० | २२५,१५३ |
| कर्णाली | २,७६० | २,५८५ | १७५ | ६७,३२४ |
| सुदुरपश्चिम | ४,१९९ | ३,५७८ | ६२१ | ११९,३४१ |
| **जम्मा** | ३६,४५० | ३०,०३९ | ६,४११ | १,१०५,५६१ |

*स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

माथिको तालिकाबाट सबभन्दा बढी प्रारम्भिक बालविकास केन्द्रको संख्या क्रमशः बागमती प्रदेश र प्रदेश - १ र सबभन्दा कम कर्णाली प्रदेशमा देखिएको छ। प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको संख्या सबभन्दा बढी बागमती प्रदेश र लुम्बिनी प्रदेशमा र सबभन्दा कम कर्णाली प्रदेशमा देखिएको छ। तर प्रदेशगत कूल जनसंख्याको हिसाबले प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्याको प्रतिशत सबभन्दा बढी कर्णाली प्रदेशमा (५.७६%) र सबभन्दा कम (३.०३%) प्रदेश-२ मा देखिएको छ।

२०७६ सालमा कक्षा १ मा भर्ना भएका कूल बालबालिकाको संख्या र प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत प्रदेश अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३४: प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका प्रदेशगत बालबालिका संख्या, २०७६

| प्रदेश | कक्षा १ मा नयाँ भर्ना संख्या | | | प्राबाविको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या | | | प्राबाविको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| १ | ५२,६४६ | ५२,५१७ | १०५,१६३ | ३६,९५७ | ३७,०८७ | ७४,०४४ | ७०.६ | ७०.२ | ७०.४ |
| २ | ८४,२१२ | ८३,८०६ | १६८,०१८ | ५२,६२२ | ५४,२५० | १०६,८७२ | ६४.७ | ६२.५ | ६३.६ |
| बागमती | ५४,९०५ | ५६,८२६ | १११,७३१ | ३९,९१६ | ३९,९५९ | ७९,८७५ | ७०.३ | ७२.७ | ७१.५ |
| गण्डकी | २५,६७७ | २५,७४९ | ५१,४२६ | १९,६१७ | १८,६१७ | ३८,२३४ | ७२.३ | ७६.४ | ७४.३ |
| लुम्बिनी | ६२,१६८ | ६४,८३३ | १२७,००१ | ४४,३२६ | ४५,७९२ | ९०,११८ | ७०.६ | ७१.३ | ७१.० |
| कर्णाली | २९,६१६ | २९,०७७ | ५८,६९३ | १९,५७३ | १९,२८४ | ३८,८५७ | ६६.३ | ६६.१ | ६६.२ |
| सुदूरपश्चिम | ४२,६२२ | ४२,२२७ | ८४,८४९ | २८,१७३ | २९,०९७ | ५७,२७० | ६८.९ | ६६.१ | ६७.५ |
| **जम्मा** | ३५१,८४६ | ३५५,०३५ | ७०६,८८१ | २४१,१८४ | २४४,०८६ | ४८५,२७० | ६८.५ | ६८.७ | ६८.६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

माथिको तालिका अनुसार कक्षा १ मा भर्ना भएका कूल विद्यार्थीमध्ये प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिका ६८.६ प्रतिशत रहेको देखिन्छ जुन गत शैक्षिक सत्रको (६६.९%) भन्दा १.७ प्रतिशत विन्दुले बढी हुन आउँछ। साथै, प्रारम्भिक बालविकासको अनुभव भएका बालबालिका शारीरिक, बौद्धिक, भावनात्मक तथा ज्ञानात्मक विकास अनुभव नभएकाको भन्दा राम्रो हुने जानकारी छ यसैले कक्षा १ मा भर्ना हुने सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रको अनुभव हासिल गर्न थप नीतिगत तथा कार्यक्रमगत पहल गर्नुपर्ने देखिन्छ।

दलित र जनजाति बालबालिकाको हक, हित र अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि कानूनी र नीतिगत व्यवस्था अनुसार शिक्षामा पहुँच बढाउने उपायहरू अवलम्बन गरिएका छन्। नेपालको कूल जनसंख्यामध्ये जनजाति ३७.२ प्रतिशत र दलित १३.६ प्रतिशत रहेको छ। २०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका जम्मा बालबालिका र सोमध्ये दलित र जनजाति बालबालिकाको संख्या र प्रतिशत प्रदेश अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३५: प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका प्रदेशगत दलित तथा जनजाति बालबालिका, २०७६

| प्रदेश | जम्मा | दलित | दलित % | जनजाति | जनजाति % |
|---|---|---|---|---|---|
| १ | २०२,१८९ | ३१,४२६ | १५.५ | ९४,५७८ | ४६.८ |
| २ | १६३,५३० | ४१,२६७ | २५.२ | २३,९०९ | १४.६ |
| बागमती | २२५,४१८ | १८,११२ | ८.० | १२५,४२० | ५५.६ |
| गण्डकी | १०२,६०६ | २४,९६४ | २४.३ | ४३,७८६ | ४२.७ |
| लुम्बिनी | २२५,१५३ | ४३,९२५ | १९.५ | ८५,७३३ | ३८.१ |
| कर्णाली | ६७,३२४ | १८,७९६ | २७.९ | ७,९८१ | ११.९ |
| सुदूरपश्चिम | ११९,३४१ | ३०,६१५ | २५.७ | २३,३६४ | १९.६ |
| **जम्मा** | १,१०५,५६१ | २०९,१०५ | १८.९ | ४०४,७७१ | ३६.६ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

यस वर्ष प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने दलित तथा जनजाति बालबालिकाको संख्या तथा प्रतिशत गत वर्ष भन्दा बढी देखिएको छ। माथिको तालिकाबाट २०७६ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका जम्मा बालबालिकामध्ये दलित बालबालिका सबभन्दा कम ८ प्रतिशत बागमती प्रदेशमा र सबभन्दा बढी कर्णाली प्रदेशमा २७ प्रतिशत (गत वर्ष ९.६%) देखिएको छ। यसैगरी, जनजाति बालबालिका सबभन्दा कम ११.९ प्रतिशत (गत वर्ष २.१%) कर्णाली प्रदेशमा र सबभन्दा बढी बागमती प्रदेशमा ५५.६ प्रतिशत (गत वर्ष ३०.२%) देखिएको छ। गत वर्ष र यस वर्ष प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका जम्मा बालबालिकामध्ये दलित र जनजाति बालबालिकाको प्रतिशतमा निकै उतारचढाव देखिएको छ। यसबारे सुक्ष्म अध्ययन हुन आवश्यक देखिएको छ।

प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाको संख्या २०७५ सालमा ३,२७० (०.३४%) रहेकोमा २०७६ सालमा ३,६८७ (०.३३%) रहेको देखिन्छ। प्रदेशगत रुपमा प्रारम्भिक बालविकास केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३६: अपाङ्गताका प्रकार अनुसार प्रारम्भिक बालविकास केन्द्रमा रहेका बालबालिकाको संख्या, २०७६

| प्रदेश | अपाङ्गताको मुख्य प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | बौद्धिक | श्रवण | दृष्टी | न्यून दृष्टी | श्रवण र दृष्टी | स्वरबोलाइ | बहु अपाङ्गता | जम्मा |
| १ | ३९२ | ६८ | ३७ | २५ | ८ | ० | २४ | ३२ | ५८६ |
| २ | ३६४ | ११६ | २ | ५४ | ३ | ० | ६ | ५७ | ६०२ |
| बागमती | ४५३ | १४० | ३३ | ३४ | २९ | २ | ५८ | ३२ | ७८१ |
| गण्डकी | १५० | ३८ | १२ | ५ | १४ | १ | ३० | ३८ | २८८ |
| लुम्बिनी | ५७४ | १२८ | २० | २८ | २३ | २ | २७ | ५७ | ८५९ |
| कर्णाली | १०७ | २४ | २३ | ११ | २९ | २ | ११ | ४ | २११ |
| सुदुरपश्चिम | २३३ | ४२ | ३९ | १९ | ७ | ० | १५ | ५ | ३६० |
| **जम्मा** | २,२७३ | ५५६ | १६६ | १७६ | ११३ | ७ | १७१ | २२५ | ३,६८७ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

माथिको तालिकाबाट प्रारम्भिक बालविकास केन्द्रहरूमा रहेका विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकामध्ये सबभन्दा बढी क्रमशः गण्डकी प्रदेश र बागमती प्रदेशमा तथा सबभन्दा कम कर्णाली र सुदूरपश्चिम प्रदेशमा देखिन्छ। प्रारम्भिक बालविकास केन्द्रमा रहेका यस समूहका कूल बालबालिकामध्ये सबभन्दा बढी शारीरिक अपाङ्गता भएका बालबालिका २,२७३ जना र सबभन्दा कम श्रवण र दृष्टी सम्बन्धी अपाङ्गता भएका बालबालिका जम्मा ७ जना मात्र रहेको देखिएको छ। प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका अपाङ्गता भएका ३,६८७ जना बालबालिका मध्ये सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रमा २,३०७ (बालिका ९९९ र बालक १,३०८) जना र संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्रमा १,३८० जना (बालिका ५३८ र बालक ८४२) रहेका छन्।

## ख. प्रदेशगत विद्यालय र विद्यार्थी संख्या

यस अन्तर्गत प्रदेशगत विद्यालय र विद्यार्थी संख्या र अनुपात, विद्यालय तह अनुसार खुद भर्नादर र दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाको संख्या तथा भर्नादर समावेश गरिएको छ। देशभर कक्षा १ देखि १२ सम्म अध्यापन गरिने सामुदायिक, संस्थागत र धार्मिक गरी जम्मा ३५,५२० विद्यालयहरू छन्। प्रदेश अनुसार विद्यालय संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३७: प्रदेश अनुसार विभिन्न तहका विद्यालयको संख्या, २०७६

| प्रदेश | जम्मा विद्यालय (एकाई) | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) |
|---|---|---|---|---|---|
| १ | ६,९५३ | ६,८७९ | ३,३०९ | २,०१९ | ७५० |
| २ | ४,१३७ | ४,१०४ | १,७०३ | ९९३ | ४३४ |
| बागमती | ७,०३१ | ६,८६५ | ३,९३९ | २,९३२ | १,०२८ |
| गण्डकी | ४,३१७ | ४,२५२ | १,९६१ | १,३३७ | ६१४ |
| लुम्बिनी | ५,७०७ | ५,६६० | २,६५५ | १,६२४ | ६४४ |
| कर्णाली | ३,१६७ | ३,१२६ | १,२४४ | ६६९ | २७९ |
| सुदुरपश्चिम | ४,२०८ | ४,१७७ | १,९५९ | १,०७० | ४३८ |
| जम्मा | ३५,५२० | ३५,०६३ | १६,७७० | १०,६४४ | ४,१८७ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०७६/७७*

माथिको तालिकाबाट विद्यालयको संख्या बढीमा क्रमशः बागमती, प्रदेश-१ र लुम्बिनीमा देखिन्छ भने सबभन्दा कम कर्णाली प्रदेशमा देखिन्छ। प्रदेशगत कूल जनसंख्या प्रदेश-२ मा उच्च भए पनि जनघनत्व बढी भएको कारण विद्यालयको संख्या केही कम हुन आएको अनुमान रहेको छ।

कूल विद्यालय संख्यामा धार्मिक विद्यालयको संख्या १,१२९ रहेको छ। प्रदेशगत धार्मिक विद्यालयको संख्या तलको तालिकामा दिइएको छ।

तालिका ३८: प्रदेशगत धार्मिक विद्यालयको संख्या, २०७६

| प्रदेश | मदरसा | गुम्बा/विहार | आश्रम/गुरुकुल | जम्मा |
|---|---|---|---|---|
| १ | १८८ | ४९ | ५२ | २८९ |
| २ | २८६ | ३ | ० | २८९ |
| बागमती | ४ | ३३ | १४ | ५१ |
| गण्डकी | १० | २५ | १७ | ५२ |
| लुम्बिनी | ४१४ | २ | १६ | ४३२ |
| कर्णाली | ० | २ | ० | २ |
| सुदूरपश्चिम | ९ | ० | ५ | १४ |
| जम्मा | ९११ | ११४ | १०४ | १,१२९ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

माथिको तालिकाबाट धार्मिक विद्यालय सबभन्दा बढी (४३२ वटा) लुम्बिनी प्रदेशमा र सबभन्दा कम (२ वटा) कर्णाली प्रदेशमा देखिन्छ ।

शैक्षिक सत्र २०७६ मा देशभरका ३५,५२० विद्यालयहरूमा जम्मा ७०,२१,६२२ विद्यार्थीहरू भर्ना भएको पाइएको छ । उक्त विद्यार्थीहरूको प्रदेशगत संख्या तलको तालिकामा दिइएको छ ।

तालिका ३९: प्रदेशगत विद्यालय तहमा विद्यार्थी संख्या, २०७६

| तह/प्रदेश | | प्रदेश–१ | प्रदेश–२ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (१-५) | छात्रा | २७३,२१० | ३९५,८४५ | ३०१,३८३ | १२५,५७८ | ३१७,९३१ | १४३,२०४ | २०५,३९० | १,७६२,५४१ |
| | छात्र | २८०,१२० | ३६६,५६० | ३३१,०१० | १३७,३५८ | ३३२,८२६ | १३५,३२८ | १९८,११९ | १,७८१,३२१ |
| | **जम्मा** | ५५३,३३० | ७६२,४०५ | ६३२,३९३ | २६२,९३६ | ६५०,७५७ | २७८,५३२ | ४०३,५०९ | ३,५४३,८६२ |
| आधारभूत (६-८) | छात्रा | १४८,६२७ | १४८,०३१ | १७५,०१९ | ७८,५८१ | १५९,९६७ | ७२,१५२ | १०८,७६८ | ८९१,१४५ |
| | छात्र | १४६,८१० | १४५,८३३ | १८१,७४६ | ७९,४७१ | १६०,८६५ | ६७,२७० | १०२,००२ | ८८३,९९७ |
| | **जम्मा** | २९५,४३७ | २९३,८६४ | ३५६,७६५ | १५८,०५२ | ३२०,८३२ | १३९,४२२ | २१०,७७० | १,७७५,१४२ |
| माध्यमिक (९-१०) | छात्रा | ९२,५९९ | ७८,२१४ | १०९,६९८ | ५०,५६३ | ९०,३७७ | ४०,३२५ | ६१,४०९ | ५२३,१८५ |
| | छात्र | ८७,६९७ | ८७,७८० | ११०,४०३ | ४९,६७४ | ८८,३८३ | ३७,०४१ | ५६,८१३ | ५१७,७९१ |
| | **जम्मा** | १८०,२९६ | १६५,९९४ | २२०,१०१ | १००,२३७ | १७८,७६० | ७७,३६६ | ११८,२२२ | १,०४०,९७६ |
| माध्यमिक (११-१२) | छात्रा | ६३,५२२ | ३४,६८९ | १०६,८६२ | ३६,०६९ | ५३,४६० | २१,५०५ | ३४,९८८ | ३५१,०९५ |
| | छात्र | ५२,५११ | ३२,७२० | ८७,२०२ | ३५,३५२ | ५१,३३२ | २०,६३२ | ३०,७९८ | ३१०,५४७ |
| | **जम्मा** | ११६,०३३ | ६७,४०९ | १९४,०६४ | ७१,४२१ | १०४,७९२ | ४२,१३७ | ६५,७८६ | ६६१,६४२ |
| **कूल जम्मा** | | १,१४५,०९६ | १,२८९,६७२ | १,४०३,३२३ | ५९२,६४६ | १,२५५,१४१ | ५३७,४५७ | ७९८,२८७ | ७,०२१,६२२ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०७६/७७*

माथिको तालिकाबाट विद्यार्थी भर्नाको संख्या बढीमा बागमती, प्रदेश-२ र लुम्बिनी प्रदेशमा देखिन्छ भने कममा कर्णाली, गण्डकी र सुदूरपश्चिम प्रदेशमा देखिन्छ । कर्णाली प्रदेशमा विद्यालय जाने उमेर समूहका बालबालिका र २०७६ सालमा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको बारेमा थप अध्ययन हुन जरुरी देखिन्छ ।

२०७६ सालमा विद्यालयमा भर्ना भएका विद्यार्थीको प्रदेशगत रुपमा विद्यालय तह अनुसार खुद भर्नादर तलको तालिकामा दिइएको छ ।

तालिका ४०: प्रदेशगत रुपमा विद्यालय तहको खुद भर्नादर, २०७६

| तह/प्रदेश | | प्रदेश–१ | प्रदेश–२ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (१-५) | छात्रा | ९६.४ | ९६ | ९६.२ | ९६.६ | ९६.४ | ९६.५ | ९६.८ | ९६.४ |
| | छात्र | ९७.९ | ९७.३ | ९७.५ | ९७.७ | ९७.८ | ९७.९ | ९८.१ | ९७.७ |
| | **जम्मा** | ९७.२ | ९६.६ | ९६.८ | ९७.१ | ९७.१ | ९७.२ | ९७.५ | ९७.१ |
| आधारभूत (६-८) | छात्रा | ९४.७ | ६९.२ | ९४.३ | ९५.४ | ८९.१ | ९१ | ९४.५ | ८८.७ |
| | छात्र | ९५ | ७४.५ | ९४.४ | ९५.७ | ९१.८ | ९३.५ | ९५.२ | ९०.७ |
| | **जम्मा** | ९४.९ | ७१.९ | ९४.३ | ९५.६ | ९०.५ | ९२.२ | ९४.८ | ८९.७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक (९-१०) | छात्रा | ७५.४ | ५६.९ | ७६.१ | ७२.३ | ६७.२ | ६६.४ | ७० | ६९.३ |
| | छात्र | ७३.२ | ६२.८ | ७२.९ | ७१.८ | ६४.४ | ६४.५ | ६९.५ | ६८.७ |
| | **जम्मा** | ७४.३ | ५९.९ | ७४.५ | ७२.१ | ६५.८ | ६५.५ | ६९.८ | ६९ |
| माध्यमिक (११-१२) | छात्रा | २७.९ | २४.५ | ३१.१ | २५.५ | २३.८ | २५ | २७.३ | २६.५ |
| | छात्र | २५.४ | २३.३ | २७.६ | २५.२ | २३.९ | २८.४ | ३०.२ | २५.९ |
| | **जम्मा** | २६.६ | २३.९ | २९.४ | २५.३ | २३.८ | २६.७ | २८.८ | २६.२ |
| माध्यमिक (९-१२) | छात्रा | ५१.६ | ४०.७ | ५३.६ | ४८.९ | ४५.५ | ४५.७ | ४८.६ | ४७.९ |
| | छात्र | ४९.३ | ४३.१ | ५०.२ | ४८.५ | ४४.२ | ४६.५ | ४९.९ | ४७.३ |
| | **जम्मा** | ५०.४ | ४१.९ | ५१.९ | ४८.७ | ४४.८ | ४६.१ | ४९.३ | ४७.६ |

*स्रोतः आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०७६/७७*

माथिको तालिकाबाट प्राथमिक तहको भर्नाको राष्ट्रिय दर २०७६ सालको शैक्षिक सत्रमा ९७.१ रहेको छ र प्रायः सबै प्रदेशको भर्नादर उत्साजनक नै देखिन्छ। यस दरमध्ये सबभन्दा बढी (९७.५%) सुदूरपश्चिम प्रदेशमा र सबभन्दा कम प्रदेश-२ मा देखिएको छ। यसैगरी माध्यमिक तहमा (कक्षा ९-१२) राष्ट्रिय भर्नादर ४७.६ प्रतिशत रहेकोमा सबभन्दा बढी (५१.९%) बागमती प्रदेशमा र सबभन्दा कम ४१.९%) प्रदेश-२ मा देखिएको छ। सामान्यतयाः प्रदेश-२ भौगोलिक सुगमता, कृषि तथा आर्थिक दृष्टिकोणबाट सवल भएता पनि विशेषगरी विद्यालय शिक्षामा सुधारका लागि थप प्रयास हुनुपर्ने देखिएको छ। लैङ्गिक दृष्टिकोणबाट प्राथमिक तहमा सबै प्रदेशमा औसत १.३ प्रतिशत विन्दुले छात्रको भन्दा छात्राको भर्नादर कम भएको देखिन्छ। निम्नमाध्यमिक तहमा (कक्षा ६-८) सबै प्रदेशमा गरी औसत २ प्रतिशत विन्दुले छात्रको भर्नादर बढी देखिन्छ। माध्यमिक तहमा (कक्षा ९-१२) औसतमा छात्राको भर्नादर ०.६ प्रतिशत विन्दुले बढी देखिन्छ, जसमा सबभन्दा बढी ३ प्रतिशत विन्दु बागमती प्रदेशमा देखिन्छ भने प्रदेश-२ मा छात्रको भर्नादर २.४ प्रतिशत विन्दुले बढी देखिन्छ।

सातै प्रदेशहरूका विद्यालय र विद्यार्थी संख्या एवम् विद्यालय र विद्यार्थीको अनुपात तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४१ः प्रदेशगत विद्यालय र विद्यार्थीको अनुपात, २०७६

| प्रदेश | विद्यार्थी | विद्यालय | विद्यालय र विद्यार्थीको अनुपात |
|---|---|---|---|
| १ | १,१४५,०९६ | ६,९५३ | १६४.७ |
| २ | १,२८९,६७२ | ४,१३७ | ३११.७ |
| बागमती | १,४०३,३२३ | ७,०३१ | १९९.६ |
| गण्डकी | ५९२,६४६ | ४,३१७ | १३७.३ |
| लुम्बिनी | १,२५५,१४१ | ५,७०७ | २१९.९ |
| कर्णाली | ५३७,४५७ | ३,१६७ | १६९.७ |
| सुदुरपश्चिम | ७९८,२८७ | ४,२०८ | १८९.७ |
| **जम्मा** | ७,०२१,६२२ | ३५,५२० | १९७.७ |

*स्रोतः आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०७६/७७*

माथिको तालिकाबाट प्रति विद्यालयमा औसत विद्यार्थी संख्या सबभन्दा बढी प्रदेश-२ मा करिब ३१२ जना देखिएको छ भने सबभन्दा कम १३७ जना गण्डकी प्रदेशमा देखिएको छ। प्रदेश-२ मा जनघनत्व बढी भएको कारण प्रति विद्यालय औसत विद्यार्थी संख्या बढी भएको हुन सक्दछ।

२०७६ सालमा प्रदेशगत विद्यालयको विभिन्न तहमा (कक्षा १-१२) भर्ना भएका कूल विद्यार्थीमध्ये दलित र जनजाति समूहका बालबालिका क्रमशः १६.४६ र ३५.६६ प्रतिशत देखिएको छ। विद्यालय तह अनुसार दलित र जनजाति समूहका विद्यार्थीको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४२: प्रदेशगत विद्यालयमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या, २०७६

| **प्रदेश** | **दलित** | | | **जनजाति** | | |
|---|---|---|---|---|---|---|
| | **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** |
| १ | ७१,७८६ | ६९,३६९ | १४१,१५५ | २९०,९४९ | २८०,१७९ | ५७१,१२८ |
| २ | १३०,१२९ | १३१,४८५ | २६१,६१४ | १०८,३८० | ९९,४०४ | २०७,७८४ |
| बागमती | ५३,१७१ | ५०,६४४ | १०३,८१५ | ३८८,८२७ | ३८४,९४३ | ७७३,७७० |
| गण्डकी | ६६,०७४ | ६५,३४३ | १३१,४१७ | १२७,४४४ | १२८,६३९ | २५६,०८३ |
| लुम्बिनी | १०७,६५४ | १०७,२८१ | २१४,९३५ | २५४,३८६ | २४७,९१३ | ५०२,२९९ |
| कर्णाली | ६८,३४१ | ६३,८८९ | १३२,२३० | ३२,३८७ | २९,६७८ | ६२,०६५ |
| सुदुरपश्चिम | ८७,७८० | ८२,५८५ | १७०,३६५ | ६८,०९५ | ६२,४२८ | १३०,५२३ |
| **जम्मा** | ५८४,९३५ | ५७०,५९६ | १,१५५,५३१ | १,२७०,४६८ | १,२३३,१८४ | २,५०३,६५२ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

माथिको तालिकाबाट प्रदेशगत रुपमा दलित विद्यार्थीको संख्या सबभन्दा बढी प्रदेश-२ मा र सबभन्दा कम बागमती प्रदेशमा देखिएको छ भने जनजाति विद्यार्थीको संख्या सबभन्दा बढी प्रदेश-१ र सबभन्दा कम कर्णाली प्रदेशमा देखिएको छ। प्रदेशगत दलित र जनजातिको कूल जनसंख्यामा उक्त समुदायका विद्यार्थीको शिक्षामा पहुँचबारे थप अध्ययन हुन जरुरी देखिन्छ। प्रदेशगत विद्यालयको विभिन्न तहहरूमा २०७६ सालमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या अनुसूची ८ मा दिइएको छ।

### ६.२.३ *प्रदेश र बाल स्वास्थ्य स्थिति*

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको व्यवस्था छ। बालबालिकाको सर्वाङ्गीण विकासको लागि बालबालिका स्वस्थ्य हुनु जरुरी छ। प्रदेशगत सुरक्षित मातृत्व, खोप, बालस्वास्थ्य, पोषण लगायत कोभिड-१९ बाट संक्रमित बालबालिकाको स्थिति सम्बन्धी स्थिति निम्नानुसार संक्षिप्तमा प्रस्तुत गरिएको छ।

नेपाल सरकारले सन् २०२० र २०३० सम्ममा स्वास्थ्य सम्बन्धी प्रोटोकल अनुसार गर्भवती महिलाहरूले प्रसुति पूर्व स्वास्थ्य संस्थामा चेकजाँच गराउने प्रतिशत क्रमशः ७० र ९० तथा स्वास्थ्य संस्थामा गई प्रसुति गराउने प्रतिशत क्रमशः ७० र ९० पुऱ्याउने राष्ट्रिय लक्ष्य राखेको छ। आर्थिक वर्ष २०७५/०७६ मा यी सूचकहरू राष्ट्रिय र प्रदेशगत रुपमा निम्नानुसार रहेको देखिएको छ।

तालिका ४३: प्रदेशगत सुरक्षित मातृत्वको अवस्था, २०७५/०७६

| क्रसं | सूचकहरू | नेपाल | प्रदेश–१ | प्रदेश–२ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी | कर्णाली प्रदेश | सु.प. प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरूको पहिलो एएनसी (ANC) जाँच | ११० | ११४ | ११८ | १०६ | १०८ | ११० | १२७ | ९० |
| २ | गर्भवती महिलाहरूको तेस्रो एएनसी जाँच | १६ | ९ | १५ | १४ | १३ | ९ | २४ | ३१ |
| ३ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने | ६३ | ६२ | ५३ | ६२ | ४८ | ७९ | ७३ | ७१ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७५/०७६*

महिला स्वास्थ्य सेवा, सुविधामा सुधार हुँदाहुँदै पनि आ.व. २०७५/०७६ मा स्वास्थ्य संस्थामा तेस्रो ANC Visit गर्ने गर्भवतीको प्रतिशत निकै कम देखिएको छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत पनि लक्ष्य अनुसार निकै कमनै देखिएको छ । प्रदेशगत रुपमा स्वास्थ्य संस्थामा तेस्रो ANC Visit गर्ने गर्भवतीको प्रतिशत सबभन्दा कम प्रदेश-१ र प्रदेश-५ मा रहेको देखिन्छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत सबभन्दा कम गण्डकी प्रदेशमा देखिन्छ । शिशुको स्वास्थ्यसमेत सम्बद्ध हुने गर्भवती र सुत्केरी गराउने व्यवस्थामा सम्बद्ध सबैको संवेदनशीलता अभिवृद्धि हुन जरुरी देखिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार दक्ष प्रसूतिकर्मीबाट सुत्केरी भएको प्रतिशत राष्ट्रिय स्तरमा ७९.३ देखिएको छ भने प्रदेश-२ र कर्णाली प्रदेशमा यो प्रतिशत क्रमशः ६५ र ६७.७ रहेको छ । यसबाट यी दुई प्रदेशमा सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम सुदृढ गर्नुपर्ने देखिएको छ ।

बालबालिकाका लागि दिइने खोप कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ । खोपको प्रभावकारी सञ्चालन गर्ने देशहरूमा नेपाल पनि एक हो । बालबालिकालाई दिइने केही खोपको आ.व. २०७५/७६ को राष्ट्रिय र प्रदेशगत प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४४: विभिन्न खोप पाएका बालबालिकाको प्रदेशगत प्रतिशत, २०७५/७६

| क्रसं | खोपको अवस्था (प्रतिशत) | नेपाल | प्रदेश – १ | प्रदेश – २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी | कर्णाली प्रदेश | सु.प. प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विसिजी | ९१ | ८७ | १०७ | ८१ | ७२ | ९८ | १०२ | ८४ |
| २ | डिपिटी-हेपबि-हिव ३ | ८६ | ८३ | १०५ | ७१ | ७२ | ९० | ९९ | ८२ |
| ३ | दादुरा/रुवेला२ (१२-२३ महिना) | ७३ | ७५ | ७१ | ६० | ७७ | ८४ | ७८ | ७५ |
| ४ | पूर्ण खोप पाएका बालबालिका | ७० | ८० | ६६ | ५७ | ६६ | ७४ | ८८ | ७६ |

*स्रोतः- स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०७५/०७६*

आर्थिक वर्ष २०७५/०७६ मा विसिजीको खोप पाउने बालबालिका गत आ.व.मा भन्दा सामान्य कम देखिएको छ भने डिपिटी-हेवबि-हिव३ पाउने बालबालिकोको प्रतिशतमा केही सुधार भएको देखिएको छ । यसैगरी, पूर्ण खोप पाउने बालबालिकाको प्रतिशत केही घटेको छ । यसमध्ये प्रदेश-१, कर्णाली र सुदुरपश्चिम प्रदेशमा दादुरा/रुवेलाको खोप पाउने बालबालिकाको प्रतिशतमा कमी आएको छ भने बाँकी

प्रदेशमा केही बढेको देखिएको छ । सबै प्रदेशमा वृद्धि भएको पाइएको छ । सन् २०२० र २०३० सम्ममा पूर्ण खोप पाउने बालबालिकाको प्रतिशत क्रमशः ९० र ९५ पुऱ्याउने राष्ट्रिय लक्ष्य प्राप्तिका लागि थप प्रयास गर्नु जरुरी देखिन्छ ।

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ । संयुक्त राष्ट्र संघको विशेष सभाले सन् २०१६-२०२५ को दशकलाई पोषण कार्यको दशकको रुपमा घोषणा गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकार बालबालिकाको पोषण स्थिति सुधारका लागि विगत चार दशकभन्दा बढी समयदेखि प्रयासरत रहँदै आएको छ । पोषण स्थिति सुधार गर्नु राष्ट्रिय सरोकारको विषय भएको छ । प्रदेशगत बालबालिकाको पोषण सम्बन्धी अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४५: प्रदेशगत बाल पोषणको अवस्था, २०७६/७७

| क्रसं | सूचक | नेपाल | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाँच वर्षमुनिका तौल नपुगेका बालबालिकाको प्रतिशत | २४.३ | १९.८ | २८.२ | ११.१ | १४.८ | ३०.७ | ३७.४ | ३३.३ |
| | पाँच वर्षमुनिका उचाई नपुगेका (पुड्को) बालबालिकाको प्रतिशत | ३१.५ | २४.९ | ३४.२ | २२.९ | २२.६ | ३५.५ | ४७.८ | ४०.९ |
| | पाँच वर्षमुनिका ख्याउटे बालबालिकाको प्रतिशत | १२.० | १४.३ | १३.९ | ४.७ | ८.० | १३.७ | १७.६ | १४.१ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र प्रदेश - २ को बाल कुपोषणको स्थिति राष्ट्रिय औसतभन्दा कमजोर रहेको देखिन्छ भने तुलनात्मक रुपमा अन्य प्रदेशहरूभन्दा बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश-१ मा बालपोषणको स्थिति राम्रो रहेको देखिन्छ । नेपाल सरकारको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि अझै बढी कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु जरुरी रहेको देखिन्छ ।

बालस्वास्थ्यको विषयमा सरकार संवेदनशील रहँदै विभिन्न योजना र कार्यक्रम कार्यान्वयन गर्दै आएकोले बालबालिकाको स्वास्थ्यमा उल्लेखनीय सुधार भएको छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार प्रदेशगत नवजात शिशु, शिशु र बाल मृत्युदरको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ४६: बालबालिकाको मृत्युदर, २०७६/७७

| क्रसं | सूचक | नेपाल | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नवजात शिशु मृत्युदर (प्रतिहजारमा) | १६ | २० | १० | ९ | १८ | २२ | ११ | २५ |
| २ | शिशु मृत्युदर (प्रतिहजारमा) | २५ | ३० | १५ | १६ | २७ | ३५ | २७ | ३३ |
| ३ | बाल मृत्युदर (प्रतिहजारमा) | २८ | ३२ | १९ | १९ | ३० | ४० | ३० | ३९ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६*

माथिको तालिका अनुसार नवजात शिशु, शिशु र बाल मृत्यदरहरू प्रदेश-२ र बागमती प्रदेशमा राष्ट्रिय औसतभन्दा राम्रो स्थिति रहेको छ। सुदूरपश्चिम प्रदेशमा बालस्वास्थ्यमा निकै प्रयास गर्नुपर्ने देखिएको छ।

२०७६ माघ महिनादेखि शुरु भएको कोभिड-१९ को संक्रमण देशभर फैलिएको छ। संक्रमित बालबालिकाको प्रदेशगत संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४७: कोभिड - १९ बाट संक्रमित प्रदेशगत बालबालिकाको संख्या, २०७७ असोज १५ सम्म

| प्रदेश | १० वर्षसम्म | | | ११ देखि २० वर्षसम्म | | |
|---|---|---|---|---|---|---|
| १ | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| २ | १०२ | ८३ | १८५ | ३८४ | १९८ | ५८२ |
| बागमती | २३४ | १३८ | ३७२ | १,५५९ | ३०६ | १,८६५ |
| गण्डकी | ५१० | ३१६ | ८२६ | १,००२ | ६९१ | १,६७१ |
| लुम्बिनी | ६६ | ४३ | १०९ | २६५ | १०० | ३६५ |
| कर्णाली | १८५ | १७७ | ३६२ | ९१९ | २६८ | १,१८७ |
| सुदुरपश्चिम | ८९ | ४६ | १३५ | ४०३ | ८१ | ४८४ |
| जम्मा | ३८० | २६३ | ६४३ | ७१० | २०९ | ९१९ |
| १ | १,५६६ | १,०६६ | २,६३२ | ५,२४२ | १,८५३ | ७,०७३ |

स्रोत: https://covid19.mohp.gov.np/

महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को असर बालबालिकामा पनि देखिएको छ। संक्रमित बालबालिकाको स्वास्थ्यमा परेको असरबाहेक शैक्षिक संस्थाहरू बन्द गर्नुपर्ने बाध्यताले बालबालिकाको पढाइ तथा सिकाइमा गहन असर पुग्न गएको छ भने मानसिक र शारीरिक असरको समेत बालबालिकाले सामना गर्नुपर्ने भएको छ।

### ६.२.४ *प्रदेश र बाल संरक्षण सम्बन्धी स्थिति*

बाल संरक्षण अन्तर्गत विविध विषयहरू पर्दछन्। यसमध्ये प्रदेशगत रुपमा बालबालिकाको बेचविखन, यौन शोषण र दुर्व्यवहार, बालविवाह, घरेलु हिंसा, आत्महत्या लगायत बालगृहका विषयहरू समेटिएका छन्। संघीय स्तरबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले "सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२" जारी गरी राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन र व्यवस्थापनमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) र विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगमा २०७३ साल बैशाखदेखि काठमाण्डौं उपत्यकालाई सडक बालबालिकामुक्त शहर बनाउने उद्देश्यले सडक बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन कार्यक्रम सञ्चालन गरेको छ। यही कार्यक्रमको विस्तारको क्रममा आ.व. २०७६/०७७ मा प्रदेश-१, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहसँगको सहकार्य र भ्वाइस अफ चिल्ड्रेन, इटहरी, श्रमिक बालबालिकाको सामाजिक एकीकरण मञ्च, पोखरा र भैरव युवा सशक्तीकरण केन्द्र, सुर्खेत लगायतका संस्थाहरूको सहयोगमा सडक बालबालिकाको उद्धार तथा व्यवस्थापन कार्य भएको छ। आ.व. २०७७/७८ भित्र मुलुकलाई सडक बालबालिकामुक्त बनाउने उद्देश्यका साथ कार्यक्रम चलिरहेको छ।

### क. प्रदेश अनुसार बालबालिकाको बेचबिखन, यौनशोषण र दुर्व्यवहार

बालबालिका विरुद्धका बेचबिखन, यौनशोषण र दुर्व्यवहारजस्ता घटनाहरू गैरकानूनी हुँदाहुँदै पनि प्रत्येक प्रदेशमा बालबालिका पीडित भएका घटनाहरू नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा सो अन्तर्गत कार्यालयहरूमा दर्ता भई कारवाही हुने गरेको छ। उक्त निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७६/७७ मा मानव बेचबिखन तथा ओसारपसार अपराधमा कूल ७५ जना बालबालिका पीडित भएको देखिएको छ। उक्त घटनाहरूबाट पीडित बालबालिकाको उमेर तथा प्रदेश अनुसारको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४८: प्रदेश अनुसार बेचबिखन तथा ओसारपसारबाट पीडित बालबालिकाको उमेर र संख्या, २०७६/७७

| प्रदेश | १० वर्षमुनि | | ११–१६ वर्ष | | १७–१८ वर्ष | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | जम्मा |
| १ | ० | ० | ० | १० | ० | १ | ० | ११ | ११ |
| २ | ० | ० | ० | ३ | ० | ० | ० | ३ | ३ |
| बागमती | ० | १ | ० | ७ | ० | १ | ० | ८ | ८ |
| गण्डकी | ० | ० | ० | १ | ० | २ | ० | ३ | ३ |
| लुम्बिनी | ० | ० | १ | ९ | ० | ६ | १ | १५ | १६ |
| कर्णाली | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सुदुरपश्चिम | ० | ० | ० | ८ | ० | ८ | ० | १६ | १६ |
| काठमाण्डौं उपत्यका | ० | ० | ० | ५ | ० | ७ | ० | १२ | १२ |
| ब्युरो | ० | ० | ० | २ | २ | ० | २ | २ | ४ |
| **जम्मा** | १ | १ | १ | ४५ | २ | २५ | ४ | ७१ | ७५ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७७*

माथिको तालिका अनुसार पीडित बालबालिकाको संख्या सबैभन्दा बढी लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा १६ जना (क्रमशः १ बालक र १५ बालिका) पीडित भएका छन् भने कर्णाली प्रदेशमा मानव बेचबिखन तथा ओसारपसार अपराधमा कुनै पनि बालबालिका पीडित भएको घटना दर्ता भएको छैन। अन्य प्रदेशको हकमा उपत्यकामा मात्र १२ जना बालिका र बागमती प्रदेशमा ८ जना बालिका, प्रदेश-१ मा ११ जना बालिका, प्रदेश-२ र गण्डकी प्रदेशमा ३ जना बालिका पीडित भएको देखिन्छ। कूल पीडितमध्ये बालिका ७१ जना र बालक ४ जना रहेको देखिएको छ। बालबालिका विरुद्धका यस्ता घृणित घटना निराकरणका लागि तीनै तहको सरकारले विशेष ध्यान दिनु पर्ने देखिन्छ।

प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको जानकारी अनुसार आ.व. २०७६/०७७ मा कूल १,३९३ जना बालिका जबरजस्ती करणी अपराधबाट पीडित भएका छन्। प्रहरी कार्यालयमा दर्ता भएका पीडित बालिकाको उमेर तथा प्रदेश अनुसारको तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४९: जबरजस्ती करणीबाट पीडित बालिकाको संख्या, २०७६/७७

| प्रदेश | १० वर्षमुनि | ११–१६ वर्ष | १७–१८ वर्ष | कूल जम्मा |
|---|---|---|---|---|
| १ | ५१ | १८८ | ८० | ३१९ |
| २ | ३२ | १३५ | ३७ | २०४ |
| बागमती | ३६ | ९२ | ३७ | १६५ |
| गण्डकी | २२ | ७७ | २४ | १२३ |
| लुम्बिनी | ६७ | १२२ | ४५ | २३४ |
| कर्णाली | १३ | ४७ | २१ | ८१ |
| सुदुरपश्चिम | ९ | ८१ | ३९ | १२९ |
| काठमाण्डौं उपत्यका | ४२ | ५९ | ३६ | १३७ |
| ब्युरो | १ | ० | ० | १ |
| **जम्मा** | २७२ | ८०१ | ३१९ | १,३९३ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७७ ।*

माथिको तालिका अनुसार प्रदेशगत पीडित बालिकामध्ये सबैभन्दा बढी प्रदेश-१ मा ३१९ (२३ प्रतिशत) जना र सबैभन्दा कम कर्णाली प्रदेशमा ८१ (६ प्रतिशत) जना देखिन्छ। १० वर्षमुनिका सबैभन्दा बढी ६७ जना बालिका लुम्बिनी प्रदेशमा पीडित भएका छन् भने प्रदेश-१ मा ११-१८ वर्ष उमेर समूहका सबैभन्दा बढी २६८ जना बालिका पीडित भएका छन्। प्रहरी कार्यालयहरूमा दर्ता भएका मात्र घटना यत्ति धेरै संख्या हुनु सबैका लागि चिन्ताको विषय हो।

प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको जानकारी अनुसार आ.व. २०७६/०७७ मा कूल ३२४ जना बालिका जबरजस्ती करणी उद्योग सम्बन्धी अपराधबाट पीडित भएका छन् । प्रहरी कार्यालयहरूमा दर्ता भएका पीडित बालिकाको उमेर तथा प्रदेश अनुसारको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५०: जबरजस्ती करणीबाट पीडित बालिकाको प्रदेशगत संख्या, २०७६/७७

| प्रदेश | १० वर्षमुनि | ११–१६ वर्ष | १७–१८ वर्ष | कूल जम्मा |
|---|---|---|---|---|
| १ | १२ | ६२ | १२ | ८६ |
| २ | १० | २४ | ११ | ४५ |
| बागमती | ६ | २२ | ८ | ३६ |
| गण्डकी | ४ | १४ | ५ | २३ |
| लुम्बिनी | १० | २९ | ११ | ५० |
| कर्णाली | ३ | १५ | ४ | २२ |
| सुदूरपश्चिम | ५ | १९ | ११ | ३५ |
| काठमाण्डौं उपत्यका | ८ | १४ | ५ | २७ |
| **जम्मा** | ५८ | १९९ | ६७ | ३२४ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७७*

माथिको तालिका अनुसार ज.ज.क.उ. अपराधबाट उमेर अनुसार पीडित बालिका सबैभन्दा बढी ११-१६ वर्ष उमेर समूहका १९९ जना (६१.४ प्रतिशत) छन् भने १७-१८ वर्ष उमेर समूहका ६७ (२१ प्रतिशत) र १० वर्षमुनिका ५८ जना (१९.५ प्रतिशत) छन् । प्रदेशगत रुपमा सबैभन्दा बढी प्रदेश-१ मा ८६ जना र सबैभन्दा कम कर्णाली प्रदेशमा २२ जना पीडित भएको देखिन्छ ।

बालबालिका विरुद्धका बेचबिखन, ओसारपसार, जबरजस्ती करणी उद्योग, जबरजस्ती करणीजस्ता घटनाहरू आफैमा जघन्य अपराधहरू हुन् । बालबालिकामाथि हुने यस्ता अपराधहरू मानव माथिकै कलङ्क हो । तसर्थ, बालबालिकाविरुद्ध हुने बेचबिखन र यौनजन्य अपराधहरू न्यूनीकरणका लागि तीनै तहको सरकार तथा सम्बन्धित निकाय र सरोकारवालाहरूको साझा प्राथमिकतासहित प्रभावकारी कार्यान्वयनमा प्रतिवद्ध हुन आवश्यकता छ ।

### ख. बालविवाह

प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको जानकारी अनुसार आ.व. २०७६/०७७ मा बालविवाहबाट ४१ जना बालिका पीडित भएका छन् । प्रहरी कार्यालयमा दर्ता भएका पीडित बालिकाको उमेर तथा प्रदेशगत संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५१: बालविवाहबाट पीडित बालिकाको उमेर तथा प्रदेशगत संख्या, २०७६/७७

| प्रदेश | ११-१६ वर्ष | १७-१८ वर्ष | जम्मा |
|---|---|---|---|
| १ | ४ | २ | ६ |
| २ | ५ | २ | ७ |
| बागमती | १ | २ | ३ |
| गण्डकी | ४ | १ | ५ |
| लुम्बिनी | ४ | ६ | १० |
| कर्णाली | ० | १ | १ |
| सुदुरपश्चिम | ४ | १ | ५ |
| काठमाण्डौं उपत्यका | २ | २ | ४ |
| जम्मा | २४ | १७ | ४१ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७७*

माथिको तालिका अनुसार ११ वर्षदेखि १८ वर्ष उमेर समूहका जम्मा ४१ जना बालिका आ.व. २०७६/७७ मा बालविवाहबाट पीडित भएको देखिन्छ । यसमध्ये ११-१६ वर्ष उमेर समूहका २४ जना र १७-१८ वर्ष उमेर समूहका १७ जना रहेको तथ्याङ्कले देखाएको छ । प्रदेश अनुसार बालविवाहबाट पीडित बालिकाको तथ्याङ्क हेर्दा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १० जना र सबैभन्दा कम कर्णाली प्रदेशमा १ जना रहेको देखिएको छ । अन्य प्रदेशहरूको हकमा प्रदेश-२ मा ७ जना, प्रदेश-१ मा ६ जना, गण्डकी र सुदुरपश्चिम प्रदेशमा ५ जना, उपत्यकामा ४ जना र बागमती प्रदेशमा ३ जना बालिका बालविवाहबाट पीडित भएको देखिन्छ । उमेर समूह र प्रदेश अनुसार पीडितको तथ्याङ्क हेर्दा ११-१६ वर्षका सबैभन्दा बढी ५ जना बालिका प्रदेश-२ र १७-१८ वर्षका सबैभन्दा बढी ६ जना लुम्बिनी प्रदेशमा देखिन्छ । यसरी हेर्दा विशेषगरी लुम्बिनी

प्रदेश, प्रदेश-२ र प्रदेश-१ मा बृहत रुपमा बालविवाह विरुद्धको अभियान नै सञ्चालन गर्नुका साथै कानूनी कारवाहीको दायरालाई अझ सशक्त बनाउनु पर्ने देखिन्छ ।

बालविवाहको स्थिति विगतमा भन्दा सुधार हुँदै आएको जानकारी रहेको छ । केन्द्रीय तथ्याङ्क विभागको नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६ अनुसार बालविवाह सम्बन्धी प्रदेशगत स्थिति निम्नानुसार देखिएको छ ।

तालिका ५२ः प्रदेशगत बालविवाहको स्थिति, २०७६/७७

| सूचक | नेपाल | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| २०-२४ वर्षका विवाहितको प्रतिशत | | | | | | | | |
| **जम्माः** | | | | | | | | |
| क. १५ वर्षमुनिका | ५.२ | ४.२ | ८.९ | १.७ | ४.२ | ६.४ | ८.४ | ६.५ |
| ख. १८ वर्षमुनिका | २२.७ | २०.९ | २९.३ | १३.२ | २२.९ | २५.० | ३४.६ | २९.४ |
| **बालिकाः** | | | | | | | | |
| क. १५ वर्षमुनिका | ७.९ | ६.६ | १४.२ | २.२ | ६.८ | ८.९ | १२.० | ८.२ |
| ख. १८ वर्षमुनिका | ३२.८ | २८.५ | ४६.० | १९.७ | ३५.७ | ३३.७ | ४४.३ | ३५.६ |
| **बालकः** | | | | | | | | |
| क. १५ वर्षमुनिका | १.५ | ०.० | २.१ | १.२ | ०.० | २.४ | १.७ | ३.० |
| ख. १८ वर्षमुनिका | ९.० | ८.१ | ७.८ | ७.२ | २.१ | ११.४ | १७.० | १७.५ |
| १५-१९ वर्षका विवाहितको प्रतिशत | | | | | | | | |
| **जम्मा** | १२.८ | ८.९ | १५.२ | ९.६ | १४.७ | १३.९ | २०.५ | १३.३ |
| महिला | १९.३ | १४.७ | २४.९ | १३.७ | २३.१ | २०.१ | २७.४ | १८.८ |
| पुरुष | ५.३ | २.५ | ४.४ | ४.८ | ४.३ | ६.३ | १२.१ | ७.० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण, २०७६*

माथिको तालिकाबाट सबै सूचकहरूमा प्रदेश-१, बागमती प्रदेशको स्थिति राष्ट्रिय औसतभन्दा राम्रो देखिएको छ भने प्रदेश-२ मा १५-१९ वर्ष उमेर समूहका पुरुषमा भएको विवाहको स्थितिबाहेक अन्य सबै सूचकहरूको स्थिति कमजोर रहेको देखिएको छ भने अन्य प्रदेशहरूमा मिश्रित स्थिति रहेको देखिएको छ । बालविवाहको राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि संघ, प्रदेश र स्थानीय तीनै तहबाट उल्लेख्य प्रयास हुन जरुरी छ भने विकास साझेदार, गैरसरकारी संस्था, नागरिक समाज, समुदाय लगायत सञ्चार माध्यमबाट अझबढी योगदान हुन आवश्यक छ ।

### ग. घरेलु हिंसाबाट पीडित बालबालिका

प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७६/७७ मा घरेलु हिंसा अपराधमा कूल १८५ जना बालबालिका पीडित भएको देखिएको छ । १० वर्षमुनिका मात्र कर्णाली प्रदेशमा १ जना बालक तथा लुम्बिनी प्रदेशमा २ जना बालिका

बाहेक कूल १८२ जना बालबालिकाको उमेर तथा प्रदेश अनुसारको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५३: घरेलु हिंसा अपराधमा पीडित बालबालिकाको उमेर तथा प्रदेशगत संख्या, २०७६/७७

| प्रदेश | ११-१६ वर्ष | | १७-१८ वर्ष | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | कूल जम्मा |
| १ | ० | २ | ० | ३ | ० | ५ | ५ |
| २ | ० | १७ | १ | २७ | १ | ४४ | ४५ |
| बागमती | ० | ३ | ० | ८ | ० | ११ | ११ |
| गण्डकी | ० | ४ | ० | १४ | ० | १८ | १८ |
| लुम्बिनी | ३ | ९ | १ | २२ | ४ | ३१ | ३५ |
| कर्णाली | ० | १० | १ | ९ | १ | १९ | २० |
| सुदुरपश्चिम | ० | ५ | ० | ६ | ० | ११ | ११ |
| काठमाण्डौं उपत्यका | १ | ९ | ० | २७ | १ | ३६ | ३७ |
| **जम्मा** | ४ | ५९ | ३ | ११६ | ७ | १७५ | १८२ |

*स्रोत: महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७७ ।*

माथिको तालिका अनुसार घरेलु हिंसा अपराधमा पीडित बालबालिकाको उमेर अनुसारको तथ्याङ्क हेर्दा सबैभन्दा बढी १७-१८ वर्ष उमेर समूहका ११९ जना ( बालक ३ जना र बालिका ११६ जना) बालबालिका पीडित भएको देखिन्छ । यसका साथै ११-१६ वर्ष उमेर समूहका ६३ जना (बालक ४ जना र बालिका ५९ जना) बालबालिका घरेलु हिंसा अपराधमा पीडित भएको तथ्याङ्कले देखाएको छ । प्रदेश अनुसार पीडितको तथ्याङ्क हेर्दा सबैभन्दा बढी प्रदेश-२ मा ४५ जना (१ बालक र ४४ बालिका) पीडित भएका छन् भने सबैभन्दा कम प्रदेश-१ मा ५ जना बालिका पीडित भएको देखिन्छ । कूल पीडितमध्ये बालिका १७७ जना (९६ प्रतिशत) र बालक ८ जना (४ प्रतिशत) रहेका छन् । साथै, बालकको हकमा प्रदेश-१, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा मात्र घरेलु हिंसाबाट पीडित भएको देखिन्छ भने बालिका सबै प्रदेशमा पीडित भएको तथ्याङ्कले स्पष्ट पारेको छ ।

तथ्याङ्कको सामान्य विश्लेषणले समेत घरेलु हिंसा अपराधबाट बालकभन्दा बालिका बढी प्रभावित हुने देखाउँदछ । साथै, १७ बर्षदेखि १८ वर्ष उमेर समूहका बालिका अन्य उमेर समूह भन्दा बढी जोखिममा रहेको समेत तथ्याङ्कले प्रष्ट पारेको छ । यसका साथै, घरेलु हिंसा अपराधको संख्याको दृष्टिकोणले प्रदेश-२ र लुम्बिनी प्रदेश एवम् उपत्यका उच्च जोखिममा रहेको समेत देखिन्छ । तसर्थ, यस्ता अपराधबाट बालबालिकाको संरक्षणका लागि बालिका संरक्षण विशेष प्याकेज तयार गरी कार्यान्वयनमा ल्याउन तीनै तहको सरकारले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

### घ. आत्महत्या र बालबालिका

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको तथ्याङ्क अनुसार आ.व.२०७६/७७ मा ६६२ जना बालबालिकाको आत्महत्याबाट मृत्यु भएको देखिएको छ । आत्महत्याबाट मृत्यु हुने बालबालिकाको उमेर अनुसारको जानकारी प्राप्त नभए पनि प्रदेश अनुसारको बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५४: आत्महत्याबाट मृत्यु हुने बालबालिकाको उमेर तथा प्रदेशगत संख्या, २०७६/७७

| क्षेत्र | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| १ | ६४ | ८० | १४४ |
| २ | ५६ | १२१ | १७७ |
| बागमती | २१ | ४० | ६१ |
| गण्डकी | १९ | २६ | ४५ |
| लुम्बिनी | ३१ | ८४ | ११५ |
| कर्णाली | १८ | १७ | ३५ |
| सुदुरपश्चिम | २५ | ३२ | ५७ |
| काठमाण्डौं उपत्यका | १८ | १० | २८ |
| जम्मा | २५२ | ४१० | ६६२ |

*स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७७ ।*

माथिको तालिका अनुसार आ.व. २०७६/७७ मा आत्महत्याबाट मृत्यु भएका कूल ६६२ बालबालिकामध्ये बालिका ४१० जना (६२%) र बालक २५२ जना (३८%) रहेको देखिन्छ। साथै प्रदेश अनुसार मृत्यु हुने बालबालिकाको तथ्याङ्क हेर्दा सबैभन्दा बढी प्रदेश-२ मा १७७ जना (बालक ५६ जना र बालिका १२१ जना) रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ३५ जना (बालक १८ जना र बालिका १७ जना) रहेको देखिन्छ। अन्य प्रदेशहरूको हकमा प्रदेश-१ मा १४४ जना (६४ बालक र ८० बालिका), लुम्बिनी प्रदेशमा ११५ जना (३१ बालक र ८४ बालिका), बागमती प्रदेशमा ६१ जना (बालक २१ र बालिका ४०), सुदूरपश्चिम प्रदेशमा ५७ जना (बालक २५ र बालिका ३२), गण्डकी प्रदेशमा ४५ जना (१९ बालक र २६ बालिका) र उपत्यकामा २८ जना (बालक १८ र बालिका १०) बालबालिकाले आत्महत्याबाट मृत्युबरण गरेको तथ्याङ्कले देखाउँदछ । तथ्याङ्कले कर्णाली प्रदेश र उपत्यकामा बाहेक अन्य प्रदेशहरूमा बालक भन्दा बालिकाले आत्महत्याबाट मृत्युबरण गर्ने दर उच्च रहेको समेत देखाएको छ। साथै, बालकमा भन्दा बालिकामा आत्महत्याको जोखिम बढीरहेको समेत तथ्याङ्कले प्रष्ट पारेको छ । यसर्थ, विशेषगरी आत्महत्याको जोखिम बढीरहेको प्रदेशहरूमा बालबालिका तथा किशोरकिशोरीका लागि सकारात्मक सोच, जीवनोपयोगी सीप, मनोविमर्श सेवा लगायतका कार्यहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।

### ङ. प्रदेश र बालगृह

सबै प्रदेशहरूमा बालगृह सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष २०७६/७७ मा प्रदेश अन्तर्गतका ४५ वटा जिल्लाहरूमा ४८९ वटा बालगृह सञ्चालन भएको र सोमा संरक्षित ११,३५० जना बालबालिका (बालक

५,१९४ र बालिका ६,१५६) आवासीय रुपमा रहेको जानकारी रहेको छ। यो सूचना लगायत कोभिड-१९ महामारीको कारण आफ्नो घर गएका र बालगृहबाट पारिवारिक पुनर्मिलन गरिएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५५: प्रदेशगत जिल्लामा सञ्चालित बालगृह र सोमा संरक्षित बालबालिकाको संख्या, २०७६/७७

| प्रदेश | जिल्ला संख्या | बालगृह संख्या | हाल संरक्षित | | | हाल घर गएका बालबालिका | | | पारिवारिक पुन:स्थापना गरिएका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | ७ | २६ | २७० | २८० | ५५० | ३६ | २२ | ५८ | ७ | १२ | १९ |
| २ | ७ | १३ | ११२ | ४९ | १६१ | १०६ | १३ | ११९ | ५ | ५ | १० |
| बागमती | ११ | ३६२ | ३,७०७ | ४,६२९ | ८,३३६ | ८६५ | ८४२ | १,७०७ | १४१ | १२० | २६१ |
| गण्डकी | ६ | ४५ | ५८१ | ५९८ | १,१७९ | ४४ | २२ | ६६ | १० | २९ | ३९ |
| लुम्बिनी | ७ | २० | २४३ | ३४२ | ५८५ | ० | ० | ० | ९ | २ | ११ |
| कर्णाली | ३ | १० | १४७ | १३७ | २८४ | १६ | ३६ | ५२ | ० | ० | ० |
| सुदूरपश्चिम | ४ | १३ | १३४ | १२१ | २५५ | ४८ | ७ | ५५ | १ | २ | ३ |
| **जम्मा** | ४५ | ४८९ | ५,१९४ | ६,१५६ | ११,३५० | १,११५ | ९४२ | २,०५७ | १७३ | १७० | ३४३ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

माथिको तालिकाबाट बागमती प्रदेशमा सबभन्दा बढी ३६२ वटा बालगृह सञ्चालनमा रही सोमा ८,३३६ जना बालबालिका (बालक ३,७०७ र बालिका ४,६२९) संरक्षणमा रहेका छन् भने सबभन्दा कम कर्णाली प्रदेशमा १० वटा बालगृह सञ्चालनमा रही २८४ जना बालबालिका (बालक, १४७ र बालिका, १३७) संरक्षणमा रहेका छन् । प्रति बालगृह औसतमा करिब २३ जना बालबालिका रहेका छन् । बालगृहमा आवासीय रुपमा संरक्षणमा रहेका बालिका ५४.३ प्रतिशत र बालक ४५.७ प्रतिशत रहेको देखिन्छ । कोभिड-१९ को संक्रमणको अवधिमा २,०५७ जना बालबालिकालाई घर गएको र बालगृहहरूले ३४३ जना बालबालिकालाई परिवारमा पुनःएकीकरण गरेको जानकारी रहेको छ। प्रदेश र जिल्ला अन्तर्गतका बालगृहहरू र संरक्षित बालबालिकाको संख्या अनुसूची ९ मा दिइएको छ।

## ६.३ प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व. २०७७/७८

प्रदेश सरकारले हालसम्म तीन आर्थिक वर्ष विताई सकेको छ । यस आर्थिक वर्षमा सातै प्रदेशको नीति तथा कार्यक्रमले समेटेका विषयबस्तुहरूमा बालबालिकासँग सम्बन्धित विषयहरूको संक्षिप्त समीक्षा गरिएको छ। प्रत्येक प्रदेशले आफ्नो नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिकाको विषयलाई प्राथमिकता दिएको देखिएता पनि कुनै प्रदेशले बढी र कुनै प्रदेशले केही कम प्राथमिकता दिएको देखिन्छ। प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिकाको विषयमा केही तालमेल मिलेको देखिएको छैन । उदाहरणका लागि प्रदेश-२ को नीति तथा कार्यक्रमको बुँदा नं. ७३ मा अनाथ बालबालिकालाई

लक्षित गरी विशेष संरक्षण एवम् सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ भनी उल्लेख भएता पनि बजेट वक्तव्यमा यो कार्यक्रम समावेश भएको देखिँदैन । बागमती प्रदेशको नीति तथा कार्यक्रममा भन्दा बजेट वक्तव्यमा बालबालिकाका विषय बढी समेटेको देखिएको छ । गण्डकी प्रदेशको नीति तथा कार्यक्रममा समावेश भएका कतिपय विषयलाई बजेट वक्तव्यले समेट्न सकेको देखिँदैन । यसैगरी कर्णाली प्रदेशको नीति तथा कार्यक्रममा बुँदा नं. २८.५ मा जोखिममा परेका अभिभावकविहीन बालबालिकालाई स्थानीय तहसगँको सहकार्यमा उचित संरक्षण, पालनपोषण, शिक्षा र स्वास्थ्यको समुचित व्यवस्था मिलाइनेछ भनी उल्लेख भएको विषयलाई बजेट वक्तव्यमा अपेक्षित रुपमा समावेश भएको देखिँदैन भने बजेट वक्तव्यमा कम नै विषयहरू समेटेको पाइन्छ । यसैगरी, सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रमको बुँदा नं. १६६ असहाय, अपाङ्गता भएका व्यक्तिहरूलाई उद्धार र संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरी सडक मानवमुक्त घोषणा गरिनेछ भनी उल्लेख भएको विषयलाई बजेट वक्तव्यमा अपेक्षित रुपमा समावेश भएको देखिँदैन ।

यस आर्थिक वर्षमा सातै प्रदेशको नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा समेटिएका विषयबस्तुहरू उत्साहवर्द्धक देखिएको छ । तथापी, प्रत्येक प्रदेशले बाल अधिकार महासन्धि, यसका इच्छाधीन आलेखहरू र बालबालिकासँग सम्बन्धित अन्य घोषणाहरूका प्रावधान सम्बोधन गरी बाल अधिकार सुनिश्चिततातर्फ उन्मुख हुने नीति तथा कार्यक्रमलाई अगाडि बढाउन आवश्यक देखिएको छ । आ.व. २०७७/७८ को प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिकाको विस्तृत विवरण अनुसूची १० मा दिइएको छ ।

## ६.४ निष्कर्ष

प्रदेशगत भूगोल, जम्मा जनसंख्या, विद्यालयको संख्या, विद्यालय र विद्यार्थीको अनुपात लगायत बालविकास, बाल संरक्षणसँग सम्बन्धित विविध विषयहरूमा स्वभावैले केही फरक-फरक स्थिति देखिन्छ । प्रदेशहरूबाट बालबालिका सम्बन्धी कानून, नीति, योजना, कार्यक्रमजस्ता पक्षहरूमा प्राथमिकता दिँदै आएको देखिन्छ भने बाबुआमाविहीन र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विषयमा नवीनतम कार्यहरूको थालनी गरेको देखिएको छ । उदाहरणका लागि प्रदेश-१ ले सबै नागरिकलाई साक्षर बनाउँ, समृद्ध प्रदेशका लागि आत्मनिर्भर छोरी, भविष्यका कर्णधार, बालबालिकासँग प्रदेश सरकारजस्ता अभियानमूलक कार्यहरूको थालनी गर्ने नीति लिएको छ । प्रदेश-२ ले बेटी बचाऊ, बेटी पढाऊ, पूर्ण सुरक्षित मातृत्व प्रदेश, अनाथ बालबालिकालाई लक्षित गरी विशेष संरक्षण एवम् सशक्तीकरणजस्ता कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । बागमती प्रदेशले एक माध्यमिक विद्यालय एक नर्स, साक्षर प्रदेश, प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाहमुक्त हाम्रो प्रदेश, बाबुआमाविहीन बालबालिकालक्षित संरक्षण, सहयोगापेक्षी सडक मानवमुक्त प्रदेशजस्ता कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । गण्डकी प्रदेशले छुवाछुत, भेदभाव, सामाजिक कुरीति र कुसंस्कार अन्त्य गर्न, बालविवाहमुक्त तथा बालमैत्री प्रदेश बनाउने कार्यक्रम अभियानकै रुपमा सञ्चालन गर्ने भएको छ । लुम्बिनी प्रदेशले एक स्थानीय तह एक

नमुना विद्यालय, बालविवाहमुक्त, सडक बालबालिकामुक्त, छुवाछुतमुक्त प्रदेश बनाउन कार्यक्रम सञ्चालन गर्ने देखिन्छ । कर्णाली प्रदेशले पूर्ण खोपयुक्त प्रदेश, एक स्थानीय तह एक नमुना सामुदायिक विद्यालय, अभिभावकविहीन र जोखिममा परेका बालबालिकालाई संरक्षण सहयोग गर्ने नीति लिएको छ । सुदूरपश्चिम प्रदेशले बालिका बिमा, एउटै सृष्टी समदृष्टीको नारासहित छाउपडी र जातीय भेदभाव उन्मूलन गर्ने, पूर्ण साक्षर प्रदेश, सडक मानवमुक्त घोषणा गर्ने, एक विद्यालय एक नर्स र एक योगगुरु कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । प्रदेशहरूबाट बालबालिकाका लागि लिएका यी नीतिहरू लगायतका कार्यहरूबाट बालबालिकाको संरक्षण, विकास तथा अधिकार प्रवर्द्धनमा तीव्र गति लिने अपेक्षा गर्न सकिन्छ ।

विकास असमानता तथा अवसरहरूको असमान अवस्थामा प्रदेशहरू रहेका कारण, उक्त प्रदेशमा रहेका बालबालिकाको अवस्थामा पनि असमानता पाइन्छ । समग्र प्रदेशको विकाससँगसँगै बालबालिकाको निम्ति अवसरहरूको सृजना गर्ने, प्रदेशहरूभित्र अवसरहरूको न्यायोचित वितरणका लागि तल्लो तहमा ग्रामीण क्षेत्रमा बढी लगानीका वातावरण बनाउँदै शहरी र ग्रामीण तथा साँस्कृतिक ऐतिहासिक विविधताको आधारमा प्रदेशकेन्द्रित बालबालिकाका कार्यक्रमहरू पनि तय गरिनुपर्ने देखिन्छ ।

♦

# परिच्छेद : ७

## निष्कर्ष

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको हक, हित र अधिकारको विषयलाई संविधानमा समावेश गर्दै र विभिन्न कानूनहरूमा क्रमशः सुधार गर्दै आएको छ । बालबालिका सम्बन्धी छुट्टै ऐन कार्यान्वयनमा रहेको छ । यसैगरी, आवधिक योजनाहरूमा पनि बालबालिकाको विषयलाई प्राथमिकता दिने क्रम बढीरहेको छ । बालबालिकाका लागि १० वर्षे कार्ययोजनाको दुई कार्याविधि सम्पन्न भएको छ । राष्ट्रिय बालनीति कार्यान्वयनमा रहेको छ । प्रत्येक प्रदेशको योजना र कार्यक्रममा बालबालिकाको विषयलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ । यसबाट संविधान, ऐन, नीति, योजना एवम् कार्यक्रम क्रमशः बालमैत्री हुन पुगेको छ ।

नेपाल सरकारले अनुमोदन गरेका संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि र यस अन्तर्गतका इच्छाधिन आलेखहरू लगायत बालबालिकासँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरू अनुकूल हुनेगरी केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत व्यवस्थामा सुधार हुँदै आएको छ । बालविवाह, बालश्रम, यौनशोषण र दुर्व्यवहार, शिक्षा, स्वास्थ्यजस्ता विशिष्टीकृत विषयहरू सम्बन्धी कार्ययोजनाहरू कार्यान्वयनमा रहेका छन् । बालगृह, बालहिंसा, बाल संरक्षणसँग सम्बन्धित कतिपय विषयहरूको निर्देशिका, मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयन भइरहेका छन् । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालक्षित सहयोग एवम् बाल संवेदनशील सामाजिक सुरक्षाका कार्यहरू सञ्चालनमा रहेका छन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेख्य लगानी वृद्धि भइरहेको छ । बालन्याय सम्पादन सम्बन्धी कानूनी, नीतिगत र संस्थागत व्यवस्था भएको छ । बाल अधिकारका विषयहरूमा समुदाय, परिवार र बालबालिकासम्म नै सचेतनामा वृद्धि भएको छ । अति दुर्गम हिमाली तथा पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हेलिकप्टरबाट सुरक्षित उद्धार गरी अस्पतालसम्म पुर्‍याउने कार्यक्रमले गर्दा अहिलेसम्म ठुलो संख्यामा आमा र शिशुलाई बचाउन सकिएको स्थिति छ ।

सरकारले लिएका बालबालिका सम्बन्धी नीतिहरूमध्ये बालहिंसा विरुद्धको शुन्य सहनशीलता, बाल संरक्षण प्रणाली सुदृढीकरण गर्दै अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षकत्व राज्यले ग्रहण गर्ने एवम् यस आर्थिक वर्षभित्र नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने नीतिहरू अत्यन्त उल्लेखनीय रहेका छन् । बाल संरक्षण र बाल अधिकार सुनिश्चितता गर्न एवम् कोडिड-१९ को विपद् व्यवस्थापन

गरी बालबालिकाको भविष्य सुरक्षित गर्न सरकार प्रतिवद्ध रहेको देखिएको छ । अनलाइन तथा इन्टरनेट सेवाको उपभोगमा बालबालिकालाई सुरक्षा प्रदान गर्ने विषयमा सरकार संवेदनशील देखिएको छ । केही प्रदेशहरूबाट अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षणका लागि अवलम्बन गरेका नीति तथा कार्यहरू उत्साहवर्द्धक छ । यसैगरी, विकास साझेदार, गैरसरकारी, नागरिक समाज, निजी लगायत सञ्चार क्षेत्रबाट बालबालिकाको संरक्षण र अधिकारका विषयहरूमा उच्च संवेदनशीलतासहित प्रयास भइरहेको छ ।

उपर्युक्त प्रयासहरूको परिणामस्वरुप संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेदेखि हालसम्म बालबालिकाको विषयसँग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकाङ्कहरूमा उल्लेख्य प्रगति भएको पाइएको छ । प्राथमिक तहमा बालबालिकाको खुद भर्नादर ६४ प्रतिशतबाट हाल करिब ९७.१ प्रतिशत पुगेको छ । प्राथमिक शिक्षामा छात्रमा छात्राको अनुपात ०.५६ बाट बढेर ०.९८ पुगेको छ भने कक्षा १-१२ सम्ममा यो अनुपात १.०१ पुगेको छ । सोही अवधिमा नवजात शिशु मृत्युदर प्रति हजारमा ५० जनाबाट १६ मा झरेको, शिशु मृत्युदर प्रति हजारमा १०८ जनाबाट २५ जनामा झरेको र बाल मृत्युदर प्रति हजारमा १६२ जनाबाट २८ जनामा झरेको छ । बालबालिकामा कुपोषणको दर पनि महसुस हुनेगरी घटेको देखिएको छ ।

बालबालिकाको जीवनमा सकारात्मक प्रभाव पार्ने अनेकौं सुधारहरू तथा नतिजाहरू हुँदाहुँदै पनि विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नु एवम् बालश्रम, बालविवाह, बालबालिकाविरुद्ध हुने अमानवीय यौनजन्य हिंसा, दुर्व्यवहार र विभेद, बालबालिकाको गैरकानूनी ओसार पसार लगायतका घटनाहरूको सरल, सहज र तत्काल व्यवस्थापन गर्ने कार्यहरू चुनौतीकै रुपमा रहेका छन् । त्यस्तै, अनाथ, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका तथा एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण गर्ने जस्ता कार्यहरू प्रभावकारी रुपमा सम्पन्न गर्ने चुनौती अझै विद्यमान छ । शिक्षा, स्वास्थ्य लगायत संरक्षणको सेवासुविधाबाट वञ्चित भएका बालबालिकाको विषयलाई समयमै प्रभावकारी रुपमा सम्बोधन गर्नु, विद्यालय शिक्षामा बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, पोषण स्थितिमा उल्लेख्य सुधार ल्याउनु, तीनै तहहरूमा बालबालिकाको खण्डीकृत सूचना व्यवस्थापन गर्नु जस्ता कार्यहरू समेत चुनौतिपूर्ण देखिएको छ ।

सुखी नेपाली समृद्ध नेपालका योजना तथा सूचकहरूमा बालसंवेदनशीलता, बालबालिकामाझ समान अवसरको सृजना लगायत दुर्घटना, चोटपटक, खेलकुद, विपद, अनलाइन सुरक्षा लगायतका विषयहरूलाई नयाँ ढङ्गले सम्बोधन गर्न जरुरी छ । बालिकाहरू विशेष गरी किशोरीहरूविरुद्ध भइरहेको हिंसा मूलतः एसिड आक्रमण, बढ्दो आत्महत्या, बलात्कार जस्ता सवालको सम्बोधन गर्न विशेष राष्ट्रिय अभियान सञ्चालन गर्नु जरुरी छ । पछिल्लो समय आम सञ्चार माध्यममा विशेषगरी नेपाली वयस्कलक्षित गीतका भिडियोहरूमा बालबालिकाको प्रयोग बालिकाविरुद्धको विभेद, परम्परागत लैंगिक असमानता र हिंसालाई

प्रवर्द्धन गर्ने खालको देखिएको छ। यसलाई समयमै सम्बोधन गर्न आवश्यक आचारसंहिता तथा नियमनका कार्यहरू गर्न जरुरी देखिन्छ।

संघ, प्रदेश र स्थानीय तह लगायत विकास साझेदार र गैरसरकारी क्षेत्रबाट बालबालिकाको लागि भएका राम्रा कार्यहरूलाई निरन्तरता दिई बाल अधिकारका सबै आयामहरूमा थप प्रयास गर्दै सबै सरोकारवालाहरू अझ बढी संवेदनशील भई बालबालिकासँग सम्बन्धित कार्यहरू गर्नु जरुरी देखिएको छ। यस प्रयासमा विकास साझेदार संस्थाहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरूको योगदान महत्वपूर्ण हुन्छ। सबैको प्रयासबाट आउँदा वर्षहरूमा सबै समूहका बालबालिकाको जीवनमा उल्लेख्य रुपमा सुधार हुने अपेक्षा गर्न सकिन्छ।

♦



## सन्दर्भ सामग्रीहरू:


अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४

अर्थ मन्त्रालय (२०७७), *आर्थिक सर्वेक्षण २०७६/०७७,* काठमाडौं ।

अर्थ मन्त्रालय (२०७७), *बजेट वक्तव्य २०७७/७८*, काठमाडौं ।

आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ।

केन्द्रीय बाल कल्याण समिति (२०७५), *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७५,* ललितपुर ।

केन्द्रीय तथ्याङ्क विभाग (सन् २०११), *नेपाल जीवनस्तर सर्वेक्षण २०११,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७६), *नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्वेक्षण २०७६,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७६), *नेपाल श्रमशक्ति सर्वेक्षण २०७६,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (सन् २०१४), *पपुलेसन मोनोग्राफ भाग २ सन् २०१४,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०४८), *राष्ट्रिय जनगणना २०४८,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८), *राष्ट्रिय जनगणना २०५८,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना, २०६८,* काठमाडौं ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ ।

नेपाल सरकार (२०७७), *नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७७/७८,* काठमाडौं ।

नेपालको संविधान, २०७२ ।

प्रदेश सरकार (२०७७), *प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०७७/७८,* प्रदेश राजधानी ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०७२), *बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२,* काठमाडौं ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०६९), *बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९,* काठमाडौं ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (२०६८), *मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८,* काठमाडौं ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४ ।
राष्ट्रिय बाल अधिकार परिषद् (२०७६), *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७६,* ललितपुर ।
वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *राष्ट्रिय शिक्षा नीति २०७६,* काठमाडौं ।
शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७५), *फ्लास १ रिपोर्ट २०७४/०७५,* भक्तपुर ।
शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७६), *फ्लास १ रिपोर्ट २०७५/०७६,* भक्तपुर ।
शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७६), *फ्लास १ रिपोर्ट २०७६/०७७,* भक्तपुर ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सन् २०१६), *नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६,* काठमाडौं ।
स्वास्थ्य सेवा विभाग (२०७५), *स्वास्थ्य सेवा विभागको आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन २०७५*, काठमाडौं ।
स्वास्थ्य सेवा विभाग (२०७६), *स्वास्थ्य सेवा विभागको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन २०७६*, काठमाडौं ।
सामाजिक सुरक्षा ऐन, २०७५ ।
सूचनाको हक सम्बन्धी ऐन, २०६४ ।
सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ ।
World Life Expectancy. (2019). Life expectancy. Retrieved from https://www.worldlifeexpectancy.com/nepal-population-piramid
National Planning Commission. (2020). National Progress Review of Sustainable Development Goals. Kathmandu: Author.

अनुसूची १

## बालबालिका सम्बन्धी ऐन, २०७५ का केही दफाहरू

| दफा | कानूनी प्रावधान |
|---|---|
| ३ | **बाँच्न पाउने अधिकार:**<br>(१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।<br>(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अबलम्वन गर्नेछन् । |
| ४ | **नाम, राष्ट्रियता र पहिचानको अधिकार:** यस दफा अन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित जन्मदर्ताको हक हुने सम्बन्धी विभिन्न उपायहरू समावेश भएका छन् । |
| ५ | **भेदभाव बिरुद्धको अधिकार:**<br>(१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गरिनेछैन ।<br>(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा छोरा वा छोरी छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्न हुँदैन ।<br>(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइनेछैन ।<br>(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन । |
| ६ | **बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार:**<br>(१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बालअदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ । तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गर्नु हुदैन ।<br>(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबुआमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ ।<br>(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ ।<br>(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्मदिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ । |

| दफा | कानूनी प्रावधान |
|---|---|
| ७ | **संरक्षणको अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई आफ्नो बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध बिच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।<br>(३) कुनै पनि बावु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोरा, छोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउनेछैन ।<br>(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।<br>(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य तथा यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।<br>(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइनेछैन ।<br>(८) कसैले पनि सशस्त्र द्वन्द वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन ।<br>(९) चौध बर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरी को रुपमा राख्नु हुँदैन ।<br>(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् । |
| ८ | **सहभागिताको अधिकारः** आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ । |
| ९ | **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।<br>(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ । |
| १० | **संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः**<br>(१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । |

| दफा | कानूनी प्रावधान |
|---|---|
| ११ | **गोपनीयताको अधिकार**: यस दफा अन्तर्गत प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ । कसैले पनि बालबालिकाको गोपनीयताको अधिकार उलंघन गर्न नहुने व्यवस्था छ । तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ । |
| १२ | **अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार**:<br>(१) अपाङ्गता भएका बलाबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ । प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ ।<br>२. अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने आत्म निर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा समानजनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ ।<br>(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनःस्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।<br>(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ । |
| १३ | **पोषण तथा स्वास्थ्यको अधिकार**: यस दफा अनुसार प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको, विभिन्न रोग विरुद्धका खोपहरू र स्वास्थ्य उपचार पाउने र प्रत्येक बालबालिकालाई निःशुल्क औषधि उपचारको अधिकार हुनेछ । |
| १४ | **खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार**: यस दफा अुनसार प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने तथा मनोरञ्जन गर्ने अधिकार हुनेछ ।<br>प्रत्येक विद्यालयले विद्यार्थीलाई उपयुक्त खेलकुदस्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ । प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप साँस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ । |
| १५ | **शिक्षाको अधिकार**:<br>(१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बालविकासको अधिकार हुनेछ ।<br>(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।<br>(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।<br>(४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ । |

| दफा | कानूनी प्रावधान |
|---|---|
| १६ | **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेः** यस दफा अन्तर्गत बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने र बालमैत्री भौतिक संरचनाको व्यवस्था गर्नुपर्ने जस्ता व्यवस्था छ । |
| १७ | **परिवार वा संरक्षकको दायित्वः** यस दफा अन्तर्गत बालबालिकाको हेरचाह, पालनपोषण, शिक्षा, स्वास्थ्य र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुने, बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु नहुने लगायतका व्यवस्था रहेको छ । |
| १८ | **राज्यको दायित्वः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ । |
| १९ | **सञ्चार क्षेत्रको दायित्वः** बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रशारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ । |
| ४८ | **विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः** यस दफा अन्तर्गत अनाथ बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका, कानूनी विवादमा परेका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको शिशु, विभिन्न हिंसा वा दुर्व्यवहारका कारणले परिवारबाट अलग भएका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको श्रममा संलग्न रहेका, विभिन्न लागूऔषधको कूलतमा फसेका, एचआईभी सङ्क्रमण भएका, गम्भीर अपाङ्गताको जोखिममा रहेका, विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका, वेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका, विपन्न दलित लगायतका बालबालिका पर्दछन् । |
| ६६ | ऐनको यस दफाको उपदफा १, २ र ३ मा बालबालिका विरुद्धका विभिन्न कसूरहरू समावेश भएका छन् । |
| ७७ | **बालबालिकाको कर्तव्यः** बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सवीत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ । |

## संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व. २०७७/७८

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य |
|---|---|
| (क) **स्वास्थ्यसँग सम्बन्धित विषयहरू:** | |
| बुँदा नं. ४४. मुलुकभरका ६ सय ७१ स्थानीय तहका वडाहरूमा पूर्णखोप सेवा उपलब्ध वडा घोषण गरिएको छ । आगामी वर्ष सरकारले बाँकी सबै स्थानीय तहका वडाहरूमा पूर्णखोप सेवा पुऱ्याउनेछ । | बुँदा नं. ३७. विपन्न नागरिकलाई घातक रोग एवम ज्येष्ठ नागरिक तथा बालबालिकाको मुटु रोगको निःशुल्क उपचार गर्न र क्षयरोग, एड्स तथा यौन रोग र कुष्ठरोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्न रु. ४ अर्ब २२ करोड रकम विनियोजन गरिएको छ । |
| बुँदा नं. ५४. कान्ति बाल अस्पताललाई बालरोगका विभिन्न विधामा उच्च शिक्षाको अध्ययन गर्ने उत्कृष्ट केन्द्रको रुपमा विकास गरिनेछ । | बुँदा नं. ४५. कान्ति बाल अस्पतालमा थप आइसियू सहितको पूर्वाधार निमार्ण गरी उच्च शिक्षा अध्ययन गर्न उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न, सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रमा बाल मुटु रोग उपचार सुविधा शुरु गर्न तथा थप उपकरण खरिद गर्न बजेटको व्यवस्था गरेको छ । |
| (ख) **शिक्षा सँग सम्बन्धित विषयहरू:** | |
| बुँदा नं. ७०. ... विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालयमा हुने सुनिश्चित गरिनेछ । "बालबालिकालाई विद्यालय ल्याऔं र पढाइमा टिकाऔं" कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तीमा माध्यमिक तह पूरा गर्ने व्यवस्था मिलाइनेछ । | बुँदा नं. १६०. विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी आगामी वर्ष भित्र आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ । मातृभाषामा आधारभूत शिक्षा प्रदान गरिरहेका मदरसा, गुरूकुल र गुम्बा लगायतका शिक्षालयलाई आधुनिक शिक्षाको मूलधारमा आबद्ध गरिनेछ । |
| बुँदा नं. ७२. सार्वजनिक विद्यालयहरूलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइनेछ । ... सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६-८५ अभियान सञ्चालन गरिनेछ । विद्यालय तथा शिक्षण संस्थाहरूको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन गरिनेछ । गुणस्तरीय शिक्षाका लागि विद्यालयमा योग्य, दक्ष र शिक्षण पेशामा प्रतिबद्ध शिक्षकको आपूर्ति, विकास र परिचालन गरिनेछ । | बुँदा नं. १६२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको विस्तार गरी कक्षा कोठा निर्माण, प्राविधिक शिक्षकको व्यवस्था, शिक्षक तालिम, स्वयंसेवक शिक्षक परिचालन, विज्ञान प्रयोगशाला, सूचना प्रविधि ल्याब, खेल मैदान र खेल सामाग्रीको व्यवस्था लगायतका शैक्षिक पूर्वाधार र गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक विद्यालय सवलीकरण दशकका कार्यक्रमलाई यसै कार्यक्रमको अङ्गको रूपमा सञ्चालन गरिनेछ । |
| बुँदा नं. ७३. विद्यालयस्तरमा विज्ञान शिक्षालाई प्रभावकारी र रुचिकर बनाउन वैज्ञानिक सिकाइ विधिमा जोड दिइनेछ । विज्ञान अध्ययन केन्द्रहरूको स्थापना गरिनेछ । | बुँदा नं. १६१. माध्यमिक तहदेखि नै प्राविधिक शिक्षालाई जोड दिँदै सबै स्थानीय तहका न्यूनतम एक विद्यालयमा प्राविधिक धारको पठनपाठन सञ्चालन गर्ने कार्यक्रम अघि बढाएको छ । यस अन्तर्गत हालसम्म ६०७ स्थानीय तहमा शुरु भइसकेको यो कार्यक्रम आगामी वर्ष सबै स्थानीय तहमा बिस्तार गरिनेछ । |

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य |
|---|---|
| बुँदा नं. ७४. आगामी तीन वर्षमा सबै सामुदायिक विद्यालय तथा प्राविधिक शिक्षालयलाई पूर्वाधार सम्पन्न शिक्षण संस्थाका रुपमा विकास गरिनेछ। | बुँदा नं. १६४. आगामी आर्थिक वर्ष १ हजार ८ सय विद्यालय भवन पुनर्निमाण, २ हजार ५ सय २० कक्षा कोठा, एक-एक हजारको संख्यामा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब स्थापना गर्न रकम विनियोजन गरिएको छ। |
| बुँदा नं. ७५. विद्यालय तहको पाठ्यक्रममा नेपालको गौरब, संस्कृति, सभ्यता र मूल्य मान्यता, राष्ट्रिय एकताको सम्वर्द्धन एवम् नागरिकको कर्तव्यबोधका विषयहरू समेत समावेश गरिनेछ। | बुँदा नं. १६५. छात्रवृत्ति कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरी आगामी वर्ष विपन्न र अपाङ्गता भएका नागरिकका बालबालिका, सहिदका छोरा छोरी र जेहन्दार विद्यार्थी समेत मुलुकभरका करिब २६ लाख छात्रछात्रा लाभान्वित हुने गरी छात्रवृत्ति प्रदान गर्न रु. २ अर्ब ७० करोड विनियोजन गरेको छ। |
| बुँदा नं. ७६. पाँच वर्षमुनिका बालबालिकाको सर्वाङ्गिण विकासका लागि स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। | बुँदा नं. १६७. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न हाल ४३ जिल्लामा लागु भएको दिवा खाजा कार्यक्रम देशभर विस्तार गर्नेगरी रु. ७ अर्ब ५२ करोड विनियोजन गरिएको छ। यस कार्यक्रमबाट २८ लाख बालबालिका लाभान्वित हुनेछन्। |
| बुँदा नं. ७७. विद्युतीय शिक्षण सामग्री उत्पादन गरी अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। सबै सार्वजनिक माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र उच्चगतिको इन्टरनेट सुविधा पुऱ्याइनेछ। | बुँदा नं. १६८. देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययनरत १३ लाख ४० हजार छात्रालाई सेनिटरी प्याड निःशुल्क उपलब्ध गराउन स्थानीय तह मार्फत सशर्त अनुदानको रूपमा रु. १ अर्ब ८२ करोड वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छ। |
| बुँदा नं. ७८. राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति, २०७६ को समयानुकूल परिमार्जन गर्दै कार्यान्वयन गरिनेछ। | बुँदा नं. १६९. बालविकास केन्द्रहरूको सुदृढीकरणका लागि स्थानीय तहको लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न सशर्त अनुदानको व्यवस्था भएको छ। |
| | बुँदा नं. १७१. शिक्षक विद्यार्थी धैरै भएका विद्यालय तथा गणित, अंग्रेजी र विज्ञान शिक्षक नपुग भएका विद्यालयमा थप ६ हजार स्वयंसेवक शिक्षक परिचालन गर्न रु. २ अर्ब २३ करोड विनियोजन गरिएको छ। |
| | बुँदा नं. १७२. निःशुल्क वितरण गरिने पाठ्यपुस्तक शैक्षिक वर्ष शुरु हुनु अगावै सबै विद्यालयमा वितरण गर्ने व्यवस्था मिलाएको छ। शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आधारभूत तहसम्म रङ्गिन पाठ्यपुस्तकसहित करिब ४६ लाख छात्रछात्रा लाभान्वित हुने गरी निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन रु. २ अर्ब ७६ करोड विनियोजन गरिएको छ। |
| | बुँदा नं. १६३. कोभिड-१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरी भर्चुअल कक्षा सञ्चालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवम् रेडियो मार्फत नयाँ शैक्षिक वर्षको पठनपाठन अघि बढाइनेछ। संक्रमण जोखिमको कारण विद्यार्थीमा परेको मनोसामाजिक असर निवारण गर्न सकारात्मक सोच सहित सिर्जनशिलता विकासका क्रियाकलाप सञ्चालन गरिनेछ। |

| नीति तथा कार्यक्रम | बजेट वक्तव्य |
|---|---|
| **(ग) संरक्षणसँग सम्बन्धित विषयहरू** | |
| बुँदा नं. ८६. सबै प्रकृतिका श्रम शोषणको अन्त्य गरिनेछ। | बुँदा नं. १९४. ....सदाका लागि बालश्रमको अन्त्य गर्दै सडक बालबालिका मुक्त देश बनाइनेछ। ...... |
| बुँदा नं. ८९. आफ्नो हेरचाह आफैं गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति, बालबालिकाको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ। | बुँदा नं. ७४. बालबालिकालाई राज्यले संरक्षण गर्नुपर्छ भन्ने सरकारको धारणा अनुरूप आगामी वर्ष दलित तथा कर्णाली क्षेत्र र तराई/मधेश लगायतका गरिबीको रेखामुनि परेका परिवारका बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो तुल्याएको छ। यस कार्यक्रमको लागि रु. ३ अर्ब ७६ करोड विनियोजन गरिएको छ। यसबाट करिब १३ लाख बालबालिका लाभान्वित हुनेछन्। विशेष संरक्षण आवश्यक भएका अनाथ तथा अति जोखिममा परेका र एच.आइ.भि. संक्रमित बालबालिकाको लागि भरपर्दो सामाजिक सुरक्षा प्रदान गर्न सामाजिक संस्थाहरू समेत परिचालन गर्ने व्यवस्था मिलाइएको छ। असहाय, बेवारिसे, सङ्क्रमित र आश्रयहीन लगायत सबै सहयोगापेक्षीको आश्रय, संरक्षण र हेरचाह गर्दै देशलाई सडक मानवमुक्त गर्ने प्रबन्ध मिलाइएको छ। |
| बुँदा नं. २३५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक सम्बन्धी कार्यमा संलग्न सरकारी एवम् संघसंस्थाको पुनःसंरचना गरी समाज कल्याणका लक्षित कार्यक्रमहरूलाई एकीकृत र परिणाममुखी बनाइनेछ। एकीकृत सामाजिक विकास ऐन तर्जुमा गरिनेछ। | बुँदा नं. ७१. सामाजिक सुरक्षालाई क्रमशः जीवन चक्रमा आधारित, अनिवार्य र सर्वव्यापी बनाइनेछ। आर्थिकरूपले विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका, एकल महिला, बालबालिका, लोपोन्मखु र सीमान्तकृत समुदायलाई राज्यबाट विशेष सुरक्षा र संरक्षण प्रदान गर्न कार्यक्रम सञ्चालन गरिनेछ। |
| बुँदा नं. २३९. बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा बाबुआमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा बेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण गरिनेछ। | बुँदा नं. १९४. बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिनेछ। सदाका लागि बालश्रमको अन्त्य गर्दै सडक बालबालिका मुक्त देश बनाइनेछ। बालबालिकाको खेलकुद, मनोरञ्जन तथा शारीरिक र मानसिक विकासका लागि बाल उद्यान, पुस्तकालय एवम् विज्ञान तथा प्रविधि संग्रहालयको निर्माण गरिनेछ। |
| बुँदा नं. २४२. असहाय, स्वास्थ्य जोखिमा रहेका, घरबाहिर अलपत्र परेका, आश्रयहीन व्यक्तिहरूको उद्धार, उपचार तथा पुनःस्थापना गरिनेछ। | बुँदा नं. २७०. हिंसा पीडित महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकको न्यायमा पहँचु पुऱ्याउन निःशुल्क कानूनी सहायता उपलब्ध गराइनेछ। |
| | बुँदा नं. २७७. लागू औषध उत्पादन, ओसारपसार, बेचबिखन, दुर्व्यसन र बालबालिकालाई कुलतमा फसाउने कार्य गर्नेलाई कडा कारवाही गरिनेछ। सामुदायिक संघ संस्थासँगको समन्वय र सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |

यस आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिकाको शिक्षा, स्वास्थ्य र संरक्षणका विषयहरूलाई प्राथमिकताका साथ सम्बोधन गरेको देखिन्छ। तथापी, नीति तथा कार्यक्रमसँग बजेट वक्तव्यमा बालबालिकाको विषयलाई तादाम्यता मिलाएको भने देखिँदैन।

अनुसूची ३

## संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा अनुसार कार्यान्वयनको स्थिति

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइ रहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा १: बालबालिकाको परिभाषा:** बालबालिका सम्बन्धी राष्ट्रिय कानूनले अन्यथा निर्धारण गरेको स्थिति बाहेक बालबालिका भन्नाले १८ वर्षमुनिका प्रत्येक मानवलाई सम्झनु पर्दछ । | √ | | |
| **धारा २: भेदभावरहितता:** प्रत्येक बालबालिकालाई बिना कुनै भेदभाव हरेक अधिकार पाउने हक हुनेछ । बालबालिकाको संरक्षण गर्नु तथा बाल अधिकारको सम्मान र प्रत्याभूतिको लागि उचित कदमहरू चाल्नु राज्यको दायित्व हुनेछ । | | √ | |
| **धारा ३: बालबालिकाको सर्वोत्तम हित:** बालबालिकासँग सम्बन्धित कुनै पनि काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ । बालबालिकाप्रतिको अधिकार र कर्तव्यलाई ध्यानमा राख्दै बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको विशेष व्यवस्था मिलाउनु राज्यको दायित्व हुनेछ । | | √ | |
| **धारा ४: अधिकारको कार्यान्वयन:** यस महासन्धिका प्रावधानहरू कार्यान्वयनका लागि राज्यले सबै उपयुक्त वैधानिक, कानूनी, प्रशासनिक र अन्य उपायहरू अपनाउनु पर्नेछ | | √ | |
| **धारा ५: अभिभावकीय मार्गदर्शन र बालबालिकाको उदयीमान क्षमता:** बालबालिकाको बाबु, आमा, संयुक्त तथा बृहत परिवारको सदस्य, वैधानिक अभिभावक, कानूनी रुपमा जिम्मेवार अन्य व्यक्तिहरूले बालबालिकाको उदयीमान क्षमतासँग मेल खाने किसिमबाट उपयुक्त मार्गदर्शन प्रदान गर्न सक्ने दायित्व, अधिकार तथा कर्तव्यलाई राज्यले मान्यता तथा सम्मान गर्नु पर्नेछ । | | √ | √ |
| **धारा ६: जीवन, बचाउ र विकास:** बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालबालिकाको बचाउ र विकास सुनिश्चित गर्नु राज्यको दायित्व हुन्छ । | | √ | |
| **धारा ७: नाम र राष्ट्रियताको अधिकार:** प्रत्येक बालबालिकाको जन्मनासाथ नाम र राष्ट्रियता पाउने लगायत बाबुआमा थाहा पाउने एवम् उनीहरूबाट स्याहार पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा ८: पहिचानको संरक्षण:** प्रत्येक बालबालिकाको नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध लगाएतको परिचयको सुनिश्चित राज्यले गर्नु पर्दछ । | | √ | √ |
| **धारा ९: आमाबाबुबाट अलग राख्न नहुने:** बालबालिकाको सर्वोत्तम हितको विपरितबाहेक बाबुआमासँगै बस्ने अधिकार हुन्छ । साथै, बाबुआमा दुवै वा कुनै एकबाट अलग भएको अवस्थामा निज(हरू)सँग सम्पर्क वा भेटघाट गर्ने अधिकार बालबालिकाको हुन्छ । | | √ | √ |
| **धारा १०: पारिवारिक पुर्नएकीकरण:** बालबालिका तथा बाबुआमाले कुनै पनि देश त्याग्ने र आफ्नो देशमा पुनर्मिलन तथा बालबालिका र बाबुआमाको सम्बन्ध कायम राख्ने अधिकार हुन्छ । | | √ | √ |

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइ रहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा ११ः अवैध स्थानान्तरण र अफिर्तीः** बालबालिकाको अवैध स्थानान्तरण, अपहरण तथा विदेशबाट नफर्काउने स्थितिलाई निरुत्साहित पार्न आवश्यक कदम चाल्नु राज्यको दायित्व हुन्छ । | | √ | √ |
| **धारा १२ः बालबालिकाको विचार र भावनाको कदरः** आफ्नो धारणा बनाउन सक्ने बालबालिकालाई आफुसँग सम्बद्ध विषयमा स्वतन्त्र रुपले आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार हुनेछ । | √ | | |
| **धारा १३ः अभिव्यक्ति स्वतन्त्रताः** आफुसँग सम्बन्धित सबै प्रकारका जानकारीहरू र विचारहरू खोज्न, प्राप्त गर्न, प्रदान गर्न र यसलाई मौखिक, लिखित, मुद्रित रुपमा, कलाको रुपमा वा बालबालिकाको रुची अनुसार कुनै पनि प्रचार माध्यमबाट अभिव्यक्त गर्ने स्वतन्त्रता समावेश हुनेछ । | √ | | |
| **धारा १४ः विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारः** राज्यले बालबालिकाको विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकारका साथै बालबालिकाको क्षमतासँग मेल खाने किसिमले बाबुआमा र वैधानिक अभिभावकले निर्देशन दिने अधिकार र कर्तव्यको सम्मान गर्नु पर्दछ । | | √ | |
| **धारा १५ः सँगठित हुने स्वतन्त्रताः** बालबालिकाको सँगठन सम्बन्धी स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकार हुन्छ । | √ | | |
| **धारा १६ः गोपनीयताको संरक्षणः** बालबालिकाको गोपनीयता, परिवार, घर वा पत्राचारमाथि बलजफ्ती वा गैर कानूनी हस्तक्षेप एवम् मर्यादा र इज्जतमाथि गैरकानूनी हस्तक्षेपबाट संरक्षण पाउने अधिकार हुन्छ । | √ | | |
| **धारा १७ः उपयुक्त सूचनामा पहुँचः** बालबालिकालाई उनीहरूको सामाजिक, आध्यात्मिक र नैतिक हित हुने सूचना, जानकारी र सामग्री प्राप्त गर्ने अधिकार हुन्छ । | √ | | |
| **धारा १८ः अभिभावकको दायित्वः** बालबालिकाको लालनपालन र विकासको लागि बाबुआमा दुवैको साझा दायित्व हुन्छ । यस कार्यमा राज्यले उचित सहयोग प्रदान गर्नु पर्दछ । | | √ | √ |
| **धारा १९ः दुर्व्यवहार तथा अपहेलनाबाट संरक्षणः** बालबालिकामाथि हुन सक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार, हेला वा उपेक्षा वा यौनदुराचार लगायतका शोषणहरूबाट बालबालिकालाई जोगाउन तथा पीडितको उपचारका लागि राज्यले उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनु पर्नेछ । | | √ | √ |
| **धारा २०ः परिवारविहीन बालबालिकाको संरक्षणः** राज्यले आफ्नो परिवारबाट बञ्चित कुनै पनि बालबालिकालाई विशेष संरक्षण गर्नु पर्दछ र त्यस्ता बालबालिकालाई वैकल्पिक पारिवारिक स्याहार तथा संस्थागत स्याहारको व्यवस्था गर्नु पर्दछ । यस्तो व्यवस्था गर्दा बालबालिकाको जातीय, धार्मिक, साँस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई ध्यान दिइनु पर्दछ । | | √ | √ |

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइ रहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा २१ः धर्मसन्तान ग्रहणः** धर्मसन्तान सम्बन्धी कानूनी व्यवस्था भएको राज्यमा बालबालिकाको संरक्षण तथा सर्वोत्तम हितलाई प्राथमिकता दिई सक्षम अधिकारीको स्वीकृतिमा मात्र धर्म सन्तान ग्रहण सम्बन्धी कार्य गर्न सकिन्छ । | | √ | √ |
| **धारा २२ः शरणार्थी बालबालिकाः** शरणार्थी हुन खोजिरहेका वा शरणार्थी भइसकेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र मानवीय सहयोग उपलब्ध गराउनु पर्दछ | √ | | |
| **धारा २३ः अपाङ्गता भएका बालबालिकाः** कुनै पनि अपाङ्गता भएका बालबालिकालाई निजको मर्यादा कायम गराउने, स्वावलम्वनमा अभिवृद्धि गर्ने र आफ्नो समुदायमा सक्रिय सहभागिता जनाउन सघाउ पुऱ्याउने वातावरणमा पूर्ण तथा सम्मानपूर्वक जीवन यापन गर्न पाउने अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ । | | √ | √ |
| **धारा २४ः स्वास्थ्य तथा स्वास्थ्य सेवाः** प्रत्येक बालबालिकालाई उच्चस्तरीय स्वास्थ्य सेवासुविधा पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा २५ः पालन व्यवस्थाको आवधिक समीक्षाः** बालबालिकाको लालनपालनका लागि कहिँकतै स्थानान्तरण गरिएको बालबालिकालाई निजको स्याहार, संरक्षण वा उपचारको विषयमा आवधिक समीक्षा गराउने अधिकार सुनिश्चित गर्नु पर्दछ । | √ | | |
| **धारा २६ः सामाजिक सुरक्षाः** प्रत्येक बालबालिकालाई सामाजिक सुरक्षा लगायत बिमा सुविधाबाट लाभ उठाउन पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा २७ः जीवनस्तर सम्बन्धी अधिकारः** प्रत्येक बालबालिकालाई आफ्नो शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि पर्याप्त जीवनस्तरको अधिकार हुन्छ । आवश्यकता परेका परिवारलाई राज्यबाट सहायता समेत गर्नु पर्दछ । | | √ | √ |
| **धारा २८ः शिक्षा सम्बन्धी अधिकारः** प्रत्येक बालबालिकालाई शिक्षाको अधिकार हुन्छ । प्राथमिक शिक्षालाई अनिवार्य र निशुल्क बनाउनु, प्रत्येक बालबालिकालाई साधारण र व्यवसायिक शिक्षा सहित विविध प्रकारका माध्यमिक शिक्षा उपलब्ध गराउनु, क्षमताको आधारमा सबैको निम्ति हरेक उपयुक्त साधनमार्फत उच्च शिक्षा प्राप्त हुन सक्ने गराउनु, बालबालिकाको अधिकार तथा मानवीय मर्यादा अनुकूल हुनेगरी विद्यालयमा अनुशासन सम्बन्धी नियम लागु गर्नु राज्यको दायित्व हो । | | √ | √ |
| **धारा २९ः शिक्षाको उद्देश्यः** बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको पूर्ण प्रखरताको विकास गर्ने शिक्षाको उद्देश्य हुनु पर्दछ । बाबुआमाप्रति, आफ्नो साँस्कृतिक परिचय, भाषा र मुल्यहरूप्रति, राष्ट्रियताप्रति, फरक किसिमको सभ्यताप्रतिको आदरको विकास गर्ने, समानता र मित्रताको भावना अनुरुप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने दिशातर्फ निर्दिष्ट हुनु पर्दछ । | √ | | |
| **धारा ३०ः अल्पसंख्यक वा आदिवासी जनजाति समुदायका बालबालिकाः** अल्पसंख्यक वा आदिवासी जनजाति समुदायका बालबालिकालाई आफ्नो संस्कृति मान्न पाउने, आफ्नो धर्म पालन तथा प्रयोग गर्न पाउने अधिकार हुन्छ । | √ | | |

| संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का धाराहरू | पूरा भएको | भइ रहेको | थप प्रयास गर्नुपर्ने |
|---|---|---|---|
| **धारा ३१ः आराम, मनोरञ्जन तथा साँस्कृतिक गतिविधिः** बालबालिकाले आराम गर्ने, खेल्ने र मनोरञ्जन गर्न पाउने र साँस्कृतिक क्रियाकलापमा सहभागी हुन पाउने अधिकार हुन्छ । | √ | | |
| **धारा ३२ः बालश्रमः** बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुन्छ । | | √ | √ |
| **धारा ३३ः लागू पदार्थ दुर्व्यसनीः** राज्यले बालबालिकालाई लागू औषध तथा मनोदीपक पदार्थहरूको गैरकानूनी प्रयोगबाट बचाउनुका साथै त्यस प्रकारको वस्तुको अवैध उत्पादन र विक्री वितरणमा बालबालिकाको प्रयोगलाई रोकथाम गर्नु पर्दछ । | | √ | √ |
| **धारा ३४ः यौन दुर्व्यवहारः** राज्यले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्नु पर्दछ । | | √ | √ |
| **धारा ३५ः बेचबिखन, ओसारपसार र अपहरणः** कुनै पनि बालबालिकाको अपहरण, बेचबिखन र गैरकानूनी ओसारपसार रोक्नु राज्यको दायित्व हुन्छ । | | √ | √ |
| **धारा ३६ः सबै खाले शोषणबाट संरक्षणः** बाल कल्याणको कुनै पनि पक्षको विपरीत हुने सबै किसिमका शोषणविरुद्ध बालबालिकाको संरक्षण गर्नु राज्यको दायित्व हुन्छ । | | √ | √ |
| **धारा ३७ः यातना तथा स्वतन्त्रताको वञ्चितीकरण विरुद्धको अधिकारः** कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रुरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजायँ दिनु तथा गैरकानूनी वा अनूचित तवरले तिनको स्वतन्त्रताबाट वञ्चित गरिनु हुदैन । | | √ | √ |
| **धारा ३८ः सशस्त्र द्वन्द्वबाट बालबालिकाको संरक्षणः** राज्यले १५ वर्ष नपुगेका कुनै पनि बालबालिकालाई द्वन्द्वमा प्रत्यक्ष भाग लिन नपाउने व्यवस्था गर्नु पर्दछ र सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र स्याहार गर्ने सबै उपयुक्त कदमहरू चाल्नु राज्यको दायित्व हुन्छ । | √ | | |
| **धारा ३९ः पुर्नस्थापकीय स्याहारः** कुनै प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा सशस्त्र द्वन्द्वबाट पीडित/प्रभावित कुनै पनि बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुर्नलाभ र सामाजिक पुर्नस्थापनालाई सम्वर्धन गर्न राज्यले सबै उपयुक्त कदमहरू चाल्नु पर्दछ । | √ | | |
| **धारा ४०ः बालमैत्री न्यायः** कानूनी विवादमा परेका/कानूनको सम्पर्कमा आएका बालबालिकालाई बालमैत्री न्यायको हक हुन्छ । | √ | | |
| **धारा ४१ः उच्च व्यवस्थाको सम्मानः** यस महासन्धिले निर्दिष्ट गरेका बालबालिकाका अधिकार भन्दा बढी अधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने व्यवस्था राज्यको घरेलु कानूनमा वा राज्यको निम्ति लागू हुने अन्य अन्तर्राष्ट्रिय कानूनमा छन् भने ती व्यवस्था लागू हुनेछ । | | √ | √ |
| **धारा ४२ः प्रचार प्रसारः** राज्यले यस महासन्धिका सिद्धान्त र प्रावधानहरू सञ्चारको उपयुक्त माध्यमबाट सबैलाई जानकारी गराउनु पर्दछ । | √ | | |

अनुसूची ४

## बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन स्थिति सम्बन्धी नेपालको प्रतिवेदनमा संरासं बाल अधिकार समितिको समापन टिप्पणी सारांश

**क) कार्यान्वयन विधि**

- संविधानमा बाल अधिकार, बालमैत्री स्थानीय शासन सम्बन्धी व्यवस्थालाई स्वागत गरेको ।
- राष्ट्रिय कार्य योजना पुनरावलोकन गरी सबै क्षेत्रगत योजनालाई समन्वय गर्ने रणनीति निर्माण एवम् कार्यान्वयनका लागि उचित मात्रामा मानवीय, प्राविधिक तथा आर्थिक स्रोत उपलब्धता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धि कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि एउटै अन्तर मन्त्रालय र अन्तर निकाय संयन्त्रको स्थापना बलियो, कार्यादेश र पर्याप्त मानवीय, प्राविधिक र आर्थिक स्रोत उपलब्ध गराउनु पर्ने ।
- महासन्धि अनुरुपका सूचक बमोजिमका खण्डीकृत तथ्याङ्क संकलन, सूचना जानकारी व्यवस्थापन गर्नुपर्ने ।
- बालबालिकाको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोगभित्र निश्चित संरचना हुनुपर्ने ।

**ख. बालबालिकाको परिभाषा**

- सम्पूर्ण कानूनहरू महासन्धि अनुरुप भएको सुनिश्चित गर्ने र १८ वर्षमुनिका सम्पूर्ण बालबालिकाले संरक्षणबाट प्राप्त गरेको सुनिश्चितता गर्नुपर्ने ।

**ग. सामान्य सिद्धान्तहरू**

- अभ्यासमा रहेका कुनै पनि किसिमका विभेदहरूलाई अन्त्य गर्नका लागि उपयुक्त उपाय अपनाउनु पर्ने ।
- सबै कानूनी व्यवस्था र बालबालिकाको उच्चतम हितलाई निर्णय प्रक्रियामा प्रष्टसँग मापदण्डका रूपमा समावेश गर्नुपर्ने ।
- बालबालिकालाई प्रभाव पार्ने समाजका हरेक गतिविधि तथा क्षेत्रहरू विशेषतः परिवार, विद्यालय र समुदायमा उनीहरूको सहभागिता सुनिश्चिता हुनुपर्ने ।

**घ. नागरिक अधिकार र स्वतन्त्रताः**

- समयमा नै प्रभावकारीरुपमा सबैको जन्मदर्ता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धिको धारा ७ र ८ अनुरुप गराउनका लागि सम्बन्धित कानूनी व्यवस्थामा सुधार गर्नुपर्ने (व्यक्तिगत घटना दर्ता, नगरिकता ऐन) ।

**ङ. बालबालिकाका विरुद्धको हिंसाः**

- अनुशासनका नाममा दिइने दण्ड सजायलाई सबै क्षेत्रमा निषेध गर्नुपर्ने ।
- सबै अवस्थामा बालबालिकामाथि हुने दुर्व्यवहार र उपेक्षा परिभाषित गर्ने र प्रतिबन्ध लगाउने कानूनी व्यवस्थालाई क्रियाशील बनाउनु पर्ने ।
- बलात्कारका घटनामा ६ महिने हदम्यादको खारेजी र बालयौन दुर्व्यवहार र शोषणको घटनाको अनिवार्य रिपोर्टिङको निश्चितता गर्न संयन्त्र, प्रक्रिया र निर्देशिकाको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको शारीरिक र मनोवैज्ञानिक हितका लागि सम्पूर्ण परम्परागत हानिकारक अभ्यासहरू उन्मूलन गर्नुपर्ने ।
- बालबिबाहको अन्त्य  सम्बन्धी क्तियाकलाप प्रभावकारी बनाउनु पर्ने ।
- अन्तरलिंगी बालबालिका विरुद्ध गरिने लाञ्छना र भेदभाव विरुद्ध जनचेतना अभिवृद्धि गर्नुपर्ने ।

**च.) पारिवारिक वातावरण र वैकल्पिक स्याहार**

- वैकल्पिक स्याहार सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न र संस्थागत स्याहार न्यूनीकरण गर्न ।
- अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धी नीति र कानूनी व्यवस्थाहरू व्यवस्थित गर्दै धर्मपुत्र/पुत्री ग्रहणका लागि अभिभावकको गरिबीलाई आधार मान्न सकिने व्यवस्थाको खारेजी गर्न ।

**छ. अपाङ्गता भएका बालबालिका, आधारभूत स्वास्थ्य**

- अपाङ्गता भएका सम्पूर्ण बालबालिका (शारीरिक, मानसिक, बौद्धिक अथवा इन्द्रियहरू ह्रास सहित) लाई समावेश गराउनका लागि विस्तृत रणनीति बनाउन, सेवामा पहुच सुनिश्चित गर्नुपर्ने ।
- ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच र गुणस्तर सुधार गर्नका लागि तदरुकताका साथ थप मानवीय, प्राविधिक र आर्थिक स्रोतहरूको उपलब्धता गर्नुपर्ने ।

**ज. शिक्षा**

- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको निम्ति गरेको संवैधानिक व्यवस्थाको स्वागत गरेको ।
- शिक्षामा पहुँच र गुणस्तरीय कायमका लागि आवश्यक व्यवस्था गर्ने ।

**झ. विशेष संरक्षण**

- शरण खोजिरहेका र शरणार्थी बालबालिका लगायत सम्पूर्ण बालबालिकाको जन्मदर्ताको सुनिश्चितताका लागि कानूनी, प्रशासनिक तथा संस्थागत उपाय अपनाउनु पर्ने ।
- अनौपचारिक क्षेत्र तथा निकृष्ट प्रकारका बालश्रमका क्षेत्रहरू लगायत समेट्ने गरी बालश्रम सम्बन्धित नीतिगत सुधार गर्नुपर्ने ।
- रोकथामका उपायहरूको अवलम्बन गर्दै श्रममा संलग्न बालबालिकालाई जोखिमपूर्ण कामबाट संरक्षित गरिनु पर्दछ र उनीहरूको शिक्षामा पहुँचलाई निरन्तरता दिइनु पर्ने ।
- बालबालिकालाई अन्तिम उपाय स्वरुप सकेसम्म छोटो समयावधिका लागि गिरफ्तार गरिने प्रक्रिया र थुनाको अवस्थामा सुधार हुनु पर्ने ।
- कानूनी विवादमा परेका बालबालिकाको घटना हेर्नका लागि प्रहरी कार्यालयहरूमा पनि छुट्टै इकाइहरूको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको बेचबिखन, बाल बेश्यावृति र अश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेख सिफारिसको कार्यान्वयन गर्नुपर्ने ।

**अनुसूची ५**

## राष्ट्रिय बालदिवस, २०७७ को उपलक्ष्यमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवि भण्डारीज्यू, सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू र माननीय मन्त्री श्री पार्वत गुरुङज्यूको शुभकामना सन्देश

राष्ट्रपति भवन, शीतलनिवास
काठमाण्डौ, नेपाल ।

राष्ट्रपति

### राष्ट्रिय बालदिवस, २०७७ को शुभकामना सन्देश

'विपद्मा बालअधिकारको सुनिश्चितता: हामी सबैको साझा प्रतिबद्धता' भन्ने संकल्पका साथ यो वर्षको राष्ट्रिय बालदिवस मनाउन लागेकोमा मलाई खुशी लागेको छ । यस अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त बालबालिका तथा अभिभावकहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधान तथा कानुनमा बालअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि महत्वपूर्ण प्रावधानहरूको व्यवस्था गरिएको छ । हाम्रो मुलुकले बालअधिकार सुनिश्चित गर्न विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा प्रतिबद्धताहरूमा हस्ताक्षर गरिसकेको छ । यी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको अहम् दायित्व हुन आएको छ ।

गुणस्तरीय शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार भएको सन्दर्भमा बालमैत्री शैक्षिक वातावरणको निर्माण गरी विद्यालयलाई आकर्षणको केन्द्र बनाउन तीनै तहका सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू, सामुदायिक क्षेत्र, संचार जगत् तथा नागरिक समाजबाट विभिन्न पहलहरू भइरहेका छन् । बालहिंसाविरुद्ध सरकारले शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ । बालसंरक्षण प्रणाली सुदृढीकरण गर्दै अनाथ तथा संरक्षणविहीन बालबालिकाको संरक्षकत्व राज्यले ग्रहण गर्ने नीति समेत लिएको छ ।

हाल विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीको असहज परिस्थितिमा शैक्षिक संस्थाहरू बन्द रहेका भएपनि सीमित स्रोत र साधनका बाबजुद वैकल्पिक माध्यमबाट पठनपाठन संचालन गर्ने प्रयास भइरहेकोमा म सराहना गर्दछु । विपद्को यस विषम परिस्थितिमा बालबालिकाको भविष्य सुनिश्चित गर्न तीनै तहका सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, बालअधिकारकर्मी, सामाजिक संघसंस्था, नागरिक समाज तथा अभिभावकहरू संवेदनशील हुनुपर्नेमा ध्यान आकृष्ट

राष्ट्रपति

राष्ट्रपति भवन, शीतलनिवास
काठमाण्डौ, नेपाल ।

गराउन चाहन्छु । महामारीको अन्त्यपछि शैक्षिक क्रियाकलापहरू यथावत् सुचारु हुनेमा म विश्वस्त छु ।

अन्तमा, राष्ट्रको भविष्यका जिम्मेवार नागरिक आजका बालबालिकाको संरक्षण र विकासमा दत्तचित्त भई 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय आकांक्षालाई साकार पार्न सम्बद्ध सबैको प्रतिबद्धताको अपेक्षा गर्दै पुनः राष्ट्रिय बालदिवस, २०७७ को शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०७७ भदौ २९ गते सोमबार ।

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना

राष्ट्रिय बाल दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त नेपाली बालबालिका तथा अभिभावकहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । बाल अधिकार संरक्षण एवं प्रवर्द्धनमा क्रियाशील सम्पूर्ण दिदीबहिनी, दाजुभाइ, नागरिक समाज, राजनीतिकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु लगायत सबैलाई यस अवसरमा हार्दिक शुभकामना दिन चाहन्छु ।

यस वर्ष हामीले 'विपद्मा बाल अधिकारको सुनिश्चितता: हामी सबैको साझा प्रतिबद्धता' भन्ने नाराका साथ देशव्यापी रुपमा बाल दिवस मनाउँदै छौं । सरकारले बालबालिकाको हक, हित र उनीहरुका अधिकारको संरक्षणलाई उच्च प्राथमिकतामा राखेको छ । नेपालले संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि १९८९, बालबालिका सम्बन्धी अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौतालाई अनुमोदन गरी बालबालिकाको संरक्षण तथा बाल अधिकारको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जनाएको छ । सरकार यस प्रतिबद्धताका कारणले मात्र होइन, बालबालिका देशको सबल भविष्यका आधार हुन् भन्ने मान्यताप्रतिको निष्ठाका कारण बाल अधिकार संरक्षणमा समर्पित छ ।

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रुपमा स्थापित गरेको छ । जस अनुरुप सरकारले बाल अधिकार सम्बन्धी नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । चालु पन्ध्रौं आवधिक योजनाले बाल अधिकार सुनिश्चित बालमैत्री समाजको परिकल्पना गरी कार्यान्वयनमा अग्रसरता लिएको छ । अभिभावक गुमाएर अनाथ भएका र आधारभूत आवश्यकता पूरा हुन नसकी सडकमा बेवारिसे जीवन बिताइरहेका बालबालिकाको राज्यले संरक्षकत्व ग्रहण गर्ने काम हामीले थालनी गरेका छौं । **'सडक बालबालिकामुक्त राष्ट्र'** अभियान अन्तर्गत यस आर्थिक वर्षभित्र नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र घोषणा गर्ने नीति सरकारले लिएको छ ।

बालबालिकामाथि हुने सबै किसिमका हिंसा, बेचबिखन तथा जघन्य घटनाका अपराधीहरुलाई कानुनी दायरामा ल्याई कडा सजाय दिने र बालबालिकाहरुलाई संरक्षण, सुरक्षा र अभिभावकत्व प्रदान गर्ने यस सरकारको प्रतिबद्धता छ । बालबालिकाको शारीरिक, मानसिक विकासका लागि सन्तुलित आहार, स्वच्छ उपयुक्त आवास, उपयुक्त प्रविधि प्रयोग सहितको स्तरीय शिक्षाको अधिकार, देशभक्ति, मानवता, सामाजिकता, उद्यमशीलता र रचनात्मकताको भावधारा जगाउने गुणवत्त शिक्षादीक्षाको अधिकार सुनिश्चित गर्ने यस सरकारको नीति छ । स्वस्थ्य रहन पाउने तथा उपचारको अधिकार, शारीरिक मानसिक दुर्बलता भएका बालबालिका समेतको भेदभाव विरुद्धको समानता र समन्यायको अधिकार रक्षा, शारीरिक र मानसिक विकासका लागि खेलकूद र मनोरञ्जनको अधिकारजस्ता बालअधिकार र बाल अधिकारसँग सम्बन्धित सम्पूर्ण अधिकारहरुको प्रत्याभूति अहिलेको सरकारका प्रतिबद्धता हुन् । बालबालिकाहरुका लागि सुरम्य पारिवारिका-सामाजिक वातावरण निर्माण गर्न संघीय सरकारको प्रयास मात्र पर्याप्त हुँदैन । त्यसका लागि सबै तहका सरकार, राष्ट्र सेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, विकासका साझेदार, निजी क्षेत्र तथा सञ्चारकर्मी सबैको रचनात्मक सहभागिता तथा सहयोगको अपेक्षा गर्दछु ।

बाल दिवसको यस अवसरमा म आम अभिभावकहरुमा अपिल गर्दछु- बालबालिका कागजका त्यस्ता खाली पाना हुन्, जहाँ जे लेख्यो त्यही पहिलो अक्षर बन्दछ । बालबालिका सेतो कपडा हुन्, तिनमा जस्तो रंग लगायो

काठमाडौं, नेपाल

**प्रधानमन्त्री**

जीवनको अन्त्यकालसम्म नमेटिने त्यस्तै छाप बस्न पुग्दछ । तसर्थ सिर्जनाका आधारभूमि हाम्रा यी बालबालिकामा सकारात्मक, सबल र जीवनमुखी रंग भर्न राज्य मात्र होइन, अभिभावक, परिवार र समाजले आफ्नो नैतिक आचरण मार्फत् सकारात्मक ज्ञान सम्प्रेषण गर्नु पर्दछ । यस अवसरमा समस्त अभिभावकहरुलाई यसतर्फ दायित्वशील हुन म आह्वान गर्दछु ।

राष्ट्रिय बाल दिवसको यस अवसरमा प्यारा भइबहिनीहरुमा पनि म विशेष आह्वान गर्दछु- तपाईंहरु देशको सुदूर भविष्य हुनुहुन्छ । यसअघिको पुस्ताले लामो संघर्ष गरेर देशमा रहेको निरकुंश शासन हटाई जनतालाई नै सार्वभौमसत्ता सम्पन्न बनायो । तपाईंहरुको पुस्तालाई कस्तो देश चाहिन्छ, त्यस अनुरुपका परिकल्पना र कामको थालनी अहिलेको सरकारले गरिरहेको छ । देशभित्र रहेका विकृति, पछौटेपन हटाउने, देशलाई एउटा स्वच्छ, समृद्ध, आधुनिक, सभ्य र हाम्रा पुर्खाले कल्पना गरे अनुरुप 'सर्वे भवन्तु सुखीनः' (सबै सुखी होउन्)को गन्तव्यमा पुऱ्याउन हामी अग्रसर छौं । हामीले सामाजिक न्याय र समनता सहितको विकासलाई राष्ट्रको आकाङ्क्षा बनाएका छौं । समृद्ध नेपाल सुखी नेपालीको यस आकाङ्क्षा मानव जातिको आकाङ्क्षा हो, हाम्रो देशको आकाङ्क्षा हो । र, यो तपाईंहरुको भविष्य हो । यसको सफलता तपाईंहरुको जीवनको सफलतासँग गाँसिएको छ । तपाईंहरुले आजको समयलाई सही उपयोग गरेर समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्नु पर्छ । नकारात्मक र हानीकारक विचार, प्रवृत्तिबाट बच्दै सकारात्मक र सिर्जनात्मक सक्रियता बढाउनु पर्छ । आउँदो पिंढीको सुन्दर भविष्य निर्माण गर्ने यस अभियानमा तपाईंहरुको सचेत सहभागिता रहने छ भन्ने मेरो विश्वास छ ।

संसार अहिले कोभिड-१९ को महामारीबाट आक्रान्त छ । हाम्रा बालबालिकाको जीवन र पठनपाठनमा यसले गम्भीर असर पारेको छ । भाइबहिनीहरुले यस वर्षको एसईई लगायतका परीक्षामा प्रत्यक्ष संलग्नता जनाउन पाउनु भएन । यसबाट दुःखी नहुन म सबैमा आह्वान गर्दछु, यस महामारीको सामना गरेर तपाईंहरुले जीवनको परीक्षा सफलतापूर्वक उत्तिर्ण गर्नु भएको छ । कोभिड-१९को महामारी विरुद्ध सरकारले अघि बढाएका प्रयासले यस विपद्लाई परास्त गर्दै हामी हाम्रा बालबालिकाहरुको भविष्य सुरक्षित गर्ने छौं । संकटको यस घडीमा विद्यमान प्रणालीमा परेको नकरात्मक प्रभावलाई नयाँ सम्भावनाको द्वारसम्म पुऱ्याउनेगरि बालबालिकाका अधिकार र सुरक्षामा सक्रिय रहन सम्पूर्ण संयन्त्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, नागरिक समाज सबैमा आह्वान गर्दछु ।

अन्त्यमा, बालबालिकाको अधिकार र सुरक्षामा दृढ संकल्प र ऐक्यबद्धताका लागि सबैमा आग्रह गर्दै राष्ट्रिय बाल दिवस २०७७ को सबैमा शुभकामना व्यक्त गर्दछु ।

२९ भदौ २०७७

केपी शर्मा ओली

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको निजी सचिवालय**

सिंहदरबार, काठमाण्डौ, नेपाल

माननीय पार्वत गुरुङ
मन्त्री

फोन नं.: ४२००२८०/४२११९९२/४२००१५३
फ्याक्स: ४२००११६/५५२६१३५
वेभसाइट: www.mowcsc.gov.np
इमेल: info@mowcsc.gov.np

पत्र संख्या :
चलानी नं. :

## राष्ट्रिय बाल दिवसको शुभकामना - सन्देश

"विपद्मा बाल अधिकारको सुनिश्चितता: हामी सबैको साझा प्रतिबद्धता" भन्ने मुल नाराका साथ यस बर्षको राष्ट्रिय बाल बिबस मनाउन लागिएको छ । यस अवसरमा बाल अधिकार हनन् हुन नदिने प्रतिवद्धता व्यक्त गर्दै कोभिड –१९ बाट सिर्जित विषम् परिस्थितिमा पनि विशेष सावधानी अपनाउँदै बाल अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा नैर सरकारी सघ संस्थाहरु, निजी क्षेत्र, नागरिक समाजका अगुवाहरु लगायत सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सरकारले बाल अधिकार संरक्षणको कामलाई नीतिगत, कानूनी र संरचनागत हिसाबले नै उच्च प्राथमिकतामा राखेको छ । गरिब र असहाय बालबालिकाको अधिकार हनन् हुन नदिन "सडक बालबालिका मुक्त राष्ट्र" निर्माण अभियानलाई तिब्रता दिईएको छ । बालबालिकामाथि हुने सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिएको छ । बाल हिंसाका घट्नामा संलग्न अपराधीहरुलाई कडा कार्वाही गर्न सरकार प्रतिबद्ध छ । बाल अधिकार सुनिश्चित गर्न स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार बीच बलियो सहकार्यका लागि आवश्यक व्यवस्था मिलाइएको छ । बालबालिकासँग सम्बन्धित संयुक्त राष्ट्रसंघको महासन्धि, इच्छाधीन आलेखहरु, अन्तरराष्ट्रिय घोषणा र सार्क स्तरीय घोषणाहरु गरी १६ वटाभन्दा बढी अन्तरराष्ट्रिय सन्धिहरु नेपालले अनुमोदन गरी कार्यान्वयन गरिरहेको छ । 'समृद्ध नेपाल: सुखी नेपाली'को राष्ट्रिय संकल्पलाई पुरा गर्न भविष्यका कर्णधारको रुपमा रहेका बालबालिकाको क्षेत्रमा पर्याप्त लगानी गरी उनीहरुलाई सक्षम नागरिक बनाउन आवश्यक लगानीको प्रबन्ध सरकारले गर्दै आएको छ । बालबालिकाको विषय सरकारको मात्र नभई हरेक नागरिकको सरोकारको विषय भएकाले उनीहरुको हक अधिकार सुनिश्चित हुने गरी थप जिम्मेवारी, प्रतिवद्धता र क्रियाशिलताका साथ काम गर्न सम्बद्ध सबै पक्षलाई हार्दिक आव्हान गर्दछु ।

अन्त्यमा, कोभिड-१९ ले सिर्जित विषम परिस्थितका कारण बालबालिकाहरु 'डिजिटल दुर्व्यसन'मा फस्ने अवस्था आउन सक्ने भएकाले त्यसतर्फ सचेत रहन म शिक्षक, अभिभावक लगायत सम्बद्ध सबै पक्षसँग हार्दिक अनुरोध गर्दछु । यस अवसरमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज निर्माणको दिशातर्फ उन्मुख हुन हामी सबैलाई थप ऊर्जा प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

भाद्र-२९, २०७७

..............................
पार्वत गुरुङ
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

अनुसूची ६

## बालबिज्याइँ सम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र लैङ्गिक विवरण

| क्र.स | मुद्दाको किसिम | मुद्दाको संख्या | प्रतिवादी संख्या | | |
|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा |
| १ | जबरजस्ती करणी (हाडनाता/ज.क.चोरी/ज.क.अ.मै/मानव बेचबिखन तथा ज.क./बालबिबाह गरी ज.क./अपहरण तथा ज्या.मा. उ. समेत) | २६५ | २८३ | ५ | २८८ |
| २ | बाल यौन दुराचार | ११ | ११ | ० | ११ |
| ३ | अभद्र व्यवहार, सार्वजनिक, शान्ति, नैतिकता विरुद्धको कसूर, आपराधिक उपद्रो, सार्वजनिक अपराध विरुद्धको कसूर समेत | ७५ | १२७ | २ | १२९ |
| ४ | सरकारी दस्तखत कागज तथा लिखत किर्ते समेत | ७ | ७ | १ | ८ |
| ५ | वन सम्बन्धी, अबैध वन पैदावर ओसार पसार, सालको काठ ओसार पसार, जलचरमा करेन्ट लगाएको, अवैध काठ ओसार पसार समेत | ७ | ११ | ० | ११ |
| ६ | कर्तव्य ज्यान, हेलचेक्र्याइँ गरी ज्यान मारेको, डाँका गरी ज्यान मारेको समेत | ४८ | ६१ | ७ | ६८ |
| ७ | नकवजनी चोरी | ६० | ८८ | १ | ८९ |
| ८ | चोरी, दुरुत्साहन समेत | ११७ | १५६ | ७ | १६३ |
| ९ | लागूऔषध, गाँजा, नाइट्रोभेट,कोडिन, ब्रुफिन समेत | १४३ | १७४ | ५ | १७९ |
| १० | अपहरण तथा शरीर बन्धक | ४ | ३ | १ | ४ |
| ११ | अवैध वन्यजन्तु अङ्ग ओसार पसार तथा चोरी निकासी समेत | ३ | ५ | ० | ५ |
| १२ | बालविवाह, बहुविवाह समेत | २९ | १७ | १६ | ३३ |
| १३ | मुद्रा सम्बन्धी कसूर, खोटा चलन समेत | ३ | ३ | ० | ३ |
| १४ | ज्यान मार्ने उद्योग, डाँका समेत, ज्यान सम्बन्धी कसूर | ६८ | १०७ | १ | १०८ |
| १५ | डाँका, डाँकाँ चोरी, गोरु मारेको समेत | ५२ | ९२ | ० | ९२ |
| १६ | हातहतियार ओसार पसार संगठित अपराध समेत | ८ | ९ | २ | ११ |
| १७ | जबरजस्ती करणी उद्योग | ३८ | ४९ | ० | ४९ |
| १८ | तेजाब छर्की अनुहार कुरुप बनाएको | १ | २ | ० | २ |
| १९ | हुण्डी कारोबार | १ | १ | ० | १ |
| २० | कुटपिट अङ्गभङ्ग | ९ | १५ | १ | १६ |
| २१ | परीक्षा मर्यादा विपरित काम गरेको | १ | २ | ० | २ |
| २२ | अपहरण उद्योग | १ | २ | ० | २ |
| २३ | जुवा | २ | २ | ० | २ |
| २४ | मानव बेचबिखन उद्योग | २ | १ | २ | ३ |
| २५ | सवारी ज्यान | ३७ | ४० | ० | ४० |
| २६ | गर्भपतन गराएको | १ | २ | ० | २ |
| २७ | मानव बेचबिखन तथा ओसारपसार | १ | १ | ० | १ |
| २८ | सवारी अङ्गभङ्ग | २ | २ | ० | २ |
| २९ | सामूहिक ज.ज.क. र कर्तव्य ज्यान समेत | ६ | १३ | ० | १३ |
| ३० | पशु सम्बन्धी कसूर | २ | २ | ० | २ |
| ३१ | अप्राकृतिक मैथुन | ४ | ४ | ० | ४ |
| ३२ | आगो लगाएको | ३ | ४ | ० | ४ |
| ३३ | आत्महत्या दुरुत्साहन तथा परिस्थितिको सृजना समेत | ७ | ६ | २ | ८ |
| ३४ | गोबध | ३ | ५ | ० | ५ |
| ३५ | चोरीमा प्रयोग हुने औजार लिई हिँडेको | १ | २ | ० | २ |
| **जम्मा** | | १०२२ | १३०९ | ५३ | १३६२ |

*स्रोतः केन्द्रीय बालन्याय समिति सचिवालय, २०७७*

अनुसूची ७

## हालसम्म बालमैत्री घोषणा गरिएका स्थानीय तह तथा वडाहरू, आ.व. २०७६/७७

| प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|
| १ | सुनसरी | धरान उ.म.न.पा. | १३, १४ | २०७५ असार २६, ३० |
| | सुनसरी | धरान उ.म.न.पा. | २० | २०७५ भाद्र २९ |
| | सुनसरी | धरान उ.म.न.पा. | १२ | २०७६ जेठ १० |
| | सुनसरी | धरान उ.म.न.पा. | १८ | २०७६ असार २२ |
| | सुनसरी | रामधुनी गा.पा. | ०२, ०५ | २०७५ असार २५, ३० |
| | उदयपुर | त्रियुगा न.पा. | १५ | २०७५ असोज १७ |
| | मोरङ | ग्रामथाम गा.पा. | ०१ | २०७६ पौष २७ |
| २ | पर्सा | वीरगञ्ज म.न.पा | ३१ | २०७४ फागुन ३० |
| | पर्सा | पर्सागढी न.पा. | ०२ | २०७५ भाद्र २९ |
| | सप्तरी | कञ्चनरुप न.पा. | सबै वडा | २०७६ भाद्र २० |
| बागमती | चितवन | रत्ननगर न.पा. | ०३ | २०७५ जेठ २९ |
| | चितवन | रत्ननगर न.पा. | ०५ | २०७५ असोज ०४ |
| | चितवन | रत्ननगर न.पा. | १५ | २०७६, बैशाख २७ |
| | चितवन | रत्ननगर न.पा. | १४ | २०७६ फाल्गुन ०६ |
| | चितवन | भरतपुर म.न.पा. | १४ | २०७६ असार २५ |
| | दोलखा | भिमेश्वर न.पा. | सबै वडा | २०७६ भाद्र २९ |
| | मकवानपुर | ईन्द्रसरोवर गा.पा. | ०४, ०५ | २०७५ जेठ २९ |
| | मकवानपुर | मनहरी गाउँपालिका | सबै वडा | २०७६ पौष २८ |
| | काभ्रेपलाञ्चोक | पनौती न.पा. | १२ | २०७५ साउन २१ |
| | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा. | १० | २०७६ जेठ २७ |
| | काभ्रेपलाञ्चोक | पनौती न.पा. | ०२, ०३ | २०७६ असार १४ |
| | काभ्रेपलाञ्चोक | पनौती न.पा. | ०१ | २०७६ माघ २५ |
| | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा. | ३, ४, ५, ६ र ७ | २०७६ फाल्गुन ०५ |
| गण्डकी | नवलपरासी (ब.सु.पु.) | देवचुली न.पा. | सबै वडा | २०७५ भाद्र २९ |
| | नवलपरासी (ब.सु.पु.) | गैंडाकोट न.पा. | ११ | २०७६ पौष ११ |
| | पर्वत | मोदी गा.पा. | ०८ | २०७४ माघ १५ |
| | पर्वत | पैंयुँटार गा.पा. | ०७ | २०७६ असार ०९ |
| | लमजुङ | क्व्होलो सोथार गा.पा. | ०१ | २०७६ भाद्र २९ |

| प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|
| लुम्बिनी | नवलपरासी | सुनवल न.पा. | सबै वडा | २०७५ भाद्र ०३ |
| | कपिलवस्तु | शिवराज न.पा. | ०९ | २०७५ असोज ०३ |
| | कपिलवस्तु | शिवराज न.पा. | ०१ | २०७६ कार्तिक २८ |
| | कपिलवस्तु | कपिलवस्तु न.पा. | ०९, १० | २०७६ कार्तिक ०८ |
| | रुपन्देही | शुद्धोधा गा.पा. | ०२ | २०७५ असोज १६ |
| | प्युठान | स्वर्गद्वारी न.पा. | ०५ | २०७६ असार ३१ |
| कर्णाली | हुम्ला | सर्केगाड गा.पा. | ०१ | २०७४ असार १६ |
| | हुम्ला | सिमीकोट गा.पा. | ०४ | २०७३ माघ १८ |
| | कालिकोट | तिलागुफा न.पा. | ०२ | २०७४ मङसिर १८ |
| | कालिकोट | तिलागुफा न.पा. | ०४ | २०७५ मङसिर १८ |
| | कालिकोट | तिलागुफा न.पा. | ०१, ०३ | २०७५ कार्तिक १८ |
| | दैलेख | आठबिसा न.पा. | ०४ | २०७४ पुस ०८ |
| | दैलेख | गुँरास गा.पा. | ०६ | २०७५ पौष १२ |
| सुदुरपश्चिम | अछाम | चौरपाटी गा.पा. | ०६ | २०७५ पौष २९ |

*स्रोतः नेशनल सिएफएलजी फोरम, २०७६*

नोटः सबै वडा घोषणा भएका पालिकाबाहेक २८ वटा पालिकाका ४७ वटा वडाहरू बालमैत्री घोषणा भएका छन् ।

अनुसूची ८

## प्रदेशगत विद्यालयको विभिन्न तहमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या, २०७६

| प्रदेश | तह | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| १ | प्राथमिक (१–५) | ४१,०४७ | ४१,४३९ | ८२,४८६ | १३१,६५४ | १३४,९९९ | २६६,६५३ |
| | निम्न माध्यमिक (६–८) | १७,५९२ | १६,५९४ | ३४,१८६ | ७८,२९८ | ७६,२४९ | १५४,५४७ |
| | माध्यमिक (९–१०) | ८,५३१ | ७,५७१ | १६,१०२ | ४९,४६९ | ४४,२२२ | ९३,६९१ |
| | उच्च माध्यमिक (११–१२) | ४,६१६ | ३,७६५ | ८,३८१ | ३१,५२८ | २४,७०९ | ५६,२३७ |
| | **कक्षा १ देखि १२** | ७१,७८६ | ६९,३६९ | १४१,१५५ | २९०,९४९ | २८०,१७९ | ५७१,१२८ |
| २ | प्राथमिक (१–५) | ९२,६८८ | ८९,५४९ | १८२,२३७ | ५६,८१७ | ५२,०३५ | १०८,८५२ |
| | निम्न माध्यमिक (६–८) | २५,४४६ | २६,५५५ | ५२,००१ | २८,२०२ | २६,११६ | ५४,३१८ |
| | माध्यमिक(९–१०) | १०,१४३ | १२,६८७ | २२,८३० | १६,६३१ | १६,२०८ | ३२,८३९ |
| | उच्च माध्यमिक (११–१२) | १,८५२ | २,६९४ | ४,५४६ | ६,७३० | ५,०४५ | ११,७७५ |
| | **कक्षा १ देखि १२** | १३०,१२९ | १३१,४८५ | २६१,६१४ | १०८,३८० | ९९,४०४ | २०७,७८४ |
| बागमती | प्राथमिक (१–५) | २५,६१५ | २६,११८ | ५१,७३३ | १७६,५३४ | १८७,८९६ | ३६४,४३० |
| | निम्न माध्यमिक (६–८) | १३,७८६ | १२,७९२ | २६,५७८ | ९९,१६४ | ९७,८९२ | १९७,०५६ |
| | माध्यमिक (९–१०) | ७,४२४ | ६,७४९ | १४,१७३ | ५९,२७० | ५५,६९७ | ११४,९६७ |
| | उच्च माध्यमिक (११–१२) | ६,३४६ | ४,९८५ | ११,३३१ | ५३,८५९ | ४३,४५८ | ९७,३१७ |
| | **कक्षा १ देखि १२** | ५३,१७१ | ५०,६४४ | १०३,८१५ | ३८८,८२७ | ३८४,९४३ | ७७३,७७० |
| गण्डकी | प्राथमिक (१–५) | ३१,६३० | ३३,०५६ | ६४,६८६ | ५५,१७३ | ५८,६३२ | ११३,८०५ |
| | निम्न माध्यमिक (६–८) | १८,३५२ | १७,२३६ | ३५,५८८ | ३५,०८९ | ३४,५९३ | ६९,६८२ |
| | माध्यमिक (९–१०) | १०,०३५ | ९,३१६ | १९,३५१ | २२,३०३ | २१,२८६ | ४३,५८९ |
| | उच्च माध्यमिक (११–१२) | ६,०५७ | ५,७३५ | ११,७९२ | १४,८७९ | १४,१२८ | २९,००७ |
| | **कक्षा १ देखि १२** | ६६,०७४ | ६५,३४३ | १३१,४१७ | १२७,४४४ | १२८,६३९ | २५६,०८३ |
| लुम्बिनी | प्राथमिक (१–५) | ६३,४९० | ६५,०९९ | १२८,५८९ | १२२,१३४ | १२५,७८० | २४७,९१४ |
| | निम्न माध्यमिक (६–८) | २६,९७२ | २५,९१५ | ५२,८८७ | ७०,३७७ | ६७,३७२ | १३७,७४९ |
| | माध्यमिक (९–१०) | ११,९६७ | ११,०७९ | २३,०४६ | ३९,६७८ | ३६,१३८ | ७५,८१६ |
| | उच्च माध्यमिक (११–१२) | ५,२२५ | ५,१८८ | १०,४१३ | २२,१९७ | १८,६२३ | ४०,८२० |
| | **कक्षा १ देखि १२** | १०७,६५४ | १०७,२८१ | २१४,९३५ | २५४,३८६ | २४७,९१३ | ५०२,२९९ |
| कर्णाली | प्राथमिक (१–५) | ४१,३१९ | ३८,८५५ | ८०,१७४ | १६,२३१ | १४,९९६ | ३१,२२७ |
| | निम्न माध्यमिक (६–८) | १७,३१२ | १५,९२४ | ३३,२३६ | ८,६१६ | ७,९४५ | १६,५६१ |
| | माध्यमिक(९–१०) | ७,४६३ | ६,६४५ | १४,१०८ | ५,२१० | ४,६०६ | ९,८१६ |
| | उच्च माध्यमिक (११–१२) | २,२४७ | २,४६५ | ४,७१२ | २,३३० | २,१३१ | ४,४६१ |
| | **कक्षा १ देखि १२** | ६८,३४१ | ६३,८८९ | १३२,२३० | ३२,३८७ | २९,६७८ | ६२,०६५ |
| सुदूरपश्चिम | प्राथमिक (१–५) | ५३,०३६ | ४९,७२२ | १०२,७५८ | २९,७८६ | ३०,६१८ | ६०,४०४ |
| | निम्न माध्यमिक (६–८) | २२,०३६ | २०,१६१ | ४२,१९७ | १९,६२९ | १७,७१३ | ३७,३४२ |
| | माध्यमिक(९–१०) | ९,६३९ | ९,०६७ | १८,७०६ | ११,२९२ | ९,०८७ | २०,३७९ |
| | उच्च माध्यमिक (११–१२) | ३,०६९ | ३,६३५ | ६,७०४ | ७,३८८ | ५,०१० | १२,३९८ |
| | **कक्षा १ देखि १२** | ८७,७८० | ८२,५८५ | १७०,३६५ | ६८,०९५ | ६२,४२८ | १३०,५२३ |
| **जम्मा** | प्राथमिक (१–५) | ३४८,८२५ | ३४३,८३८ | ६९२,६६३ | ५८८,३२९ | ६०४,९५६ | १,१९३,२८५ |
| | निम्न माध्यमिक (६–८) | १४१,४९६ | १३५,१७७ | २७६,६७३ | ३३९,३७५ | ३२७,८८० | ६६७,२५५ |
| | माध्यमिक (९–१०) | ६५,२०२ | ६३,११४ | १२८,३१६ | २०३,८५३ | १८७,२४४ | ३९१,०९७ |
| | उच्च माध्यमिक (११–१२) | २९,४१२ | २८,४६७ | ५७,८७९ | १३८,९११ | ११३,१०४ | २५२,०१५ |
| | **कक्षा १ देखि १२** | ५८४,९३५ | ५७०,५९६ | १,१५५,५३१ | १,२७०,४६८ | १,२३३,१८४ | २,५०३,६५२ |

*स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, फ्लाश I प्रतिवेदन, २०७६*

## प्रदेश अन्तर्गत जिल्लाहरूमा सञ्चालनमा रहेका बालगृहहरू, आ.व. २०७६/७७

| प्रदेश | क्रसं | जिल्ला | बालगृह संख्या | हाल संरक्षित | | | कोभिड–१९ को कारण घर गएका बालबालिका | | | पारिवारिक पुनःस्थापना गरिएका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | १ | संखुवासभा | ३ | ३ | ७ | १० | ७ | १० | १७ | ० | १ | १ |
| | २ | ईलाम | २ | ९ | ८ | १७ | ० | १ | १ | १ | १ | २ |
| | ३ | भोजपुर | १ | ११ | २५ | ३६ | ० | ० | ० | ० | ० | ० |
| | ४ | झापा | ९ | ९१ | ६३ | १५४ | १० | ६ | १६ | ० | १ | १ |
| | ५ | मोरङ | ४ | ५३ | ५६ | १०९ | १५ | ० | १५ | १ | ४ | ५ |
| | ६ | धनकुटा | १ | ६ | ९ | १५ | ० | ० | ० | ० | ० | ० |
| | ७ | सुनसरी | ६ | ९७ | ११२ | २०९ | ४ | ५ | ९ | ५ | ५ | १० |
| | **जम्मा** | | २६ | २७० | २८० | ५५० | ३६ | २२ | ५८ | ७ | १२ | १९ |
| २ | १ | सप्तरी | १ | १३ | ० | १३ | २ | ० | २ | १ | ० | १ |
| | २ | पर्सा | २ | ३५ | ० | ३५ | ६५ | ० | ६५ | ० | ० | ० |
| | ३ | सर्लाही | ५ | ३० | २६ | ५६ | २५ | १३ | ३८ | २ | ४ | ६ |
| | ४ | बारा | १ | ६ | ५ | ११ | ० | ० | ० | २ | १ | ३ |
| | ५ | रौतहट | १ | २३ | ३ | २६ | ० | ० | ० | ० | ० | ० |
| | ६ | सिराहा | १ | ० | ४ | ४ | ० | ० | ० | ० | ० | ० |
| | ७ | धनुषा | २ | ५ | ११ | १६ | १४ | ० | १४ | ० | ० | ० |
| | **जम्मा** | | १३ | ११२ | ४९ | १६१ | १०६ | १३ | ११९ | ५ | ५ | १० |
| बागमती | १ | काठमाडौं | १७३ | १८०९ | २३७५ | ४१८४ | ४३७ | ४६५ | ९०२ | ४६ | ४२ | ८८ |
| | २ | ललितपुर | ११० | १०५१ | १२१२ | २२६३ | २१९ | २२६ | ४४५ | ४३ | ३७ | ८० |
| | ३ | भक्तपुर | १७ | १५३ | २१६ | ३६९ | २६ | २१ | ४७ | ४ | २ | ६ |
| | ४ | चितवन | २८ | २७६ | ४०६ | ६८२ | १४१ | ९२ | २३३ | १६ | ९ | २५ |
| | ५ | दोलखा | ३ | ३२ | १ | ३३ | १५ | ० | १५ | ० | ० | ० |
| | ६ | सिन्धुली | १ | ३ | ५ | ८ | ० | ० | ० | ० | ० | ० |
| | ७ | धादिङ | ६ | ५४ | ६० | ११४ | ६ | १० | १६ | ० | २ | २ |
| | ८ | सिन्धुपाल्चोक | ४ | २४ | ५६ | ८० | २ | ५ | ७ | ० | ० | ० |
| | ९ | मकवानपुर | ८ | १३२ | ७९ | २११ | ३ | २ | ५ | २ | १ | ३ |
| | १० | काभ्रे | १० | १६६ | २०४ | ३७० | १ | २१ | २२ | ७ | १५ | २२ |
| | ११ | नुवाकोट | २ | ७ | १५ | २२ | १५ | ० | १५ | २३ | १२ | ३५ |
| | **जम्मा** | | ३६२ | ३७०७ | ४६२९ | ८३३६ | ८६५ | ८४२ | १७०७ | १४१ | १०२ | २६१ |

| प्रदेश | क्रसं | जिल्ला | बालगृह संख्या | हाल संरक्षित | | | कोभिड-१९ को कारण घर गएका बालबालिका | | | पारिवारिक पुनःस्थापना गरिएका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| गण्डकी | १ | लमजुङ | १ | ४ | ७ | ११ | ० | ० | ० | ० | ० | ० |
| | २ | म्याग्दी | १ | ४ | ७ | ११ | ० | ० | ० | ० | ० | ० |
| | ३ | तनहूँ | ३ | २१ | ९ | ३० | ३ | ० | ३ | ० | ० | ० |
| | ४ | कास्की | ३६ | ५०८ | ५४७ | १०५५ | ४१ | २२ | ६३ | ९ | २४ | ३३ |
| | ५ | स्याङ्जा | १ | १५ | ५ | २० | ० | ० | ० | १ | ४ | ५ |
| | ६ | गोरखा | ३ | २९ | २३ | ५२ | ० | ० | ० | ० | १ | १ |
| | **जम्मा** | | ४५ | ५८१ | ५९८ | ११७९ | ४४ | २२ | ६६ | १० | २९ | ३९ |
| लुम्बिनी | १ | पाल्पा | १ | १४ | १३ | २७ | ० | ० | ० | ० | ० | ० |
| | २ | कपिलवस्तु | १ | २९ | ० | २९ | ० | ० | | ० | ० | ० |
| | ३ | बाँके | ३ | ४६ | ६५ | १११ | ० | ० | ० | ० | ० | ० |
| | ४ | दाङ | २ | १९ | १२६ | १४५ | ० | ० | ० | ० | ० | ० |
| | ५ | नवलपरासी | २ | ३ | ३ | ६ | ० | ० | ० | ० | ० | ० |
| | ६ | रूपन्देही | ९ | ११३ | १०० | २१३ | ० | ० | ० | ९ | २ | ११ |
| | ७ | बर्दिया | २ | १९ | ३५ | ५४ | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | | २० | २४३ | ३४२ | ५८५ | ० | ० | ० | ९ | २ | ११ |
| कर्णाली | १ | सुर्खेत | ४ | १०४ | १०६ | २१० | ० | ० | ० | ० | ० | ० |
| | २ | हुम्ला | ४ | २२ | १२ | ३४ | १६ | ३६ | ५२ | ० | ० | ० |
| | ३ | जुम्ला | २ | २१ | १९ | ४० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | | १० | १४७ | १३७ | २८४ | १६ | ३६ | ५२ | ० | ० | ० |
| सुप | १ | अछाम | १ | ३ | १० | १३ | ० | ० | ० | ० | ० | ० |
| | २ | कैलाली | ६ | ९७ | ९१ | १८८ | २६ | ६ | ३२ | १ | २ | ३ |
| | ३ | डडेलधुरा | १ | १० | ० | १० | ३ | ० | ३ | ० | ० | ० |
| | ४ | कञ्चनपुर | ५ | २४ | २० | ४४ | १९ | १ | २० | ० | ० | ० |
| | **जम्मा** | | १३ | १३४ | १२१ | २५५ | ४८ | ७ | ५५ | १ | २ | ३ |
| | **कूल जम्मा** | | ४८९ | ५,१९४ | ६,१५६ | ११,३५० | १,११५ | ९४२ | २,०५७ | १७३ | १७० | ३४३ |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७७*

## प्रदेशगत नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका, आ.व. २०७७/७८

**प्रदेश : १**

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १ | २५. विद्यालयहरूको भवन निर्माण र मर्मत सुधार, ई एजुकेसन सञ्चालन तथा सिमान्तिकृत समुदायका छात्राहरूलाई छात्रबृत्ती प्रदान गरी शिक्षामा मूल प्रवाहीकरण गर्ने कार्य अभियानका साथ सञ्चालन गरिने छ । | विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार अभियानलाई निरन्तरता दिइनेछ । छनौट गरिएका विद्यालयहरूमा पूर्वाधार विकास, सूचना प्रविधि शिक्षा, डिजिटल साक्षरता, विद्यालयमा सिकाइ सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ । यसका लागि रू. १६ करोड विनियोजन गरिएको छ । |
| २ | ७८. कोभिड-१९ का कारण विद्यार्थीको पठनपाठनमा पर्न गएको प्रभावलाई ध्यानमा राखी आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ । हाल देखिएका विषम परिस्थितिमा अनलाइन शिक्षा, भर्चुअल कक्षा सञ्चालनका साथै पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्न आवश्यक पूर्वाधारको विकास सहित विशेष कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । शिक्षाको गुणस्तर कायम गर्न तथा शिक्षण सिकाइ पद्दतिलाई व्यवस्थित बनाउन प्रादेशिक शिक्षा नीति, कानून, शैक्षिक योजना तर्जुमा गरिनेछ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अझ थप सुदृढीकरण गरिनेछ । | कोभिड-१९ को कारणले विद्यार्थीहरूको पठनपाठनमा पर्न गएको प्रभावलाई ध्यानमा राखी रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइनको माध्यमबाट सिकाइ सहजीकरणका लागि सामग्री उत्पादन तथा प्रशारण गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रू. ३ करोड विनियोजन गरिएको छ । |
| ३ | ७९. सबै नागरिकलाई साक्षर बनाउ भन्ने अन्तरभावनालाई प्राथमिकता दिदै आगामी आर्थिक वर्षमा पूर्ण साक्षर प्रदेश घोषणा गरिनेछ । विद्यालय शिक्षामा सबै गरीब, सिमान्तकृत, दलित तथा पिछडिएका समुदायका बालबालिकालाई गुणस्तरीय विद्यालय शिक्षाको पहुँच विस्तारका लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रमलाई अभियानका रूपमा निरन्तरता दिँदै सामुदायिक विद्यालयमा ई-एजुकेशनको पूर्वाधार विकास तथा विद्यालय नर्स सेवा विस्तार गर्दै लगिनेछ । | विद्यार्थीहरूको स्वास्थ्य, पोषण तथा सरसफाईमा सुधारका लागि विद्यालय नर्स सेवा कार्यक्रम सबै स्थानीय तहमा पुग्ने गरी विस्तार गरिनेछ । यसका लागि रू. ७ करोड विनियोजन गरिएको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ४ | ८०. गरीब तथा जेहेन्दार विद्यार्थीको अध्ययनका लागि प्रादेशिक आवासीय विद्यालय स्थापना गरिनेछ । अनलाइन एजुकेसन र लिट्रेसी कार्यक्रमलाई निरन्तरता दिँदै शिक्षक तालिमलाई प्रविधिसँग आवद्ध गरी विद्यालयमा अनलाइन र अफलाइन मार्फत शिक्षण शिकाईका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ। सामुदायिक विद्यालयमा अध्ययनरत प्रतिभाशाली दलित विद्यार्थीलाई विद्यालय शिक्षा प्रोत्साहन कार्यक्रम राखिनेछ । | पहाडी तथा हिमाली जिल्लाका बालबालिकाहरूलार्य गुणस्तरीय शिक्षामा पहुँच विस्तारका लागि माध्यमिक विद्यालयहरूमा रहेका सवयंसेवक विज्ञान शिक्षक व्यवस्थापनलाई निरन्तरतालाई दिन रु १ करोड १० लाख विनियोजन गरिएको छ । |
| ५ | ८२. मनमोहन प्राविधिक विश्वविद्यालय अन्तर्गत पाँचथर, ताप्लेजुङ, संखुवासभा, भोजपुर, तेह्रथुम र सोलुखुम्बु जिल्लामा बहु-प्राविधिक शिक्षालय सञ्चालन कार्य अगाडी बढाइनेछ । प्रदेशमा सञ्चालित अन्य प्राविधिक शिक्षालय र प्राविधिक धारका विद्यालयबीच समन्वय तथा क्षमता विकास गरी प्रदेशका लागि आवश्यक सीपयुक्त दक्ष प्राविधिक जनशक्ति उत्पादन गरिनेछ । | प्रतिभाशाली दलित तथा पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्रोत्साहन कार्यक्रम लागु गरिनेछ । सुस्तश्रवण, बौद्धिक अपाङ्गता र दृष्टिविहिन बालबालिकाका लागि प्रदेशस्तरीय आवासीय विद्यालयको सुदृढीकरण गरिनेछ। यसका लागि रू. २ करोड २० लाख विनियोजन गरिएको छ । |
| ६ | ८७. सुस्तश्रवण, बौद्धिक अपाङ्ता र दृष्टिविहीन बालबालिकाको लागि प्रदेशस्तरीय आवासीय विद्यालयको सुदृढीकरण गरिनेछ। विशेष शिक्षा स्रोत कक्षाहरूको सुदृढीकरण गरिनेछ । स्रोत शिक्षकहरूको क्षमता विकास तथा अपाङ्गता भएका बालबालिकाको सर्वाङ्गीण विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । | जनयुद्ध तथा जनआन्दोलनका शहिद तथा घाइते, अपाङ्ग एवम् द्वन्द्व पीडितका सन्ततिका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ । घाइते र अपाङ्गको निम्ति उपचार तथा व्यवसायिक सीप तालिम र व्यवसायमा अनुदान प्रदान गर्ने व्यवस्था गरिएको छ । |
| ७ | १९९. महिला, बालबालिका, ज्येष्ठ नागरिक, द्वन्द्वपिडीत, लोपोन्मुख, सिमान्तिकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षणविहीन नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, मधेशी, मुस्लिम लगायत पछाडी परेका समुदायको विकासका लागि संरक्षणात्मक तथा प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । | सडक बालबालिका साथै सडकमा आश्रित रहेका संरक्षणा विहिन व्यक्तिको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ८ | २००. “समृद्ध प्रदेशका लागि आत्मनिर्भर छोरी कार्यक्रम“ का माध्यमबाट सन् २०२५ सम्ममा बाविवाह मुक्त प्रदेश बनाउने अभियानलाई निरन्तरता दिइनेछ। आयमूलक कार्यक्रम सञ्चालनका साथै छोरीका लागि बीमा कार्यक्रम लागू गरिनेछ। सडकमा रहेका तथा श्रममा संलग्न बालबालिकाको उद्धार, संरक्षण, पुनःस्थापना र पुनर्मिलन गराउँदै सडक बालबालिका मुक्त प्रदेश घोषणा गरिनेछ। | सन् २०२५ सम्ममा बालविवाह मुक्त प्रदेश बनाउन 'समृद्ध प्रदेशका लागि आत्मनिर्भर छोरी' कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यस अन्तरगत सीमान्तकृत समुदायका छोरीहरूको लागि बिमा कार्यक्रम र बालविवाह अन्त्यका लागि समुदाय परिचालनको माध्यमबाट उत्पादन, रोजगारी र आयमूलक कार्यक्रम सघन रूपमा सञ्चालन गरिनेछ। यसको आवश्यक व्यवस्था गरिएको छ। |
| ९ | २०१. बालबालिका विरूद्ध हुने सबै प्रकारका शोषण, दुर्व्यवहार, बालश्रम, बालविवाह लगायतका भेदभावको अन्त्य गर्न बालबालिकाको उद्धार एवम् संरक्षणका लागि प्रदेशमा एक आपत्कालीन बाल उद्धार कोषको स्थापना तथा परिचालन गरिनेछ। हाल सञ्चालित “भविष्यका कर्णधार बालबालिकासँग प्रदेश सरकार“ कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरी बालबालिकालाई प्रदेश सरकारसँग जोड्दै बालमैत्री प्रदेश कार्यान्वयनमा स्थानीय सरकारसँग समन्वय गरिनेछ। | गर्भवती, प्रसूति र नवजात शिशु समेतलाई उत्कृष्ट सेवा प्रदान गर्न स्थानीय तहसँगको समन्वयमा ग्रामीण स्वास्थ्य आमा कार्यक्रम संचालन गरिनेछ। यसका लागि रु. ५ करोड विनियोजन गरिएको छ। |
| १० | २०२. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक विकासका लागि प्रदेश सरकार, स्थानीय तह र साझेदार संस्थाको त्रिपक्षिय साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको विस्तार गरिनेछ र संरक्षणका लागि अपाङ्गता ग्राम तथा पुनःस्थापना केन्द्रको सञ्चालनलाई जोड दिइनेछ। | |
| ११ | २०५. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागिरकहरूको सूचना तथा तथ्याङ्कलाई व्यवस्थित बनाउन तथा सबै स्थानीय तहसँग जोडिँदै सहज रूपमा सूचना प्राप्त गर्नका लागि सूचना व्यवस्थापन प्रणालीको निर्माण गरिनेछ। | |

**प्रदेश : २**

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १ | २१. शिक्षा क्षेत्रको सुधार गर्न बढी विद्यार्थी संख्या भएका विद्यालयहरूमा थप कक्षाकोठा निर्माण, थप अस्थायी र स्वयम्सेवी शिक्षक भर्ना, दुरशिक्षा र समुदायमा आधारित शिक्षामा लगानी गरी कोरोनाले गर्दा शैक्षिक सत्र खेर जानबाट बचाइने र विद्यालय शिक्षाको गुणस्तरीय सिकाइ सुनिश्चित गरी विद्यालय शिक्षामा विपन्न वर्गका बालबालिकाको पहुँचलाई सुनिश्चित गरिनेछ । अनलाइन शिक्षा, रेडियो टेलिभिजन कार्यक्रममार्फत बालबालिकाको मनोसामाजिक उपचार, दिवा खाजा र आधुनिक प्रविधिमा लगानी गरी कोरोनाको कारण शिक्षा क्षेत्रमा परेको असर न्यून गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेशलाई "साक्षर प्रदेश" बनाउन अभियान सञ्चालन गरिनेछ । | महिला र बालिकाहरू माथि हुने सबै प्रकारको हिंसा, शोषण र विभदको अन्त्य गरी राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रका हरेक निर्णयहरूमा महिलाहरूको सक्रिय सहभागिता रर अवसरको सुनिश्चितता गर्ने तथा लैङ्गिक समानता कायम गर्ने ।<br>समग्र प्रदेशलाई शिक्षित प्रदेशको रूपमा विकास गरिनेछ । यसका लागि प्रदेशका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण र जनशक्तिको क्षमता अभिवृद्धि गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ । विद्यालयमा विद्यार्थीको भर्नादर तथा टिकाउदर प्रवार्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न आगामी आर्थिक वर्षको बजेटमा रू. २ करोड बजेट विनियोजन गरिएको छ । |
| २ | ५२. "पुर्ण सुरक्षित मातृत्व प्रदेश" बनाउने गरी परिवार नियोजन र सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ । साथै प्रदेशमा विशिष्टिकृत मातृ(शिशु अस्पतालको स्थापना तथा सञ्चालन गरिनेछ । | शिशु सदन, बाल उद्यान, महिला सुरक्षा आवास गृह, खेलकुद मैदान निर्माण, जेष्ठ नागरिक पार्क उद्यान, जेष्ठ नागरिक आश्रमका लागि सम्भाव्य र उपयुक्त स्थानहरूको पहिचान गर्न एकीकृत अध्ययन गराई प्राप्त प्रतिवेदनको आधारमा कार्यक्रम निर्माण गरिनेछ । |
| ३ | ५७. कुपोषणबाट ग्रसित महिला तथा बालबालिको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिँदै सन्तुलित, पोषण र विविधतायुक्त खानाको लागि सचेतनामूलक कार्यक्रम तथा प्रदर्शनीहरू सञ्चालन गरी पौष्टिक खानेकुरा खानेबानीको विकास गरी प्रदेशलाई कुपोषणमुक्त प्रदेश बनाउने अभियान शुरूवात गरिनेछ । | विद्यार्थीलाई भौतिक दुरी कायम राखी पठन पाठन गराउनु पर्ने वर्तमान आवश्यकतालाई ध्यानमा राख्दै थप कक्षाकोठा निर्माण, मरम्मत सुधार, स्वयंसेवी शिक्षक भर्ना, रेडियो र टेलिभिनबाट शिक्षण कार्य सञ्चालन तथा अनलाइन शिक्षा विस्तारका लागि रू. १० करोड बजेट विनियोजन गरिएको छ । |
| ४ | ६०. बालबालिकालाई शिक्षाको मूलप्रवाहमा ल्याउन विशेष शिक्षा अभियान सञ्चालन गरिनेछ । साथै प्रदेश प्रमुख नैतिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । | विद्यालयको बालबालिकाको स्वास्थ्य शारीरिक, मनोवैज्ञानिक तथा संवेगात्मक विकासका लागि रु. ३ करोड २५ लाख बजेट विनियोजन गरिएको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ५ | ६१. माध्यमिक तहमा अध्ययनरत बालबालिकाको सीप, रूची र अन्तरनिहित प्रतिभा पहिचान गरी सो अनुरूप रोजगारमूलक सीप एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । | छात्राहरूको आत्मरक्षा तालिमको लागि १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ । |
| ६ | ६३. प्रदेश सरकारको शैक्षिक नीति तर्जुमा गरी कार्यान्वयमा ल्याइनेछ । साथै गुणस्तरीय शिक्षाको प्रवर्धनको लागि प्रदेशमा नमुना आवासीय बामैत्री विद्यालय स्थापना गरी सञ्चालनमा ल्याइनेछ । | |
| ७ | ६४. प्रदेशभित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाहरूमा आधुनिक प्रविधिमा आधारित बालमैत्री विधिबाट अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइनेछ । | |
| ८ | ७३. अनाथ बालबालिकालाई लक्षित गरी विशेष संरक्षण एवम् सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । साथै बालबालिकाको बृहत्तर विकासका लागि शिशु सदन तथा बाल उद्यान निर्माण कार्यलाई निरन्तरता दिइनेछ । | कुपोषण न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्न रु. २ करोड बजेट व्यवस्था गरेको छ । |
| ९ | २०९. सुरक्षित बेटी अभियान, बाल हिंसा, घरेलु हिंसाविरूद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरू प्रहरी, स्थानीय तह तथा विद्यालयहरूको सहकार्यमा सञ्चालन गरिनेछ । | "बेटी पढाउ, बेटी बचाउ" कार्यक्रमलाई निरन्तरता दिदैं यस अन्तर्गत २५ हजार छोरीहरूको शिक्षा वीमा मुद्दती कार्यक्रमका लागि रु. ३० करोड ६४ खाद ७७ हजार, अन्य कार्यक्रमहरूको लागि रु. २४ करोड ८६ लाख बजेट विनियोजन गरेको छ । |
| १० | २२९. छात्रा शिक्षा छात्रबृत्तीमार्फत छात्राको शैक्षिक स्तर अभिवृद्धि गर्न कक्षा १ देखि ८ सम्मका अति विपन्न दलित एवम् मुस्लिम छात्राहरूलाई छात्रबृत्तीको माध्यमबाट प्रोत्साहन गरी शैक्षिक स्तर वृद्धि गर्न "छात्रा शिक्षा छात्रबृत्ती कार्यक्रम"लाई निरन्तरता दिइनेछ । | |

प्रदेश : बागमती

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १ | ३१. मातृ तथा नवजात शिशु सेवालाइ सुदृढीकरण गर्दै सबै अस्पतालमा सिइओएनसी सेवाको सुनिश्चितता गरिने छ । कुपोषण लगायत बाल स्वास्थ्य समस्याको रोकथाम तथा व्यस्थापन कार्यक्रमलाई निरन्तरता दिँदै प्रदेशमा बसोबास गर्ने अति सिमान्तिकृत एवम् लोपोन्मसख जातीहरूको स्वास्थ्य सेवामा पहुँच पुर्याउने कार्यक्रम सञ्चालनमा ल्याइनेछ । | मातृ तथा बाल मृत्युदर घटाउन प्रदेश मातहतका सबै अस्पतालमा बृहत आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा (सि.ई. ओ. एन.सि) सुनिश्चित गर्ने व्यवस्था मिलाएको छ । समग्रमा मातृ तथा बाल स्वास्थ्य प्रबर्द्धनका लागि रू. १८ करोड ३५ लाख बिनियोजन गरेको छ । |
| २ | ३३. सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्धन, प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवा प्रवाह गर्न "एक माध्यामिक विद्यालय एक नर्स" कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ । निजी र संस्थागत माध्यामिक विद्यालयमा समेत एक विद्यालय एक नर्स कार्यक्रम अनिवार्य लागू गर्न स्थानीय तहसँग समन्वय गरिनेछ । | सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको समग्र स्वास्थ्य सुधारका लागि सञ्चालन गरिएको एक विद्यालय एक नर्स कार्यक्रमलाई सबै स्थानीय तहका थप दुई विद्यालयमा विस्तार गर्न रु. १९ करोड ८० लाख विनियोजन गरेको छ । साथै विद्यालयमा आधारित सुरक्षित र स्वस्थ्य भविष्य किशोर किशोरीको लक्ष्य विशेष कार्यक्रम कार्यान्वयन गर्न रू. ६ करोड व्यवस्था गरिएको छ । |
| ३ | १३४. आगामी वर्ष यस प्रदेशलाई "साक्षर बागमती प्रदेश" घोषणा गरिनेछ । | आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हकको सुनिश्चित गर्न शिक्षा प्रणालीमा आवश्यक सुधार गरिनेछ । साथै शिक्षालाई व्यावसायिक, सीपमूलक एवम् उद्यमशीलतातर्फ अग्रसर बनाउँदै सक्षम, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित गुणस्तरीय जनशक्ति तयार गर्न जीवनोपयोगी र व्यवाहारिक शिक्षामा जोड दिइनेछ । |
| ४ | १३६. आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यामिक तहको शिक्षा निःशुल्क पाउने संबैधानिक अधिकारलाई सुनिश्चित गर्न सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन स्थानीय तहसँग सहकार्य गरिनेछ । | गुणस्तरयुक्त शैक्षिक पूर्वाधार, प्रदेश समृद्धिको आधार भन्ने लक्ष्यलाई सार्थक तुल्याउन र सामुदायिक विद्यालय, सुरक्षित विद्यालय भन्ने मान्यतालाई व्यवहारिकृत गर्न विद्यालयहरूमा कक्षाकोठा एवम् छात्रावास निर्माण एवम् पूर्वाधार विकास र विद्यालयमा सूचना प्रविधि ल्याब, स्मार्ट बोर्ड र विज्ञान प्रयोगशाला स्थापनाको व्यवस्था गरेको छ । यसका लागि रू. ४४ करोड ८७ लाख विनियोजन गरेको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ५ | १३८. अपाङ्गता भएका वा विशेष अवस्थाको कारण संरक्षणयोग्य बालबालिकाको शिक्षाको लागि सञ्चालनमा रहेका श्रोत कक्षाहरूलाई एकीकृत गरी प्रत्येक जिल्लामा अपाङ्गताको प्रकृतिको आधारमा कम्तिमा एक सुविधा सम्पन्न विशेष विद्यालयको स्थापनाका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ । प्रदेशभित्र सुविधा सम्पन्न विशेष विशेष विद्यालयको स्थापना कार्य अघी बढाइनेछ । | अन्तरसरकारी समन्वय तथा संघसंस्थाको साझेदारीमा संरक्षणमा राख्नुपर्ने बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि बालगृह, संरक्षण गृह, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक आश्रम लगायतको भौतिक तथा संस्थागत संरचनालाइ व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ । |
| ६ | १३९. बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न प्रदेश भित्र शैक्षिक गुणस्तर मापदण्ड तयार गरी लागू गरिनेछ । | दरवन्दी नभएका सामुदायिक माध्यमिक विद्यालयहरूमा प्रति विद्यालय एक माध्यमिक शिक्षक व्यवस्था गर्नुका साथै प्रारम्भिक बाल शिक्षकहरूको प्रोत्साहनलाई निरन्तरता दिएको छु । यसका लागि रु. १८ करोड ७९ लाख विनियोजन गरेको छ । |
| ७ | १४९. सबै स्थानीय तहलाई बालमैत्री बनाउने कार्यलाई विगतमाझैं प्रोत्साहित गरिनेछ । "प्रदेश र स्थानीय तहको एउटै सन्देश बालविवाहमुक्त हाम्रो प्रदेश" भन्ने लक्ष्यलाई सार्थक तुल्याउन स्थानीय तहसँगको समन्वय र सहकार्यमा २०७८ साल सम्ममा बालविवाहमुक्त प्रदेश बनाइनेछ । अभिभावकविहीन (आमाबाबु दुवै नभएका) बालबालिकाको संरक्षण गर्न स्थानीय तहसँगको समन्वयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ । | प्रदेशका अति सिमान्तकृत एवम् लोपोन्मुख लगायत लक्षित समूहका बालबालिकाको गुणस्तरीय विद्यालय शिक्षाको पहुाच सुनिश्चत गर्न सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, चितवन र धादिङ जिल्लामा गरी ५ वटा आवासीय विद्यालयहरूको पूर्वाधार विकास र सञ्चालनका लागि रु १२ करोड व्यवस्था गरेको छ । |
| ८ | १५३. विपद् तथा जोखिममा परेका महिला तथा बालबालिकाको संरक्षणको लागि मनोविमर्श सेवा लगायत अन्य सेवा उपलब्ध गराउन प्रदेशस्तरीय संरक्षण विषयगत समूहलाई सक्रिय बनाइनेछ । किशोरकिशोरीको बहुआयामिक विकासका लागि आत्मरक्षा सम्बन्धी तालिम र विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ । | २० वटा नमुना विद्यालयको गुरुयोजना अनुसारको कार्यविधि कार्यान्वयन प्रक्रिया अगाडि बढाउने तथा स्रोत साधनहरूको उच्चत्तम सदुपयोग गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सामुदायिक विद्यालयहरूलाइ एक अपसमा समायोजनका लागि प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छ । यसका लागि रु २६ करोड ५० लाख विनियोजन गरेको छ । |
| ९ | १५४. अन्तरसरकारी समन्वय तथा संघसंस्थाको साझेदारीमा संरक्षणमा राख्नुपर्ने बालबालिकाबा लागि बालगृह, संरक्षण गृह लगायतका भौतिक तथा संस्थागत संरचनालाई व्यवस्थित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । | जीवनोपयोगी, व्यवहारिक एवम् विज्ञान र प्रविधिमा आधारित व्यवसायिक शिक्षा र तालिमलाई प्रभावकारी तुल्याउन, प्राविधिक शिक्षा सञ्चालित विद्यालय तथा बहुप्राविधिक तथा प्राविधिक शिक्षालयहरूको भौतिक पूर्वाधार एवम्  मेसिनरी औजारको व्यवस्थाका लागि रु १९ करोड २५ लाख विनियोजन गरेको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १० | १५७. “मानव अधिकारको कार्यान्वयन र मानवता प्रवर्द्धनको सन्देश, सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश“ भन्ने सोचका साथ स्थानीय तहसँगको समन्वय र सहकार्य एवम् संघसंस्थाको साझेदारीमा बागमती प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश बनाइने छ । | मानव अधिकारको कार्यान्वयन र सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश भन्ने लक्ष्यलाई सार्थक तुल्याउन स्थानीय तहसँगको समन्वय र सहकार्यमा एवम् संघसंस्थाको साझेदारीमा बागमती प्रदेशलाई निकट भविश्यमा नै सडक बालबालिका एवम् सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गर्ने व्यवस्था मिलाएको छ । |
| | | स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाह मुक्त हाम्रो प्रदेश भन्ने लक्ष्य पूरा गर्न तथा प्रदेश भित्रका सबै स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउन आवश्यक कार्यविधि संचालनका लागि बजेटको व्यवस्था मिलाएको छ । |
| | | बावुआमा दुवै नभएका बालबालिकाको संरक्षण गर्न प्रति बालबालिका मासिक रु. २,००० का दरले सामाजिक सुरक्षा प्रदान गने व्यवस्था गरेको छ । |
| | | प्रदेशभित्र एकीकृत शैक्षिक सूचना प्रणालीको सुदृढीकरण र माध्यमिक शिक्षा (कक्षा १०) को परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरणलाई प्रदेशबाट नै सञ्चालन गर्न आवश्यक कानूनी र संस्थागत संरचनाको व्यवस्थाका गरिनेछ । |
| | | कोभिड–१९ लगायत विपद् तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि मनोसामाजिक परामर्श सेवा लगायत अन्य सेवा उपलब्ध गराउन, प्रदेशस्तरीय संरक्षण विषयगत समूहलाई सक्रिय बनाउन तथा किशोर किशोरीमाथि हुन सक्ने विविध हिंसाबाट बच्न आत्मप्रतिरक्षात्मक किशोरीहरूको बहुआयामिक विकासका लागि आगामी बर्ष ५,००० जना किशोरीलाई आत्मप्रतिरक्षात्मक तालिमको व्यवस्था गरेको छ । |
| | | कोभिड १९ का कारण नियमित विद्यालय संचालन अवरूद्ध भएको अवस्थामा समेत बालबालिकाको सिकाइलाई निरन्तरता दिन संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरी दूर तथा खुला शिक्षा र वैकल्पिक शिक्षण सिकाइ पद्धति मार्फत् सहजीकरण गर्न आवश्यक व्यवस्था मिलाएको छ । |

**प्रदेश : गण्डकी**

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १ | ५०. जटिल अवस्था मा रहेका गर्भवतीको जीवन रक्षाका लागि प्रदेश अन्तर्गतका अस्पतालमा मातृ प्रतिक्षा कक्ष स्थापना गर्दै लगिनेछ । आधारभतू र आकस्मिक मातृ तथा नवजात शिशु स्याहार सेवालाई सुदृढीकरण गरिनेछ । अति दुर्गम र दुर्गम क्षेत्रका जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको जीवन रक्षाको लागि एयर लिफ्टिङ गरी सुविधा सम्पन्न अस्पतालसम्म पुर्याउने कार्यलाई निरन्तरता दिइनेछ । | नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा शिशु, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति र गर्भवतीको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण सुधार कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि रू. १ करोड ५० लाख बजेट छुट्याएको छ । पूर्ण खोपयुक्त प्रदेश कायम राख्न खोप कार्यक्रमलाई निरन्तरता दिन खोप कोषमा रकम थप गर्ने व्यवस्था मिलाएको छ । |
| २ | ५१. गर्भवती, शिशु, बालबालिका, किशोरी र अपाङ्गता भएका व्यक्तिको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा बहुक्षेत्रीय पोषण सुधार कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश कायम राख्न खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ । | |
| ३ | ५३. पोखराको शिशुवामा बाल अस्पताल स्थापना गर्न आवश्यक सहयोग गरिनेछ । | महिला तथा बालबालिकाविरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवद्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । |
| ४ | ६५. स्थानीय तहसँगको सहकार्यमा दुर्गम तथा हिमाली क्षेत्रमा सञ्चालित नमूना आवासीय विद्यालय व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । गुरूकुल, गुम्बा, मदरसा, आश्रम र वैकल्पिक विद्यालयको पूर्वाधार विकासमा सहयोग गरिने र यस्ता संस्थाबाट दिइने शिक्षालाई औपचारिक शिक्षा प्रणालीमा मूल प्रवाहीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । | सामुदायिक विद्यालय मध्येबाट छनौट भएका विद्यालयलाई आदर्श विद्यालय र नमुना आवासीय विद्यालयको रूपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ । गुरूकुल, गुम्बा, मदरसा, भाषिक पाठशाला जस्ता वैकल्पिक विद्यालयको पूर्वाधार विकासमा आवश्यक बजेट विनियोजन गरेको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ५ | ६७. स्थानीय तहसँगको समन्वयमा प्राविधिक शिक्षा, व्यावसायिक तालिम तथा विज्ञान शिक्षा अध्यापन गराउने सामुदायिक विद्यालयको सुदृढीकरण गरिनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न परिवारका जेहेन्दार छात्रछात्राका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । गरीब, संरक्षकविहीन, द्वन्द्व र हिंसा पीडित तथा अपाङ्गता भएका बालबालिकाको पठनपाठनमा सहयोग गर्ने नीति लिइनेछ । नवप्रवर्तन गर्ने तथा सृजनात्मक क्षमता प्रदर्शन गर्ने प्रतिभालाई प्रोत्साहन गरिनेछ । | |
| ६ | ७६. ... जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार र संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । | |
| ७ | ७७. ... गण्डकी प्रदेशलाई बालविवाहमक्तु तथा बालमैत्री प्रदेश बनाउन स्थानीय तहको समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । | |
| ८ | १४९. प्रदेश सरकारले निर्माण गर्ने भवन लगायतका भौतिक संरचना लैङ्गिक, बालबालिका तथा अपाङ्गमैत्री र भूकम्प प्रतिरोधी बनाइनेछ । | |
| ९ | १८०. बाल सुधार गृहको भौतिक पूर्वाधार सुधार गर्दै लगिनेछ र अतिरिक्त क्रियाकलाप, ध्यान, योग तथा सीपमूलक कार्यक्रम सञ्चालन सहयोग गरिनेछ । | |

**प्रदेश : ५**

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १ | ११९. प्रसूतिको चाप बढी भएका जिल्लास्थित अस्पतालहरूमा नवजात शिशुको जीवन रक्षाका लागि नवजात शिशु सघन उपचार ईकाइ सेवा सञ्चालनमा ल्याइनेछ। नवजात शिशुहरूको स्वास्थ्य परीक्षण गरी जन्मजात रोगहरूको पहिचान गरिनुका साथै मातृ तथा शिशु रुग्णता र मृत्युदरमा कमी ल्याउन आवश्यक तालिमहरू सञ्चालन गरिनेछ । गर्भवती महिलाको भिडियो एक्सरे लगायतका परीक्षणहरू निःशुल्क गरिनेछ । | सुत्केरी महिला तथा नवजात शिशुको जीवन रक्षाका लागि प्रदेशमा प्रसूति अस्पताल निर्माणको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ । मातृ तथा नवजात शिशुको जीवन रक्षाका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र र नवजात शिशु सघन उपचार कक्ष सेवा सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छ। प्रसूति सेवा बिस्तारका अतिरिक्त नवजात शिशुहरूको स्वास्थ्य परीक्षण गरी जन्मजात रोगहरूको पहिचान गर्नुका साथै मातृ तथा शिशु रूग्णता र मृत्युदरमा कमी ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। यी कार्यक्रमहरूका लागि रू. ६ करोड २७ लाख विनियोजन गरिएको छ। |
| २ | १२६. कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठन गर्ने समुदायिक विद्यालयहरूलाई आकर्षक शैक्षिक संस्थाको रूपमा विकास गर्नुका साथै उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई लक्षित गरी स्थानीय तहसँगको सह (लगानीमा "एक स्थानीय तह, एक नमूना विद्यालय" कार्यक्रम सञ्चालन गरिनेछ । | अभियानको रूपमा स्थानीय तहसँगको लागत सहभागितामा सार्वजनिक विद्यालयमा शौचालय निर्माण एवम् खानेपानी तथा सरसफाइ सुविधा बिस्तारका लागि रू. ७ करोड २० लाख र विद्यालयहरूमा अन्य पूर्वाधार निर्माणका लागि रू. ११ करोड गरी जम्मा रू. १८ करोड २० लाख विनियोजन गरिएको छ। |
| ३ | १२७. मुस्लिम समुदायका छात्राहरूको शिक्षामा सहभागिता वृद्धि गर्न नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका ६ वटा विद्यालयहरूमा विशेष पूर्वाधार विकास गरी मुस्लिम छात्राहरूको नमुना विद्यालयको रूपमा विकास गरिनेछ । | स्थानीय तह, सामुदायिक स्वास्थ्य संस्था, निजी स्वास्थ्य संस्था तथा गैर सरकारी संस्थाको सह लगानीमा विद्यालयमा परिचारिका कार्यक्रमको बिस्तारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । |
| ४ | १२९. अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी स्थानीय तथा संघीय सरकारसँगको सह(लगानीमा आवासीय सुविधा सहितको विशेष विद्यालय निर्माण गरी सञ्चालनमा ल्याइनेछ । | सामुदायिक विद्यालयमै उत्कृष्ट विज्ञान शिक्षाको अवसर उपलब्ध गराउन बुटवलको कान्ति माध्यमिक विद्यालयलाई प्रदेशको विज्ञान विषय अध्ययन गर्ने हबको रूपमा विकास गरिनेछ । सुविधासम्पन्न भवन निर्माणको लागि रू. १० करोड ४ लाख विनियोजन गरेको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ५ | १३४. असहाय बालबालिका तथा लोपोन्मुख परिवारका अति विपन्न बालबालिकाका लागि स्थानीय तहमार्फत सामुदायिक विद्यालयहरूमा आवासीय शिक्षाको विशेष व्यवस्था गरिनेछ । असहाय बालबालिकालाई लक्षित गरी बालगृह सञ्चालनमा ल्याउन स्थानीय तहलाई अनुदान उपलब्ध गराइनेछ । | कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठन गर्ने सामुदायिक विद्यालयहरूलाई आकर्षक शैक्षिक संस्थाको रूपमा विकास गर्नुका साथै उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई लक्षित गरी स्थानीय तहसँगको सह लगानीमा सञ्चालनमा ल्याइएको नमुना विद्यालय कार्यक्रमलाई थप १२ वटा विद्यालयमा बिस्तार गरी २४ वटामा पुऱ्याइनेछ। नमूना विद्यालय कार्यक्रम बिस्तारका लागि रू. १२ करोड विनियोजन गरेको छ । |
| | | … विज्ञान, प्रविधि, गणित र ईन्जिनियरिङ (स्टेम) विषयलाई संस्थागत गरी विद्यालय शिक्षालाई रूपान्तरण गर्दै लगिनेछ । प्रदेशका सबै जिल्लामा स्टेम परियोजना सञ्चालन गर्न रू. ५ करोड विनियोजन गरेको छ । |
| | | विज्ञान कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रदेशका सामुदायिक विद्यालयका कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत सबै छात्राहरू र स्नातक तहमा विज्ञान संकायमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्न रू. २ करोड ५० लाख बजेटको व्यवस्था गरेको छ । |
| | | मुक्त कमैया, कमलरी, मुस्लिम, दलित र पिछडावर्गका छात्राहरूका लागि कक्षाा ११ र १२ अध्ययनका लागि जोड दिनेछ । |

प्रदेश : कर्णाली

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १ | १८.३. मातृ(शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा पोषण सम्बन्धी कार्यक्रमका साथै बर्थिङ सेन्टरलाई व्यवस्थित गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। जोखिममा परेका गर्भवती तथा सुत्केरी आमाको जीवन रक्षाका लागि हवाइउद्धार कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाइनेछ। प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश घोषणा गरिनेछ। | स्वस्थ्य नागरिक तयार गर्न वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रदेशका सबै जिल्लामा विस्तार गरिनेछ। किशोरी, भर्भवती र सुत्केरी सम्बन्धी सचेतना र पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। मातृ शिशु स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै जोखिममा परेका गर्भवती र सुत्केरीको जीवन रक्षाका लागि हवाइ उद्धार कार्यक्रमलाई निरन्तरता दिइ थप व्यवस्थित गरिनेछ। |
| २ | २४.२. स्थानीय तहको सहकार्यमा विद्यालय शिक्षा देखि ज्ञान सहितको स्वआर्जन (लर्न एण्ड अर्न) गर्ने जीवनोपयोगी शिक्षाको विकास गरिनेछ। | हिमाली र विकट पहाडी क्षेत्रमा आवासीय विद्यालय निर्माण गरिनेछ। भूगोल एवम् विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन गर्न प्रोत्साहन गरिनेछ। सामुदायिक क्याम्पस, एक निर्वाचन क्षेत्र एक प्राविधिक शिक्षालय र प्रदेश राजधानीमा अपाङ्गता भएका विद्यार्थीका लागि विशेष विद्यालय र दलित छात्राबास निर्माण गरिनेछ। उल्लिखित पूर्वाधार कार्यमा रु. २८ करोड १० लाख विनियोजन गरेको छ। |
| ३ | २४.४. साक्षर घोषणा हुन बाँकी रहेका स्थानीय तह तथा जिल्लामा सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न स्थानीय तह परिचालन गरी साक्षर कर्णाली अभियानलाई निरन्तरता दिइनेछ। | दुर्गम तथा पहाडी र हिमाली जिल्लामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को सम्बन्धनमा सञ्चालित गैह्रनाफामूलक प्राविधिक शिक्षालयसँग प्राविधिक शिक्षा विकासका लागि संस्थागत साझेदारी गरिनेछ। ज्ञान र सीपसँगै स्वआरूजन (लर्न एण्ड अर्न) अवधारणामा सञ्चालन हुने विद्यालयको पूर्वाधार विकासमा सहयोग गरिनेछ। उल्लिखित कार्यक्रमका लागि रु. ४ करोड विनियोजन गरेको छ। |
| ४ | २४.५. विशेष विद्यालय, विद्यालय पुस्तकालय, प्रयोगशाला र सूचना प्रविधिको विकासका लागि स्थानीय तहसँग साझेदारी गरिनेछ। | छोरीमाथि हुने विभेदको अन्त्य गर्न, छोरीको पढाइलाई अवरूद्ध हुन नदिन र बालविवाहको अन्त्य गरून बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रमलाई निरन्तरता दिएको छ। |
| ५ | २५. विद्यालय शिक्षामा सबैको सहज र सरल पहुँच स्थापित गर्न एवम् गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सामुदायिक विद्यालयको क्षमता बिकास गरिनेछ। | |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ६ | २५.१. भूगोल र बिद्यार्थी संख्याको आधारमा स्थानीय तहसंगको साझेदारीमा बिद्यालय समायोजन तथा एकीकरण गर्न प्रोत्साहित गरिनेछ । | |
| ७ | २५.२. हिमाली र विकट पहाडी क्षेत्रमा आवासीय विद्यालय सञ्चालन गर्न सम्भाव्यताका आधारमा कार्य अघि बढाइनेछ । | |
| ८ | २८.२. लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी मूल प्रवाहीकरणका लागि छोरीको खानपिन, उपचार, लालनपालन, शिक्षा आदिमा हुने भेदभाव अन्त्य गर्न, कम उमेरमा हुने विवाह रोक्न बैंक खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रमलाई निरन्तरता दिइनेछ । छोरा र छोरी बीचको विभेदको अन्त्य गर्दै प्रदेशलाई लैङ्गिक दृष्टिले सुरक्षित र समतामूलक प्रदेशमा रुपान्तरण गरिनेछ । | |
| ९ | २८.५. जोखिममा परेका अभिभावकविहीन बालबालिकालाई स्थानीय तहसगँको सहकार्यमा उचित संरक्षण, पालनपोषण, शिक्षा र स्वास्थ्यको समुचित व्यवस्था मिलाइनेछ । | |

**प्रदेश : सुदूरपश्चिम**

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| १ | ५६. नयाँ जन्मने बालिकाको सुनौलो भविष्य सुनिश्चित गर्न बालिका बिमाको नीतिगत व्यवस्था गरिनेछ । | स्वास्थ्य, शिक्षा, मानव विकास लगायतका सूचकाङ्कमा पछाडी परेका बाजुरा बझाङ्ग, दार्चुला र अछाम जिल्लाहरूमा संचालन हुने कार्यक्रमहरूलाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ। प्रदेशमा रहेका छाउपडी प्रथा, जातीय छुवाछुत, बालविवाह, महिला हिंसा लगायतका सामाजिक कुरीतिहरू विरूद्ध लड्न विशेष कार्यक्रम संचालन गरिनेछ । |
| २ | ८५. एउटै सृष्टी समदृष्टी को मूल नारा सहित छाउपडि प्रथा तथा जातीय भेदभाव उन्मुलन गर्न सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ । | परिवार स्वास्थ्य, बाल स्वास्थ्य, महामारी व्यवस्थापन, स्वास्थ्य सेवा प्रवर्धन लगायतका मुख्य जनस्वास्थ्य सेवाका कार्यक्रमहरूको लागि रु. ३८ करोड विनियोजन गरेको छ । |
| ३ | १२३. दुर्गम क्षेत्रका बासिन्दा, दलित, महिला, जनाजाती, सहिद परिवार, घाइते, अपाङ्गता भएका वेपत्ता परिवार, आर्थिक रूपले विपन्न वर्ग, लोपोन्मुख, सिमान्तिकृत समुदाय र अपाङ्गता भएका बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रबृत्ती सहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ । | स्थानीय तहको समन्वय र सहकार्यमा स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका नागरिकहरूलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले ... स्वास्थ्य सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाको पूर्वाधार विस्तार एवम् सेवाको पहुँच वृद्धि गर्न १९ करोड ९५ लाख विनियोजन गरेको छ । |
| ४ | १२५. विद्यालय बाहिर रहेका प्रदेशका सबै बालबालिकाको लागि विद्यालय शिक्षामा पहुँच सुनिश्चितताको लागि विद्यालय भर्ना कार्यक्रम लगायत विशेष कार्यक्रम सञ्चालन गरिनेछ । | ... पिछडिएको वर्गका जेहन्दार विद्यार्थीहरूलाई चिकित्सा शिक्षा छात्रवृत्ति, लक्षित वर्गका लागि उच्च शिक्षा अध्ययन छात्रवृत्ति र अति विपन्न वर्गका विद्यार्थीहरूको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम छात्रवृत्तिका लागि रू. ४ करोड ९३ लाख विनियोजन गरेको छ । |
| ५ | १२६. संघीय र स्थानीय तहसँगको सहकार्यमा प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गरिनेछ । | आर्थिक वर्ष २०७५/७६ र चालु आर्थिक वर्षमा निर्माण प्रारम्भ भएका र आगामी आर्थिक वर्षमा निर्माण गरिने प्राविधिक धारका सामुदायिक विद्यालयहरूमा छात्रावास निर्माणको लागि रू. २८ करोड विनियोजन गरेको छ । |
| ६ | १२७. शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न इ-लाइब्रेरी, कम्प्युटर र आधुनिक शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ । | विद्यालयको भौतिक पूर्वाधार सुधार, ICT व्यवस्था तथा प्रदेशको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ । जसका लागि रू. १ अर्ब १७ करोड ५० लाख विनियोजन गरेको छ । |

| क्रसं | नीति तथा कार्यक्रममा बालबालिका | बजेट वक्तव्यमा बालबालिका |
|---|---|---|
| ७ | १२८. प्रारम्भिक बाल कक्षादेखि कक्षा ३ सम्मको मातृभाषाको पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गराउने प्रवन्ध मिलाइनेछ। अपाङ्गता भएका बालबालिकाको लागि शिक्षाको प्रवन्ध गरिनेछ। | कोभिड-१९ को संक्रमणको कारण विद्यालय शिक्षण सिकाइ कार्य असहज भइरहेको अवस्थामा वैकल्पिक सिकाइको माध्यमबाट सिकाइ सहजीकरण गर्ने कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने कार्यको थालनी गरिनेछ। जसका लागि रू. १ करोड विनियोजन गरेको छ। |
| ८ | १३८. असुरक्षित मातृत्व, उच्च मातृ, बाल तथा शिशु मृत्युदर र विभिन्न रोगहरूको उपचार र रोकथाम गर्न सेवा विस्तार गर्ने निति अवलम्बन गरिनेछ। | परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरू तथा विशेष शिक्षा संचालित विद्यालयहरूको सुदृढीकरणको लागि रू. १ करोड ८० लाख विनियोजन गरेको छ। |
| ९ | १४९. स्थानीय तहसँगको सहकार्यमा प्रत्येक स्थानीय तहमा न्युनतम् विद्यार्थी संख्या पुगेका विद्यालयहरूमा एक विद्यालय एक नर्स र एक योग गुरू कार्यक्रम क्रमशः सञ्चालन गरिनेछ। | 'सानै छु म बढ्न देउ, बालविवाह होइन पढ्न देउ' भन्ने नाराका साथ बालविवाह अन्त्य गर्न अभियान सञ्चालन गर्ने कार्यक्रमलाई थप विस्तागरिनेछ, जसका लागि रू. १ करोड ६० लाख विनियोजन गरेको छ। |
| १० | १५०. मातृ तथा बाल स्वास्थ्य प्रवर्धनका लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई विस्तार गर्नुका साथै आकस्मिक प्रसुति सेवा र गम्भीर प्रकृतिका अति आवश्यकीय स्वास्थ्य सेवाका लागि हवाइ एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ। | विपन्न परिवारमा नयाँ जन्मिने बालिकाको लिङ्गको आधारमा हुने विभेदको अन्त्य गर्दै सम्मानित जीवन  र बाल अधिकारको सुनिश्चितता गर्न बालिका स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ र सोको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ। |
| ११ | १६५. स्थानीय तहसँगको समन्वयमा बालविवाह विरूद्धको अभियान सञ्चालन गरिनेछ। | |
| १२ | १६६. असहाय, अपाङ्गता भएका व्यक्तिहरूलाई उद्धार र संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरी सडक मानवमुक्त घोषणा गरिनेछ। | |

# बालबालिका सम्बन्धी ऐन, २०७५का केही मुख्य दफाहरु

| **दफा** | **मुख्य शीर्षक** |
|---|---|
| ३. | बाँच्न पाउने अधिकार |
| ४. | नाम, राष्ट्रियता र पहिचानको अधिकार |
| ५. | भेदभाव बिरुद्धको अधिकार |
| ६. | बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार |
| ७. | संरक्षणको अधिकार |
| ८. | सहभागिताको अधिकार |
| ९. | अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार |
| १०. | संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार |
| ११. | गोपनीयताको अधिकार |
| १२. | अपाङ्गताभएका बालबालिकाको विशेष अधिकार |
| १३. | पोषण तथा स्वास्थ्यको अधिकार |
| १४. | खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार |
| १५. | शिक्षाको अधिकार |

**बालबालिका प्रतिको दायित्व अन्तर्गतका दफाहरुः**

१६. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने

१७. परिवार वा संरक्षकको दायित्व

१८. राज्यको दायित्व

१९. सञ्चार क्षेत्रको दायित्व

७७. बालबालिकाको कर्तव्यः बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

# नेपालको संविधान र बाल अधिकार

**धारा ३९: बालबालिकाको हक**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइनेछैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**यस अतिक्ति संविधानका तल उल्लेख भए लगायतका धाराहरु बालबालिकाका लागि पनि आकर्षित हुन्छन्:**

धारा १८. समानताको हक

धारा २०. न्याय सम्बन्धी हक

धारा २९. शोषण विरुद्धको हक

धारा ३१. शिक्षा सम्बन्धी हक

धारा ३५. स्वास्थ्य सम्बन्धी हक

धारा ४०. दलितको हक

धारा ४२. सामाजिक न्यायको हक

धारा ४३. सामाजिक सुरक्षाको हक

धारा ५१. राज्यका नीतिहरू

(झ३) बालश्रम लगायत श्रमशोषणका सबै रुपको अन्त्य गर्ने,

(ञ५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने,